३४०

# भक्तपुर

मासिक

Bhaktapur Monthly

असोज २०८१

ISSN 2705-4454

9 772705 445004




## के हो लु सुनबाट सिक्नुपर्ने ?

- संविधानको मर्मअनुसार सङ्घीयता कार्यान्वयन नहुनुमा शासक पार्टीहरू नै दोषी
- सांस्कृतिक गुरुहरूको सम्मान र पुरस्कार वितरण
- नेपाली भूमि कब्जा गरी बसेका भारतीय सेनालाई फिर्ता पठाउनुपर्ने
- गुठी जग्गामा मोहियानी हक नलाग्ने !
- संस्कृति विषय र ख्वप कलेज/ख्वप मा.वि.
- ‘तनाव बढाउने शत्रु शक्तिहरू भारी जिम्मेवारीबाट कहिल्यै पन्छिन सक्दैनन्’
- नेटोलाई एसिया–प्रशान्तमा फैलाउन अनुमति दिनु युरोपकै लागि गलत हो
- भक्तपुर नपाको गतिविधि
- मोहन मैनालीले लेखेको युद्धको कथा
- जोन डाल्टन



नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेंसँग नेपालका लागि क्युबाका कार्यवाहक राजदूत अबेल अबाले डिस्पेन्जको भेट । भदौ १८ गते



क्युबाका कार्यवाहक राजदूत अबेल अबाले डिस्पेन्जलाई भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिबाट स्वागत । भदौ १८ गते

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j Ì$!★cÆ !!★g};#!$$★lj-;#@)*!c;f]h★A.D.2024

**कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन**

**फोन नं. : ०१-६६१३०४३**

**email : bhaktapurmasik@gmail.com**

**सम्पादक** : लक्ष्मण जोशी

**सहायक सम्पादक** : आशा कुमार चिकंबञ्जार

**डेस्कटप** : धनलक्ष्मी त्यात

**आवरण सज्जा** : रेणु ध्वजू

*मुद्रण* :
भक्तपुर अफ
सेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)




## सम्झनाको लागि



आकर्षक तस्बिर खिच्नेको रहर हो कि खुबी ?

चित्र: फेसबुक


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

-

**'ठुला मानिसलाई जेल बनाउनुभन्दा बालकका लागि स्कुल बनाउनु वेश हो ।'– एलिजा कुक**

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नपाद्वारा संस्कृतिकर्मी, कलाकार तथा सांस्कृतिक गुरुहरूको सम्मान | – | ३ |
| २) | सम्मानित सांस्कृतिक गुरुहरुको सङ्क्षिप्त परिचय | – | ८ |
| ३) | पर्यटन प्रवर्द्धनका सहयोगीहरूलाई कदरपत्र | – | १४ |
| ४) | गुन्हीपुन्ही सापारु धें धें बल्ला कासा २०८१ को नतिजा | – | १५ |
| ५) | 'भक्तपुरको पर्यटन : विगत, वर्तमान र भविष्य' विषयक अन्तरक्रिया | – | १९ |
| ६) | भक्तपुर प्रवेश गर्ने पहिलो पर्यटकहरूलाई स्वागत | – | २० |
| ७) | के हो लु सुनबाट सिक्नुपर्ने ? | मा.माणिकलाल श्रेष्ठ | २२ |
| ८) | नेपाली भूमि कब्जा गरी बसेका भारतीय सेनालाई फिर्ता पठाउनुपर्ने | प्रेम सुवाल | २६ |
| ९) | समसामयिक विषयमा वाग्मती प्रदेशसभामा नेमकिपाको आवाज | सुरेन्द्रराज गोसाइ | २८ |
| १०) | गुठी जग्गा कमाउने किसानहरूको समस्याःगुठी जग्गामा मोहियानी हक नलाग्ने ! | विवेक | ३० |
| ११) | मदन पुरस्कार विजेता मोहन मैनालीले लेखेको युद्धको कथा | सुदीप श्रेष्ठ | ३२ |
| १२) | संस्कृति विषय र ख्वप कलेज/ख्वप मा.वि. | एक प्राध्यापक | ४२ |
| १३) | जोन डाल्टन | राजेन्द्र बहादुर कायष्ठ | ४५ |
| १४) | महिलाले कसरी करियर र परिवारलाई सन्तुलित बनाउने | सुनिता गाइसी | ४८ |
| १५) | श्रीमतीको पैसामा कमिसन खाने श्रीमान् | कुशल | ५० |
| १६) | छिःकोण र भक्तपुर | श्यामकृष्ण खत्री | ५२ |
| १७) | 'युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९' -एक चर्चा | डा.हरिराम सुवाल | ५५ |
| १८) | टेबल टेनिस खेलाडी क्यारिना सुवाल | राजकुमार लघु | ५७ |
| १९) | ''भ्रष्टाचारः सामाजिक कलङ्क'' पुरस्कृत कविता | – | ६० |
| २०) | 'तनाव बढाउने शत्रु शक्तिहरू भारी जिम्मेवारीबाट कहिल्यै पन्छिन सक्दैनन्' | – | ६२ |
| २१) | नेटोलाई एसिया–प्रशान्तमा फैलाउन अनुमति दिनु युरोपकै लागि गलत हो | ओ शि | ६३ |
| २२) | The City of the Yellow Devil -(II) | Maxim Gorky | ६५ |
| २३) | भक्तपुर नपाको कार्यपालिकाको बैठक निर्णय | – | ६७ |
| २४) | भक्तपुर नगरपालिका गतिविधि | – | ७५ |
| | क) शैक्षिक गतिविधि | – | ९३ |
| | ख) स्वास्थ्य सेवा | – | १०५ |
| | ग) भेटघाट | – | १०९ |
| | घ) सङ्क्षेपमा | – | ११४ |
| २५) | विविध समाचार | – | ११५ |
| २६) | विपत्मा सरकारको अस्तित्व देखिएन (सम्पादकको पृष्ठ) | – | १३२ |

**साथमा** :

हाम्रो स्थानीय तह–२५/हाम्रा पुराना मूर्ति – २७/प्रेरणीय – ४४/बसिबियाँलो – ४९/थाहा पाइराखौँ – ४९/ जीवन–आचरण – .६३/Word Searh – ६४/ यता–उताबाट–९४/ चीनका प्राचीन नीति कथा – १२५/ हाम्रो स्वास्थ्य – १३०/ पर्यटक तथ्याङ्क – १३१/ तस्बिरमा केही गतिविधि – क–घ ।

# भक्तपुर नपाद्वारा संस्कृतिकर्मी, कलाकार तथा सांस्कृतिक गुरुहरूको सम्मान




नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा भएको ४५ औँ विश्व पर्यटन दिवसको अवसरमा गुन्हीपुन्ही सापारु २०८१ मा प्रदर्शन भएका घिन्ताङघिसी र माक प्याखँ तथा परम्परागत एवम् आधुनिक सांस्कृतिक विधाहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण, भक्तपुरका सांस्कृतिक गुरुहरूको सम्मान तथा पर्यटन सम्वद्ध सङ्घ संस्था, व्यवसायी र सहयोगीहरूलाई सम्मान कार्यक्रम असोज ११ गते एक भव्य समारोहबिच सम्पन्न भयो।

कार्यक्रममा सम्मानित संस्कृतिकर्मी र सांस्कृतिक गुरुहरूलाई बधाईज्ञापन गर्नुहुँदै प्रतिनिधिसभाका सांसद **प्रेम सुवाल**ले भक्तपुरलाई सफा, स्वच्छ र पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न नगरवासीहरूलाई सरसफाइबारे सचेत पार्नुपर्ने




बताउनुभयो।

भक्तपुर नपाबाट सञ्चालित कलेजमा देशभरिका विद्यार्थीहरूले सस्तोमा गुणस्तरीय शिक्षा लिने अवसर पाइरहेको र ख्वप विश्वविद्यालय सञ्चालनले सस्तोमा मेडिकल शिक्षा प्राप्त गर्ने अवसर पाउने उहाँको धारणा थियो।

कोभिड र डेङ्गु सङ्क्रमण अहिले पनि चुनौतीको विषय बनिरहेको बताउनुहुँदै सांसद सुवालले नागरिकलाई स्वस्थ राख्न सरसफाइ र खेलकुदलाई प्राथमिकतामा राख्नु उचित हुने विचार राख्नुभयो।

आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड

दिनुपर्ने विचार राख्नुहुँदै उहाँले नयाँ पुस्तालाई सांस्कृतिक अतिक्रमणबारे सजग पार्नुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाले सञ्चालन गरेको छिकोङ व्यायाम श्वासप्रश्वाससँग सम्बन्धित शारीरिक व्यायाम भएको र यो व्यायाम सम्पूर्ण उमेर समूहको लागि फलदायी भएको उहाँको भनाइ थियो।

संस्कृति भनेको सभ्यताको विकास हो र यहाँको कला संस्कृति, सम्पदा आदि संरक्षणले नयाँ पुस्ताको सेवा हुने धारणा राख्नुभयो।

काठमाडौँ केन्द्रित विकासले उपत्यकाको जनसङ्ख्या अत्यधिक बढेको र धेरै समस्याहरू पनि निम्तिएको बताउनुहुँदै सांसद सुवालले पश्चिम नेपालको विकास गर्न नेपालको राजधानी दाङमा सार्नुपर्ने धारणा राख्नुभयो।

उहाँले सबै नागरिकले समानतापूर्वक बाँच्न पाउने अधिकार सुनिश्चितता गर्न सरकारले जोड दिनुपर्ने बताउनुभयो।

कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले विश्व पर्यटन दिवसको अवसरमा पुरस्कृत हुने सबैमा बधाई एवम् धन्यवाद ज्ञापन गर्नुभयो।




भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न भक्तपुर नपाले संविधान र कानुनले दिएको अधिकार क्षेत्रभित्र रहेर काम गर्दै आएको बताउनुहुँदै भक्तपुर नपामा गत वर्ष २ लाख ४६ हजार विदेशी पर्यटकहरूले भक्तपुर भ्रमण गरेको बताउनुभयो।

भक्तपुर नपाले २०८१ मंसिर २८ देखि पुस २ गतेसम्म ५ दिने भक्तपुर महोत्सव गर्ने तयारी गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर महोत्सव भव्य रूपमा सम्पन्न गर्न सबैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो।

भक्तपुरका मूर्त–अमूर्त सम्पदाहरू भक्तपुरका सम्पत्ति हुन् भन्नुहुँदै उहाँले ती सम्पत्ति लोप हुनु भनेको राज्यको निम्ति ठूलो क्षति हुनु हो भन्नुभयो। सबै जाति, धर्म र संस्कृति रक्षा गर्नु राज्यको जिम्मेवारी र कर्तव्य भएको उहाँले बताउनुभयो।



त्यस्तै नेमकिपाका केन्द्रीय सदस्य **सुरेन्द्रराज गोसाईं**ले पर्यटन प्रवर्द्धनको निम्ति शान्ति र सुरक्षा अपरिहार्य विषय भएको बताउनुहुँदै सांस्कृतिक, साहित्यिक, सामाजिक र राजनीतिक गतिविधिलाई सँगसँगै अगाडि बढाउन सके जनताको चेतनास्तर अभिवृद्धिमा टेवा पुग्ने बताउनुभयो।

प्रगतिशील साहित्य, राजनीति र सङ्गठन भनेको सभ्य जातिको कला,



संस्कृति संरक्षण गर्ने सशक्त माध्यम भएको बताउनुहुँदै उहाँले भक्तपुर सांस्कृतिक नायक र गुरुहरूको सहर हो भन्नुभयो ।

संरा अमेरिकाको आडमा संसारका धेरै देशहरूमा युद्ध जारी रहेको प्रसङ्ग जोड्नुहुँदै सांसद गोसाईले साम्राज्यवादी देशले संसारमा गरिरहेको नरसंहार र हमलाको विरोधमा लेखक तथा कलाकारहरूले आफ्नो कलम चलाउनु सान्दर्भिक हुने बताउनुभयो ।

उहाँले भक्तपुर नपाले सांस्कृतिक गुरु र संस्कृतिकर्मीलाई सम्मान गर्ने परम्परालाई आगामी दिनहरूमा पनि निरन्तरता दिने विश्वास व्यक्त गर्नुभयो ।



भक्तपुर नपाका उप्रमुख **रजनी जोशी**ले भक्तपुरको पहिचानसँग सम्बन्धित मूर्त र अमूर्त संस्कृति नयाँ पुस्तामा पुस्तान्तरण गर्ने लक्ष्यका साथ यहाँका संस्कृतिकर्मीहरूलाई प्रोत्साहनस्वरूप सम्मान कार्क्रम आयोजना गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाले विदेशी पर्यटकहरूबाट उठाउँदै आएको पर्यटन शुल्कबाट नगरको सन्तुलित ढङ्गले विकास गर्दै आज देशकै सफल स्थानीय तहको रूपमा आफ्नो पहिचान बनाउन सफल भएको उहाँले बताउनुभयो ।



भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी **रोशनी कुमारी श्रेष्ठ**ले पर्यटन उद्योग नेपालको अर्थतन्त्रको महत्वपूर्ण स्रोत भएको बताउँदै पर्यटन उद्योगको प्रवर्द्धनमा राज्यको लगानी आवश्यक छ भन्नुभयो ।

भक्तपुरले यहाँको मौलिकता जोगाउन गरिएका सांस्कृतिक गतिविधिहरू प्रशंसनीय भएको बताउनुहुँदै उहाँले भक्तपुरले पनि पर्यटकहरू लक्षित होम स्टेहरू सञ्चालन गरी पर्यटकहरूको बसाई लम्ब्याउनेतर्फ जोड दिनुपर्छ भन्नुभयो ।



संस्कृतिविद् **विश्वमोहन जोशी**ले पर्यटन दिवस मनाउनुको इतिहास र उद्देश्यबारे प्रष्ट पार्नुहुँदै सांस्कृतिक सम्पदा, ऐतिहासिक गतिविधि, कला र संस्कृतिले पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।



राष्ट्रिय कला सङ्ग्रहालयका अधिकृत **यमुना महर्जन**ले भक्तपुर घुम्न







## सम्मानित सांस्कृतिक गुरुहरू

**भ.न.पा. वडा नं. १ बाट**
– देवचन्द्र बज्राचार्य र मंगलबहादुर भैल,

**वडा नं २ बाट**
– रामभक्त ब्यान्जु र विकुबहादुर पक्का,

**वडा नं. ३ बाट**
– हर्षविर धुख्वा र बद्रीभक्त खर्बुजा,

**वडा नं. ४ बाट**
– न्हुछेकुमार प्रजापति र चन्द्रबहादुर कपाली,

**वडा नं. ५ बाट**
– जगनाथ त्वानाबासु र ब्रम्हकाजी दर्शनधारी,

**वडा नं. ६ बाट**
– आसराम अवाल र गणेशबहादुर सुवाल,

**वडा नं. ७ बाट**
– नारायणभक्त वनमाला र मोतिलाल लाखाजु,

**वडा नं. ८ बाट**
– तुल्सीनारायण गोसाई र कृष्णगोपाल प्याथ,

**वडा नं. ९ बाट**
– तुल्सीभक्त कोजु र राजाराम श्रेष्ठ,

**वडा नं. १० बाट**
– रामचन्द्र सुवाल र काजीलाल मुलगुठी ।

आउने आन्तरिक र बाह्य पर्यटकहरूको आगमन उत्साहजनक रहेको बताउनुहुँदै भक्तपुरका लोपोन्मुख कला र संस्कृति संरक्षणमा भक्तपुर नपाको महत्त्वपूर्ण योगदान भएको बताउनुभयो ।



भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष **रोशनी धौबन्जाले** संस्कृतिकर्मी र सांस्कृतिक गुरु सम्मान कार्यक्रमले कलाकार र संस्कृतिकर्मीमा थप ऊर्जा र हौसला मिल्नेछ भन्नुहुँदै भक्तपुर उद्योग वाणिज्य सङ्घले भक्तपुर नपासँग सहकार्य र समन्वयमा यहाँको व्यापार व्यवसाय प्रवर्द्धनमा जोड दिँदै आएको बताउनुभयो ।







कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले सांस्कृतिक विधाहरूको मूल्याङ्कनको समीक्षा गर्नुभएको थियो ।



भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो ।



कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले यो वर्ष पनि प्रत्येक वडाबाट २ जना सांस्कृतिक गुरुहरूलाई उहाँहरूको योगदानको कदर गर्दै भक्तपुर नपाले सम्मान गरिएको र यो वर्षको गुन्हीपुन्ही सापारुमा विविध विधाअन्तर्गत १४२ सांस्कृतिक समूहले प्रतियोगितामा भाग लिएको बताउनुभयो ।

उक्त कार्यक्रममा प्रमुख अतिथि सुवालले पर्यटन पथप्रदर्शकहरू, व्यवसायी संस्था र सहयोगीहरूलाई कदर पत्र प्रदान गर्नुभयो ।

नगर प्रमुख प्रजापतिले २२ जना सांस्कृतिक गुरुहरूलाई दोसल्ला ओढाई नगद रु.२०,०००।– सहित सम्मान पत्र प्रदान गर्नुभएको थियो भने उत्कृष्ट कलाकारहरूलाई रु. ५०००।– नगद पुरस्कारबाट पुरस्कृत गर्नुभयो ।

अतिथि सुरेन्द्रराज गोसाईले पर्यटन सम्बद्ध सङ्घ संस्था र ट्राभल एजेन्सीहरूलाई कदर पत्र प्रदान गर्नुभयो ।

सोही क्रममा प्रमुख प्रजापति, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई र संस्कृतिविद् विश्वमोहन जोशी, सङ्ग्रहालय अधिकृत यमुना महर्जनले आधुनिक विधा र परम्परागत विधाका विजेताहरूलाई नगद पुरस्कारसहित प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

उपप्रमुख जोशीले प्रतियोगिताका मूल्याङ्कनकर्तालाई मायाको चिनो र घिन्ताङघिसी, माक प्याखंका विजेताहरूलाई पुरस्कार वितरण र सहभागी समूहलाई नगद पुरस्कारसहित कदरपत्र प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा प्रतियोगितामा प्रथम स्थान हासिल गरेको कोलाछेँ प्याखं समूहको फाकंदली प्याखं, गलसी पुखु देवी प्याखं समूहको देवी प्याखं र यातावदाफा भजन मण्डल झौखेलको माक प्याखँ पनि प्रस्तुत गरिएको थियो ।

गुन्हीपुन्ही सापारु २०८१ मा प्रदर्शन भएका घिन्ताङघिसी र माक प्याखं तथा परम्परागत एवम् आधुनिक सांस्कृतिक विधामा मको लुसी प्याखं खल, भनपा ९ का **विदिसा लवजू** महिला उत्कृष्ट कलाकार, मुस्याख्व परिवार देवी प्याखं समूह भनपा ३ का **लक्ष्मीप्रसाद मानन्धर** उत्कृष्ट पुरुष पुरस्कार, सिद्धि गणेश प्याखं समूह भनपा ७ का **विनेश खाइजु** उत्कृष्ट बाल कलाकार, मंगलमाया वनमालासमेतको घिन्ताङघिसी समूह भनपा ७ का निर्देशक **लक्ष्मीप्रसाद वनमाला** उत्कृष्ट निर्देशक र च्वङा गणेश सांस्कृतिक समूह भनपा १ का **साइला वैद्य** उत्कृष्ट लेखकबाट सम्मानित हुनुभयो ।



# ;Ddflgt ;f+s[ts u?xÊsf] ;Ãdfg kl/ro




## वडा नं. १

### देव चन्द्र वज्राचार्य

पिताशेक्त राज वज्राचार्य र आमा लक्ष्मीशोभा वज्राचार्यको कोखबाट मिति २०२३ वैशाख २७ गते भक्तपुर नगरपालिका वडा नं. १ इताछेँमा जन्मनुभएका सांस्कृतिक गुरु देवचन्द्र बज्राचार्य हाल ५८ वर्षको हुनुहुन्छ। उहाँले चर्या नृत्य, परम्परागत लोक नृत्य जस्ता सांस्कृतिक विधाहरूसँग २०४६ सालदेखि आवद्ध हुनुहुन्छ। साथै उहाँले वि.सं. २०५० सालदेखि हालसम्म विभिन्न विधाका नृत्य प्रशिक्षकको रूपमा कार्य गरिरहनु भएको छ। उहाँ विभिन्न सङ्घ संस्थाहरूमा आवद्ध भई सकृय जीवन विताइ रहनु भएको छ।

उहाँ हाल किकम्पा सांस्कृतिक प्रतिष्ठानको अध्यक्ष, किकम्पा थिथि उपभोक्ता सहकारीका अध्यक्ष, कोनेया गुँलाबाजा खलका कार्य समिति सदस्य, कुथुवहि विकास समितिका कार्य समिति सदस्य, अंसु माली प्रि.स्कूलको कार्य समिति सदस्य हुनुहुन्छ। उहाँ हाल भक्तपुर एफ.एम.का कार्य समिति सदस्य, किकम्पा मन्टेश्वरीका अध्यक्ष, नेपाल परम्परागत बौद्ध धर्म सङ्घ ख्वपकचाःको कार्य समिति सदस्य, नःपुखु इन्भेष्टमेन्ट कम्पनीको सचिवको रूपमा कार्यरत हुनुहुन्छ। साथसाथै नेपालभाषा साहित्य तःमुंज्यामा लगभग ३० वर्ष निरन्तर सहकार्य र सहभागिता जनाइ रहनु भएको छ। हाल पेशाले उहाँ मिठाई व्यवसायीको रूपमा कार्यरत हुनुहुन्छ। विदेश भ्रमणको सिलसिलामा उहाँले थाईल्याण्ड, चीन, सिङ्गापुर, अष्ट्रेलिया र भारतलगायतको भ्रमण गरिसक्नु भएको छ।

### मंगल बहादुर भैल

पिता काजीबहादुर भैल र आमा नानीमाया भैलको कोखबाट मिति २०१७ साल वैशाखमा भक्तपुर नगरपालिका वडा नं. १ भार्वाचो टोलमा जन्मनु भएका सांस्कृतिक गुरु मंगलबहादुर भैल हाल ६४ वर्षको हुनुहुन्छ। उहाँले दाफाभजनको म्ये, तःबाजा, लालखीं, धिमे बाजा, माकप्याखं, भालुं प्याखंलगायतका सांस्कृतिक विधाहरूमा योगदान गर्नु भएको छ। उहाँले यी विधाहरूमा १२-१४ वर्षको उमेर देखिनै संलग्न हुनुहुन्छ। उहाँले सुरुदेखि हालसम्म भालुं प्याखं २ पटक र माक म्याखं ६ पटक प्रशिक्षण गराई सक्नु भएको छ।

उहाँले भालुं प्याखंमा लालाखीं, म्ये र माक प्याखंमा लालाखी तँःबाजा तथा धाँबाजा विधासँग सम्बन्धित बाजाहरू बजाउनु भएको छ। हाल उहाँ पेशाले व्यापार व्यवसायी हुनुहुन्छ।

## वडा नं. २

# रामभक्त व्यान्जु

रामभक्त व्यान्जुको जन्म पिता रत्नलाल व्यान्जु र माता विकुमाया व्यान्जुको कोखबाट वि.सं. २००७ कार्तिक १५ गते भक्तपुर नगरपालिका साविक वडा नं.१० हाल २ ठुलो व्यासीमा भएको हो। सानै उमेरदेखि बाजागाजा र सांस्कृतिक पर्वहरूमा रमाइरहेका सांस्कृतिक गुरु रामभक्त व्यान्जु हरि भजन दाफा समूहमा बाँसुरी बाजाका गुरु हुनुहुन्छ। नयाँ पुस्तालाई बाँसुरी बाजाको प्रशिक्षक भई उहाँले धेरै समूहलाई बाँसुरी बाजा सिकाइ सक्नुभएको छ ।

बाजागाजाका साथसाथै उहाँ नेपाल क्रान्तिकारी किसान सङ्घको नेतृत्वमा भएको बाली काट्ने आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलनमा सक्रिय हुनुभयो। पञ्चायती व्यवस्थाको विरुद्ध भएका विभिन्न आन्दोलन, सुस्तामाथि भारतीय अतिक्रमणको विरुद्ध सुस्ता बचाउ आन्दोलनमा भाग लिनु भएका सांस्कृतिक गुरु व्यान्जु वृद्ध उमेरका बाबजुद पनि हरि भजन दाफामा सक्रिय हुनुहुन्छ। टोलको विकासका अग्रणी व्यक्तित्व सांस्कृतिक गुरु रामभक्त व्यान्जुको दीर्घ जीवन र सु–स्वास्थ्यको कामना गर्दछौँ ।

# बिकुबहादुर पक्का

वि.सं. १९९२ मंसिर २५ गते भक्तपुर नगरपालिका वडा नं. १७ हाल १ स्थित इताछेँमा पिता कुलबहादुर पक्का र माता कृष्णमाया पक्काको कोखबाट एक्लो छोराको रूपमा सांस्कृतिक गुरु बिकुबहादुर पक्काको जन्म भई भक्तपुर नगरपालिका वडा नं.२ मा बसोबास गरी आउनु भएको छ। सानै उमेरदेखि दाफा भजनमा रुचि भएका सांस्कृतिक गुरु पक्का इताछेँ दाफा भजनमा आबद्ध हुनुहुन्छ। इताछेँ दाफा भजनमा गायन (म्ये) विद्यामा लागेका ९१ वर्षीय सांस्कृतिक गुरु बिकुबहादुर वृद्धावस्थाका कारण आँखा कम देख्ने र कान कम सुन्ने समस्याबाट पीडित हुनुहुन्छ ।

उहाँ मननारायण पंच र तुल्सीनारायण दुवालबाट प्रशिक्षित हुनु भएको हो। उहाँले सहायक प्रशिक्षक भई नयाँ पुस्तालाई गायन (म्ये) प्रशिक्षण दिनुभएको छ।

सांस्कृतिक गुरु बिकुबहादुर पक्काको दीर्घजीवनको लागि सु–स्वास्थ्यको कामना गदर्छौँ।

## वडा नं. ३

# हर्षविर धुख्वा

भ.न.पा. ३ खौमामा २००७ जेठ ५ गते पिता हर्षबहादुर धुख्वा र माता बेतिमाया धुख्वाको कोखबाट दोश्रो सन्तानको रूपमा जन्मनु भएका सांस्कृतिक गुरु हर्षविर धुख्वा ७ वर्षको उमेरदेखि टोलको दाफा भजनमा लाग्नुभयो। सानै उमेरदेखि भजनमा लाग्दा आमा बुवाले खेती काममा सक्दो प्रयास गर्नुहुन्थ्यो। तैपनि आफूलाई मनपरेको गीत सङ्गीत दाफा भजनमा उत्साहित भएर लाग्नु भएका उहाँ सुरुमा लाछिया दाफा भजनमा लाग्नुभयो। त्यससँगै २२ वर्षदेखि तलेजु गणेश दाफा भजन कोलाछेँमा निरन्तर लागी राख्नुभएको छ। उहाँको श्रीमती, २ छोरा र २ छोरी छन्।

गीत गाउनेमा धेरै रुचि भएका गुरु हर्षविर धुख्वा तं, झ्याली विशेष बजाउनु हुन्छ। साथै उहाँ लुसी प्याखं, फाकंदली प्याखं, कलाली प्याखंमा पनि गीत गाउँदै आउनु भएको छ भने भजनलाई नेतृत्व गर्दै आउनु भएको छ।

आफू साथी दौंतरीको लहैलहैमा सांस्कृतिक क्षेत्रमा लागेता पनि अहिले नयाँ पुस्तालाई ल्याउन मुस्किल भएको र चासो नदिँदा पछि लोप भएर जाने हो कि भनी चिन्ता व्यक्त गर्नुहुन्छ। पुर्खाले छोडेर गएको खाइ नखाई यहाँसम्म ल्याएको यी सांस्कृतिक बाजा गाजा दाफा भजनलाई भक्तपुर नगरपालिकाले सांस्कृतिक गुरुहरूको मूल्याङ्कन, सम्मान र नयाँ पुस्तालाई सीप हस्तान्तरण गर्ने गराउने गतिविधि राम्रो भएको बताउनु हुन्छ।

उहाँ नयाँ पुस्तालाई भन्नुहुन्छ, जसरी स्कुलमा आफ्नो पढाइलाई निरन्तरता दिएको हो त्यसरी नै आफ्नो अस्तित्वको रूपमा रहेको दाफा भजन संस्कार संस्कृतिलाई बचाउन निरन्तर लाग्नुपर्छ।

# बद्रिभक्त खर्बुजा

बुवा रामभक्त खर्बुजा र आमा सुन्दरी मैया खर्बुजाका २ छोराहरू मध्ये जेठो छोरा बद्रिभक्त खर्बुजाको जन्म भ.न.पा. ३ वंशगोपालमा मिति १९९३ वैशाख ३० गते भएको थियो। हाल ८८ वर्ष पुग्नु भएका सांस्कृतिक गुरु बद्रिभक्त खर्बुजाका २ छोरा र ३ छोरीहरू छन्।

सांस्कृतिक क्षेत्रमा रुचि भएकाले उहाँ १३ वर्षको उमेरदेखि बाजा सिक्ने काममा लाग्नुभयो। उहाँले मुख्य लाला खिं, पछिमाय्, ढलक बजाएर नागाचा प्याखं, बाँसुरी बाजा, देवी प्याखं, दाफा भजनहरूमा निरन्तर लाग्नुभयो। यही

सिलसिलामा १३ पटक विभिन्न टोल तथा समूहमा बाजा सिकाइ सक्नुभएको छ। लगभग १३ पटकमा ६२ जना जतिलाई बाजा सिकाइ सक्नुभएका खर्बुजाले आफ्ना अधिकांश शिष्यहरूको मृत्यु भएकोमा दुःख व्यक्त गर्नुहुन्छ। अझै पनि मनमा जाँगर छ तर स्वास्थ्यले सक्ने अवस्था छैन। उहाँले भक्तपुर नगरपालिकाले जनताको भावना बुझेर भक्तपुरको विभिन्न जात्रा पर्वलाई सांस्कृतिक सम्पदा, बाजागाजालाई महत्त्व दिएर पुराना पुस्तालाई सम्मान तथा नयाँ पुस्तालाई हस्तान्तरण गर्ने कार्य सराहनीय भएकोमा खुशी व्यक्त गर्नुभयो।

देशमा भइरहेको शासक दलहरूको गैर जिम्मेवारपूर्ण कार्य तथा जनताप्रति विश्वासघात गर्ने, देशलाई कङ्गाल बनाउने गतिविधि भइरहेकोमा आफ्नो मन रोएको धारणा राख्नुभयो। साथै देशको महत्त्वपूर्ण स्थान संसद्मा नेमकिपाको एक्लो सांसदले कामदार वर्गको पक्ष तथा देश र जनताको पक्षमा संसद्मा बोलेको सुन्दा मन खुशी भएको र जनतामाराहरूसँग आक्रोश भएको धारणा राख्नुभयो।

## वडा नं. ४

## न्हुछे कुमार प्रजापति

आफ्नो जीवनभर खीं बजाउने तथा भैरवनाथ नाच जोगाउनमा तल्लिन रहनुभएका र आफूले जानेको सीप दोश्रो पुस्तालाई हस्तान्तरण गर्ने कार्यमा लाग्नुभएका गुरुको नाम हो न्हुछे कुमार प्रजापति। उहाँको जन्म बाजे पुनां प्रजापति तथा बज्यै लक्ष्मी कुमारी प्रजापतिको नातिको रूपमा पिता आशकुमार प्रजापति र आमा नानीमाया प्रजापतिको कोखबाट मिति १९९३ साल भाद्र महिना पञ्चमीका दिनमा भक्तपुर नगरपालिका साविक वडा नं. १२ हालको परिवर्तित वडा नं. ४ बोलाछेँ तालाक्व टोलमा भएको थियो। उहाँले २०११/०१२ सालमा लालाखीं र २०१३ सालमा भैरव नाच सिकेको र आफूले सिकेको उक्त सीपहरू २०२५, २०३२, २०५२ र २०६२/०६३ सालमा लालाखींको सीप दोश्रो पुस्तालाई हस्तान्तरण गर्ने गरी सिकाएको तथा २०१५/०१६ सालदेखि हालसम्म अनगिन्ती रूपमा समय समयमा निरन्तर भैरव नाचहरू सिकाएको स्मरण गर्नुहुन्छ। वहाँले नतुवाचा पनि सिकी दोश्रो पुस्तालाई हस्तान्तरण गर्नुभएको छ। वहाँका २ छोरा तथा ४ छोरीहरू छन्।

## चन्द्रबहादुर कपाली

विसं १९९० साल मंसिर महिनामा ख्वप नगरपालिका वडा नं. ४ (साविक १२) खःलाँ त्वालय् बुम्हा चन्द्रबहादुर कपालीया ब्वा धनमान कपाली, मां विष्णुमाया कपाली खः। वयकया जहान पुण्यश्वरी कपाली खः। वयकया काय जीवन कपाली व म्ह्यायपुं जमुना, अष्टमाया, कमल व जुलुम ख।

वयकलं मुहालीं, तमचा, साइड्रम, सहनाइ व गुजराती बाजा नं सयकः तःगु द। मुहालींया गुरु वयकलं २०३५ सालय् थुच्वय्, दाच्छी लिपा २०३६ सालय् साकोथाय् माहालीं स्यङः द्युगु ख सा सिवालय काठमाडौं म्युजिक कलेजय् नं मुहालीं स्यंगु जुल।

विसं २०१८/१९ सालय् गोमारी त्वालय साइड ड्रम स्यनयुगु यातसा चासुख्यलय्, भुलाछेँ, याछेँ नं बाजा स्यङः द्युगु जुल। बाजा थाङः पिब्वयगु भ्वलय् वयकलं बासखर्क, बाहुनपाटी, छुक्से, पलाञ्चोक, नाला, भ्वंत, पलाँती, दोलखा, देवघाट, पोखरा, हेटौंडा, मनकामना, बाऱ्हविसे, चौतारा नाप नापां यें यल किपुली प्रदर्शनी यागु जुल।

गुलाँ धर्म, कृष्ण जात्रा, सरकारया लालमोहर छाप दगु भैल देगः, तलेजु हानय् ज्या, गुठी संस्थानया ५१ कगु दाँ पुवांगुया लसताय् अर्थमन्त्री रामशरण महत पाखें मिखा अस्तपाल (आँखा अस्पताल) या वार्षिक उत्सवय् हानय् ज्या यागु जुलसा मेमेगु अपलं थासय् नं हानय् ज्या यागु जुल।

## वडा नं. ५

## जगनाथ त्वानाबासु

माता कृष्णकुमारी र पिता सिहंबहादुर त्वानाबासुको जेठो पुत्र भ.न.पा. साविक वडा नं. ८ हाल वडा नं. ५, चासुखेलमा वि.सं. १९९१ भाद्र २२ गतेको दिन जन्मिनु भएका जगनाथ त्वानाबासुको श्रीमती मसिनु त्वानाबासु र ३ छोरा र ३ छोरी छन्। १६ वर्षको उमेरमा दाफा भजनको गायन प्रशिक्षण लिई भजनमा प्रवेश गर्नुभएका उहाँले बाँसुरी बाजाको प्रशिक्षण लिई बाँसुरी बजाउने र निरन्तर भजनमा सहभागी हुँदै हालसम्म तीन टोलीलाई भजन सिकाउने कार्य गरिसक्नुभएको छ। पहिलेदेखि चलिआएको गुन्हिपुन्ही पर्वमा परम्परागत नाचगानमा भाग लिँदा कपाय् फेनेगु गीतीनाटकमा कलाकार र गुरु भई कार्य गर्नुभएको थियो। त्यस्तै टोल वडाका विभिन्न क्रियाकलाप र किसान आन्दोलनमा सक्रिय सहभागी हुनुभएको थियो। हाल ९० वर्षको उमेरमा पनि उहाँ चण्डेश्वरी टोल सुधार समितिको अध्यक्षको भूमिका समेत निर्वाह गर्दै आउनुभएको छ।

## ब्रह्मकाजी दर्शनधारी

माता केशरी र पिता आसामरु दर्शनधारीको पुत्र भ.न.पा. साविक वडा नं. ११ हाल वडा नं. ५, साकोठामा वि.सं. २०१९ कार्तिक १५ गतेको दिन जन्मिनु भएका ब्रह्मकाजी दर्शनधारीको श्रीमती चन्द्रमाया दर्शनधारी, १ छोरा र ३ छोरी छन्। ७/८ वर्षको उमेरमा माली बाजाको प्रशिक्षण लिई परम्परागत बाजा बजाउने कार्यमा प्रवेश गर्नुभएका उहाँले निरन्तर माली बाजामा सहभागी हुँदै हालसम्म चार टोलीलाई माली बाजा सिकाइसक्नु भएको छ। पहिलेदेखि चलिआएको गुन्हिपुन्ही पर्वमा परम्परागत देवी प्याखंमा माली बाजा बजाउने कार्य गर्दै आउनुभएका हाल ६१ वर्ष उमेर पुगेका उहाँ टोल वडाका विभिन्न क्रियाकलाप र सांस्कृतिक कार्यक्रममा सक्रिय सहभागी हुँदै आउनु भएको छ। उहाँले वसन्तपुर दरबार परिसरमा इन्द्रजात्राको दिनमा समेत माली बाजा बजाउनु भएको अनुभव संगाल्नु भएको छ।

### वडा नं. ६

## आसराम अवाल

भक्तपुर नगरपालिका साविक वडा नं. ९ हाल ६ तुछिमला टोलमा सांस्कृतिक गुरु आसराम अवालको बुबा मोहनबहादुर अवाल र आमा मानकुमारी अवालको कोखबाट २००३ वैशाख २१ गते जन्म भई ७८ वर्षको हुनु भएको छ। उहाँका ४ छोरा र २ छोरी छन्।

स्थानीय टोलमा रहेको तुछिमला भैल प्याखंमा २०४४ सालदेखि हालसम्म ७ समूह गरी करिब १२० जनाजतिलाई धाँ बाजा र लालाखिँ सिकाइ सक्नुभएको छ। बाजा गाजा सिकाइमा नगरपालिकाले प्रोत्साहित गरेको खण्डमा कला र संस्कृति जोगाउन थप मद्दत पुग्ने बताउनु हुन्छ।

## गणेशबहादुर सुवाल

सांस्कृतिक गुरु गणेशबहादुर सुवालको जन्म पिता नहरमान सुवाल र आमा गणेशमाया सुवालको कोखबाट वि.सं. २०११ साल असोज महिनामा भक्तपुर नगरपालिका वडा नं. ५ हाल ६ याछेँ टोलमा भएको थियो। उहाँको २ छोरा र ३ छोरीहरू छन्।

६-७ वर्षको उमेरदेखि नै स्थानीय याछेँ गणेश नौ बाजा दाफा भजनमा सांस्कृतिक भजन गाउन थाल्नुभएका उहाँले नयाँ पुस्तालाई विगत ४० वर्षदेखि हालसम्म करिव ३ समूह गरी ५० जनालाई भजन गाउन सिकाइ सक्नुभएको छ। हाल स्थानीय याछेँ गणेश नौ बाजा दाफा भजनमा भजन गाउँदै आउनु भएको छ। नयाँ पुस्तालाई परम्परागत बाजा-गाजासाथै भजन सिकाई हाम्रो कला र संस्कृति जोगाई राख्नुपर्ने बताउनु हुन्छ।

### वडा नं. ७

## नारायणभक्त वनमाला

विभिन्न विधाका गुरु नारायणभक्त वनमालाको जन्म १९९५ सालमा भक्तपुर नगरपालिका वडा नं. ७ खंचा टोलमा बुवा मोहलाल वनमाला र आमा सुन्दरीमाया वनमालाको कोखबाट भएको हो। तीन छोराका बुवा नारायणभक्त वनमाला हाल ८६ वर्ष पुग्नु भए पनि वहाँ अहिले पनि नवदुर्गा भजन सञ्चालनमा व्यस्त हुनुहुन्छ। विशेष गरी परम्परादेखि चल्दै आएको नवदुर्गा नाचमा प्रत्येक वर्ष नयाँ पुस्ताहरूलाई नवदुर्गा नाच सिकाउने कार्य निरन्तर गर्दै आउनु भएका सांस्कृतिक गुरु हुनुहुन्छ। यसका साथै विभिन्न समयमा दुई पटक नयाँ पुस्ताहरूलाई धिमे बाजाको प्रशिक्षण दिई धिमे बाजाका गुरुसमेत रहनु भएका वनमाला हाल पनि नवदुर्गा खँचा भजनमा भजन सिकाउने कार्य गर्दै आउनुभएको छ। उहाँ विभिन्न सामाजिक गतिविधिहरूमा समेत लाग्ने सांस्कृतिक गुरुको रूपमा चिनिनु हुन्छ।

## मोतिलाल लाखाजु

भक्तपुर नगरपालिका वडा नं. ७ चोर्चामा मिति २००४ साल असार ५ गते बुवा बुद्धिलाल लाखाजु र आमा मोहनमाया लाखाजुको कोखबाट जन्मेका सांस्कृतिक गुरु मोतिलाल लाखाजुको एक छोरा र दुई छोरी छन्। उहाँको जीवन सँगिनी रामप्यारी लघु लाखाजु हुनुहुन्छ। कृषी पेशाका सांस्कृतिक गुरु मोतिलाल लाखाजु बाँसुरीमा घोर बाँसुरी सिकाउने गुरुका साथै नागाचा नाच, जङ्गली नाच र खिचा नाचका गुरु पनि हुनुहुन्छ।

सांस्कृतिक क्षेत्रमा वहाँ झ्याउरी नाच र पर्दा प्याखंमा (अबलाया खोबि र जय विजय)मा कलाकारिता प्रस्तुत गर्नुका साथै टोलको सरसफाइ कार्यमा अगुवाइ, पोखरी सफा गर्ने कार्यमा प्रमुख भूमिका निभाउने, किसानहरूको हकहितको निमित्त विभिन्न आन्दोलनमा पनि अग्रसर भई विभिन्न सामाजिक कार्यहरूमा समेत अगुवाको रूपमा चिनिने व्यक्तित्व हुनुहुन्छ। पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृतिलाई बचाई राख्न अहिले पनि वहाँ सांस्कृतिक र सामाजिक विभिन्न गतिविधिहरूमा सक्रिय रूपमा क्रियाशील हुनुहुन्छ।

## वडा नं. ८

# तुल्सीनारायण गोसाई

तुल्सीनारायण गोसाईको जन्म वि.सं. २०२३ साल माघ महिनामा बुवा तुल्सीगोसाई र आमा तुल्सीमायाको कोखबाट भक्तपुर न.पा. वडा नं. ८ (साबिक वडा नं.२) वांचुटोलमा किसान परिवारमा भएको थियो। उहाँको जीवनसँगी शंखलक्ष्मी गोसाई हुनुहुन्छ। उहाँहरूका १ छोरा र ४ छोरी गरी ५ जना सन्तान छन्। आमाबुवाको एक्लो छोरो भएर पनि आर्थिक अवस्था कमजोर भएको कारण उहाँले कक्षा ४ सम्ममात्र अध्ययन गर्न पाउनु भएको छ। सानै उमेरदेखि कृषि कार्यमा लाग्नु भएका गोसाई हालसम्म पनि कृषि कार्य गर्दै आफ्नो जीवीकोपार्जन गर्दै आइरहनुभएको छ। बुवा पनि बाजागाजा बजाउने हुँदा उहाँले १४/१५ वर्षको कलिलो उमेरमा नै लालाखिं बाजा बजाउन थालेको बताउनुहुन्छ। उहाँले २-३ ओटा बाजा बजाउन जाने पनि उहाँ मुख्य रूपमा लालाखिं बाजा बजाउन निपुण हुनुहुन्छ। उहाँले हालसम्म सानो २ समूहलाई लालाखिं बाजाको प्रशिक्षण दिइसक्नु भएको छ भने हालसालै मात्र १६ जना युवा/विद्यार्थीहरूलाई बाँसुरी बाजा प्रशिक्षण दिनु भएको छ। उहाँ हालसम्म पनि भक्तपुर नगरको सांस्कृतिक चाडपर्वहरूमा सक्रिय रूपमा लागिरहनु भएको छ। उहाँ हाल महेश्वरी बाजा समूहमा आवद्ध भई उपाध्यक्षको पद निर्वाह गर्दै आइरहनु भएको छ। उहाँले बजाउनु भएको लालाखिं बाजाको धुनले भक्तपुर नगरवासीको कान गुन्जायमान भई आनन्दको अनुभूति गराइरहेको छ।

# कृष्णगोपाल प्याथ

कृष्णगोपाल प्याथको जन्म वि.सं. २००९ साल चैत्र महिनामा बुवा कृष्णबहादुर प्याथ र आमा मसिनु प्याथको कोखबाट भक्तपुर न.पा. वडा नं. ८ (साबिक वडा नं. २) जेलां टोलको किसान परिवारमा भएको थियो। उहाँको जीवनसँगी जारीमाया प्याथ हुनुहुन्छ। उहाँहरूका २ छोरा र ३ छोरी छन्। त्यसबेला शिक्षाको महत्त्व नबुझेको हुँदा उहाँले औपचारिक शिक्षा हासिल गर्न पाउनु भएन। उहाँ कृषि कार्यका साथै व्यापार/व्यवसाय गरी आफ्नो जीवीकोपार्जन गर्दै आइरहनु भएको छ। उहाँ ९ वर्षको उमेरदेखि झ्याउरी प्याखंमा कलाकार भई प्रदर्शन गर्दै आउनु भएको थियो। झ्याउरी प्याखंमा निपुण भई १८ वर्षको उमेरदेखि झ्याउरी प्याखंको प्रशिक्षक भई प्रशिक्षण दिंदै आइरहनु भएको छ। उहाँले आफ्नो टोलमा मात्र नभई नगरका विभिन्न ठाउँहरूमा साथै चाँगुनारायण न.पा. को छालिङ (गुरी मेगाले) मा समेत प्रशिक्षण दिनु भएको बताउनुहुन्छ। उहाँले हालसम्ममा तीन चारसय जनालाई झ्याउरी प्याखं प्रशिक्षण दिई सक्नुभएको छ। उहाँले पोङा र भुछ्याय अलिअलि बाहेक अन्य बाजा बजाउन नजाने पनि अरूले बजाएको बाजाको बोल मिलेको नमिलेको छुट्याउन सक्नुहुन्छ। यस झ्याउरी प्याखं विशेष गरी गाईजात्रा र इन्द्रजात्रामा प्रदर्शन गर्ने गरिन्थ्यो। हाल आएर इन्द्रजात्रामा प्रदर्शन गर्ने चलन हटेको बताउनुहुन्छ। उहाँ हाल श्वेत भैरव दाफा भजन र दत्तात्रय नौ बाजा समूहमा आवद्ध भई भक्तपुर नगरको सांस्कृतिक क्षेत्रमा योगदान गर्दै आइरहनु भएको छ। यस्ता लोप हुन लागेको विधाहरूलाई जर्गेना गर्न न.पा. ले पहल गर्दै आइरहेकोमा उहाँ खुशी व्यक्त गर्नुहुन्छ।

## वडा नं. ९

# राजाराम श्रेष्ठ

ऐतिहासिक दत्तात्रय रास भजन मण्डलमा लामो समयदेखि क्रियाशील भजन गुरु राजाराम श्रेष्ठको जन्म वि.सं. २०१४ असार १५ गते भक्तपुर नगरपालिका साविक वडा नं. ३ हाल वडा नं. ९ थाथुलाँमा एक मध्यम वर्गीय परिवारमा भएको हो। बुवा अमृतलाल श्रेष्ठका दुई श्रीमतीमध्ये कान्छी मंगलमाया श्रेष्ठको तर्फबाट जेठो सन्तान भई जन्मिनुभएका उहाँ सानो छँदा कालो भादगाउँले टोपी सिउने र घरबुना कपडाको चोलो सिउने काममा आमालाई सघाउनु हुन्थ्यो। युवा उमेरमा बिजुली बत्तीसम्बन्धी काम गरी परिवार पाल्नुभयो।

आठ वर्षको कलिलो उमेरमै परम्परागत सांस्कृतिक नाच माक प्याखं सिक्नुहुने श्रेष्ठ १३ वर्षको उमेरदेखि हार्मोनियम बजाउन थाल्नुभयो। तबला वादनमा पनि उहाँ निपुण हुनुहुन्छ। दत्तात्रय रास भजनमार्फत उहाँले नयाँ पुस्ता र महिलाहरूलाई हार्मोनियम बाजा र रास भजन गाउने प्रशिक्षण दिन थाल्नुभयो।

एक समयमा भक्तपुरका विभिन्न स्थानहरूमा भएका नेपाल भाषा साहित्य तःमुंज्यामा स्वागत गानमा हार्मोनियम बजाउने कार्यमा सक्रियतापूर्वक लाग्नुभएका श्रेष्ठले त्यतिबेला टोल टोलमा प्रदर्शन गरिएका धार्मिक नाटकहरूमा रावणको भूमिकामा उत्कृष्ट अभिनय गर्नुभएको अनुभव सुनाउनुभयो।

सांस्कृतिक गुरु राजाराम श्रेष्ठ हाल दत्तात्रय रास भजन मण्डलका अध्यक्ष र दत्तात्रय मन्दिर संरक्षण समितिका उपाध्यक्ष हुनुहुन्छ।

## तुल्सीभक्त कोजू

भक्तपुर नगरपालिका साविक वडा नं. १ हाल वडा नं. ९ को चोफलमा सामान्य किसान परिवारमा वि.सं. २०१३ मा तुल्सीभक्त कोजूको जन्म भएको हो। उहाँको बुवा पूर्णकुमार र आमा मोहनमाया कोजू हुनुहुन्थ्यो।

उहाँले ९ वर्षको कलिलो उमेरदेखि नै बुवाको साथमा वाकुपति नारायण ढल्चा भजनमा भजन सिक्न थाल्नुभयो। लामो समयदेखि निस्क्रिय बनेको चोफल ढल्चा भजन उहाँकै पहलमा स्थानीय जनताहरू मिलेर २०५९ सालमा पुनःउत्थान गरी हालसम्म दैनिक बेलुकीको समयमा भजन कार्य भइरहेको छ। सोही भजन समूहमार्फत यस अवधिमा ५ पटकसम्म भजन तथा वाद्यवादन प्रशिक्षण सम्पन्न गरियो। प्रशिक्षणाको क्रममा उहाँ कहिले व्यवस्थापक, कहिले सहायक प्रशिक्षक र कहिले हार्मोनियमको प्रशिक्षक भई स्थानीय महिला तथा युवाहरूलाई एकगठ गरी सांस्कृतिक गतिविधिमा उत्साहित गर्नुहुन्थ्यो। उहाँकै अगुवाइमा टोलमा २ पटक धाँ बाजा र १ पटक धिमे बाजाको पनि प्रशिक्षण सम्पन्न भयो।

सांस्कृतिक गुरु तुल्सीभक्त कोजू कमिचागल्ली बाँसुरी बाजा समूहमा पनि आवद्ध हुनुहुन्छ। हरेक वर्ष गुन्हीपुन्ही सापारुको समयमा स्थानीय युवा, महिला तथा विद्यार्थीहरूलाई सङ्गठित गरी विभिन्न परम्परागत तथा आधुनिक विधाका सांस्कृतिक प्रस्तुतिहरूमार्फत जनतालाई राजनैतिक र सामाजिक रूपमा सचेत पार्ने कार्यमा उहाँ सक्रिय हुनुहुन्छ। उहाँलगायत स्थानीय गुरुहरूको विशेष पहलमा लामो समयदेखि बन्द भइरहेको नागाचा प्याखं र किजापुजा प्याखं यो वर्ष सापारुको समयमा सार्वजनिक प्रदर्शन गरिएको हो।

### वडा नं. १०

## रामचन्द्र सुवाल

पिता कृष्णगोपाल सुवाल र आमा नारांदेवी सुवालका छोरा रामचन्द्र सुवालको जन्म मिति २०२४ कार्तिक १५ गते भक्तपुर नगरपालिका वडा नं. १०, कमलविनायकमा भएको थियो।

उहाँ हाल धिमे बाजा प्रशिक्षकको रूपमा कार्यरत हुनुहुन्छ। उहाँले २०६१ सालदेखि धिमे प्रशिक्षक कम्प्युटर वेभमा धिमे प्रशिक्षण, मूलढोका धिमे खलमा प्रशिक्षण, २०७२ सालमा ज्वज्वलपा धिमे खलमा धिमे प्रशिक्षण, २०७३ सालमा सिद्धि गणेश धिमे खल (रातोपाटी), २०७४ सालमा जयदोलखा भिमसेन (जितपुर), २०७५ सालमा माइली ब्रम्हायणी (ङाबु), २०७६ सालमा ज्वज्वलपा धिमे खलमा दोश्रो पटक प्रशिक्षण, २०७७ सालमा माइली ब्रम्हायणी (ङाबुमा) दोश्रो पटक प्रशिक्षण गर्नुभएको थियो। त्यसैगरी सो पश्चात अष्टमात्रिका धिमे खलमा, २०८० सालमा ठुलो ब्रम्हायणी सुडालमा, २०८१ सालमा दोश्रो पटक सिद्धि गणेश धिमे खलमा (रातोपाटी) र २०८१ सालमा दोश्रो पटक ठुलो ब्रम्हायणी धिमे प्रशिक्षण गरी हालसम्म ४०० जना भन्दा बढीलाई धिमे प्रशिक्षण गराईसक्नु भएको छ।

## काजीलाल मुलगुठी

पिता काजीबहादुर मुलगुठी र आमा पुनमाया मुलगुठीका पुत्र काजीलाल मुलगुठीको जन्म मिति २००६ साउन १५ गते भक्तपुर नगरपालिका वडा नं. १०, महालक्ष्मी स्थानमा भएको थियो।

उहाँले सुरुमा २०२५ सालमा लालाखिं सिक्नु भएको थियो। सो पश्चात २०२५ सालमा भजन सिक्नु भएको थियो।

उहाँले २०३५ सालमा र २०५५ सालमा लालाखिं प्रशिक्षण गरी १४ जनालाई आफ्नो सीप हस्तान्तरण गरी सक्नुभएको छ।


**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी, भक्तपुर

**पर्यटक सेवा शुल्क सम्बन्धी सूचना**

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००।- नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।- नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शल्क रु. १५००।- को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००।- (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# पर्यटन प्रवर्द्धनका सहयोगीहरूलाई कदरपत्र

भक्तपुर नगरपालिकाले ४५ औँ विश्व पर्यटन दिवसको अवसरमा भक्तपुरको पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने विभिन्न सङ्घ, संस्था र व्यक्तित्वहरूलाई सम्मानपूर्वक कदरपत्र प्रदान गरेको छ।

### * भक्तपुरमा पर्यटक भित्र्याउन सहयोग गर्ने सङ्घ-संस्थाहरू

1) Nepal Tourism Board (NTB), Bhrikutimandap, Kathmandu
2) Bhaktapur Tourism Development Committee (BTDC), Bhaktapur
3) Tourist Police, Bhaktapur
4) Bhaktapur Local Tour Guide Management Committee, Bhaktapur

### * भक्तपुरमा पर्यटक भित्र्याउने ट्राभल एजेन्सीहरू

1) Rural Heritage Pvt. Ltd., Pipal Marg, Bansbari, Kathmandu
2) Royal Mountain Travel, Lal Durbar Marg, Kathmandu
3) Yeti Adventure Pvt. Ltd., Budhanilkantha, Kathmandu
4) Himalayan Advisor Pvt. Ltd. Bhagwan Bahal Marg, Thamel, Kathmandu, Nawaraj Thapa

### * तीस वर्षभन्दा बढी पथप्रदर्शकको सेवा गरिसकेका पथप्रदर्शकहरू

1) Beni Maya Hyoju, Bhaktapur
2) Milan KC, Jawalakhel, Lalitpur

### * यस वर्ष भक्तपुरमा ३५ पटक भन्दा बढी पर्यटकहरू भक्तपुर नगर भित्र्याएर सहयोग गर्ने पथप्रदर्शकहरू

1) Ramhari Timsina, Ganga Jamuna, Dhading. counts- 90
2) Shanti Karki, Simaltar Bauddha, Kathmandu. counts- 79
3) Dipesh Prasad Thapaliya, Kathmandu. counts- 71
4) Romi Basnet, Mitranagar-Kathmandu. counts- 71
5) Sarita Karki, Simaltar Bauddha, Kathmandu. counts- 56
6) Subash Kumar Raut, Godawari, Lalitpur. counts- 53
7) Suresh Dhakal, Bhimsen Thapa Rural Municipality, Gorkha. counts- 50
8) Shankar Bhattarai, Likhu, Okhaldhunga. counts- 46
9) Rajendra Manandhar, Chandragiri, Machchhegaun. counts- 46
10) Madan Sapkota, Gorkha, Kharibot. counts- 42
11) Sagar Adhikari, Ganga Jamuna, Dhading. counts- 41
12) Dil Bahadur Lama, Tarkeshwor, Kathmandu. counts- 40
13) Prakash Aryal, Baneshwor, Kathmandu. counts- 38
14) Prasanta Dhungana, Dhanusha, Janakpur. counts- 37
15) Rabin Shrestha, Narayantar Jorpati, Kathmandu. counts- 37
16) Gyan Bahadur Mukhiya, Budhanilkantha, Kapan. counts- 36

### * भक्तपुरको पर्यटन विकासमा महत्त्वपूर्ण योगदान गर्ने विभिन्न व्यक्ति र व्यावसायिक संस्थाहरू

1) Anil Chitrakar, Tourism Entrepreneur
2) Binod Charan Raya, Tourism Co-operator
3) Rajendra Chawal, Chinese Translator
4) Binod Raj Sharma, Cultural Expert
5) JD Handicraft, Peshal Narayan Dhaubhadel
6) Temple Money Exchange, Jay Sundar Hada
7) Fnclick Pvt. Ltd., Anil Pawn (Tourism Website Developer)

### * भक्तपुर नगर अवलोकनमा प्रवेश टिकट नलिई नगर प्रवेश गर्ने पर्यटकहरूबारे सूचना प्रदान गरी राजश्व चुहावट रोक्न सहयोग गर्नेहरू

1) Bishal Suwal
2) Kashim Shah (Fakir)
3) Krishna Sundar Prajapati

## भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

# गुन्हीपुन्ही सापारु धें धेंबल्ला कासा २०८१ को नतिजा

भक्तपुर नगरपालिकाद्वारा गुन्हीपुन्ही सापारु पर्व २०८१ को अवसरमा २०८१ भाद्र ४ गते सापारुको दिन प्रदर्शन गरिएका घिन्ताङ्घिसी र माक प्याखं तथा २०८१ भाद्र ६ गतेदेखि भाद्र १० गतेसम्म प्रदर्शन गरिएका सांस्कृतिक विधाहरूको नतिजा देहायवमोजिम रहेका छन् –

| क्र. सं. | सांस्कृतिक विधाहरूको नाम | परिणाम | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम | द्वितीय | तृतीय | सान्त्वना | सहभागी |
| १ | देवी प्याखं | गलसी पुखु देवी प्याखं, भनपा ५ | महाकाली प्याखं पुचतथा मुस्याख्व समूह, भनपा ३ | देवी प्याखं, भनपा ५ | मुक्ति संगीत प्रशिक्षण केन्द्र, भनपा ५ | – |
| २ | भैल प्याखं | विश्वकर्मा भैल प्याखं, भनपा ९ | जेठा गणेश भैल प्याखं, भनपा ४ | तुछिमला भैल प्याखं, भनपा ६ | – | – |
| ३ | माक प्याखं | यातावदाफा भजन, चानपा २, भ्हौखेल | गणेश दाफाभजन, भनपा १ भार्वाचो | कोटदेवी दाफाभजन, चानपा ३, भ्हौखेल | किवाचोक नेवाखलः, सूनपा ७, किवाचोक | यापी भैरव, चानपा २<br>राधाकृष्ण भजन, चानपा ५<br>गणेश दाफाभजन, चानपा ५<br>भद्रकाली दाफाभजन, सूनपा १०,<br>गलसी पुखु माक प्याखं, भनपा ५ |
| ४ | जंगली प्याखं | खिछैं दाफाभजन खलःभनपा ५ | मुक्ति संगीत प्रशिक्षण केन्द्र, भनपा ५ | गलसीपुखु जंगली प्याखं, भनपा ५ | देवी प्याखं, भनपा ५ | सिद्धी गणेश बाँसुरी बाजा, भनपा७<br>ख्वप कलेज,<br>मको लुसी प्याखं, भनपा ९ |
| ५ | ख्याल प्याखं | ख्वप कलेज, देकोचा, भनपा ६ | आस्था सांस्कृतिक परिवार, भक्तपुर | ने.क्रा.यु.सङ्घ, भनपा ८ | पासापुच, भनपा ९ | लिवाली पासापुच समूह, भनपा ८ |
| ६ | कँलाली प्याखं | पासापुच, भनपा ९ | कोलाछैं लुसी प्याखं समूह, भनपा ३ | तलेजु सांस्कृतिक समूह, भनपा ३ | कमिचागल्ली बाँसुरी बाजा समूह, भनपा ९ | मको लुसी प्याखं, भनपा ९<br>श्रमिक कला सदन, भनपा ३ |
| ७ | भालु प्याखं | मको लुसी प्याखं, भनपा ९ | गणेश दाफाभजन, भार्वाचो, भनपा १ | – | – | – |
| ८ | ख्या प्याखं | महाकाली प्याखं पुचतथा मुस्याख्व समूह, भनपा ३ | विश्वकर्मा भैल प्याखं, भनपा ९ | गलसीपुखु ख्या प्याखं, भनपा ५ | बाराही अजिमा नाच समूह, भनपा ३ | देवी प्याखं, भनपा ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | कवांचा प्याखं | जेठा गणेश भैल प्याखं, भनपा ४ | विश्वकर्मा भैल प्याखं, भनपा ९ | गलसीपुखु कवांचा प्याखं, भनपा ५ | तुछिमला भैल प्याखं, भनपा ६ | देवी प्याखं, भनपा ५<br>महाकाली प्याखं पुच तथा मुस्याख्व समूह, भनपा ३<br>बाराही अजिमा नाच समूह, भनपा ३<br>मुक्ति संगीत प्रशिक्षण केन्द्र, भनपा ५<br>खिछेँ दाफा भजन खलः, भनपा ५ |
| १० | दैत्य प्याखं | मुक्ति संगीत प्रशिक्षण केन्द्र, भनपा ५, | महाकाली प्याखं पुचतथा मुस्याख्व समूह, भनपा ३ | देव ीप्याखं, भनपा ५ | – | – |
| ११ | हुला प्याखं | नेपाल क्रान्तिकारी सांस्कृतिक सङ्घ, भनपा ३ | जेलाँ सांस्कृतिक समाज, भनपा ८ | सांस्कृतिक समूह, भनपा ६ | श्रमिक कला सदन, भनपा ३ | कमिचा गल्ली बाँसुरी बाजा समूह, भनपा ९<br>ब्यासी सांस्कृतिक समूह, भनपा २<br>मको लुसी प्याखं, भनपा ९<br>पासा पुचः, भनपा ९<br>ने.क्रा.वि.सङ्घ, भनपा ८<br>सिद्धि गणेश सांस्कृतिक समूह, भनपा७ |
| १२ | लाहुरे प्याखं | ब्यासी सांस्कृतिक समूह, भनपा २ | पासा पुच,भनपा ९ | सांस्कृतिक समूह, भनपा ६ | जेलाँ सांस्कृतिक समाज, भनपा ८ | श्रमिक कला सदन, भनपा ३<br>कमिचा गल्ली बाँसुरी बाजा समूह, भनपा ९<br>ने.क्रा.सां.सङ्घ,भनपा ३ |
| १३ | झ्याउरी प्याखं | नेपाल क्रान्तिकारी युवा सङ्घ, भनपा ८ | पासा पुच, भनपा ९ | श्रमिक कला सदन, भनपा ३ | जेंला सांस्कृतिक समाज, भनपा ८ | कमिचागल्लीबाँसुरी बाजा समुह, भनपा ९<br>ब्यासी सांस्कृतिक समूह, भनपा २<br>सिद्धी गणेश सांस्कृतिक समुह, भनपा७<br>ने.क्रा.सां.सङ्घ, भनपा ८ |
| १४ | खिचा प्याखं | सिद्धि गणेश बाँसुरी बाजा, भनपा७ | मको लुसी प्याखं, भनपा ९ | विश्वकर्मा भैल प्याखं, भनपा ९ | जेठा गणेश भैल प्याखं, भनपा ४ | तुछिमला भैल प्याखं, भनपा ६, |
| १५ | लाखे प्याखं | कमिचा गल्ली बाँसुरी बाजा समुह, भनपा ९ | पासापुचःभनपा ९ | विश्वकर्मा भैल प्याखं, भनपा ९ | खिछेँदाफाभजनखलः, भनपा ५ | ख्वप कलेज अफ ल<br>बाराही अजिमा नाच समूह, भनपा ३ |
| १६ | नागाचा प्याखं | सिद्धि गणेश बाँसुरी बाजा, भनपा७ | खिछेँ दाफा भजनखलः, भनपा ५ | कमिचा गल्ली बाँसुरी बाजा समुह, भनपा ९ | – | – |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | गाईँचा प्याखं | ब्यासी सांस्कृतिक समूह, भनपा २ | चण्डेश्वरी धिमे पुच, भनपा ५ | श्रमिक कला सदन, भनपा ३ | सिद्धि गणेश सांस्कृतिक समूह, भनपा७ | खिछैं दाफाभजन, भनपा ५<br>जेंला सांस्कृतिक समाज, भनपा ८<br>ने.क्रा.सां.सङ्घ, भनपा७<br>सांस्कृतिक समूह भ.न.पा. ६<br>आस्था सांस्कृतिक परिवार<br>ने.क्रा.सां.सङ्घ, भनपा ३<br>च्वङा गणेश धिमे खल, भनपा १<br>नेपाल क्रान्तिकारी युवा सङ्घ, भनपा ८<br>गणेश दाफा भजन, छालिङ<br>श्वेत भैरब साकोस, भनपा ८ |
| १८ | लुसी प्याखं | श्रमिक कला सदन, भनपा ३ | कोलाछैं लुसी प्याखं समूह, | नेक्राविसङ्घ, भनपा २ | मको लुसी प्याखं, भनपा ९ | तलेजु सांस्कृतिक समूह, भनपा ३<br>जेंला सांस्कृतिक समाज, भनपा ८<br>नेक्रायुसङ्घ, भनपा ८ |
| १९ | फाकंदली प्याखं | कोलाछैं लुसी प्याखं समूह, भनपा ३ | मको लुसी प्याखं, भनपा ९ | ख्वप मावि, भनपा ६ | ब्यासी सांस्कृतिक समूह, भनपा २ | तलेजु सांस्कृतिक समूह<br>सांस्कृतिक समूह ६<br>ने.क्रा.सां.सङ्घ, भनपा ७<br>आस्था सांस्कृतिक परिवार, भक्तपुर<br>प्रभात ई. से. स्कूल, ब्यासी<br>जेंला सांस्कृतिक समाज, भनपा ८<br>सिद्धि गणेश सांस्कृतिक समूह, भनपा७<br>नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ, भनपा २<br>गणेश दाफा भजन, छालिङ<br>गणेश दाफा भजन, भार्वाचो पासापुचः, भनपा ९<br>श्रमिक कला सदन, भनपा ३<br>श्वेत भैरव साकोस, भनपा ८ |
| २० | ख्याल | ख्वप कलेज, भनपा ६ | आस्था सांस्कृतिक परिवार, भक्तपुर | ने.क्रा.यु.सङ्घ, भनपा ८ | पासा पुच, भनपा ९ | लिवाली पासा पुच समूह, भनपा ८ |
| २१ | नाटक | च्वङा गणेश धिमे खल, भनपा १ | आस्था सांस्कृतिक परिवार, भक्तपुर | – | – | – |
| २२ | साँय् सामिचा प्याखं | सांस्कृतिक समूह, भनपा ६ | ब्यासी सांस्कृतिक समूह, भनपा २ | जेंला सांस्कृतिक समाज, भनपा ८ | सिद्धि गणेश सांस्कृतिक समूह, भनपा७ | – |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | ध्याचूप्याखं | पासापुच, भनपा ९ | ब्यासी सांस्कृतिक समूह, भनपा २ | – | – | – |
| २४ | घिन्ताङघिसी | मंगलमाया बनमाला समेत भनपा७ | आसकुमार त्वायना समेत भनपा ३ | गणेशबहादुर सुवाल समेत चानपा ५ | श्रीभक्त प्रजापति समेत भनपा ४ | नेपाल भाषा साहित्य त:मुंज्या (ब्यङ्ग्यात्मक घिन्ताङघिसी) विशेष सान्त्वना |
| २५ | हनुमान प्याखं | गणेश दाफाभजन, भार्वाचो, भनपा १, विशेष स्थान | | | | |
| २६ | कपाय् फेनेगु प्याखं | पासा पुच, भनपा ९, विशेष स्थान | | | | |
| २७ | किजापुजा प्याखं | कमिचा गल्ली बाँसुरी बाजा समूह, भनपा ९, विशेष स्थान | | | | |
| २८ | गीति नाटक | पासा पुच, भनपा ९, विशेष स्थान | | | | |
| २९ | म्हेखा प्याखं | गलसी पुखु म्हेखा प्याखं,भनपा ५, विशेष स्थान | | | | |
| ३० | मथु प्याखं | पासा पुच, भनपा ९, विशेष स्थान | | | | |
| ३१ | शेर सिंह प्याखं | महाकाली प्याखं पुच तथा मुस्याख्व समूह, भनपा ३, विशेष स्थान | | | | |

## उत्कृष्ट कलाकारहरू

| | |
|---|---|
| उत्कृष्ट महिला कलाकार | विदिसा लवजू (हुलाप्याखं) मको लुसी प्याखं, भनपा-९ |
| उत्कृष्ट पुरुष कलाकार | लक्ष्मीप्रसाद मानन्धर (लालाखीं लगायत अन्य बजाउनुहुने बाद्यवाधक) महाकाली प्याखं पुच तथा मुस्याख्व समूह, भनपा-३ |
| उत्कृष्ट बालकलाकार | विनिश खाईजु (नागाचा प्याखंमा कृष्णको भूमिका) सिद्धि गणेश बाँसुरी बाजा, भनपा-७ |
| उत्कृष्ट निर्देशक | मंगलमाया बनमाला समेतको घिन्ताघ्घीसी समूहका निर्देशक लक्ष्मीप्रसाद बनमाला, भनपा-७ |
| उत्कृष्ट लेखक | साइला बैद्य, लेखक ("पजा" नाटक) च्वङा गणेश धिमे खल, भनपा-१ |

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
**नगरको विकासमा सघाऔं ।**

विश्व पर्यटन दिवसमा

# ‘भक्तपुरको पर्यटन:विगत, वर्तमान र भविष्य’

## विषयक अन्तरक्रिया




भक्तपुर नगरपालिका र भक्तपुर पर्यटन विकास समितिको संयुक्त आयोजनामा ४५ औं विश्व पर्यटन दिवसको अवसरमा **‘भक्तपुरको पर्यटन : विगत, वर्तमान र भविष्य’** विषयक अन्तरक्रिया कार्यक्रम असोज १० गते भयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैं (रोहित)को प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा पर्यटनसम्बद्ध सङ्घ संस्थाका प्रतिनिधिहरूले भक्तपुरको पर्यटन प्रवर्द्धनबारे आ–आफ्नो राय–सभ्hाव तथा धारणाहरू व्यक्त गरेका थिए ।

कार्यक्रममा अध्यक्ष **बिजुक्छैंले** देशको आर्थिक समृद्धिमा पर्यटनको भूमिका उल्लेखनीय रहेको बताउनुहुँदै विभिन्न देशको पर्यटनबारे पनि नेपालले अध्ययन गर्दै अगाडि बढ्नु प्रभावकारी हुने बताउनुभयो ।




देशको भूगोल र राजनीतिक घटनाक्रमले पनि पर्यटन क्षेत्रमा पार्ने प्रभावबारे प्रष्ट पार्नुहुँदै अध्यक्ष बिजुक्छैंले शासकको अदूरदर्शी सोचले देश दुर्घटनाग्रस्त हुन सक्नेतर्फ सबै सचेत हुन जरुरी रहेको बताउनुभयो ।

देशका शासकहरूले विदेशीसँग सम्झौता गर्दा त्यसको प्रभावबारे आवश्यक छलफल गरेर मात्र अगाडि बढ्नु उपयुक्त हुने विचार व्यक्त गर्नुहुँदै अध्यक्ष बिजुक्छैंले देशलाई दीर्घकालीन असर पार्ने सन्धि सम्झौताको विरोध न्यायप्रेमी जनताबाट हुनुपर्छ भन्नुभयो ।



आर्थिक दरिद्रताभन्दा वैचारिक दरिद्रता खतरनाक हुने उल्लेख गर्नुहुँदै उहाँले पर्यटनबाट मात्र देशको अर्थतन्त्र उकास्न सम्भव नभएको बताउनुभयो । उहाँले जनताको चेतनास्तर र आर्थिक स्तर उकास्न सरकारले नै योजनाहरू अगाडि ल्याउनुपर्नेमा जोड दिनुहुँदै नेपालमा पर्यटनको सम्भावनालाई राम्रोसँग अध्ययन गरी त्यसको विकासतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।

पर्यटन विकासमा संस्कृति, पर्यटन मन्त्रालय र पुरातत्त्व विभागको प्रभावकारी भूमिका रहने बताउनुहुँदै उहाँले पर्यटन उद्योगीहरूले विदेशबाट सिकेर नेपालको विकासमा योगदान पुऱ्याउन जरुरी रहेको बताउनुभयो ।

कार्यक्रमका विशेष अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापतिले** भक्तपुरका फरक फरक विशेषता अवलोकन गर्न आन्तरिक तथा बाह्य पर्यटकहरूले भक्तपुर भ्रमण गर्ने गरेको बताउनुहुँदै नेपाल भ्रमण गर्ने पर्यटकहरूलाई भक्तपुर एक पटक पुग्नैपर्ने गन्तव्यको रूपमा विकास गर्न भक्तपुर नपाले विविध प्रयासहरू गर्दै आएको बताउनुभयो ।



अन्तर्राष्ट्रिय परिस्थितिले पनि पर्यटन क्षेत्रमा धेरै ठूलो प्रभाव पार्ने बताउनुहुँदै उहाँले भक्तपुर नपाले आन्तरिक पर्यटन प्रवर्द्धनतर्फ जोड दिँदै आएको प्रष्ट पार्नुभयो ।

भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र, पर्यटकीय गन्तव्य स्थल र सांस्कृतिक नगर घोषणा गर्ने योजनासहित भक्तपुर नगर अघि बढिरहेको धारणा राख्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर प्रवेश गर्ने पर्यटकबाट उठेको पर्यटन शुल्कबाट भक्तपुरको विकास र नगरलाई आत्मनिर्भर बनाउन महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

भक्तपुर नपाले अरू स्थानीय तहले भन्दा फरक र पृथक शैलीले काम गर्न सफल भएकै कारण भक्तपुर आज देशकै उत्कृष्ट गन्तव्यस्थलको रूपमा विकास भएको छ भन्नुहुँदै उहाँले भक्तपुरलाई संसारकै हेर्नलायक सहरको रूपमा विकास गर्ने लक्ष्यसहित अगाडि बढिरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले सय वर्षपछिको भक्तपुरको दीर्घकालीन योजनाको आाधार तयार गर्न भक्तपुर नगरपालिकाले पुरानो नगर भित्र घर निर्माण गर्ने घरधनीलाई ईँटा, झिँगटी र काठको लागि अनुदान दिँदै आएको बताउनुभयो ।

भक्तपुर नपा वातावरण तथा पर्यटन समिति एवम् भनपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले भक्तपुरको मौलिक रूप नयाँ पुस्तामा पुस्तान्तरण गर्दै संरक्षण र जगेर्ना गर्ने नगरपालिकाको दीर्घकालीन लक्ष्य रहेको बताउनुहुँदै भक्तपुरको पुरानो क्षेत्रलाई सांस्कृतिक क्षेत्रको रूपमा संरक्षण गर्दै आइरहेको र भक्तपुरलाई सांस्कृतिक नगर घोषणाको लागि नपाले पहल गर्दै आइरहेका विचार व्यक्त गर्नुभयो ।



सामाजिक अभियन्ता अनिल चित्रकारले नेपालमा पर्यटनको सम्भावना आशालाग्दो रहेको बताउनुहुँदै पर्यटन प्रवर्द्धनबारे भावी योजनाहरू बनाई अझ व्यवस्थित गर्नुपर्नेतर्फ जोड दिनुभयो । उहाँले भक्तपुर भ्रमणमा आउने पर्यटकहरूलाई भक्तपुरबारे अविष्मरणीय प्रभाव पार्ने किसिमका गतिविधिहरू अगाडि सार्न जरुरी रहेको बताउनुहुँदै पर्यटक आगमनको गुणात्मकतासँगसँगै गुणस्तरीयतामा पनि जोड दिनुपर्ने बताउनुभयो ।

त्यस्तै भक्तपुर नगरपालिका पर्यटन सूचना केन्द्रका प्रमुख **गौतमप्रसाद लासिवा**ले भक्तपुरको पर्यटन विकासलाई अझ प्रभावकारी बनाउन आवश्यक आधारहरू तयार गर्न कार्यक्रमको आयोजना भएको उल्लेख गर्नुहुँदै भक्तपुर नपाले २०५० सालबाट पर्यटन शुल्क उठाउँदै नगरको विकास, सरसफाइ, सम्पदा पुनःनिर्माण आदि कार्यलाई व्यवस्थित ढङ्गले अगाडि बढाउँदै आएको धारणा राख्नुभयो ।

कार्यक्रममा भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष **दिपेशराज शर्मा**, निवर्तमान अध्यक्ष **रामसुन्दर भेले**, पूर्वअध्यक्ष **नवलकिशोर राजभण्डारी**, संस्थापक अध्यक्ष **निलकृष्ण ताम्राकार**, टुर्गानका प्रतिनिधि **थानेश्वर देवकोटा**लगायतले भक्तपुरको पर्यटन प्रवर्द्धनमा भक्तपुर नपा र पर्यटन विकास समितिले समन्वयकारी भूमिका काम गर्दै आइरहेको, नगरभित्र पुरानो शैलीमा घर निर्माण गर्न नगरवासीहरूलाई प्रोत्साहन गर्नुपर्ने, नेपाल भ्रमण गर्ने पर्यटकहरूको बसाइ लब्याउन योजनाहरू आवश्यक भएको र भक्तपुरको पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न भक्तपुर पर्यटन विकास समितिको भूमिकाबारे प्रष्ट पार्नुभयो ।

## भक्तपुर प्रवेश गर्ने पहिलो पर्यटकहरूलाई स्वागत



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर भ्रमणमा आउनुभएका विदेशी पर्यटकहरूको पहिलो समूहलाई ४५ औं विश्व पर्यटन दिवसको अवसरमा असोज ११ गते बिहान भक्तपुर दरबार क्षेत्रको खौमा ध्वाकामा खादा, भादगाउँले टोपी, परम्परागत थैली र पुष्पगुच्छाका साथ स्वागत गर्नुभयो ।

'सबैका लागि पर्यटन : पहुँचयोग्य विश्वव्यापी पर्यटनको प्रवर्द्धन' मूल नाराका साथ भक्तपुर नगरपालिका र भक्तपुर पर्यटन विकास समिति, भक्तपुर टुर गाइड व्यवस्थापन समिति र पर्यटक प्रहरीको संयुक्त आयोजनामा भएको उक्त कार्यक्रममा भक्तपुर प्रवेश गरेका फिनल्याण्ड र अष्ट्रेलियाका २ जना पर्यटकहरूलाई लाखे प्याखं र जंगली प्याखँको प्रस्तुतिसँगै भक्तपुर नगरमा स्वागत गरिएको थियो ।

पर्यटकहरूलाई स्वागत गर्नुहुँदै नगर प्रमुख **सुनिल प्रजापति**ले पर्यटक भनेका विश्व प्रचारक पनि हुन् भन्नुहुँदै उहाँले पर्यटक लक्षित गतिविधिमा भक्तपुर नपाले जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर नपाले यहाँका मूर्त र अमूर्त सम्पदा संरक्षण गर्दै विश्वकै हेर्न र घुम्न लायक आकर्षक गन्तव्यस्थलको रूपमा विकास गरी देश विदेशमा भक्तपुर आकर्षित गर्ने योजनाले काम गर्दै आइरहेको बताउनुभयो ।





भक्तपुर नपाले विश्व पर्यटन दिवसको अवसरमा आज गुन्हीपुन्ही सापारु २०८१ मा प्रदर्शन भएका घिन्ताङघिसी र माक प्याखँ तथा परम्परागत एवम् आधुनिक सांस्कृतिक विधाहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण, भक्तपुरका सांस्कृतिक गुरुहरूको सम्मान तथा पर्यटन सम्बद्ध सङ्घ संस्था, व्यवसायी र सहयोगीहरूलाई सम्मान कार्यक्रम समेत रहेको जानकारी गराउनुभयो ।

सोही क्रममा भक्तपुर प्रवेश गर्ने अष्ट्रेलियाका **रागबीर कालसी** र फिनल्याण्डका **ईलका रोईट्टो**ले भक्तपुर नपाले गरेको स्वागतको लागि धन्यवादज्ञापन गर्नुहुँदै नेपाल भ्रमणका क्रममा भक्तपुर घुम्न र यहाँका सम्पदाहरू अवलोकनबाट आफू निकै प्रभावित भएको बताउनुभयो ।

कार्यक्रममा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छैं**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने पर्यटन सूचना केन्द्र प्रमुख **गौतमप्रसाद लासिवा**ले पनि बोल्नुभएको थियो ।

नगर प्रमुख प्रजापतिले नगर प्रवेश गर्ने पहिलो पर्यटकलाई मयूरको झ्याल र पिक्टोरियल बुक उपहारस्वरूप प्रदान गर्नुभएको थियो । कार्यक्रममा भक्तपुर नपाका कार्यपालिका सदस्यहरू, कर्मचारी र पर्यटनसँग सम्बन्धित सरोकावालाहरूको उपस्थिति रहेको थियो ।

आज बिहानै नगर प्रवेश गर्ने १४ जनाको विदेशी पर्यटक टोलीलाई पनि भक्तपुर नपाले नगर प्रवेशद्वारमा स्वागत गरिएको थियो ।



भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

## प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०।– का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लु सुन जन्म दिवस (२५ सेप्टेम्बर)

# के हो लु सुनबाट सिक्नुपर्ने ?



प्रा.माणिक लाल श्रेष्ठ



*'चीनको सांस्कृतिक क्रान्तिका मुख्य सेनापति, उहाँ क्रान्तिका विद्वानका साथै विचारक र क्रान्तिकारी हुनुहुन्थ्यो; लु सुन कहिल्यै नझुक्ने दृढ चरित्रवान् हुनुहुन्थ्यो। चाकडी, स्तुती तथा चाप्लुसीको भावनाबाट मुक्त हुनुहुन्थ्यो; यो गुण औपनिवेशिक र अर्ध- औपनिवेशिक राष्ट्रहरूका जनताको निम्ति अमूल्य छ। राष्ट्रको बहुसङ्ख्यकको प्रतिनिधित्व गरी लु सुनले शत्रुको दुर्ग तोडेर हमला गर्नुभयो; सांस्कृतिक मोर्चामा उहाँ सबभन्दा वीर र सबभन्दा सही, सबभन्दा दृढ, सबैभन्दा इमानदार र सबभन्दा उत्साही राष्ट्रिय वीर हुनुहुन्थ्यो जसको जोडा हाम्रो इतिहासमा अर्को पाइन्न, उहाँले लिनुभएको बाटो नै चीनको नयाँ राष्ट्रिय संस्कृतिको बाटो हो।'*

यी शब्दहरू लु सुनबारे अध्यक्ष माओ त्सेतुङका उद्गार हुन्। सत्तरी करोड चिनियाँ जनताका महान् नेता, जन गणतन्त्रका संस्थापक तथा विश्व मजदुर वर्गीय आन्दोलनका एक सर्वोच्च सेनापति माओ त्सेतुङले यस प्रकारले मूल्याङ्कन गर्नु निश्चय नै लु सुनले चीनको जनजीवन सांस्कृतिक पक्षमा र विश्वको प्रगतिशील सांस्कृतिक आन्दोलनमा दिएको ऐतिहासिक योगदानको नतिजा हो।

लु सुनको मृत्यु भएको तीस वर्ष नाघिसकेपछि चीनमा महान् सर्वहारा सांस्कृतिक क्रान्तिको सूत्रपात हुँदा लु सुनलाई सांस्कृतिक क्रान्तिको मूल प्रेरकको रूपमा लिइएको थियो।

'स्वदेशी' र 'राष्ट्रवाद' को नाममा आफ्नो सब चीज पुरानो थोत्रा कुरीतिलाई पनि बोकी हिँड्ने संस्कार हामीहरू धेरैमा अझै बाँकी छ। फेरि कोही त 'राष्ट्रवाद' को आकर्षक नारा प्रयोग गरी जानाजान पुराना थोत्रा कुरीति कायम राखी आफ्नो स्वार्थ सिद्ध गर्नेहरू पनि छन्। यस्तो पुरानो संस्कारको विरोध नगरी, त्यसको विरूद्ध विद्रोह नगरी, कुनै पनि राष्ट्रले प्रगति गर्न सक्दैन। विनास पहिले हुन्छ र यो नष्ट गर्ने क्रममा निर्माण हुन्छ। पुरानो थोत्रोलाई नास नगरेसम्म नयाँको निर्माण गर्न सकिँदैन। पुरानो संसारलाई परित्याग नगरी नयाँ संसारको निर्माण हुनसक्दैन। यहीं पुरानो संस्कारको परित्याग गर्नकै निम्ति हामीले लु सुनबाट प्रेरणा लिनुपरेको छ। पुरानो संसारलाई परित्याग गर्ने कुरामा लु सुन पूरै निर्भय हुनुहुन्थ्यो। हामीले पनि यो पुरानो संसारलाई नष्ट पार्न अलिकति पनि माया नलिई अलिकति पनि नहिचकिच्याई यसमाथि प्रहार गर्नुपर्छ। कवि सिद्धिचरणले भन्नुभएझैं–

*'स्वदेशी भनी खालि नमारौं त कीरालाई ?'*

पहिलो आवश्यकता त पुरानो थोत्रा र खराब वस्तुको विरूद्ध सङ्घर्ष गर्नु हो। नयाँ सही बाटो त सङ्घर्षको क्रममा भेट्टिने कुरा हो। लु सुनलाई पनि नयाँ कस्तो हुन्छ भन्ने थाहा थिएन रे भनी उहाँले भन्नुभएको छ। पुरानो समाज र पुरानो संस्कृतिविरूद्ध र खास गरी 'मानव प्रकृतिको सिद्धान्त', 'मानवतावाद', 'विकासवाद' आदि प्रतिक्रियावादी पुँजीवादी विचारधाराहरूको विरूद्ध सङ्घर्ष गर्दै जाँदा उहाँले नयाँ सही बाटो पहिल्याउनुभयो। एक नयाँ सही क्रान्तिकारी विश्व दृष्टिकोणको हतियार प्रयोग गरी उहाँले आफ्नो समाजको अवलोकन गर्नुभयो, यही हतियारद्वारा दुष्मनमाथि प्रहार गर्नुभयो र आफ्नै विचारधारा र विश्व दृष्टिकोणलाई नयाँ साँचामा ढाल्न निरन्तर आत्म–विश्लेषण गरिरहनुभयो। एक क्रान्तिकारीले आफूमा पाइन् लगाइरहन तथा संशोधनवाद र

सुधारवादमा आफूलाई गिर्न नदिन निरन्तर प्रयोग गर्नुपर्ने उपाय यही हो। यही सङ्घर्षको क्रमबाट लु सुन एक महान् क्रान्तिकारी योद्धामा परिणत हुनुभएको हो।

लु सुनको क्रान्तिकारी भावनाबारे उल्लेख गरिँदा एक वाक्यांश 'पानीमा डुबेको कुकुरलाई' निकै उद्धृत गरिन्छ। हो, लु सुन 'पानीमा डुबेको कुकुरलाई ठोक्ने' पक्षमा हुनुहुन्थ्यो। डुबेको कुकुरलाई फेरि पिट्नु त अति भयो !, खराब वस्तुलाई घृणा गर्ने पनि एक हद हुनुपर्छ भन्ने सम्झौतावादी उदारवादको लु सुनले तीव्र निन्दा गर्नुभयो। उहाँले स्पष्ट व्याख्या गर्नुभएको छ कि कुकुरको प्रकृति बदलिँदैन र कुकुर पानीबाट किनारा लाग्न सक्यो र सास जोगाउन सक्यो भने एक दिन यसले फेरि धेरै क्रान्तिकारीहरूलाई टोकेर मार्न सक्दछ। लु सुनको यो पूरापूर क्रान्तिकारी भावनाबाट प्रत्येक क्रान्तिकारीले सिक्नुपर्छ र बहुसङ्ख्यक जनताका दुश्मन स्वदेशी शोषकहरू, राष्ट्रका दुश्मन विदेशी आक्रमणकारीहरू तथा जनतालाई ठग्न खोज्ने प्रतिक्रान्तिकारीलाई 'माफी दिने' कुरा कहिल्यै गर्नु हुँदैन।

लु सुनको जन्म जयन्ती मनाउँदा लु सुनप्रति 'श्रद्धा' व्यक्त गरी केही प्रतिक्रियावादी र परम्परवादीहरूले लु सुनलाई 'मानवतावादी' र 'भ्रातृत्व भावनाका प्रचारक' भनी व्याख्या गरे, अनि साहित्य 'शाश्वत मान्यता' का बकवासहरू पनि बके। लु सुनबारे सबभन्दा मिथ्या प्रचार योभन्दा अरू छैन। जीवनभर उहाँ सम्झौतावादको विरोधमा रहनुभयो। बदलाको भावना होइन 'क्षमा' को भावना लिनुपर्छ, 'आत्मा संयम' हुनुपर्छ आदि नाराद्वारा सङ्घर्षलाई रोक्न खोज्ने दास मनोवृत्तिको जबरजस्त विरोध गरी लु सुनले स्पष्ट भन्नुभयो, *'शोषितहरू शोषकका कि त दास बन्छन्, कि त शत्रु, उनीहरूका मित्र कहिल्यै बन्न सक्दैनन्।'*

नयाँ समाजको निर्माण गर्ने लक्ष्य लिएका क्रान्तिकारीहरूले राजनीति, अर्थनीति, साहित्य सबै क्षेत्रमा लु सुनको यो जुझारू सङ्घर्षशीलता अपनाउनु पर्दछ।

'डुब्न लागेको कुकुरलाई के पिटौँ, मर्न लागेको बाघलाई लात के मारौँ' भन्ने भावना शोषण व्यवस्थाको नैतिकताका संस्कार हुन्। यसबाट क्रान्तिकारीहरू मुक्त हुनुपर्दछ। जनद्रोही शोषकहरू यति निष्ठुर र धूर्त हुन्छन् कि उनीहरूमाथि 'दया' गर्ने प्रश्न नै उठ्दैन। लु सुनले चेतावनी दिँदै भन्नुभएको छ कि कोही कोही कुकुर त पानीमा डुबेका जस्ता देखिन्छन् मात्रै डुबेका होइनन्। लँगडो देखाएर जनताको 'दया' लिन खोज्नेहरू पनि छन्। जस्तै दयनीय देखिए पनि शत्रुप्रति दया देखाउन एकदम हुन्न। लु सुन भन्नुहुन्छ, *'हैजाका किटाणुहरू छिटछिटो बढ्छन्, तर उनीहरू बडो सरल देखिन्छन्। तर, डाक्टरले*



*ती किटाणुहरूलाई कहिल्यै बाँकी राख्दैनन्।'*

एक क्रान्तिकारीले लु सुनबाट सिक्नुपर्ने अर्को कुरा हो धैर्य र लगन। प्रतिक्रियावादीहरू इतिहासको कुनै चरणमा पनि आफै नै हटेर जाँदैनन्। यसका निम्ति त चाहिन्छ अटुट सङ्घर्ष 'एक मुक्काले थचक्क पार्ने, एकै बारमा खतम पार्ने' नारा रोमान्टिक कल्पनामात्र हो, क्रान्तिकारी यथार्थता होइन। लु सुनले भन्नुभएको छ, *'पुरानो समाज र पुराना शक्तिहरूविरुद्ध सङ्घर्ष गर्दा दृढ र लगनशील भई शक्तिमा ध्यान दिनुपर्दछ। अडिरहने शक्तिबिना सांस्कृतिक क्षेत्रमा जुनै उपलब्धि हुनसक्दैन।'* निश्चय नै क्रान्तिकारी सङ्घर्षमा उपलब्धि प्राप्त गर्न क्रमिकरूपले विजय प्राप्त गर्न, अनि प्राप्त विजयलाई सुदृढ पार्न र पुराना शक्तिहरूद्वारा हुने प्रत्येक प्रत्याक्रमणलाई चकनाचुर पार्दै जाने अथक र अडिग लगनशीलताको आवश्यकता पर्दछ।

कुनै पनि समस्यालाई द्वन्द्वात्मक दृष्टिकोणले हेर्ने प्रेरणा पनि हामीले लु सुनबाट सिक्नु पर्दछ। लु सुनको द्वन्द्वात्मक दृष्टिकोणबारे माओ त्सेतुङले भन्नुभएको छ, *'विश्लेषनात्मक तरीका नै द्वन्द्वात्मकता हो। विश्लेषणको अर्थ हो कुनै पनि वस्तुमा रहेका अन्तर्द्वन्द्वहरूको विश्लेषण। तसर्थ, जीवनको राम्रो ज्ञान नभइकन र निहित अन्तर्द्वन्द्वको यथार्थ जानकारी नभई सही विश्लेषण गर्न सकिन्न। लु सुनपछिका निबन्धहरू यति स्पष्ट र सक्षम छन् फेरि एक पक्षीयताबाट मुक्त छन् कारण ठीक यही हो कि त्यसबेलासम्ममा लु सुनले द्वन्द्ववाद राम्ररी ग्रहण गरिसक्नुभएको थियो।'*

आजको युगमा राष्ट्रिय र अन्तर्राष्ट्रिय अन्तरविरोधहरूलाई राम्ररी अध्ययन गरी त्यस अन्तरविरोधलाई प्रयोग गर्न सक्नुपर्दछ । विश्वका दुई महान् प्रगतिशील आन्दोलनहरू परस्पर एकीकृत भइसकेका छन् । विश्वव्यापी शोषणविरोधी क्रान्तिकारी मजदुर वर्गीय आन्दोलन र औपनिवेशिक राष्ट्रहरूको राष्ट्रिय मुक्ति सङ्घर्ष अर्थात् समाजवादी सङ्घर्ष र राष्ट्रिय मुक्ति आन्दोलन आज परस्पर सहायक बनेका छन्, दुवै सङ्घर्षको साझा तारो विश्व साम्राज्यवाद हो । आज विश्वमा साम्राज्यवाद, उपनिवेशवाद, जातिवाद र राष्ट्रिय अहङ्कारवाद आदि जनविरोधी प्रतिक्रियावाद सब परस्पर आश्रित छन् । एकातिर यी तत्त्वहरूको परस्पर साँठगाँठ छ भने यी प्रतिक्रियावादी शक्तिविरुद्ध सङ्घर्ष गरिरहेका प्रगतिशील जनता अर्को पक्षमा छन् । आजको विश्वको अन्तरविरोध यी दुई शक्तिको बिचको सङ्घर्ष हो । लु सुनको जीवन कालमा भन्दा आजको विश्वको अन्तरविरोध फरक छ । तर, लु सुनबाट सच्चा प्रेरणा लिने हो भने हामीले आजको विश्वव्यापी अन्तरविरोधलाई प्रयोग गर्न सिक्नु पर्दछ ।

देशभित्र हाम्रो जनताको शोषणविरोधी सङ्घर्ष, पुराना रूढी र दूषित रीति-रिवाजविरोधी सङ्घर्ष विभिन्न भाषाभाषी, धर्मावलम्बी तथा विभिन्न जातिका जनताको जातीय संस्कृतिको समान रक्षा, समान विकास गर्ने अधिकारको निम्तिको सङ्घर्ष तथा बाहिरतिर भियतनाम तथा हिन्द चीनका जनताको अमेरिकी साम्राज्यवादी आक्रमणको मुकाबिला गर्ने सङ्घर्ष, जायनवादी-सैन्यवादी आक्रमणविरुद्ध अरब राष्ट्रहरूको सार्वभौमिकता संरक्षण गर्ने सङ्घर्ष, प्यालेस्तिनी मुक्ति सङ्घर्ष, ताइवान मुक्तिको निम्ति चिनियाँ जनताको सङ्घर्ष, विदेशी फौजलाई धपाई आफ्नो मुलुक एकीकरण गर्न कोरियाली जनताको सङ्घर्ष र अफ्रिकी महाद्वीपमा पोर्तुगल साम्राज्यवादविरूद्ध अङ्गोला, मोजाम्बिक र गिनीका जनताको मुक्ति सङ्ग्राम, स्पेनको उपनिवेशबाट मुक्त हुन क्यातारीग द्वीप समूहका जनताको सङ्घर्ष, फ्रेन्च औपनिवेशिक शासनबाट मुक्त हुन आजोर्स आदि- भूमिका जनताको मुक्ति सङ्घर्ष, जातिवादी अल्पसङ्ख्यक गोराहरूको दमनविरुद्ध आजानिया र जिम्बाब्वेका जनताको क्रान्तिकारी सङ्घर्ष, लाटिन अमेरिकी देशहरूका जनताद्वारा चलाइएका साम्राज्यवादी हस्तक्षेप तानाशाही सैनिक शासनहरूको दमनविरुद्ध सङ्घर्ष जस्ता सबै सङ्घर्षहरू विश्वव्यापी प्रगतिशील आन्दोलनको एक श्रृङ्खला हुन्, परस्पर आश्रित छन् । आजको युग *'चार समुद्र उर्लिरहेको, बादल र समुद्र कुर्लिरहेको, पाँच महाद्वीप हल्लिरहेको, हुरी र मेघ गर्जिरहेको युग हो । हेर्दा जत्तिकै बलिया भए पनि विश्व साम्राज्यवाद पतनतिर लागिरहेछ, राष्ट्रिय मुक्ति सङ्घर्षको झन्झन् विजय हुँदै गइरहेछ । यस युगको अन्तर्विरोधलाई राम्ररी चिनेर सङ्कुचितता, एकपक्षीय भावनाबाट मुक्त भई व्यापकरूपले समस्यालाई बुझी प्रगति-पक्षमा लाग्न हामीले लु सुनको क्रान्तिकारी भावना अँगाल्नुपर्दछ ।'*

लु सुनबाट सिक्न पर्ने सबभन्दा महत्त्वपूर्ण शिक्षा बहुसङ्ख्यक जनता, आम जनता, शोषित पीडित जनता, श्रमिक जनताको क्रान्तिकारी हेतुको पक्ष लिनु हो । शत्रुप्रति तीव्र घृणा र जनताप्रति असीम प्रेम लु सुनको अडिग भावना थियो । शत्रुले जतिकै नाकाबन्दी र दमन गरे पनि निडर र अडिग भई अन्तिम क्षणसम्म सङ्घर्ष गर्ने उहाँको भावना थियो । लु सुनका दुई पङ्क्तिहरू उद्धृत गरी त्यसलाई 'हाम्रो निर्देशक सिद्धान्त' बनाउनुपर्छ भनी माओ त्सेतुङले भन्नुभएको छ । अध्यक्ष माओ भन्नुहुन्छ, *'लु सुनको कविताका यी दुई पङ्क्ति हाम्रो निर्देशक सिद्धान्त बन्नुपर्दछ; ठड्याइएका हजार औँलाहरूलाई किञ्चत नमानी रौद्र निधारले म सामना गर्दछु, बफादार बयलले झैँ शिर निहुर्याई म केटाकेटीको सेवा गर्दछु ।'*

ठड्याइएका हजार औँलाहरू हाम्रा शत्रु हुन् र उनीहरू जतिकै भयङ्कर भए पनि हामी उनीहरूसामु कहिल्यै झुक्दैनौँ । यहाँ 'केटाकेटी' प्रतीकको अर्थ हो सर्वहारावर्ग र आम जनता । सबै कम्युनिस्ट सबै क्रान्तिकारीले साहित्य र कला क्षेत्रका सबै क्रान्तिकारी कार्यकर्ताहरूले लु सुनको उदाहरणबाट सिक्नुपर्दछ र त्यस अभिभारा निम्ति अन्तिम दिनसम्म निहुरी काम गरी सर्वहारावर्ग तथा आम जनताको निम्ति काम गर्न 'गोरू' बन्नु पर्दछ ।

साहित्य र कला क्षेत्रका कार्यकर्ताहरूले जनपक्षीय लेखक कलाकारहरू तथा राजनैतिक, सामाजिक, आर्थिक सबै सार्वजनिक क्षेत्रका कार्यकर्ताहरूले लु सुनबाट शत्रुको अगाडि कहिल्यै नझुक्ने भावना लिनुपर्दछ ।

शत्रुको विरुद्ध अडिग सङ्घर्ष गरिरहने र अन्तमा उनीहरूलाई परास्त गर्ने नीति लिनुपर्दछ । लु सुनको हामीले तन मनले सर्वहारा वर्ग र आम जनताको सेवा गर्नुपर्दछ र जनताको सच्चा सेवक बन्नु पर्दछ । जनतासित समान स्तरमा बस्नुपर्दछ, जनतासित बसी-जनताको निम्ति काम गरी जनताको निम्ति सङ्घर्ष गर्नुपर्दछ । आफूलाई जनताभन्दा माथि सम्झने शोषकवर्गको मनोवृत्ति-व्यक्तिवादी र कर्मचारी तानाशाही भावना त्याग्नुपर्दछ । जनताको प्रतिनिधित्व गर्नुको अर्थ जनतालाई बाटो देखाउन पुग्ने गुरू बन्ने मात्र होइन जनताको भाषा बोल्ने मित्र, जनतालाई गुरु मानी आम जनताबाट सिकिलिने हो भनी बुझ्नुपर्दछ ।

घृणाको पात्र र प्रेमको पात्रलाई स्पष्ट छुट्याउने लु सुनको भावना हामीले लिन परेको छ। अडिग भई हामीले साम्राज्यवाद, उपनिवेशवाद, सामाजिक साम्राज्यवाद, विस्तारवाद र जातिवादको विरोध गर्नुपर्दछ, परम्परा र राष्ट्रवादको नाममा जनताको शोषण गर्न पल्केका अधिनायकवादीहरूको विरुद्ध तीव्र सङ्घर्ष गर्नुपर्दछ; प्रजातन्त्रको मकुन्डो लगाई प्रजातन्त्रको हत्या गर्ने सामन्तहरूको षड्यन्त्रलाई चकनाचुर पार्नुपर्दछ र जनतालाई ठग्ने नक्कली क्रान्तिकारीहरूलाई निर्मूल पार्नु पर्दछ र अनि आम जनताको हेतु र राष्ट्रिय मुक्ति सङ्घर्षमा लागेका विभिन्न देशका जनताको क्रान्तिकारी सङ्घर्षलाई प्रेम गर्नु पर्दछ।

'राष्ट्रिय संस्कृति', 'महान् सभ्यता', 'हाम्रो गौरवमय अतीत' भन्ने भावनाका मदले मत्त भई भविष्यतिर हेर्न नसक्ने भावनाको भन्डाफोर गरी लु सुनले सन् १९२५ मा लेख्नुभएको थियो –

*'वीर-प्रशंसित हाम्रो चिनियाँ सभ्यता धनी र शक्तिशालीको निम्ति मान्छेको मासु राखी दिइने भोज मात्र हो र चीन त यी भोजहरू तयार गरिने भान्छा घरमात्र हो।'*

'आज पनि मान्छेको मासु खाने भोज चलिरहेछ र यसलाई कायम राख्न चाहने धेरै मानिसहरू छन्। यी नर-मांसा भक्षकहरूलाई निर्मूल पार्ने, यी भोजहरूलाई खतम पार्ने र यस्तो भान्छा घरलाई खतम गर्नु आजका युवक युवतीहरूको अभिभारा हो !'

मानिसले मानिसको शोषण गर्ने, धनीमानी मानिसहरू खर्चको परबाह नगरी मोजमज्जा गर्ने र भोका केटाकेटीहरू दुई चार पैसामा बेचिने समाजलाई लु सुनले मान्छेको मासु खुवाउने भोज भनी संज्ञा दिनुभएको हो।

राष्ट्रिय संस्कृति र परम्पराको रक्षाको नाममा पुरानो शोषण परम्परा कायम राख्न खोज्ने जनद्रोहीहरूको विरूद्ध सदा सजग रहन लु सुनबाट हामीले प्रेरणा लिनु पर्दछ।

मृत्यु शय्यामा लु सुनले दिनुभएको प्रसिद्ध इच्छापत्र पनि निकै विचारणीय छ।

लु सुनले लेख्नुभएको थियो, *'अर्कालाई हानि पुऱ्याई बदला लिने कुराको विरोध गर्ने र सहिष्णुताको प्रचार गर्ने मानिसहरूसित कहिल्यै सङ्गत नगर्नू।'*


उहाँले भन्नुभयो, *'एकफेरा ज्वरो आउँदा मैले सम्झेँ कि कुनै युरोपवासी मानिस मन लाग्दा एक किसिमको संस्कार गरी अरूसित माफी माग्ने र उनीहरूलाई माफी दिने गर्दछन्। मेरा धेरै शत्रु छन् र कोही आधुनिक मानिसहरूले मसँग यस विषयमा मेरो राय सोधे भने मैले के जवाफ दिने भनी मैले निर्णय गरें, उनीहरू मलाई घृणा गरिरहून्, म त एकजनालाई पनि माफी दिन्न।'*

शत्रु पक्षतिर लागी आफूमा 'बुद्धिमानी' छ भनी बहाना गर्ने गद्दारहरूको आलोचना लु सुनले गर्नुभएको हो। शत्रुप्रति सम्झौताहीन सङ्घर्ष गर्ने लु सुनको क्रान्तिकारी उत्साह अनुकरणीय छ।

लु सुनले एकफेरा भन्नुभएको थियो, *'हामीले नयाँ योद्धाहरूको एक ठूलो समूहलाई तालिम दिई तयार पार्नुपर्छ।'* लु सुनको जीवन कालमा यो कुरा सम्भव भएन, तर आज लु सुनको देश चीनमा करोडौँ आम जनता क्रान्तिका उत्तराधिकारीको रूपमा विकसित भई पुरानो समाजलाई भत्काई नयाँ समाज सिर्जना गर्ने काममा लागेका छन्। अनि विश्वभर पनि क्रान्तिको भयङ्कर राँको जलिरहेछ, शोषण र दमनको युगौँ लामो परम्परा जलाएर भष्म पार्ने उत्साह लिई क्रान्तिकारीहरू अगाडि बढ्दै छन्। लु सुनको सङ्घर्षशील जीवन र क्रान्तिकारी विचार विश्वभरका क्रान्तिकारीहरूको निम्ति असीम प्रेरणाको स्रोत बनिरहनेछ।

स्रोत : मजदुर दैनिक/दृष्टिकोण, सन् १९७२

# हाम्रो स्थानीय तह




| चन्द्रागिरी नपा, काठमाडौँ | | |
|---|---|---|
| जनगणना वर्ष (विसं) | २०६८ | २०७८ |
| परिवार सङ्ख्या | २०५३२ | ३५९९४ |
| जनसङ्ख्या | ८५१९८ | १३६८६० |
| परिवार आकार | | ३.८० |
| लैङ्गिक अनुपात | | ९९.६३ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत | | ४.५५ |
| जनघनत्व | | ३११६ |
| साक्षरता दर प्रतिशत | | ८७.२७ |

स्रोत : नक्सा (नेपाल अर्काइभ्स), जनसङ्ख्या (राष्ट्रिय तथ्याङ्क कार्यालय)

<u>प्रतिनिधिसभामा नेमकिपा</u>

# 'नेपाली भूमि कब्जा गरी बसेका भारतीय सेनालाई फिर्ता पठाउनुपर्ने' : प्रेम सुवाल



*नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद **प्रेम सुवाल**ले भदौ २४ गते प्रतिनिधिसभाको विशेष समयमा दिनुभएको मन्तव्यको सार –*

'नेपालको भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रसमेत समेटेर भारत सरकारले 'भाइब्रेन्ट भिलेज प्रोग्राम' सञ्चालन गरिरहेको, नेपालको नाभी, कुटी, कालापानी, गुन्जी भूमिमा भारतीय रजाइँ भइरहेको र भारतीय गृहमन्त्रालयले एक वर्षअघि उत्तरी सीमावर्ती क्षेत्रमा 'भाइब्रेन्ट भिलेज प्रोग्राम' सञ्चालन भइरहेको बताएको सार्वजनिक भयो । नेपाल सरकारले आफ्नो भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानीमा जनगणनासमेत नगराएकोमा जनताको विरोध छ । नेपाल सरकार भारतलाई कूटनीतिक नोटमात्र पठाएर बस्ने होइन, सात दशकदेखि नेपाली भूमि कब्जा गरी बसेका भारतीय सेनालाई फिर्ता पठाउन अघि बढ्नुपर्छ । भारतसँग जोडिएका नेपालको २३ जिल्लाका ७२ भन्दा बढी स्थानमा भारतबाट अतिक्रमण भएको ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि अविलम्ब फिर्ता गर्न सरकार लागिपर्नुपर्छ ।

बसाइँसराइ जिल्लाभित्र मात्र हुन पाउने कानुनी व्यवस्था भएको भए देशको सन्तुलित विकास हुने थियो, काठमाडौँ उपत्यकामा नदीमा बस्ती हुने थिएन, धुवाँ धूलोको प्रदूषण बढ्ने थिएन, सडक जाम हुने थिएन, फोहोरमैला व्यवस्थापनको समस्या आउने थिएन, खानेपानी र सरसफाइको समस्या आउने थिएन, बस्ती डुबानमा पर्ने थिएन । वाग्मती, विष्णुमती र मनोहरा खोलाको मापदण्ड २० मिटरबाट ४० मिटर बनाउन अदालतको फैसला पनि आउने थिएन र पर्याप्त खुला क्षेत्र पनि हुने थियो ।

भारतको कुसीनगरमा एक परिवारले अस्पतामा सुत्केरी गराउँदाको ४ हजार रुपैयाँ नहुँदा आफ्ना २ वर्षे छोरा २० हजारमा बेचेको सार्वजनिक भयो । पुँजीवादको यो एउटा उदाहरणमात्र हो । नेपालमा पनि यस्ता धेरै उदाहरण छन्, सरकारको ध्यान जाओस् ।

१६ वर्षपहिले जोताहालाई मोहियानी हक नदिई सरकारले हलियामुक्त घोषणा गर्‍यो । अहिले मुक्त भनिएका हलियाहरू छाक टार्न मुश्किल अवस्थामा छन् । कमैयाहरूलाई पनि मोहियानी हक नदिई मुक्तको नाममा विचल्लीमा पारियो ।

सरकारले नेपालीको आर्थिक, सामाजिक, सांस्कृतिक समस्या सम्बोधन नगरेको हुँदा नेपालमा आत्महत्या बढिरहेको छ भने मदिरा सेवन, ठगी, साइबर अपराधलगायतका कारण प्रहरीमा दैनिक औसत १८६ मुद्दा दर्ता सार्वजनिक भइरहेको छ ।

सरकारले पेट्रोलियम पदार्थको मूल्यवृद्धि तत्काल लागु गर्ने तर मूल्य घटेको ढिलो लागू गर्ने गर्दा सामान्य उपभोक्ता पीडित भएका छन् ।

भक्तपुर नगरपालिकाको लाञ्चाफल्चादेखि नगरकोट सडकखण्डको १७ किलोमिटरको सडक चौडा गरी पुन:निर्माण गर्न सन् २०१४ मा सम्झौता र २०१६ मा सम्पन्न गर्नुपर्ने गरी भारत र नेपालको निर्माण कम्पनीलाई जिम्मा लगाइएकोमा सम्झौताको ११ वर्षमा पनि सो सडकको पुन:निर्माण कार्य सम्पन्न भएन । सडक निर्माण विलम्ब भएको हुँदा स्थानीय जनताले ६ वर्ष अगाडि तेलकोटदेखि खरिपाटीसम्म जुलुस प्रदर्शन गरेको थियो । अहिले सडकको पुन:निर्माणको काम सम्पन्न नभए पनि ठेकेदारलाई पूरै भुक्तानी दिइएको समाचार सार्वजनिक भयो । यसको विरोध जनताबाट भइरहेको छ ।

नेपाली काङ्ग्रेस र एमालेको संयुक्त सरकारको न्यूनतम साझा कार्यक्रममा बीपीको प्रजातान्त्रिक समाजवाद र पुष्पलाल श्रेष्ठको वैज्ञानिक समाजवादअनुसार उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, विद्यालय शिक्षा नि:शुल्क

र अनिवार्य, विश्वविद्यालय शिक्षा निःशुल्क, स्वदेशमा रोजगारी, स्वास्थ्य उपचार निःशुल्क व्यवस्था गर्ने र ठुल्ठुला भ्रष्टाचारीलाई मृत्युदण्डको सजायसमेत हुने कानुनी व्यवस्थाको जरुरी छ। संविधान संशोधनको विषयमा यही समावेश हुनुपर्छ।'

**त्यस्तै सांसद सुवालले प्रतिनिधिसभा बैठकमा नेपाल विश्वविद्यालय विधेयक २०८१ को छलफलमा भदौ २४ गते आफ्नो धारणा राख्नुभयो। उहाँले राख्नुभएको मन्तव्यको सार -**

'एक्काइसौँ शताब्दी सहरी विश्वविद्यालयको समय हो। संसारको कतिपय देशमा अहिले हरेक सहर वा नगरपालिकामा विश्वविद्यालय पनि स्थापना भइरहेको छ। सहर हुनलाई विश्वविद्यालय पनि चाहिने मापदण्ड बन्दै छ। नेपालमा पनि सहरी विश्वविद्यालय सञ्चालनमा विलम्ब गर्नुहुँदैन।

इथियोपिया र नेपालमा एकै समय प्रजातन्त्र आएको हो। इथियोपियाको सरकारले बाँझो जमिन या नाङ्गो पहाडमा कृषि र जङ्गल विकास गर्ने जिम्मा सम्बन्धित विश्वविद्यालयलाई दिइएको छ। नेपालमा पनि विश्वविद्यालयहरूलाई त्यस्तरी जिम्मा लगाउनु जरुरी छ।

विश्वविद्यालयलाई उत्पादन श्रमसँग जोडेको शिक्षा दिन लगाउनुपर्छ। अहिले पहिलो पार्टी नेपाली काङ्ग्रेस र दोस्रो पार्टी एमालेको सरकार छ। सरकारको न्यूनतम साझा कार्यक्रममा सहरी विश्वविद्यालय सुरु गर्ने र उत्पादन श्रमसँग जोडिएको शिक्षा दिने उल्लेख गर्नु आवश्यक छ। ५-७ वर्षदेखि १५ लाखमा एमबीबीएस पढाउने योजना राखेको ख्वप विश्वविद्यालयबारे पनि यो संसद् र शिक्षा मन्त्रीजीको ध्यानाकर्षण गराउन चाहन्छु।

विश्वविद्यालयले विद्यार्थीहरूलाई देशभक्तिको शिक्षासँगै राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिबारे शिक्षा दिनु जरुरी छ। असंलग्नताको सिद्धान्त भनेको बम, बारुद र हातहतियार भएको देशको पछि लाग्नु होइन। सरकारहरू असंलग्नताको कुरा गर्छन् तर त्यस्ताको फोन वा धम्कीमा लत्रेर निर्णय गर्छन्।

हाम्रा प्राध्यापकहरूलाई सरुवा, बढुवा, राजनीतिक नियुक्तिको लागि सरकारमा बसेका दलहरूको पछि लाग्नुपर्ने अवस्थामा राख्नु हुँदैन। प्राध्यापकहरू राजदूत र आयोगहरूमा नियुक्ति पाउने लोभमा फस्नु हुँदैन। यसको अर्थ प्राध्यापकहरूले राजनीति गर्नु हुन्न भन्ने होइन। राजनीति देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने हो। राजनीति नभएको सामाजिक प्राणी नै हुँदैन। सरकारी दलको पछि लाग्नु हुन्न। गुणस्तरीय विश्वविद्यालयको अर्थ उत्पादन श्रमसँग जोडिएको शिक्षा दिने हो। हाम्रा विद्यार्थीहरूलाई विदेश नपठाई हाम्रै विश्वविद्यालयमा अध्ययन गराउने बन्दोबस्त हुनु हो।

जापानमा १० वर्षसम्मका बालबालिकालाई परीक्षा नलिइने रहेछ। अरू देशको राम्रो कुरालाई हामीले अनुसरण गर्नु पर्दछ। शिक्षा मन्त्रीले यसमा ध्यान दिनुहुनेछ।

नेपालका इन्जिनियरिङ कलेजहरूलाई अनुसन्धानको लागि आवश्यक रकम सरकारले विनियोजन गर्नु जरुरी छ। चीनमा अहिले इन्जिनियरिङको चमत्कार भइरहेको छ। थाइल्यान्डमा पनि कृषि पर्यटनको विकास भइरहेको छ। सानो रेलबाट त्यहाँ कृषि अवलोकन गराइन्छ।

हाम्रो देशमा गणित र विज्ञानमा जोड दिनु जरुरी छ। ख्वप विश्वविद्यालयको विधेयक पनि पारित हुने विश्वास लिएको छु।'

उक्त विधेयक बैठकबाट पारित गरिएको थियो।

## हाम्रा पुराना मूर्ति



**आर्य तारा (१७ औं शताब्दी)**

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

**वाग्मती प्रदेशसभामा नेमकिपा**

# समसामयिक विषयमा वाग्मती प्रदेशसभामा नेमकिपाको आवाज

– सुरेन्द्रराज गोसाईं



नयाँ सरकारको सुस्तता, गतिहीनता र उपस्थिति शून्यताको विषयमा यहाँ चर्चा हुँदै छ। नयाँ सरकारले फेरि पनि यस्तो विषम् परिस्थितिमा आफ्नो उपस्थितिसमेत देखाउन सकेन। जनताले सरकार भएको अनुभव गर्न पाएनन्। लामो समयपछि हामी यही विषयमा छलफल गर्दै छौँ। जनताको कडा विरोध छ। असार–साउन–भदौमा प्राकृतिक प्रकोपका कारण जनता अत्यन्त मर्कामा परे। धनजनको ठुलो क्षति भयो। त्यो घाउ अझै आलै छ। तर, जनताले वाग्मती प्रदेश सरकार कतै फेला पार्न सकेनन्। आपतविपत्मा पनि सरकार भएको अनुभव गर्न पाएनन्। त्यसप्रति हाम्रो पनि खेद छ। जनताले त व्यङ्ग्य गरेरै भने, 'दुई–तीन महिनासम्म हाम्रा मन्त्रीहरूलाई अबिरमाला लाउँदैमा फुर्सद भएन। बल्ल फुर्सद भएछ क्यारे र अहिले टुप्लुक्क देखापर्नुभयो !' यस्ता खालका व्यङ्ग्य, यस्ता खालका तीता वाणहरू बारम्बार सुन्न नपरोस् र हामी नयाँ सरकार र सरकारको नेतृत्व गर्ने मुख्यमन्त्रीलाई सुझावको रूपमा राख्दछौँ।

बाढी, पहिरो, आगजनी र त्यसले छोडेका दुःख, कष्ट र क्षतिका विषयमा प्रदेश सरकार के सोच्दै छ ? समस्या समाधान या न्यूनीकरणका लागि खाका, योजना के छ ? ती भताभुङ्ग पारिएका सडक र ती लथालिङ्ग पारिएका हाम्रा बस्तीहरूको विषयमा यो प्रदेश सरकार के योजना बनाउँदै छ ?

यो सरकारले आफ्नो सामन्ती प्रवृत्ति दोहोऱ्याउँदै छ भनेर हाम्रो प्रदेशसभाको परिसरमा भर्खरै पनि हामीले सुन्यौँ। १ बजे बोलाइएको बैठकलाई ठाडै चुनौती दिँदै शासक दलहरूको गठबन्धनले १ बजे नै पत्रकार सम्मेलन आयोजना गऱ्यो। दुई घण्टासम्म यो हाउसलाई बन्धक बनाउने जुन काम गरियो, त्यो आफैमा एउटा सामन्त प्रवृत्तिको पछिल्लो उदाहरण हो। त्यस्तो सामन्ती प्रवृत्ति आगामी दिनमा नदोहोऱ्याइयोस्।

अहिले हाम्रो प्रदेश पनि डेङ्गु महामारीबाट प्रताडित छ। सरकार के गर्दै छ ? महामारीलाई टुलुटुलु हेरेर बस्न मिल्छ ? हाम्रो यसमा जिम्मेवारी या कर्तव्य छ। प्रदेश सरकारले काम या योजनाबाट मूर्तरूपमा जवाफ देओस्। जनताको जीवन जोगाउनेतिर यो सरकारले ध्यान देओस्। फेरि पनि हाम्रो विनम्रतापूर्वक आग्रह छ।

अहिले चाडपर्वको मौसम छ। दसैँ–तिहार आउँदै छ। जनताले चाहेजस्तै चाडपर्वको सुखद् परिस्थिति हामीले तयार पार्न सकेका छैनौँ। चाडपर्वसँगसँगै महँगीको मार हामीले खप्ने एउटा प्रथाजस्तै भइसकेको छ। ३० वर्षदेखि निरन्तर महँगी, कालाबजारी, मिसावट, अखाद्य वस्तु आदिको आतङ्क बढ्दो छ। प्रश्न उठ्नु स्वाभाविक छ, ३०–४० वर्षमा शासनसत्तामा जानेहरूले के चाहिँ गरे ?

दसैँ तिहारसँगै यात्राको जोखिम बढ्नेबारे यहाँ चर्चा भयो। मानिसको जीवनको विषयमा सरकारले संवेदनशीलता नदेखाएको र सुरक्षाको कुनै प्रत्याभूति नभएको हामीले पाइरहेका छौँ। हामीले अत्यन्त दुःखद खबरहरू सुन्न नपरोस् र योतर्फ पनि सरकारले व्यवहारले र कामले जवाफ देओस् र प्रदेश सरकारको पनि केही जिम्मेवारी छ। प्रदेश सरकार, स्थानीय पालिका र केन्द्रीय सरकार मिलेर कमसेकम जनतालाई यो बेलामा सुरक्षाको प्रत्याभूति देओस्। सुरक्षाको परिचालन, ट्राफिक नियमको कार्यान्वयन, ट्राफिकको उचित बन्दोबस्त आदिबारे गम्भीरता देखाओस् भन्ने हाम्रो आग्रह छ।

अहिले सहकारी ठगीको विषय अत्यन्त जल्दोबल्दो छ। स्वयम् शासक दलका नेताहरू, शासक दलका जिम्मेवार व्यक्तिहरू काण्डहरूमा संलग्न रहेका घटना बाहिर आउँदै छन्। त्यसकारण, यो विषयमा पनि प्रदेश सरकारले गम्भीरता देखाओस्। आर्थिक अपराध र आर्थिक अपचलनका घटनाहरूको उचित छानबिन होस्। यसरी मन्त्री र उच्चपदस्थ अधिकारीहरूको संलग्नतामा यहाँ भइरहेका अपराध ढाकछोप गर्ने र अपराधीलाई संरक्षण दिने काम हुँदै छ। यतातर्फ पनि हामी गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छौँ।

अहिले ख्वप विश्वविद्यालयको चर्चा छ। उता भक्तपुरमा सङ्घीय संसद्को शिक्षा समितिको संसदीय टोली अनुगमनको क्रममा छ। भक्तपुर नगरपालिका वडा नं. १ स्थित सल्लाघारीको १०८ रोपनी जग्गा ख्वप विश्वविद्यालय सञ्चालनार्थ दिइयोस् भन्ने जनताको माग छ। यसतर्फ पनि

प्रदेश सरकारले अलिकति संवेदनशीलता देखाओस् भन्ने भक्तपुर जिल्लावासीको माग छ। प्रदेश सरकारले पनि दीर्घकालीन सोच देखाओस् र जनता सँगसँगै मिलेर प्रदेश सरकार पनि अगाडि बढोस् भन्ने धेरैको आग्रह हो।

केही दिनअगाडि केन्द्रका भूमिसुधार मन्त्रीले अनुगमन गर्नुभयो। हरेक निरीक्षणकर्ताले ख्वप विश्वविद्यालयको अनिवार्य आवश्यकता महसुस गरिरहेको यथार्थ नै हो। महत्त्वपूर्ण व्यक्तित्वहरूसँग कुराकानी गर्दा हामी कसैको पनि विमति देख्दैनौं। यद्यपि, अनुमति दिन आनाकानी गरिरहेको छ। यसमा जरुर कसैको चलखेल छ। त्यो एउटा अनुसन्धानको विषय हुन सक्दछ।

सबैको जानकारीको लागि राख्दै छौं। अहिले पनि भक्तपुर नगरपालिकाअन्तर्गत सात ओटा कलेजहरू सञ्चालित छन्। देशभरिका ७७ ओटै जिल्लाका ७ हजारभन्दा बढी हाम्रा विद्यार्थीहरू, भाइबहिनीहरू, छोराछोरीहरू अध्ययनरत छन्। उच्च शिक्षा हासिल गर्दै छन्, ११ कक्षादेखि स्नातकोत्तरसम्म। यो देशको लागि उल्लेखनीय योगदान हो। यो योगदानको कदर गर्न नसक्नु भनेको एकखालको भेदभाव तथा पक्षपात नै हो। यो वर्ष ख्वप इन्जिनियरिङ कलेजमा १ हजार ६८ जनाले उच्च शिक्षा हासिल गर्दै छन्। ख्वप कलेज अफ इन्जिनियरिङमा ४ सय जनाभन्दा बढ्ता अध्ययनरत छन्। ख्वप इन्जिनिरिङ कलेजले ३ सय ८६ जना इन्जिनियरहरू तयार पारेर देशको निम्ति सेवा दिइसकेको छ। ख्वप कलेज अफ इन्जिनियरिङले ३ सय १२ जना इन्जिनियरहरू तयार पारेर देशको निम्ति जनशक्ति निर्माणमा उसले योगदान पुर्‍याइसकेको छ। यो आफैमा उल्लेख्य योगदान हो।

मेरो विचारमा प्रजातन्त्र भनेको केवल गफ होइन। प्रजातन्त्र भनेको जनताको सेवा हो। प्रजातन्त्र भनेको देशको विकास हो। जनतालाई अझ सशक्त बनाउनु र देशको निर्माण गर्नु हो। त्यसकारण, शिक्षाको क्षेत्रबाट यो जुन काम भइरहेको छ, त्यसको कदर गर्नु हामी सबैको विवेकको परीक्षा र परिचय पनि हो। त्यसकारण, त्यतातर्फ पनि गम्भीरतापूर्वक ध्यानाकर्षण गर्दछौं। यस विषयमा सम्बन्धित दलहरूमा छलफल गरौं भन्ने आग्रह गर्दछौं। हामी देशको सेवा गरौं र देशमा परिवर्तन ल्याऔं भन्ने आशय एवम् उद्देश्यका साथ हामी अगाडि बढ्दै छौं।

उपत्यकाका रैथानेहरूलाई विभिन्न समयमा विभिन्न निहुँमा विस्थापित गर्ने षड्यन्त्रहरू भइरहेका छन्। चाहे त्यो खोलाको कुरा किन नहोस् या उता खोकनाको कुरा किन नहोस्। विभिन्न प्रसङ्गहरूमा उपत्यकाका रैथानेहरूलाई, उपत्यकाका आदिवासीहरूलाई र यहाँ युग–युगदेखि बसिरहेकाहरूलाई विस्थापित गर्ने काम हुँदै छ। त्यसप्रकारका काममा कमसेकम प्रदेश सरकारले विमति जनाओस्। जनताको भावनाबमोजिम प्रदेश सरकार चलोस्।

अहिले प्रधानमन्त्री ओलीजी न्युयोर्कमा हुनुहुन्छ। त्यहाँ विश्व शान्तिका निम्तिका पक्षमा नेपालको आवाज राख्नुहुनेछ भन्ने जनताको आशा छ। साथै अन्यायपूर्ण युद्धहरूको विपक्षमा उहाँले नेपाली जनताको भावना राख्ने अपेक्षा छ। क्युवामाथिको नाकाबन्दी चालु रहेको ६५ वर्ष भयो। अझै पनि त्यो अमानवीय नाकाबन्दी जारी छ। क्युवाविरुद्धको नाकाबन्दीको विरोधमा नेपालले अभिमत राखोस् भन्ने नेपाली जनताको चाहना हो। साथै प्यालेस्टिनको गाजापट्टीमा अहिले ४२ हजारभन्दा बढी मानिसहरू मारिसकेको अवस्था छ। १ लाखभन्दा बढी घाइते भइसकेका छन्। चारैतिर तहसनहस पारिएको अवस्था छ। यस्तो अन्यायपूर्ण युद्धको विरूद्धमा नेपाल र नेपाली जनताको प्रतिनिधित्व गर्दै उहाँले आफ्नो भावना प्रकट गर्नुहुनेछ भन्ने आशा छ। हाम्रो प्रदेश सरकारले पनि त्यस्ता अन्तर्राष्ट्रिय महत्त्वका विषयमा स्पष्ट मत जाहेर गर्न आवश्यक छ।

(वाग्मती प्रदेशसभामा असोज ६ गते नेमकिपाका केन्द्रीय सदस्य तथा प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले विशेष समयमा व्यक्त गर्नुभएको विचारको सम्पादित अंश।)

स्रोत : मजदुर दैनिक, असोज ९ गते


## भक्तपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
ब्यासी-०२, भक्तपुर

### बोलपत्र E-Bidding आव्हानको सूचना

**प्रकाशित मिति : २०८१/०५/३१ गते**

भक्तपुर नगरपालिकाबाट वडा नं ८ लर्केस्थित फोहरमैला प्रशोधन केन्द्रमा CNBM प्रविधिबाट कम्पोष्ट मल तयार गर्न आवश्यक देहायका कच्चा पदार्थहरू खरिद गर्नुपर्ने भएकोले e-Gp System को माध्यमबाट बोलपत्र आह्वानको सूचना प्रकाशित मितिले ३० (तीस) दिनभित्रमा Bid Submission गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp वा कार्यालयमा सम्पर्क राख्नुहुनसमेत सूचित गरिन्छ।

| ठेक्का नं. | विवरण | परिमाण | बोलपत्र दस्तुर रू. | बोलपत्र जमानत/ धरौटी रकम रू. | बोलपत्र पेस गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|
| F.S ००२/०८१ | १) तोकोजाई | १,२०,००० के.जी. | ३,०००।०० | १,७०,०००।०० | २०८१/०६/३० १२:०० बजेसम्म |
| | २) ढुटो (ननस्टिम) | १६,००० के.जी. | | | |
| | ३) रातोमाटो (सुख्खा) | १,००,००० के.जी. | | | |
| | ४) सुली (कोइलर/ लोकल कुखुराको) | ८,००० के.जी | | | |

# गुठी जग्गा कमाउने किसानहरूको समस्या : गुठी जग्गामा मोहियानी हक नलाग्ने !

विवेक

नेपालमा हजारौँ किसानहरूले गुठी जग्गा कमाइरहेका छन् । कानुनले मोहियानी हक नपाउने भनी तोकेबाहेकका जग्गामा गुठी जग्गा कमाउने किसानहरूले मोहियानी हक पाएका छन् र तीमध्ये धेरैले कानुनबमोजिम रैतानी परिणत गरी रैकरसरह गुठी संस्थानलाई मालपोत तिरी आएका छन् । केही वर्षदेखि गुठी जग्गा रैतानी गर्न रोकिएको थियो । यसैबिच सर्वोच्च अदालतबाट हालै एउटा फैसला आयो, *'कमाएकै आधारमा गुठीको जग्गामा मोहियानी हक नलाग्ने ।'* यो फैसलाले कति किसानलाई असर पार्छ ? त्यो भने हेर्न बाँकी छ ।

खोला किनाराको जग्गामा तोकिएको मापदण्डभन्दा थप २० मिटर मापदण्ड छाड्नुपर्ने सर्वोच्चको फैसलाले उपत्यकावासीमा ल्याएको त्रास र तनाव सेलाउन नपाउँदै अर्को हजारौँ किसानहरू प्रभावित हुने फैसला अदालतबाट आएको छ । यस फैसलाले देशभरिका किसानहरूको जीवनलाई प्रत्यक्ष असर पार्ने पक्का छ ।

गुठी संस्थान ऐन २०३३ को दफा २७ ले गुठी जग्गामा खास जोताहा किसानले मोहियानी हक पाउने व्यवस्था गरेको छ । तर, गुठीको कुनै निश्चित काम गरेबापत जोत भोग गरी आएको रकमी जग्गामा भने मोहियानी हक नपाउने स्पष्ट व्यवस्था पनि सोही ऐनमा गरिएको छ । परम्परादेखि चलिआएको धार्मिक, सांस्कृतिक गतिविधिहरूमा कुनै किसिमको असर नपरोस् भन्ने उद्देश्यले पुर्खाहरूले गुठीको बन्दोबस्त गरेको देखिन्छ । परम्परा, धर्म लोप हुन नदिने पवित्र मनसायले मठ मन्दिर, सत्तलजस्ता सम्पदा र जात्रा पर्वहरू सञ्चालन र संरक्षण गर्नको लागि गुठीको व्यवस्था गरिएको पाइन्छ । समयक्रममा त्यसको सम्पूर्ण जिम्मेवारी गुठी संस्थानलाई दिइएको छ ।

पहिले पैसाको अभाव हुनाले सम्पदाहरूको संरक्षण र जात्राहरू सञ्चालन गर्न व्यक्ति स्वयम्ले गुठीहरू बनाई त्यसको आयस्ताका लागि जग्गा जमिन राखिएको पाइन्छ । तर, ती सम्पत्तिहरू अहिले गलत नियतले व्यक्तिगत नाममा दर्ता गरी बेचबिखन गरी खाने प्रवृत्तिको विकास भएको छ । कानुनले अपराध प्रमाणित नभए पनि त्यो एक प्रकारको सामाजिक अपराध भने अवश्य हो । जानकी मन्दिर, जलेश्वर मन्दिरलगायत तराईका धेरै मन्दिरहरूको जग्गा पुजारी स्वयम्को मिलेमतोमा निजी दर्ता गरी बेचेर खाएका थुप्रै घटनाहरू यसका उदाहरणहरू हुन् । यसले सयौँ वर्षदेखि चलिआएका गुठी र सम्पदाको अस्तित्वमाथि नै प्रश्न उठ्न थालेको छ । गलत गर्ने जोसुकै व्यक्ति भए पनि कानुनबमोजिम ती सबैलाई कारबाहीको घेरामा ल्याउनुपर्दछ ।

केही गलत नियतका मानिसहरूले गरेका आपराधिक कार्यलाई देखाएर गुठी तैनाथी जग्गा कमाउने किसानहरूलाई मोहियानी हकबाटै वञ्चित गरिने सर्वोच्चको आदेशले धेरै किसानहरूले अन्याय परेको अनुभव गर्दै छन् । किसानहरूले जग्गा कमाउने मात्रै होइन, देशको गुठी, सम्पदाहरूको संरक्षण पनि गर्दै आएका छन् ।

सर्वोच्चको फैसलामा, ***'सर्भे नापी गर्दा तत्कालीन अवस्थामा जो जसले जोत भोग गरी आएको हो, सोही व्यक्तिको नामसम्म फिल्डबुकमा जनाउने अवस्था हो, तर जोतभोग गरेकै आधारमा जनिएको फिल्डबुकको मोहीको आधारमा गुठी जग्गामा गुठियार मोही हो भनी भन्न सक्ने अवस्था हुँदैन । गुठी जग्गामा गुठियारले नै जोताहा वास्तविक मोही हुन पाउने अवस्था कुनै पनि कानुनले दिएको पाइँदैन'*** भनिएको छ । *(२५ भदौ, राजधानी)*

कीर्तिपुरस्थित चिलंचो भगवान गुठीको जग्गा कमाउने धनबज्र बज्राचार्यले आफ्नो नाउँमा मोहियानी हक कायम हुनुपर्ने दाबीसहित दायर मुद्दामा सर्वोच्चको पूर्ण इजलासबाट उक्त व्याख्या गरिएको हो । न्यायाधीशहरू कुमार रेग्मी, हरिप्रसाद फुयाल, नहकुल सुवेदी, विनोद शर्मा र सुनिलकुमार पोखरेलबाट यस्तो व्याख्या भएको हो ।

अहिलेसम्म सम्पदाहरूको संरक्षण र जात्रा पर्वहरू परम्परादेखि चलिआएका विभिन्न गुठीहरू र त्यसका लागि आयस्रोतको रूपमा राखिएका जग्गा जमिनबाटै चलिरहेका छन् । छलकपट, जालझेल नभएको त्यतिबेलाको समाजमा निजी गुठीको सम्पत्ति पनि गुठीको थकाली (नाइके) को नाउँमा राख्ने चलन थियो । समयका

अन्तरालमा मानिसहरू स्वार्थी हुँदै गए। अहिले जसको नाउँमा जग्गा छ, उसका सन्तानहरूले निजी गरेर खान थाले। नापीको बेला गुठीको नाउँ लेखाउन नसकेकै कारण निजी गुठीका धेरै सम्पत्ति व्यक्तिले निजी बनाए। अदालतमा मुद्दा परेमा पनि गुठियारहरू हार्ने स्थिति बन्यो। जनतामा यसको असन्तोष र विरोध छ। एक पटक झूट बोलेर त्यत्रो सम्पत्ति प्राप्त हुने भए किन झूट नबोल्ने भनी जानी जानी बद्नियतका साथ सार्वजनिक सम्पत्ति निजी गर्नेहरू थुप्रै छन्। कतिजना गुठीबाट बहिष्कृत भए त कति ठाउँमा कुटपिटसम्मका घटनाहरू पनि भए।

आश्चर्यको कुरा के हो भने २०२१।०२२ सालमा जग्गाको नापजाँच हुँदा खेत खेतमा गएर फिल्डबुकमा किसानको नाउँमा मोहियानी हक लेखाउन हर तरहले काम गर्ने किसान सङ्गठन र किसान कार्यकर्ताहरू अहिले भने मौन छन्। सर्वोच्च अदालतले हालै गरेको फैसला गुठी जग्गा र अन्य जग्गाबिचको भिन्नता, मोहियानी हकसम्बन्धी विषयमा किसानहरूलाई सचेत पार्ने जिम्मेवारी किसान सङ्गठनहरूको हो।

विभिन्न राजनैतिक दलका किसान सङ्गठनका विधानमा 'किसानहरूको हक हितको निम्ति लड्ने' भनेर उल्लेख भएको पाइन्छ। किसानहरूलाई मर्का पर्दा नबोल्ने हो भने कसरी किसान सङ्घले किसानहरूको हक हितमा आवाज उठाउँछ भनेर विश्वास गर्ने ? खोला किनारमा थप २० मिटर मापदण्ड के किसानहरूको समस्या होइन ? त्यस्तै गुठी जग्गा कमाउने किसानहरूले मोहियानी हक नपाउनु के किसानहरूलाई बिचल्ली पार्ने अर्को समस्या होइन ?

केही समयअघि संसद्मा गुठी विधेयक प्रस्तुत भएको थियो। त्यसमा कतिपय नकारात्मक पक्षहरू थिए तर गुठी जग्गा रैतानी गर्न पाउने सकारात्मक व्यवस्था पनि त्यसमा थियो। काठमाडौँमा ठूलो विरोध पछि त्यो विधेयक सरकारले फिर्ता लियो। गुठी जग्गा कमाउने हजारौँ किसानहरूले रैतानी गर्न पाएनन्। यसर्थ, विरोध गर्दा पनि विधेयकको नकारात्मक पक्षलाई ध्यान दिएर मात्रै गर्नुपर्दथ्यो। गुठी विधेयक अहिलेसम्म संसद्मा पेस भएन परिणामतः किसानहरू रैतानी गर्ने हकबाट वञ्चित हुनुपर्‍यो।

सर्वोच्च अदालतले कुनै पनि कानुनको व्याख्या गरी नजिर स्थापित गरेपछि त्यसलाई परिमार्जन गर्ने एक मात्र अधिकार प्राप्त निकाय संसद् हो। संसद्ले कानुन निर्माण गरी जनतालाई चाहेअनुसारको अधिकार प्रदान गर्न सक्छ।

अहिले एकातिर सम्पदाहरूको संरक्षण गर्नुपर्ने अर्कोतिर त्यसको संरक्षणका लागि राखिएका जग्गा कमाउने मोहीहरूको हक पनि स्थापित गर्नुपर्ने यो अत्यन्त जटिल कार्य हो। कानुनले मोहियानी हक नलाग्ने भनी तोकेका गुठीको जग्गाबाहेक अन्यमा साबिकबमोजिम मोहियानी कायम हुने बन्दोबस्त भए धेरै किसानहरूले राहतको महसुस गर्न पाउने थिए।

निजी जग्गा कमाउने किसानहरूलाई पहिले १ वर्षको मुख्य बाली कमाएको आधारमा मोहियानी हक कायम हुने व्यवस्था थियो। केही वर्षअघि कुनै पनि जग्गामा नयाँ मोही कायम नहुने व्यवस्था गरियो। मोहियानी हक सुरक्षित भएकाहरूलाई आधा जग्गाको हकदार पनि बनाइयो। यसले मोहीहरूको हक सुरक्षित भएको धेरैले महसुस गरे तर गुठी जग्गा कमाउनेहरूले त्यो महसुस गर्न पाएनन्। अहिलेको समस्या यही हो।

नेपाल सरकारले केही दशकअघि कमैया मुक्तिको घोषणा गर्‍यो। वर्षौँदेखि जग्गा कमाइरहेका कमैयाहरूलाई मोहियानी हकबाट वञ्चित गर्ने त्यो एक षड्यन्त्र थियो। अहिले कमैयाहरूले न रोजगारी पाए न जग्गा नै। तिनीहरू सडकमा बिचल्ली भए। शासक दलहरूले कमैया मुक्तिको झ्याली पिटे र त्यो जमिनदार वर्गको सम्पत्ति सुरक्षाको लागि गरिएको एक जालसाजीमात्र भएको अहिले साबित भयो।

कहिले कमैया मुक्ति त कहिले भूमिसम्बन्धी ऐनमा संशोधनको नाउँमा जग्गा कमाउने किसानहरूलाई पाइला पाइला गरी मोहियानी हकबाट वञ्चित गर्ने कार्य शासकहरूबाट हुँदै आएको छ। पछिल्लो सर्वोच्च अदालतको फैसलाले पनि गुठी जग्गा कमाउने किसानहरूले मोहियानी हकबाट वञ्चित हुने भएको छ। यसरी शासक दलहरू र न्यायालयबाट समेत अहिले किसानहरू एकपछि अर्को पीडित बनेका छन्।

आवास योजनाभित्र परेको जग्गा कमाउने किसानहरूलाई आवासको नियमअनुसार जग्गा कट्टी गर्दा गुठी जग्गामा साबिकमा भन्दा घटाएर नलिने भनी गुठी संस्थानले आनाकानी गरेको कारण उनीहरू पुर्जा फिर्ता लिनबाट समेत वञ्चित भएका छन्। ती किसानहरूले पहिलेदेखि जोतभोग गरी आएको जग्गा र कतिले त घरसमेत बनाइआएकोमा आफ्नो चाहनाअनुसार कार्य गर्न सकिरहेका छैनन्। आजको २१ औँ शताब्दीमा जनताको हितमा केन्द्रित भएर कानुन निर्माण गर्दै जानुपर्नेमा शासकहरूको हितमा केन्द्रित कानुन निर्माण हुँदै जाँदा किसानहरूले थप समस्याहरू भोग्नुपर्ने अवस्था आएको छ। यसतर्फ सबैको ध्यान जाओस्!

# मदन पुरस्कार विजेता मोहन मैनालीले लेखेको युद्धको कथा

## "ग्रेटर" नेपाललाई खुम्च्याएको थियो त्यो युद्धले



सुदीप श्रेष्ठ

नेपालको भौगोलिक स्वरूप आज जे छ, यसले सिर्जना गरेको राजनीतिक तथा आर्थिक अवस्था आज जस्तो छ, हाम्रो यो नियति दुई सय नौ वर्षअघि आजकै दिन लेखिएको थियो – अर्थात् १४ मंसिर, १८७१ (सन् १८१४ नोभेम्बर २७)।

दिन – आइतबार

समय – दिउँसो १ बजे

स्थान – नालापानी किल्ला

अङ्ग्रेज सेनाका कमान्डर कर्णेल सेब्राइट मबीले दुई दिनअघि मंसिर १२ गते नै नालापानी किल्लामा तोप पड्काएर धावा बोलिसकेका थिए।


मुख्य सैन्य कारबाही भने आइतबार सुरू भयो।

यसबीच कर्णेल मबीले नालापानी किल्लामा डेरा जमाएर बसेको नेपाली फौजमाथि चौतर्फी हमला गर्न पैदल सेना खटाउने तयारी गरे। नेपालीहरू भाग्लान् भनेर वरिपरिका सबै गौँडा र बाटामा आफ्नो फौज खटाए। नेपालीहरू राति नै किल्ला छाडेर जालान् भनेर फौजलाई सतर्क पनि गराए।

एक महिनाअघि कात्तिक १० गते पहिलोचोटि नालापानी हान्दा अङ्ग्रेज सेना नराम्ररी हारेको थियो।

झन्डै पाँच घन्टा चलेको उक्त लडाइँमा नौ जना अङ्ग्रेज सैनिक मारिएका थिए भने नेपालीतर्फ दुई जना घाइते मात्र भए।

सात दिनपछि दोस्रोचोटि हान्दा पनि अङ्ग्रेजहरूको चिल्लीबिल्ली भयो। स्वयं मेजर जनरल रबर्ट रोलो जिलेस्पीले ज्यान गुमाए। उनी नालापानी किल्लाको ढोकाबाट २७ मिटर दूरीमा उभिएर आफ्ना सिपाहीहरूलाई हौस्याउँदै थिए। त्यही बेला नेपाली फौजले हानेको गोली छातीमा लागेर ठाउँको ठाउँ उनको प्राण गयो।



आफ्नो किताब 'मुकाम रणमैदान' का साथ लेखक मोहन मैनाली

जिलेस्पीको मृत्युपछि नै अङ्ग्रेज फौजको नेतृत्व कर्णेल मबीको काँधमा आएको थियो।

पहिलोचोटिको हारले घाइते बाघझैँ तिलमिलाएको अङ्ग्रेज फौज यसपालि जसरी पनि नालापानी कब्जा गर्ने सुरमा थियो।

कर्णेल मबीले आफ्नो सैनिक मुख्यालयका प्रमुख प्रशासक लेफ्टिनेन्ट कर्णेल जीएच फागनलाई लेखेका पनि थिए, 'अब मसँग एउटै उपाय बचेको छ। त्यो हो, नालापानी किल्ला धुलोपिठो भएर माटोमा नमिलेसम्म लगातार गोलाबारी गरिरहने।'

यही योजनाअनुरूप कर्णेल मबीले आजभन्दा ठ्याक्कै दुई सय नौ वर्षअघि १८७१ मंसिर १४ गते दिउँसो १ बजे नालापानी किल्लामाथि फेरि धावा बोले।

त्यस दिन अङ्ग्रेज फौजको एउटा दस्ताले किल्लामा लगातार गोला बर्साइरह्यो।

तोपका गोलाले किल्लाका सख्त पर्खालहरू धुजा धुजा भए। छत खसे, बुर्जाहरू ढले।

अर्को दस्ता बन्दुकको संगीनले नेपाली सिपाहीहरूलाई रेट्दै अगाडि बढ्यो। किल्लाको पर्खाल र ढोकामा जहाँ जहाँ नेपाली सिपाही भेटिन्छन्, उनीहरूले त्यहीँ त्यहीँ काट्न थाले।

हमला गर्ने दस्तालाई सहयोग गर्न किल्लाबाहिर अर्को फौज तम्तयार थियो भने बाँकी फौजलाई आवश्यक पर्नासाथ अगाडि बढ्ने निर्देशनसहित तयारी अवस्थामा क्याम्पमै राखिएको थियो।

दुई घन्टाको घमासानपछि किल्लाभित्रका धेरै नेपाली

सिपाही मारिए। केही सम्पत्ति पनि आगोमा पोलिए।

यति हुँदा पनि नेपालीहरूले किल्ला छाडेनन्। बरू किल्ला तोडेर भित्र घुस्न खोजेका अङ्ग्रेज सिपाहीलाई ढुङ्गै ढुङ्गाले हानेर मारे। कतिलाई तीखा भालाले घोपेर ज्यान लिए। कतिलाई खुकुरीले सेरे। कतिलाई बाँसले हानेर रक्तमुच्छेल पारे।

आखिरमा दिउँसो ३ बजे कर्णेल मबीले तोप हमला बन्द गराए र किल्लामा मारिएका आफ्ना सिपाहीहरूको लास माग्न मान्छे पठाए।

नेपालीहरूले किल्लाभित्र अड्किएका अङ्ग्रेजका लास बाहिर फ्यारिदिए।

अङ्ग्रेज फौजले यसपालि पनि नालापानी किल्लामा विजय झन्डा फहराउन सकेन।

कर्णेल मबी भने हार मान्ने सुरमा थिएनन्। उनले नालापानी किल्लालाई धुलोपिठो पार्ने प्रण गरिसकेका थिए।

प्रण पूरा गर्न उनले किल्लाभित्र जाने पानीका केही मुहान बन्द गराइदिए। खानेकुरा आपूर्ति रोक्न हर तरहले प्रयास गरे। नेपालीहरूलाई सहयोग गर्न आएको फौजलाई नालापानी नजिक ढिम्किनै दिएनन्। किल्ला जोगाउन भनी पठाइएका गोलाबारूद, ढुङ्गा, बिख र बन्दुक पनि नेपालीहरूको हात पर्नै दिएनन्।

यसले नेपाली फौजमा अफरातफरी मच्चियो।

हडबडीमा थुप्रै नेपाली सिपाहीले हातहतियारसहित किल्ला छाडे।

जो भित्र थिए, उनीहरू तिर्खाले प्याकप्याक परे। भोकले रन्थनिएर काँचो चामल खान बाध्य भए।

मंसिर १६ गते झन् भीषण लडाइँ भयो।

अङ्ग्रेजहरूले बिहानैदेखि तोप र बन्दुक पड्काउँदै किल्लामा चढाइ गरे।

किल्लाको चारैतिर २०-२५ ओटा तोपबाट गोला बर्साइयो।

तोप र बन्दुकको गर्जनले दुर-दुरसम्म कोलाहल मच्चियो। कतिसम्म भने, नालापानी किल्लाबाट ७७ किलोमिटर पूर्वमा रहेको उल्खागढीमा बसेका सिपाहीसमेत आतङ्कित भएका थिए।

अङ्ग्रेज सिपाहीहरू दमाहा बजाउँदै, ठूलो स्वरले चिच्याउँदै, होहल्ला गर्दै सलहको बथानझैं किल्लाभित्र छिरे।

भोक र तिर्खाले आलसतालस नेपाली सिपाहीहरूले त्यो बथानको सामना गर्न सकेनन्।

अङ्ग्रेज फौजले बर्साएको बमगोला थेग्न सकेनन्।

किल्लाका पर्खाल केही बाँकी नहुँदा अङ्ग्रेजहरूलाई छेक्ने कुनै उपाय पनि रहेन।

यस्तो दुरूह अवस्थामा कप्तान बलभद्र कुँवरले आफ्ना सिपाहीहरूलाई सम्बोधन गर्दै भने, 'अब हामीले किल्लाभित्रै मर्नु योग्य छ। जो जो मलाई साथ दिन तयार छौ, उनीहरूले कबुल गरी आफ्नो नाम लेखेर देऊ। वैरीहरू आक्रमण गर्न आउलान्, हामी तरबार सेरेर मरौँला।'

कमान्डर रिपुमर्दन थापाले कप्तान बलभद्रको कुरामा सही थापे।

यसरी कबुल गराउँदा जागिरे र भाडाका सिपाहीसमेत ८५ जनाको नाम लेखियो। तीमध्ये केही सिपाही पछि बाहिर निस्केर अङ्ग्रेजसँगै मिसिए।

बचेका ५०-६० जनाले बलभद्र कुँवर र रिपुमर्दन थापाको हात समातेर किल्लाबाहिर निकाले।

बाहिर अङ्ग्रेज फौज शिकार पर्खिरहेको शिकारीझैं आक्रमण गर्न तयार बसेको थियो।

नेपाली कप्तान र सिपाहीहरूलाई देखेर अङ्ग्रेजहरू कराए। नेपालीहरू पनि नाङ्गो तरबार हातमा लिएर गर्जिए।

तर यो युद्धको ललकार थिएन। नेपाली फौज हार स्वीकार गर्दै किल्ला छाडेर हिँडेको थियो।

मंसिर १७ गते बिहान ४ बजे अङ्ग्रेजले नालापानी किल्ला कब्जा गर्‍यो।

जसै किल्ला कब्जा भयो, कर्णेल मबी आफ्नो दलबलसहित भित्र पसे।

भित्र महिला र पुरूषका लास भुइँमा जतातत्तै छरिएका थिए। दस फिट लामो र छ फिट चौडा ठाउँमा सातओटा लास एकमाथि अर्को खप्टिएका थिए। सानो ठाउँमा ८६ ओटासम्म लास लडेको पाइयो। किल्लाका चारैतिर दुई फिटजति गहिरो खाडल खनिएको थियो। उनीहरूले त्यहीँ लुकेर बाँच्ने कोसिस गरेका थिए।

किल्लाबाहिर पनि चारैतिर भुइँ अलिअलि खोस्रिएर थुप्रै लास गाडिएका थिए। आधाउधी मात्र गाडिएका र हात वा खुट्टा बाहिर निस्किएका ३० ओटासम्म लास फेला परे।

अरू धेरै घाइते सिपाहीहरू पनि किल्लामा थिए। घाइतेको अवस्था झनै खराब थियो। खान नपाएर वा थाकेर वा दुवै कारणले कोही अर्धमृत हालतमा थिए। घस्रन सक्नेहरू घस्री घस्री बाहिर निस्कन खोज्दै थिए। कोही 'पानी पानी' भन्दै चिच्याउँदै थिए। कोही तीन दिनअघि भाँचिएका हातखुट्टा लिएर लम्पसार परेका थिए।

खुट्टा भाँचिएकी एक युवती लासको थुप्रोबिच पल्टिएकी थिइन्। उनको शरीरका केही भाग लासहरूमुनि थिचिएका थिए। उनी हलचल गर्ने अवस्थामा थिइनन्। तिर्खाले उनको

मुख प्याकप्याक गर्दै थियो।

अर्की एक महिला छातीमा बच्चा टाँसेर बसेकी थिइन्। उनी आफू त घाइते थिइनन्, तर उनको बच्चा घाइते थियो। घाइते बच्चा आमाको दूध चुस्दै थियो।

एक घाइते पुरूष ओछ्यानमा लम्पसार थिए। टाउकोमा चोट लागेर बेसुरा बनेका थिए। रगतले भिजेको धुलोमा उनी आफ्ना औँलाले के के अक्षर कोर्दै थिए।

एउटी चार वर्षजतिकी र अर्की एक वर्षजतिकी बच्ची पनि किल्लाभित्र थिए, जसका आमाबाबु दुवै मरिसकेका थिए। ठूली बच्ची आफ्नी बहिनीसँग छुट्टिनुपर्ला भन्ने डरले चिच्याउँदै थिइन्।

किल्लाभित्रका यस्ता विदारक दृश्यले मृतकहरूको लास नगनाउञ्जेल र आफू तिर्खाले आकुलव्याकुल नहुञ्जेल नेपालीहरू डटेर लडेका रहेछन् भन्ने झल्काउँथ्यो।

यसैबिच कर्णेल मबीले नेपाली कप्तान बलभद्र कुँवरको खुट्टामा चोट लागेको छ भन्ने खबर पाए। उनले हो कि होइन बुझ्न आफ्ना एक लेफ्टिनेन्टलाई खटाए।

सँगसँगै आदेश दिए, 'बलभद्रलाई राम्रो व्यवहार गर्नू। उनी बहादुर सिपाही हुन्।'

यसरी १८७१ कात्तिक १० गते सुरू भएको नालापानी लडाइँ दोस्रो खेपको हमलापछि मंसिर १७ गते बिहान अन्त्य भयो।

नालापानीको हारबाट नेपाली सेनाले एउटा महत्त्वपूर्ण किल्ला मात्र गुमाएन, पूर्वमा टिष्टादेखि पश्चिममा काँगडासम्म फैलिएको नेपाललाई आजको भौगोलिक स्वरूपमा खुम्च्याउने प्रस्थान विन्दु पनि त्यही हार बन्न पुग्यो।

महाभारतको कुरूक्षेत्र लडाइँमा चार पक्ष अहम् थिए–

एक – कौरव र पाण्डव, जसले त्यो लडाइँ लडे।

दुई – हस्तिनापुरका राजा धृतराष्ट्र, जसले आफ्नो दरबारमा बसेर लडाइँको कथा सुने।

तीन – सारथि सञ्जय, जसले राजा धृतराष्ट्रलाई लडाइँको कथा सुनाए।

र, चार – त्यो दिव्यदृष्टि, जसको बलमा सञ्जय हस्तिनापुर दरबारमै बसी बसी कुरूक्षेत्र लडाइँको प्रत्यक्षदर्शी बने।

हाम्रो यो स्टोरीमा पनि चार पक्ष अहम् छन् –

यहाँ लडाइँ हुँदैछ, अङ्ग्रेज र नेपाली सेनाबिच।

धृतराष्ट्रजस्तो चुपचाप लडाइँको कथा सुन्दैछु, म।

मलाई कथा सुनाउँदैछन्, पत्रकार तथा लेखक मोहन मैनाली।

र, मोहन मैनालीलाई काठमाडौँको हाँडीगाउँस्थित आफ्नो घरको कोठामै बसी बसी दुई सय नौ वर्षअघि अङ्ग्रेज र नेपाली सेनाबिच भएको लडाइँको प्रत्यक्षदर्शी बन्ने र कथा सुनाउने 'दिव्यदृष्टि' प्राप्त भएको छ, नेपाली र अङ्ग्रेज सिपाहीहरूले लडाइँको मैदानबाट लेखेका चिठीपत्रबाट।

## चिठीपत्रको कुरा

सबभन्दा पहिला यिनै चिठीपत्रको कुरा गरौँ, जसका आधारमा मैनाली नेपाल-अङ्ग्रेज युद्धको कथा सुनाउन काबिल भए।

२०७६ पुस महिनाको कुरा हो। मैनाली एक अर्कै ऐतिहासिक विषयमा लेख लेख्न सन्दर्भ सामग्री खोज्दै राष्ट्रिय अभिलेखालय पुगेका थिए। त्यहाँ कम्प्युटर प्रिन्ट गरिएको एउटा क्याटलगमा उनको आँखा पऱ्यो, जसमा दुई सय वर्ष पुराना चिठीपत्रहरूको विवरण थियो।

ती सामान्य चिठीपत्र थिएनन् – ती थिए, विक्रम संवत् १८७१ देखि १८७२ सालसम्म त्यति बेलाको शक्तिशाली अङ्ग्रेज साम्राज्यसँग विभिन्न ठाउँमा युद्ध लडेका नेपाली सिपाहीहरूले युद्धभूमिबाटै लेखेका चिठीपत्र।

त्यो लडाइँ पनि सामान्य थिएन – त्यो थियो, नेपालले लडेको सबभन्दा ठूलो, सबभन्दा लामो र सबभन्दा धेरै ठाउँमा फैलिएको लडाइँ।

र, सबभन्दा ठूलो कुरा त लडाइँको परिणाम पनि सामान्य थिएन – त्यो थियो, सुगौली सन्धि जसले नेपालको भौगोलिक स्वरूपलाई झन्डै झन्डै आजको अवस्थामा खुम्च्याइदियो।

करिब डेढ वर्ष चलेको सुगौली सन्धि लडाइँको 'आँखो देखा हाल' थाहा पाइने चिठीपत्रको क्याटलग आँखासामुन्ने भेटेपछि मैनाली रोमाञ्चित भए।

ती चिठीपत्र पढ्ने हुटहुटीले मैनालीको पत्रकार मनलाई हुलुक्कै बनायो।

उनी जुन कामले अभिलेखालय पुगेका थिए, त्यसलाई थाती राखेर सुगौली सन्धि हुनुभन्दा अगाडिको नेपाल-अङ्ग्रेज युद्धसँग सम्बन्धित चिठीपत्र छानी छानी पढ्न थाले।

केही यस्ता चिठीपत्र पनि फेला पारे, जुन अहिलेसम्म सार्वजनिक गरिएका थिएनन्। त्यस्ता 'क्लासिफाइड' (गोप्य) दस्तावेज खोतल्न परराष्ट्र मन्त्रालयको अनुमति लिनुपर्थ्यो। घर लैजान वा फोटोकपी गर्न निषेध थियो।

मैनालीले परराष्ट्रबाट अनुमति लिए र दिनैभरि अभिलेखालयमा बसेर हातैले सारे। कुनै हुबहु सारे, कुनैको सङ्क्षिप्त टिपोट मात्र लिए।

यस क्रममा हजार पृष्ठभन्दा बढी चिठी सङ्कलन भयो, जुन पूर्व टिष्टादेखि पश्चिम सतलज नदीसम्म फैलिएको पन्ध्र सय किलोमिटर लामो भूभागका विभिन्न किल्लामा खटिएका सिपाहीहरूले लेखेका थिए। ती चिठी कुनै तत्कालीन राजा गिर्वाणयुद्ध विक्रम शाहलाई सम्बोधन गरिएको थियो भने कुनै मुख्तियार भीमसेन थापालाई सम्बोधन गरिएको थियो।

नेपाली सिपाहीहरूले लेखेका चिठीपत्रका अतिरिक्त त्यही युद्धमा होमिएका अङ्ग्रेज सिपाहीहरूले आफ्ना कमान्डर वा सैनिक मुख्यालयलाई पठाएका चिठी पनि मैनालीले खोजखाज पारे ।

यसरी एउटै युद्ध लडिरहेका दुइटा सेनाले पठाएका चिठीपत्र आपसमा भिडाएर हेर्दा सुगौली सन्धि लडाइँका दृश्य तरोताजा भएर आए।

लडाइँको यस्तो नालीबेली बन्यो, जुन यही रूपमा मैनालीले कहिल्यै पढेका वा सुनेका थिएनन्।

उदाहरणका लागि – नालापानी लडाइँको माथिको वर्णन तिनै चिठीपत्रमा आधारित छ। कर्णेल मबीले नालापानी किल्ला कहिले र कसरी हानियो, किल्ला हान्दा के–के भयो, किल्ला कब्जा गरेपछि भित्र के–के देखियो लगायत विवरण आफ्नो सैनिक मुख्यालयका प्रमुख प्रशासक लेफ्टिनेन्ट कर्णेल जीएच फागनलाई लेखेका चिठीमा बयान गरेका छन्। खासगरी १८७१ मंसिर १४, १५ र १७ गते लेखिएका चिठीमा माथिका विवरण उल्लिखित छन्।

त्यस्तै, कमान्डर रिपुमर्दन थापाले नालापानीबाट भीमसेन थापा र रणध्वज थापालाई लेखेका चिठीमा नेपाली फौजले ढुङ्गा, भाला र बाँसको भरमा कसरी अङ्ग्रेजको तोप सामना गर्‍यो र आखिरमा कसरी फौज छिन्नभिन्न भयो भनेर बेलीविस्तार लगाइएको छ।


दुईतर्फी चिठीपत्रको अध्ययनबाट दुई सय वर्ष पुरानो युद्धको तस्बिर सजीव भएपछि मैनालीले त्यसलाई किताबको रूप दिने निधो गरे, जुन **'मुकाम रणमैदान'** नामले केही दिनअघि प्रकाशित भएको छ।

यसै सन्दर्भमा म ऐतिहासिक किताब लेखन र नेपालको एक महत्त्वपूर्ण ऐतिहासिक युद्धकथा मैनालीकै मुखबाट सुन्न उनको घर पुगेको थिएँ।

मैनालीले मलाई नेपाल-अङ्ग्रेज रणमैदानको कथा त्यसरी नै सुनाए, जसरी कुरुक्षेत्रको कथा सञ्जयले धृतराष्ट्रलाई सुनाएका थिए।

हाम्रो कुराकानीको सिलसिला पनि महाभारतको जस्तै थियो।

त्यहाँ धृतराष्ट्रको प्रश्नमा सञ्जय कुरुक्षेत्रको झलक




देखाउँथे, यहाँ मेरो प्रश्नमा मैनाली रणमैदानको झलक देखाउँदै छन्।

प्रश्न जता जता मोडिन्छ, रणमैदानको दृश्य उतै उतै मोडिन्छ।

जस्तो –

नेपाल नराम्ररी पराजित भएको नालापानी किल्लाको किस्सापछि मैले मैनालीलाई लडाइँमा प्राण गुमाएका वा घाइते भएका सिपाहीको अवस्थाबारे सोधेको थिएँ।

जवाफमा आफूले फेला पारेका चिठीपत्रका आधारमा मैनालीले भने, 'कतिपय अवस्थामा वीरगति पाएका सिपाहीका परिवारलाई क्षतिपूर्तिबापत् जमिन दिने चलन रहेछ। त्यसलाई 'मरोट' भनिँदो रहेछ। कतिपय अवस्थामा चाहिँ पुरुष सन्तानलाई बालिग भएपछि सेनामा भर्ती लिएको पनि पाइयो। तर, यस्तै सुविधा सबै सिपाहीले पाउँथे कि पाउँथेनन्, त्यो चाहिँ यकिनसँग भन्न सकिन्न।'

उनी यो यस कारण पनि यकिनसँग भन्न सक्दैनन्, किनभने नेपालमा त्यति बेला र पछिसम्मै सैनिकलाई स्थायी नियुक्ति दिने चलन थिएन। जसको स्थायी नियुक्ति नै छैन,

उनीहरूको निम्ति क्षतिपूर्तिको स्थायी बन्दोबस्त हुने त सवालै आएन ।

मैनालीका अनुसार हरेक वर्ष एकवर्षे अस्थायी नियुक्ति दिएर सिपाही भर्ती गरिन्थ्यो । कति सिपाही त अस्थायी नियुक्तिसमेत नदिएर भाडामा झिकाइएका हुन्थे । त्यस्ता भाडाका सिपाहीलाई 'ढाक्र्या' भनिन्थ्यो । उनीहरू पछि कुनै बेला नियुक्ति पाइएला भन्ने आसमा पारिश्रमिकबिनै आफ्नो घरभन्दा टाढाका गढी, गौँडामा बसेर लडाइँमा सामेल हुन्थे ।

नियुक्ति लगायत सेनाभित्र भएको चरम अन्यायको कुरा उठाउँदै १८९९ सालमा पाल्पाका सैनिकहरूले विद्रोह गरेको प्रसङ्ग पनि मैनालीले किताबमा उल्लेख गरेका छन् । उक्त विद्रोह भएको करिब सय वर्षपछि १९८९ सालमा आएर मात्र सेनामा स्थायी भर्ती गर्ने परम्परा सुरू भएको थियो ।

घाइतेहरूको व्यवस्थापनबारे भने मैनालीले नालापानीकै उदाहरण दिए ।

जब कर्णेल मबी नालापानी किल्ला फतह गरेर भित्र छिरे, त्यहाँ थुप्रै घाइते सिपाहीहरू रहेको प्रसङ्ग हामीले माथि उल्लेख गरिसकेका छौँ । तीमध्ये जो जो हिँड्न सक्ने अवस्थामा थिए, तिनलाई कर्णेल मबीले किल्ला छाडेर जाने अनुमति दिँदै मानवता देखाए ।

मबीले भनेका थिए, 'यिनीहरूले आफ्नो किल्लामा ढलेका हाम्रा सिपाहीप्रति राम्रो व्यवहार गरेका थिए । त्यसैले यिनीहरूप्रति आदरभाव देखाउनु मेरो धर्म हो ।'

त्यही किल्लामा हिँड्न नसक्ने अवस्थाका घाइते पनि धेरै थिए, जसलाई अङ्ग्रेज फौजले नै ओखतीमुलो गरेको मैनाली बताउँछन् ।

उदाहरणका लागि –

दयाराम खड्का भन्ने सिपाही तिघ्रामा गोली लागेर किल्लाभित्रै ढलेका थिए । उनी हिँड्न सक्दैनथे । उनलाई अङ्ग्रेज सिपाहीहरूले वैद्यकहाँ लगेर उपचार गराएको प्रसङ्ग एउटा चिठीमा भेटिएको छ ।

यति मात्र होइन, पछि नेपाली सेनाले 'हाम्रा घाइतेहरू फर्काइदिन्' भन्दा अङ्ग्रेजहरूले 'घाइतेको उपचार हामी आफै गर्छौं' भनेको अर्को चिठीबाट खुलेको छ ।

'उपचारपछि ती सिपाहीलाई के गरियो त ?' मैले सोधेँ, 'के तिनलाई आफ्नो सेनामा सामेल हुन फिर्ता पठाइयो ?'

'अहँ पठाइएन,' मैनालीले भने, 'उनीहरूलाई उपचारपछि अङ्ग्रेजहरूले नालापानी किल्लाभन्दा दक्षिणमा रहेको आफ्नो युद्धबन्दी शिविरमा लगेर राखेको देखिन्छ ।'

'ओहो, युद्धबन्दी शिविरमा लगेको भनेपछि त त्यहाँ यातना पनि दिइन्थ्यो होला है !'

'त्यस्तो यातना दिएको प्रसङ्ग त मैले भेटिनँ,' उनले भने, 'बरू युद्धबन्दीहरूलाई राम्रो व्यवहार गरिएको छ भन्ने सन्देश नेपाली सेनासम्म पुगोस् भनेर अङ्ग्रेजहरूले चाहेको देखिन्छ । लडाइँमा हारेका नेपाली सिपाहीहरू आफूसँग मिल्न आउलान् कि भनेर रणनीतिक रूपमा यसो गरिएको हुनसक्छ ।'

'लडाइँकै बिचमा कोही उता मिल्न पनि गएका थिए र ?'

'किन नजानू !' मैनालीले भने, 'घाइते सिपाहीहरू धेरैलाई अङ्ग्रेजले आफ्नै फौजमा भर्ती गराएका थिए ।'

'हो र !'

मेरो आश्चर्यको जवाफमा मैनालीले बूढाकाजी अमरसिंह थापासँग अङ्ग्रेजहरूले गरेको सन्धिको प्रसङ्ग सुनाए ।

## अमरसिंह थापाले अङ्ग्रेजसँग कसरी लडे

त्यो सन्धिको कुरा गर्नुभन्दा अगाडि हामी अमरसिंह थापाले अङ्ग्रेजसँग कसरी लडे, त्यो दृश्य हेरिहालौँ है ।

स्कुलका पाठ्यक्रमदेखि नै 'वीर योद्धा' भनेर नाम सुन्दै आएको अमरसिंह थापा कसरी अङ्ग्रेजहरूसँग सन्धि गर्नुपर्ने अवस्थामा पुगेछन् त ?

अमरसिंह थापाको कथा नालापानीको हारबाट सुरू हुन्छ ।

जसै अङ्ग्रेजहरूले नालापानी र वरपरका साना–ठुला किल्ला कब्जा गरे, त्यसपछि तत्कालीन नेपालको सुदूर पश्चिम मोहडामा रहेको नेपाली फौजसँग बाँकी मुलुकको सम्पर्क टुट्दै गयो ।

त्यसै क्रममा अङ्ग्रेजसँग लडाइँ सुरू भएको छ महिनापछि १८७२ वैशाख १७ गते (सन् १८१५ अप्रिल २७) कुमाउँमा पनि नेपाली फौज पराजित भयो । कुमाउँका चौतरिया बम शाहको एकै अनुरोधमा गढवालका नेपाली भारदार कम्पनीले आफ्नो भूभाग अङ्ग्रेजलाई सुम्पिदिएको मैनालीले किताबमा उल्लेख गरेका छन् ।

यसले नेपालका लागि जटिल अवस्था सिर्जना भयो । तपाईँहरूले पूर्वमा टिष्टादेखि पश्चिममा सतलज नदीसम्म फैलिएको 'ग्रेटर' नेपालको नक्सा त देख्नुभएकै होला । हो, त्यही नक्सामा महाकालीदेखि गढवालसम्मको जुन भूभाग नेपालको सीमाभित्र देखिन्छ, छ महिनाको लडाइँपछि त्यो भूभाग अङ्ग्रेजहरूको कब्जामा पुग्यो ।

यसले नेपाल दुई खण्डमा बाँडियो – पूर्वमा टिष्टादेखि पश्चिममा महाकालीसम्म एउटा खण्ड र गढवालदेखि

सतलजसम्म अर्को खण्ड ।

नेपालको राजधानी रहेको भूभाग र सुदूर पश्चिममा बूढाकाजी अमरसिंह थापाको अधीनमा रहेको भूभागबीच आवतजावत र चिठीपत्र बन्द भयो। यसका लागि या त उनीहरूले भोटको बाटो प्रयोग गर्नुपर्थ्यो, या अङ्ग्रेजले कब्जा गरेको भूभाग। दुवै बाटो गोप्य सूचना आदानप्रदानका लागि सुरक्षित थिएनन्।

यसबिच बूढाकाजी अमरसिंह थापा देशको पश्चिम मोहडाको मलाऊँ डाँडामा डेभिड अक्टरलोनी नेतृत्वको अङ्ग्रेज फौजसँग कात्तिक महिनादेखि नै लगातार भिडेका भिड्यै थिए। कुमाऊँ गुमेर नेपालसँग सम्पर्क बिच्छेद भएपछि भने उनी समस्यामा परे।

अमरसिंहलाई मद्दत गर्न काठमाडौँबाट पठाइएको फौज सुदूर पश्चिमको किल्लासम्म पुग्नै पाएन, कुमाऊँमै अड्कियो। अमरसिंहले काठमाडौँ पठाएका चिठीपत्र पनि अङ्ग्रेजहरूले सजिलै खोस्न थाले। ती चिठीबाट अङ्ग्रेजहरूले नेपाली फौजले भोगिरहेका समस्या थाहा पाए र झनै हौसिए।

त्यसपछि मलाऊँ किल्ला कब्जा गर्न अक्टरलोनीले हात्तीमा बोकाएर ठूल्ठूला तोप डाँडामा उकाले।

यसो गर्दा भाग्ने ठाउँ नपाएर अमरसिंह आत्मसमर्पण गर्न बाध्य हुनुपर्छ भन्ने अङ्ग्रेजहरूको आस थियो।

आखिरमा भयो पनि त्यस्तै।

१८७२ वैशाख २८ गते बिहान अमरसिंह थापाले अक्टरलोनीलाई चिठी पठाएर उनको चाहना के छ भनेर सोधे।

लडाइँमा माथि पर्दै गएका अक्टरलोनी किन आफ्नो चाहना बताउँथे र !

उनले उल्टै अमरसिंहसँग उनको चाहना सोधे।

अमरसिंहले जवाफ दिएनन्।

जवाफ नपाएपछि अङ्ग्रेजहरूले नेपाली सेनालाई चारैतिरबाट च्याप्दै लगे। मलाऊँ किल्लाको छेउमा तोपहरू खडा गरे र दिनभरि गोला बर्साइरहे।

अविराम गोलाबारीले नेपाली फौज हायलकायल भयो।

भोलिपल्ट बिहानै अमरसिंहका छोरा किल्लाबाहिर आए र आफूहरू वार्ता गर्न तयार भएको बताए।

वार्ता सुरू भएसँगै अङ्ग्रेजले युद्धविराम गर्‍यो। तर नाकाबन्दी कायम राख्यो।

त्यसको केही दिनपछि जेठ ४ गते अमरसिंह थापा र अक्टरलोनीबिच सन्धि भयो, जसअनुसार नेपाली फौजले आफ्ना हातहतियार र निजी सम्पत्तिसहित किल्ला छाडेर जान पाउने भयो।

उनीहरूलाई आफूले रोजेको बाटो हुँदै महाकालीपूर्वको नेपाली भूभागमा जाने अनुमति पनि अङ्ग्रेजहरूले दिए।

अमरसिंह थापाको यो पराजयसँगै महाकालीपारिका सबै भूभाग नेपालको कब्जाबाट गुम्यो।

हामीले अहिले देख्ने 'ग्रेटर' नेपालको नक्सामा सुदूर पश्चिमी खण्डबाट नेपालले आफ्नो अधीन गुमाएको त्यही बेला हो। महाकालीपारिका सबै जमिन गुम्दा नेपालले बर्सेनि १६ लाख ६५ हजार रुपैयाँ बराबरको आम्दानी हुने ठाउँ पनि गुमाएको मैनालीले किताबमा लेखेका छन्।

अमरसिंह थापा र अक्टरलोनीबिच भएको त्यही सन्धिमा पराजित र घाइते नेपाली सिपाहीहरूलाई अङ्ग्रेज फौजमा भर्ती गराउन सकिने बुँदा पनि परेको छ।

मैनालीका अनुसार कतिपय नेपाली सिपाही युद्धकै बिच आत्मसमर्पण गरेर अङ्ग्रेजसँग मिसिएका थिए। यताबाट खाद्यान्न र अरू सहयोग नपुगेको, कुनै हालतमा लडाइँ जित्ने अवस्था नरहेको र किल्लामै बसिरहे ज्यान जान सक्ने देखेर हतास हुँदै अङ्ग्रेजसँग मिल्न गएका घटना पनि छन्।

यसरी घाइते भएर वा आत्मसमर्पण गरेर अङ्ग्रेज सेनामा भर्ती भएका नेपालीहरूलाई 'नसिरी' पल्टन वा 'मित्र' पल्टन भनेर भनिएको छ।

'त्यस्ता नेपाली सिपाहीलाई युद्धमा पनि खटाइन्थ्यो कि बन्दोबस्तीका काममा मात्र लगाइन्थ्यो ?'

मेरो यो प्रश्नमा मैनालीले भने, 'मैले पाएका केही चिठीपत्रबाट उनीहरूलाई बकाइदा लडाइँमै सामेल गराइएको पाइन्छ। त्यो पनि अरूसँग लड्न होइन, नेपालीहरूसँगै लड्न नेपालीहरूलाई नै प्रयोग गरिएको छ। यताबाट लड्ने पनि नेपाली, उताबाट लड्ने पनि नेपाली।'

उदाहरणका लागि –

लोहार भञ्ज्याङ (दोस्रो देउथल) को भूभागमा कब्जा जमाउँदा अङ्ग्रेज फौजबाट लड्ने सिपाहीहरूमा तीन सय जना 'नसिरी' पल्टनका सिपाही पनि थिए।

'यसरी आफ्नै देशसँग भिडाउँदा विद्रोहको डर भएनछ ?'

'त्यस्तो डराएको त देखिँदैन,' मैनालीले भने, 'सायद त्यसरी अङ्ग्रेज तर्फबाट लड्ने नेपाली सिपाहीको सङ्ख्या सानो भएकाले पनि उनीहरूले डराउनुपर्ने अवस्था देखेनन् होला ! भोलि यिनीहरूले विद्रोह गरिहाले वा लडाइँमा असर पर्ने गरी धोका दिन खोजे हामी सजिलै दबाउन सक्छौँ भन्ने पनि अङ्ग्रेजहरूले ठाने कि !'

आफ्नो समूहमा भर्ती भएका नेपाली सिपाहीहरूकै मद्दतबाट एक नेपाली अफिसरको लास पहिचान गर्न मद्दत मिलेको दृष्टान्त पनि मैनालीले भेटेका छन्।

त्यो लास १८७२ वैशाख ६ गते मलाऊँको लोहार

भञ्ज्याङ लडाइँमा ज्यान गुमाएका भक्ति थापाको थियो ।

लोहार भञ्ज्याङको लडाइँ हुनुअघि अमरसिंह थापा र भक्ति थापा दुवै सुरजगढमा थिए । अक्टरलोनीले डाँडातिर फौज पठाएको थाहा पाएपछि भक्ति थापा पश्चिम मोहडाबाट र अमरसिंह थापा पूर्वी मोहडाबाट लोहार भञ्ज्याङतिर बढे ।

यसबिच वैशाख ५ गते नै नसिरी पल्टनसमेतको मद्दतले अङ्ग्रेज फौजले लोहार भञ्ज्याङको भूभागमा कब्जा जमाइसकेको थियो । उनीहरू त्यहाँ आफ्नो किल्ला मजबुत बनाएर बसेका थिए ।

त्यही रात बूढाकाजी अमरसिंह थापा र भक्ति थापा नेतृत्वको दुइटा फौजले दुईतिरबाट उकालो चढेर अङ्ग्रेजमाथि हमला गर्ने निधो गरे ।

भोलिपल्ट वैशाख ६ गते भक्ति थापा नेतृत्वको नेपाली फौज लोहार भञ्ज्याङ पुग्यो र अङ्ग्रेजका पोस्टहरूमा धावा बोल्यो । बूढाकाजी अमरसिंह थापाको फौज भने बन्दुकको निशाना लाग्न सक्ने दुरीमा बसेर आफ्नो फौजलाई हौस्याइरह्यो ।

लोहार भञ्ज्याङको त्यो लडाइँलाई अक्टरलोनीले 'आफ्नो फौजले अहिलेसम्म झेल्नुपरेको सबभन्दा साहसिक र बलशाली हमला' भनेका थिए ।

दुई घन्टासम्म चलेको उक्त लडाइँमा दुई हजार जना नेपाली सिपाही मारिएको अङ्ग्रेजहरूले अनुमान गरेका छन् । अङ्ग्रेजतर्फ भने ६३ जना मारिएका थिए ।

'त्यही रणभूमिमा एक जना नेपाली अफिसरको लास फेला परेछ । हुलिया हेर्दा उनी फौजका सरदार नै हुन् भन्ने अन्दाज भए पनि को हुन् भन्ने चाहिँ अङ्ग्रेजहरूले चिनेनछन्,' मैनालीले भने, 'त्यसैले लास पहिचान गर्न लोहार भञ्ज्याङको अङ्ग्रेज क्याम्पमै ल्याइएछ ।'

क्याम्पमा रहेको नसिरी पल्टन अर्थात् नेपाली सिपाहीहरूले नै त्यो लास भक्ति थापाको हो भनेर पहिचान गरेका थिए ।

त्यसपछि अक्टरलोनीले भक्ति थापाको शवलाई सम्मानका साथ कपडामा बेरेर नेपाली फौजको जिम्मा लगाइदिए ।

मैनालीले बलभद्र कुँवर, अमरसिंह थापा र भक्ति थापाले लडेको लडाइँको झलक देखाएपछि मैले उनलाई सोधेँ, 'डेढ वर्षको भीषण लडाइँ सुगौली सन्धिसम्म कसरी पुग्यो त ? के अङ्ग्रेजले चाहेका भए सिंगै नेपाल कब्जा गर्न सक्थे ?'

जवाफमा उनले भने, 'सायद अङ्ग्रेजले त्यो लडाइँ नेपाल कब्जा गर्न लडेकै थिएन ।'

'त्यसो भए के उद्देश्य थियो त अङ्ग्रेजको ?'

'पृथ्वीनारायण शाहको राज्य विस्तार अभियानपछि नै नेपालले आफ्नो भूभाग द्रुत गतिमा फैलाइरहेको थियो । नेपाली फौजले पूर्वमा टिष्टादेखि पश्चिममा काँगडा र सतलज नदीसम्मको भूभाग आफ्नो कब्जामा लिइसकेको थियो । नेपालको यो तीव्र विस्तार त्यति बेलाको शक्तिशाली अङ्ग्रेज साम्राज्यलाई सह्य भएन । उनीहरू नेपाललाई पाठ पढाउन, नेपालको भूभाग खुम्च्याउन र नेपाललाई आफूविरूद्ध कहिल्यै उठ्न नसक्ने गरी होच्याउन चाहन्थे । नेपालको फैलिँदो भूगोल खुम्च्याएर एसियामा आफ्नो शान र मान उच्च राख्ने अङ्ग्रेजहरूको मनसाय थियो । त्यसैले महाकालीपारिको भूभागमा नेपाललाई पराजित गरेपछि उनीहरू सकेसम्म चाँडो सन्धि गर्न चाहन्थे ।'

'नेपाली सिपाहीको लडाकू स्वभाव देखेर अङ्ग्रेजलाई के पनि लागेको हुन सक्छ भने – यिनीहरूलाई लडाइँमा हराए पनि लामो समय कब्जामा राख्न सकिँदैन । भोलि कुनै बेला विद्रोह गर्न सक्छन् । हामीले पटकपटक लडेर बसिरहनुपर्छ । त्योभन्दा बरू सन्धि गरेर दौत्य सम्बन्ध कायम गर्नु नै हाम्रो हितमा हुनेछ,' मैनालीले अगाडि भने, 'खासगरी अङ्ग्रेजलाई टिष्टादेखि काँगडासम्म फैलिएको ठुलो छिमेकी शक्ति मन नपरेको हो । त्यसलाई सानो भूगोलमा खुम्च्याउन सकियो भने नेपालीहरूको दम्भ झर्छ र फेरि फेरि हामीसँग लड्ने आँट गर्दैनन् भन्ने अङ्ग्रेजहरूले सोचेका हुन सक्छन् ।'

यति मात्र होइन, लडाइँले उत्पन्न गरेको आर्थिक भारबाट पनि अङ्ग्रेजहरू थिचिएका थिए ।

'उनीहरूले यो लडाइँ लड्न ठुलो रकम ऋण लिएका थिए । लडाइँमा त्यति बेलासम्म ३० लाख ९३ हजार सोना रुपैयाँ खर्च भइसकेको थियो । प्रत्येक महिना ७ लाख ८४ हजार रुपैयाँ खर्च हुन्थ्यो । थप लडाइँ लड्न २० हजारभन्दा बढी सैनिक र हातहतियार थप्नुपर्थ्यो । यसो गर्दा खर्च अझ बढ्थ्यो,' मैनालीले भने ।

अर्कातिर, लामो समय चलेको लडाइँले नेपाली पक्ष पनि कमजोर हुँदै गएको थियो । खासगरी कोसीपूर्वको भूभाग सजिलै अङ्ग्रेजको कब्जामा गएपछि र मध्य नेपालको मकवानपुर गढीसमेत गुमेपछि नेपालीहरू हच्किएका थिए ।

हुन पनि मकवानपुर जितेपछि त्यहाँबाट काठमाडौँ उपत्यका छिर्न अङ्ग्रेज फौजलाई कत्ति पनि समय लाग्ने थिएन । अङ्ग्रेजहरू काठमाडौँ छिरे भने पूरै राज्य गुम्ने खतरा थियो ।

त्यति बेला काठमाडौँमा खासै धेरै सैनिक थिएनन् । देशभरिका विभिन्न ठाउँमा लडिरहेका सैनिकहरू या त घाइते थिए, या थाकेका थिए । त्यो अवस्थामा अङ्ग्रेज सेना मकवानपुरबाट उकालो लाग्यो भने उनीहरूलाई काठमाडौँ

छिर्नबाट कसैगरी रोक्न सकिँदैन भन्ने राजा गिर्वाणयुद्ध विक्रम शाहको आकलन हुन सक्छ।

यसबिच नेपालले अङ्ग्रेजसँग भिड्न आफ्नो उत्तरी छिमेकी चीनसँग पटकपटक सहयोग मागेको थियो। राजा गिर्वाणयुद्धले नै धेरैचोटि चिनियाँ बादशाहलाई पत्राचार गरेका थिए। त्यस्तो पत्राचार तिब्बतको ल्हासामा रहेका चिनियाँ प्रतिनिधिमार्फत् हुन्थ्यो।

एउटा पत्रमा गिर्वाणयुद्धले भनेका छन्, 'हाम्रा सिपाही त धेरै छन्, तर दौलत-धन नभई कसो गरी लडाइँ गरूँ ? चीन बादशाहका हजुरमा बिन्ती गरी दौलत बक्साई दिनुभया सिपाहीहरूले दिल लगाई लडाइँमा अङ्ग्रेजलाई हराउने थियौँ।'

चिनियाँ बादशाहले भने नेपाललाई निराश बनाए।

उनले नेपालको लडाइँमा आर्थिक, फौजी वा अन्य कुनै किसिमको सहयोग हुँदैन भनेर हरेकचोटिको पत्राचारमा किटेरै भनेका थिए।

त्यसै क्रममा चिनियाँ बादशाह तर्फबाट काठमाडौँ पठाइएको एउटा पत्रमा भनिएको छ, 'दस हजार मुलुक चीन बादशाहका शरणमा छन्। उनले सबैलाई बरोबर गरी दया गर्ने गरेका छन्। ती मुलुकबिच लडाइँ पर्‍यो भने निसाफ गरी दिन्छन्, कसैको पक्ष लिँदैनन्।'

त्यही पत्रमा अगाडि भनिएको छ, 'अघि मल्ल राजाहरू पनि चीन बादशाहका शरणमा बसेका थिए। उनीहरूको राज्य तिमीले बल गरेर लियौ। ती देश नेवारहरूलाई थामिदिनू भनी बादशाहले तिमीलाई भनेका छैनन्। जुम्लाको आधा भाग पनि तिमीले बल गरी लियौ। जुम्लाले बादशाहका हजुरमा बिन्ती गरी बादशाहले तिमीलाई 'पुरानै साँध थामिदिनू' भनेका खण्डमा तिमी कहाँसम्म बसौला ?'

यसरी आन्तरिक रूपमा आफू कमजोर हुँदै गएको र उत्तरबाट चिनियाँ सहयोग पाउन नसकेको अवस्थामा राजा गिर्वाणयुद्धले सुलहको प्रयास थालेका थिए।

उनले भारतको बेतियामा रहेका वकिल चन्द्रशेखर उपाध्यायलाई युद्ध रोक्नेबारे अङ्ग्रेजको विचार के छ भनी बुझ्न लगाएका थिए।

खबर पाउनासाथ अङ्ग्रेजले आफ्नो सर्त पठायो।

लडाइँभन्दा पहिले विवादित जग्गा अङ्ग्रेजलाई छाड्नुपर्ने, पहाडका मानिस अङ्ग्रेजसँग मिलेबापत् उनीहरूलाई दिइएको सुविधा नेपालले पनि दिनुपर्ने, कम्पनीको फौज पुगेजति भूभाग छाड्नुपर्ने, सबै मैदानी भूभाग अङ्ग्रेजलाई सुम्पनुपर्ने सर्त प्रमुख थिए।

लडाइँ लड्दा अङ्ग्रेजको जति खर्च लागेको छ, त्यति रकम नेपालले किस्ताबन्दीमा तिर्नुपर्ने र यस्तो किस्ता नतिरेसम्म अङ्ग्रेजले छानेका राजा र भीमसेन थापाको परिवारका सदस्यलाई बन्धकीस्वरूप बुझाउनुपर्ने सर्त पनि राखिएको थियो।

राजा गिर्वाणयुद्ध कतिसम्म हतास थिए भने, उनले बुटवल, पाल्पा, स्युराजका टप्पा र बाराको विवादित जमिनसमेत छाडेर मिलाप गर्नमा जोड दिए, मैनालीले किताबमा लेखेका छन्, 'यति छाड्दा पनि मिलाप भएन भने जम्मै तराई, दून र कछारसमेत छाड्न राजा राजी भए। यतिमा पनि कुरा नमिले अङ्ग्रेजले पहाडको भाग पनि चाहिन्छ भनेका खण्डमा देहरादूनदेखि सतलज नदीसम्मको जमिन छाडिदिए हुने विचार राजाले व्यक्त गरेका थिए।'

धेरैचोटिको पत्राचार र धेरै चरणको छलफलपछि १८७२ मंसिर १९ गते नेपाल र अङ्ग्रेजबिच सन्धि भयो।

सुगौली भन्ने ठाउँमा दुवै पक्षले हस्ताक्षर गरेको यो सन्धि 'सुगौली सन्धि' का रूपमा चर्चित छ।

यही सन्धिअनुसार नेपाली फौज महाकालीपश्चिम र मेचीपूर्वका सम्पूर्ण भूभाग, बुटवल बजारबाहेक महाकालीदेखि नारायणी नदीसम्मको मैदानी भूभाग र नारायणीदेखि कोसीसम्म अङ्ग्रेजको अधीनमा भइसकेका वा हुने क्रममा रहेका सबै मैदानी भूभागबाट हट्नुपर्ने भयो।

त्यस्तै, नेपाल र सिक्किमबिच विवाद भए अङ्ग्रेजको निर्णय नेपालले मान्नुपर्ने भयो।

अङ्ग्रेजको अनुमतिबिना नेपालले अङ्ग्रेज, युरोपेली र अमेरिकी नागरिकलाई काममा लगाउन नपाउने भयो।

दुई देशमा एकअर्काका राजदूत पनि रहने भए।

उक्त सन्धिलाई नेपालका राजा र अङ्ग्रेज गभर्नरले लालमोहर लगाएर अनुमोदन गर्नुपर्ने थियो। यसका लागि १५ दिन समय तोकिएको थियो। तर अमरसिंह थापालगायतको विरोधका कारण नेपालले समयमा सन्धि अनुमोदन गर्न सकेन।

त्यति बेलाका केही चिठीपत्रअनुसार अमरसिंहलगायत केही नेपाली सैनिकहरू 'हार मान्नुहुँदैन, जसरी भए पनि लड्नुपर्छ' भन्ने पक्षमा थिए।

मैनालीले अमरसिंहले लेखेको एउटा पत्र उद्धृत गरे, जसमा भनिएको छ, 'सन्धि गरेर दिएको जमिन फिर्ता लिन गाह्रो पर्छ, उसले युद्धमा खोसेको हो भने फिर्ता लिन सकिन्छ।'

नेपालले तीन महिनापछि १८७२ फागुन २५ गते (सन् १८१६ मार्च ५) बिहान मात्र लालमोहर लागेको सन्धि अक्टरलोनीलाई बुझाएको थियो।

यसरी नालापानीबाट सुरू भएर सुगौली सन्धिमा टुङ्गिएको डेढ वर्ष लामो लडाइँले नेपालको भौगोलिक स्वरूप नै फेरियो। हामीले 'ग्रेटर' नेपालको नक्सामा देख्ने भूभागको

झन्डै दुईतिहाइ हिस्सा नेपालले गुमायो ।

लडाइँ रोकिएको करिब एक वर्षपछि अङ्ग्रेजले नेपालबाट लिएको कोसीदेखि राप्तीसम्मको मैदानी भूभाग नेपाललाई नै फिर्ता दिएको थियो ।

त्योभन्दा पछि सन् १८५७ मा ब्रिटिस इन्डियाविरूद्ध भएको सिपाही विद्रोह दबाउन जंगबहादुर राणाले सैन्य सहयोग पठाएबापत् अङ्ग्रेजले अनुग्रहित भएर महाकाली र राप्तीबिचको मैदानी भूभाग पनि नेपाललाई फिर्ता गर्‍यो । यसमा अहिलेका बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्ला पर्छन्, जसलाई 'नयाँ मुलुक' पनि भनिन्छ ।

सुगौली सन्धिअनुरूप नै काठमाडौँमा बेलायती आवासीय प्रतिनिधिको निवास र कार्यालय राख्न लैनचौरको जग्गा खाली गरिएको मैनालीको किताबमा छ ।

किताबको आखिरीमा मैनालीले लडाइँपछि नेपाली सिपाहीहरूले भोग्नुपरेको नियति वर्णन गरेका छन् ।

उदाहरणका लागि –

नालापानी मोर्चामा हार भोगेका कप्तान बलभद्र कुँवर त्यसपछि भारतको पञ्जाबका राजा रणजित सिंहको सेनामा भर्ती भएका थिए । उनले रणजित सिंहकै तर्फबाट अफगानीहरूसँग लड्दा लड्दै ज्यान दिए ।

त्यति बेला पञ्जाब र अफगानिस्तानबिच लडाइँ हुँदा बलभद्र पेशावरको नौशेरा (हाल पाकिस्तान) मा खटिएका थिए । यही लडाइँ क्रममा १८७९ चैत ३ गते बलभद्रको मृत्यु भएको थियो । उनीसँगै ५० जना गोर्खाली सिपाही मारिएका थिए ।

बलभद्र कुँवरले लाहुरबाट आफ्ना जेठा दाजु वीरभद्र कुँवरलाई लेखेको चिठी किताबमा परेको छ । उनले चिठीमा 'बिरानो मुलुकको चाकरी गर्नुपरेकोमा' दुःखमनाउ गरेका छन् ।

यही लडाइँमा होमिएका नेपाली सिपाहीहरूले अफगानिस्तानबाट भीमसेन थापालाई लेखेका अरू केही चिठी पनि किताबमा समावेश छन् ।

उनीहरू लेख्छन्, 'हामी भागीनासी भएकाले मालिकको नाउँ बदनाम भयो होला । एकपटक हामीलाई दया कसो नहोला भनी बस्याका छौँ । यो शरीर मालिकको नुनपानीले जम्याको छ । दुई दिन चर्न कहीँ गया पनि मुलुक घर हाम्रो ताहीँ छ, परन्तु आउनु ताहीँ छ । जहाँसुकै गया पनि नुनको सोझो ताहीँको गर्नुछ । तिमीहरूले यो काम गर्नुपर्छ भन्ने हुकुम जुन बेला आउला, सो काममा हामी हाजिर हुन्छौँ ।'

नेपाल–अङ्ग्रेज रणमैदानका केही महत्त्वपूर्ण घटनाको झलक पाएपछि हामीले मोहन मैनालीसँग ऐतिहासिक किताब लेखनको अनुभवबारे कुरा गर्‍यौँ ।

यो मैनालीको चौथो किताब हो । यसअघि उनले *'उपल्लो थलो', 'मान्ठ डराएको जुग', 'देखेको देश'* र *'आकाशमुखी'* जस्ता निबन्ध कृति लेखेका थिए । उनको *'जोगीमाराका ज्यूँदाहरू'* नामक वृत्तचित्र पनि चर्चित छ ।

हामीले उनलाई सोध्यौँ–धेरै इतिहासकारले यो लडाइँको वर्णन गरिसकेका छन् । विदेशीहरूले पनि यसबारे थुप्रै किताब लेखेका छन् । तपाइँले किन यही विषय छान्नुभयो ?

जवाफमा मैनालीले भने, 'सुगौली सन्धिपूर्वको नेपाल–अङ्ग्रेज लडाइँको पूर्ण विवरण दिने किताब नेपाली सन्दर्भमा लेखिएको छैन । अहिलेसम्म खण्डित इतिहास मात्र लेखिएको छ । मैले यसबारे इतिहासकार महेशराज पन्तसँग कुरा गर्दा उहाँले पनि 'खण्डित इतिहासमात्र लेखियो' भनेर भन्नुभएको थियो । कसैले भक्ति थापाका बारेमा लेखे, कसैले अमरसिंह थापा त कसैले बलभद्र कुँवरका बारेमा लेखे । विशुद्ध युद्धका बारेमा कसैले लेखेनन् ।'

'यस्तो खण्डित इतिहासले युद्धको पूर्ण चित्र दिँदैन । हामीले नालापानी लडाइँबारे थाहा पाउन त्यति बेला पाल्पामा खटिएका सैनिकहरूले के सोचेका रहेछन् भन्ने पनि बुझ्नुपर्छ । अर्को ठाउँको कमान्डरको मनोदशा बुझेपछि बल्ल पूर्ण चित्र सामुन्ने आउँछ,' मैनालीले अगाडि भने, 'मैले लडाइँका क्रममा लेखिएका चिठीपत्र भेटेसम्म अध्ययन गरेर यो किताब लेखेको हुँ । त्यसैले यसमा पूर्वदेखि पश्चिमसम्मका विभिन्न किल्लामा खटिएका नेपाली सिपाहीहरूको मनोदशा प्रस्ट झल्किएको छ भन्ने मलाई लाग्छ ।'

दोस्रो, विगतमा लेखिएका इतिहास सिपाहीका चिठीपत्रमा आधारित थिएनन् । त्यसमा आंशिक रूपमा भए पनि लेखकको कल्पना मिसिएको थियो र आजको आग्रह वा पूर्वाग्रहले त्यति बेलाको घटना मूल्याङ्कन गरिएको थियो भन्ने मैनालीलाई लाग्छ ।

'कल्पना र आग्रह–पूर्वाग्रह मिसिएको इतिहासले सत्य बोल्दैन,' उनले भने, 'मैले युद्धभूमिबाट सिपाहीहरूले लेखेका चिठीपत्रका आधारमा त्यो लडाइँलाई फर्केर हेरेको छु र जे जे घटना जसरी भएको थियो, त्यसरी नै चित्रण गरेको छु ।'

तेस्रो कुरा, लडाइँको कथा एक समूहको वृत्तान्तले मात्र पूर्ण हुँदैन । अङ्ग्रेजहरूले जे–जति किताब लेखे, ती सबै अङ्ग्रेज सिपाहीहरूको अनुभवका आधारमा लेखियो । त्यसमा उनीहरूले आफ्नो दृष्टिकोण लेखे । घटनालाई आफ्नो आँखाबाट मात्र हेरे । उनीहरूले नेपाली पक्षको कुरा लेखेनन् ।

'दुई पक्ष भिड्ने लडाइँमा एउटा पक्षको मात्र वर्णनलाई हामीले कसरी पूर्ण मान्ने ? त्यसले त आधामात्र लडाइँ चित्रण गर्ने भयो,' उनले भने, 'मैले किताबमा दुवै पक्षको कुरा उतारेको छु । नेपालीहरूले कसरी लडे र अङ्ग्रेजहरूले

कसरी लडे ? नेपालीहरूको विवरण के थियो र अङ्ग्रेजहरूको विवरण के थियो ? दुवैलाई जस्ताको तस्तै उतारेको छु । र, दुवै पक्षको दृष्टिकोण बुझ्ने प्रयास गरेको छु ।'

'अङ्ग्रेजहरूले अहिलेसम्म लेखेका किताबहरूले नछोएको पाटो मैले छोएको छु,' मैनालीले भने ।

हामीले उनलाई यो पनि सोधेका थियौँ – सिपाहीले लेखेका चिठीपत्र पढ्दै जाँदा तपाईँले व्यक्तिगत रूपमा त्यो लडाईँलाई कसरी हेर्नुभयो त ?

मैनालीले नालापानी किल्लाबाट लेखिएको चिठीपत्र पढ्दा आफू व्यक्तिगत रूपमा निकै बिथोलिएको बताए ।

'नालापानीको अन्तिम लडाइँ साह्रै हृदयविदारक देखिन्छ,' उनले भने, 'त्यो युद्धमा नेपालीहरूले भाला, ढुङ्गा, बाँसजस्ता सामान्य हतियारले नै अङ्ग्रेजहरूको तोपसँग सामना गरेका थिए । यसका बाबजुद अङ्ग्रेजतर्फ ठुलो क्षति गराउन सफल भए । नालापानी किल्लामा नेपालीहरू जसरी मारिएको वर्णन चिठीपत्रमा पाइयो, त्यो पढ्दा हृदय चिराचिरा हुन्छ ।'

उनले यो पनि भने, 'अङ्ग्रेजहरूले विगतमा अन्य लडाइँको वर्णन गर्दा नेपालीहरूलाई 'बर्बर' भनेका छन् । तर यो लडाइँमा त्यस्तो बर्बरता मैले दुवैतर्फ देखिनँ । दुवै तर्फको फौजले एकअर्काका घाइते सिपाहीलाई राम्रो व्यवहार गरेका छन् । सिपाहीका शव स–सम्मान फिर्ता गरेका छन् । घाइतेहरूको पनि ओखतीमुलो गरेका छन् । यसबाट लडाइँको मैदानमा पनि मानवीय व्यवहार गरिएको देखिन्छ ।'

यति हुँदाहुँदै १८७२ वैशाख २२ गते नेपाली कमान्डर कीर्ति रानालाई बन्दी बनाइएपछि 'मारौँ कि के गरौँ' भनेर सोधिनुले आफूलाई धेरै दिनसम्म मुटुमा घन हानेजस्तो अनुभव भएको मैनालीले बताए ।

'त्यो एउटा घटनाले मलाई साह्रै दुःख लाग्यो,' उनले भने, 'जतिसुकै मानवीय व्यवहार गरिए पनि युद्ध आखिर युद्ध नै हुँदो रहेछ !'

एउटा कुराले भने मैनालीलाई चकित पारेको छ –

अङ्ग्रेजहरूको दाँजोमा स्रोत–साधन कम भएका, सङ्ख्या पनि कम भएका, भनेका बेला खाद्यान्न, हातहतियार र पारिश्रमिकसमेत नपाउने नेपाली सिपाहीहरूले कुन मनोबलले त्यत्रो लडाइँ लडे होलान् !

'त्यो बेला अङ्ग्रेजहरूको कति ठुलो शक्ति थियो भन्ने नेपालीलाई राम्ररी थाहा थियो । उनीहरूको तोपका अगाडि आफ्नो तरबार केही होइन भन्ने पनि नेपालीलाई राम्ररी थाहा थियो । उनीहरू नियमित तलब र थुप्रै सुविधासहित युद्धभूमिमा लड्दै थिए । नेपाली सिपाहीहरूसँग भने स्थायी नियुक्ति पनि थिएन । धेरै त भाडाका ढाक्र्या थिए, जो सधैँ युद्धमा होमिनेवाला थिएनन् । नेपाली सिपाहीलाई आफ्नो मृत्युपछि परिवार र सन्तानको बिचल्ली हुनसक्छ भन्ने पनि थाहा थियो । सरकारले आश्वासन त दिन्थ्यो, तर त्यो आश्वासन पूरा होला भन्ने भर थिएन । यी सब थाहा हुँदाहुँदै नेपालीहरू कुन मनोबलले युद्धभूमिमा होमिए होलान् ? कुन मनोबलले ज्यान फाल्न तयार भए होलान् ?' मैनालीले भने ।

यी प्रश्नले मैनालीलाई अहिलेसम्म घच्घच्याइरहन्छ ।

किताबमा एउटा प्रसङ्ग छ –

१८७२ वैशाख २२ गते नेपाली कमान्डर कीर्ति राना र उनको फौजलाई बन्दी बनाइएको थियो ।

त्यति बेला स्कटिस लेखक तथा कलाकार जेम्स बेइली फ्रेजर (सन् १७८३–१८५६) ले कीर्तिको टोलीका केही मानिसलाई भेट्ने मौका पाएका थिए ।

यही भेट क्रममा फ्रेजर कीर्तिसँगै बन्दी बनाइएका एक जना भारदारलाई सोध्छन्, 'सन्धि भयो र घर फर्किन पायौ भने आफ्नो घर जान्छौ ?'

ती भारदारको जवाफ छ, 'अहँ, म घर जान्नँ । मैले अन्त कतै नोकरी खोज्नुपर्छ । म राजाका अगाडि मुख देखाउन लायक छैन । मैले राजाको नुन खाएको छु । उनले मलाई विश्वास गरेका थिए, तर मैले विश्वासघात गरेँ, आफ्नै किल्लामा लडेर ज्यान दिइनँ ।'

फ्रेजर सोध्छन्, 'तिमी मर्दा तिम्रो उद्देश्य पूरा हुँदैनथ्यो भने तिमीले बेकारमा किन ज्यान फाल्नू ?'

जवाफमा ती भारदार भन्छन्, 'हामीले कुनै हालतमा आफ्नो किल्ला छाड्न हुँदैनथ्यो । किल्ला छाडेर भाग्नुभन्दा त्यहीँ मर्नु जाती हुन्थ्यो । अब हामी आफ्नो देश फर्कन योग्य छैनौँ ।'

उनको यस्तो जवाफ सुनेर त्यहाँ रहेका सबै सुबेदार र कमान्डरले एकै स्वरमा टाउको हल्लाउँदै भनेका थिए, 'हामी फर्कन योग्य छैनौँ ।'

उनीहरूको यस्तो कुराले फ्रेजर छक्क परेका थिए । उनले भनेका थिए –

'उनीहरू बन्दी थिए, उनीहरूले आफ्नो सर्वस्व गुमाएका थिए । उनीहरू क्रूर र विश्वासघाती वैरीका फेला परेका थिए । उनीहरू आफ्नो इच्छा व्यक्त गर्न सक्दैनथे, तर उनीहरूले विलाप वा गुनासो गरेको सुनिएन । उनीहरूमा सन्तुष्टि र हृदयको चमक छाएझैँ देखिन्थ्यो ।'

'यी मानिसमा उच्च तहको र चाहिनेभन्दा बढी कर्तव्यपरायणता छ । हेर्दा झुत्रेझाम्रे शरीर भएका यी मानिस आफ्नो शारीरिक अवस्थाको ठिक उल्टा असाधारण विचार व्यक्त गर्छन् । बनावटी वा देखावटी पाराले होइन, यसै सहज ढङ्गले । सदाझैँ, आफ्ना मनका सरल विचार ।'

स्रोत : तस्बिरसहित सेतो पाटी, भदौ १४, २०८१

# संस्कृति विषय र ख्वप कलेज/ख्वप मा.वि.

एक प्राध्यापक

संस्कृति शब्दको सामान्य अर्थ हो – कुनै पनि वस्तुलाई परिमार्जन गरी चम्किलो, निखुर, राम्रो बनाउनु। त्यसैले जुन गुण, व्यवहार र शैली अनुकरण गरेर मानव सभ्य हुन सकिन्छ त्यसैलाई संस्कृति भनिन्छ। ल्याटिन भाषाको Cultura भन्ने शब्दले उमार्ने (Growing) भन्ने अर्थ दिन्छ। त्यही Cultura बाट अङ्ग्रेजी शब्द Culture को निर्माण भयो जसलाई नेपाली भाषामा संस्कृति भनिन्छ। आजकल संस्कृति शब्दको अर्थ निकै व्यापक र विशाल छ। मानवले आफ्नो सामाजिक परम्परा, सामुहिक जीवनशैलीबाट सिकेका, आर्जन गरेका विश्वास, परम्परा, मूल्य र मान्यता, धर्म, दर्शन, चिन्तन, रचनात्मक आन्दोलन, आस्था, सीप, कलाकृति, सङ्गीत, मृत्यु, चाडपर्व, आध्यात्मिक साधना, पूजा, बानीव्यहोरा, प्रत्येक मानवीय क्रियाकलाप आदि सबैलाई समष्टीरूपमा संस्कृति भनिन्छ भनी विद्वानहरूले लेखेका छन्। कुनै पनि नराम्रो क्रियाकलाप गर्न वा हुनबाट रोकी मानवलाई जङ्गली प्राणी हुनबाट जोगाउँदै सामाजिक प्राणी संस्कृतिले नै बनाउँदछ। यसले नै मानिसमा नैतिक बल र बौद्धिक क्षमता विकास गर्नमा सघाउँदछ। संस्कृतिले नै मानिसहरूलाई अनुचित विभेद, शोषण, उत्पीडनको विरोध गर्न सिकाउँछ र मानिसलाई सर्वोत्कृष्ट प्राणी बन्न मद्दत गर्दछ।

संस्कृति हजारौँ वर्षदेखि विकसित हुँदै अहिलेको अवस्थामा आएको हो। मानिसको आफ्नो वातावरण, भूगोल, प्रकृतिअनुसारको फरक फरक किसिमको संस्कृति हुनसक्छ। एउटा छुट्टै विषयका रूपमा संस्कृतिबारे अध्ययन-अध्यापन युरोपमा अठारौँ शताब्दीमा सुरु भयो। नेपालमा त्रिभुवन विश्वविद्यालय स्थापना भएपछि र भक्तपुरमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप मा.वि. र ख्वप कलेज स्थापना भएपछि संस्कृति विषयले प्रवेश पायो। भक्तपुर नगर मूर्त तथा अमूर्त संस्कृति सम्पदाहरूले सुसज्जित नगर हो जहाँ टोल-टोल, वडा-वडामा कतै दरबारहरू, कतै मन्दिरहरू, मूर्तिहरू, चैत्यहरू, बिहारहरू, मठहरू, मस्जीद, पाटी, सत्तल, ढुङ्गेधाराबाट यस नगरको सांस्कृतिक एवम् ऐतिहासिक गौरवलाई स्पष्ट पार्दै आएको छ। यहाँको तलेजुको प्रवेशद्वार अर्थात् सुनको ढोकाको कलात्मकताले विश्वलाई लोभ्याएको छ। यहाँको दैनिक जीवनमा प्रयोग हुने कालो टोपी, जुजु धौ, हाकुपटासी, सम्येबजी, गीत, सङ्गीत, नृत्य, भजनजस्ता सांस्कृतिक गतिविधिहरूले यहाँको जीवनलाई जीवन्त पार्दै आएको छ। जात्रा, चाडपर्व र उत्सवहरूले यहाँको जीवनशैलीलाई उल्लासमय पारेको छ। परम्परागत गीत, सङ्गीत वाद्यवादनका वस्तुहरू नृत्य आदि सिक्ने प्रशिक्षार्थीहरू सिकाउने गुरुहरूलाई विभिन्न अवसरहरूमा मूल्याङ्कन गर्दै सहयोग गर्ने, पुरस्कृत गर्ने, कदरपत्र प्रदान गर्नेमात्र हैन आर्थिक सहयोगसमेत गर्दै आएको छ भक्तपुर नगरपालिकाले। जनता पनि यस कार्यमा नगरपालिकालाई साथ दिन उत्तिकै लागिपरेको छ। मल्लकालदेखि अथवा त्योभन्दा अगाडिदेखि अहिलेसम्मकै यहाँको सांस्कृतिक गतिविधि प्रायः सञ्चालनमा नै रहेका छन्। जसको कदर स्वदेशमा मात्र होइन विदेशबाट प्रशंसा र सम्मान गरिँदै आएको छ। भक्तपुरको सांस्कृतिक गतिविधिहरू, ऐतिहासिक एवम् पुरातात्त्विक स्थलहरू मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूले यहाँको मात्र होइन देशकै पर्यटन उद्योगलाई टेवा पुऱ्याउँदै आएको छ। यस क्षेत्रमा यहाँको नगरपालिका तथा जनताको सहभागिता उपलब्धिमूलक नै छ।

यस्तो महत्त्वपूर्ण संस्कृति विषयले ख्वप मा.वि. तथा ख्वप कलेजमा मानविकी सङ्कायअन्तर्गतको एक विषयको रूपमा प्रवेश पाएपछि यस पङ्क्तिकारले पनि संस्कृति विषयको विद्यार्थीको रूपमा कक्षा एघार, बाह्र तथा स्नातक तह अध्ययन गरी उत्तीर्ण भएको थिएँ। त्यो पनि संस्कृति विषय लिएबापत मैले छात्रवृत्तिको सुविधासमेत पाएको थिएँ। त्यो उपयुक्त एवम् उल्लेखनीय अवस्था थियो। यसरी ख्वप मा.वि. तथा ख्वप कलेजमा संस्कृति विषयको अध्ययन-अध्यापन (छात्रवृत्तिसहित) हुँदै आएकोमा, २-३ वर्ष जति भयो होला मानविकीतर्फको स्नातक तहको प्रथम वर्षमा संस्कृति विषयमा पढाइ नै नभएको, विद्यार्थी नै भर्ना हुन नआएको व्यहोरा थाहा पाउँदा मलाई साऱ्है दुःख लाग्यो। आश्चर्य पनि भयो। किनभने, यस्तो सांस्कृतिक गतिविधिहरूले भरिएको नगरमा संस्कृति विषय पढ्ने विद्यार्थी छैन भन्ने थाहा पाउँदा कुनै पनि सांस्कृतिक गतिविधिको पछाडि वा त्यसभित्र एउटा सिद्धान्त, एउटा दर्शन, एउटा उद्देश्य आदि लुकेको हुन्छ। त्यसलाई उजागर पार्ने काम प्राज्ञिकताले गर्दछ, सैद्धान्तिक पक्षले गर्दछ। त्यसको लागि

अध्ययन, अध्यापन तथा अनुसन्धान आदि कार्य निरन्तररूपमा चलिरहनुपर्दछ । त्यसो भएन भने ती संस्कृति गतिविधिहरूको आधार अन्धविश्वासले भरिएको परम्परामा मात्र सीमित हुन पुग्दछ जसमा कुनै वैज्ञानिकता र उपयोगिता हुँदैन । त्यसैले यहाँ संस्कृति विषयको अध्ययन, अध्यापन तथा अनुसन्धान कार्य स्नातक तहमा मात्र होइन त्योभन्दा माथिल्लो तहसम्मै विस्तार गर्दै लानुपर्दछ । संस्कृति विषयमा विद्यार्थी छैन, पढाइ पनि छैन, भन्ने सुन्नुपर्दा दुःख पनि लाग्छ आश्चर्य पनि लाग्छ ।

ख्वप मा.वि. तथा ख्वप कलेजका व्यवस्थापन पक्ष, प्रशासन पक्ष तथा शिक्षक/प्राध्यापक सबैको संयुक्त प्रयासमा संस्कृति विषयतर्फ विद्यार्थीहरूलाई आकर्षित पार्न सकिन्छ । ख्वप मा.वि.मा संस्कृति विषय सञ्चालन भइरहेको छ । त्यहाँको प्रशासनले विशेष प्रयास गरिरहेको छ यस क्षेत्रमा । विद्यार्थीहरू आकर्षित भइरहेका छन् संस्कृति विषयतर्फ । कलेज प्राङ्गणमा विभिन्न सङ्काय र विषयको जानकारीमूलक बोर्डहरू जताततै सजाइएको छ जुन प्रशंसनीय कार्य हो । मानविकीसम्बन्धी बोर्डमा स्नातक तहमा संस्कृति विषयको पनि उल्लेख भएको भए अति राम्रो हुन्थ्यो । तर, कतै देखिएन । स्नातक तहमा अब उप्रान्त संस्कृति विषय पढाइ नै नहुने, पढाइ नै नगरिने हाम्रो अवस्था हो, बाध्यता हो भने मलाई भन्नु केही छैन । हुनसक्छ, भने जति कसैले पनि जहिले पनि पाउँदैन । यदि त्यसो हैन भने संस्कृतिजस्तो महत्त्वपूर्ण विषय ख्वप कलेजमा स्नातक तह र स्नातकोत्तर तहसम्म अध्ययन, अध्यापन तथा अनुसन्धान हुने व्यवस्था गरिनु आवश्यक छ । यो हाम्रो लागि गौरवको विषय हुने छ ।

प्रशासन भनेको कुनै पनि निकायको लागि घरको संरक्षक/आमाबुबा जस्तै हो । अलि कमजोर, बिरामी बच्चालाई आमाबुबाले जसरी विशेष ध्यान पुऱ्याएको हुन्छ र त्यसलाई हुर्काउन माया गरेको हुन्छ । त्यस्तै, थोरै व्यवहार कलेज प्रशासनले पनि विद्यार्थी भर्नाको समयमा देखाएर विद्यार्थीहरूलाई आकर्षित गर्ने प्रयास गरेमा उचित होला कि सम्बन्धित विषयका शिक्षक/प्राध्यापकहरूले पनि यस कार्यमा प्रशासनलाई सघाउनुपर्ला कि ? भन्ने विचार पनि आउन सक्छ । किनभने, हाम्रो काम भनेको त शिक्षकद्वारा परम्परागत खराबीहरू समाप्त पारी प्रगतिशील समाज निर्माण गर्नु हो भन्छु म त ।

त्रिभुवन विश्वविद्यालयको संस्कृति विभागसँग भक्तपुर नगरपालिकाको राम्रो सम्बन्ध छ । चीनलगायतका विभिन्न देशहरूसित हाम्रो सांस्कृतिक सम्बन्ध छ । यहाँको विभिन्न सांस्कृतिक गतिविधि र चाडपर्वहरूलाई नगरपालिकाले त्यत्तिकै संरक्षण र प्रोत्साहन दिँदै आएको छ । भक्तपुरलाई सांस्कृतिक नगर भनी प्रचार गरिँदै आएको छ । यो राम्रो पक्ष हो । यस्तो परिवेशमा ख्वप कलेजमा उच्च तहसम्मै अध्ययन तथा अनुसन्धान संस्कृति विषयमा गर्न पाए हामी सबैको लागि गौरवको कुरा हुन्थ्यो । यसो भनिरहँदा कुरा उठ्न सक्ला, विद्यार्थीहरूले नै चाहेनन्, भर्ना नै हुन आउँदैनन् के गर्ने ? हामी शिक्षालाई उत्पादन श्रमसँग जोड्नुपर्दछ भनिरहेका छौँ । यहाँका विभिन्न नाचगान, बाजागाजा, नाटक, ख्याल, दाफाभजन, कलाकृति, संस्कृति, मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको प्राज्ञिक ढङ्गले अध्ययन तथा अनुसन्धान गर्दै प्राप्त जानकारी विषयवस्तुहरूबाट लिपिबद्ध गरौँ । तिनीहरू श्रव्य दृश्य (Audio–video) बनाई रेकर्ड राखौँ । त्यस कार्यमा खटिएका प्राध्यापक/विद्यार्थीहरूलाई केही आर्थिक अनुदान दिने व्यवस्था गरौँ । नगरपालिका वा कलेज प्रशासनबाट पछि ती नृत्य, गीत, सङ्गीत, ख्याल र नाच जे पनि छ त्यसलाई हेर्न इच्छुक नेपाली तथा विदेशीहरूसमेतलाई प्रदर्शन गरी त्यसबापत विभिन्न शुल्कहरू उठाउन सकिन्छ । सुरु सुरुमा केही गाऱ्हो होला । तर, सम्भव छ, सकिन्छ । यही सन्दर्भमा यस विषयको पक्षमा पनि विभिन्न तर्क दिन सकिन्छ । विपक्षमा पनि तर्कहरू दिन सकिन्छ । संस्कृति विषयको उच्च शिक्षामा पढाइ सञ्चालन अहिलेलाई सम्भव छैन भन्न सकिन्छ । मलाई लाग्छ, कुरा इच्छाशक्ति, नियत र विवेकको हो । हामी यसतर्फ प्रयास गर्दै गएमा नगरपालिका एवम् कलेजको सांस्कृतिक सम्पत्तिमा वृद्धि भई आयआर्जनको एउटा गतिलो स्रोत हुन जान्छ । राम्रो उद्देश्यले गरे चाहे जे पनि हुन्छ । भक्तपुर नगरभित्रका नगरपालिकाद्वारा सञ्चालित विभिन्न शिक्षण एवम् स्वास्थ्य संस्थाहरू त्यसको प्रमाण हो ।

त्यसैले संस्कृति विषयको अध्ययन तथा अध्यापन कलेज तहसम्मै गर्नु आवश्यक छ । विद्यार्थी सङ्ख्या जतिसुकै भए पनि अपव्यय जस्तो देखिए पनि माथि उल्लेख गरेजस्तै हामीले क्रियाकलापहरू गर्दै जाँदा विद्यार्थीहरू यस विषयतर्फ आकर्षित हुने नै छन् । हामीले देखेका छौँ दूध पिउने पसलमा भन्दा रक्सी पिउने पसलमा मानिस वा ग्राहकको सङ्ख्या बढी होला तर दूध पिउने र रक्सी पिउने मानिसको भविष्य कस्तो होला, हामी अनुमान लगाउन सक्छौँ । यसो भनिरहँदा मैले अन्य सङ्काय र विषयलाई रक्सीसँग तुलना गरेको होइन । हामीलाई थाहा छ, सबै सङ्कायका सबै विषयहरू उत्तिकै महत्त्वपूर्ण छन् । मात्र सङ्ख्याको भरमा थोरै भनेर अवमूल्यन गर्नु हुँदैन भन्न खोजेको हो ।

नेपाल सरकारलाई लिपि, पुरातत्त्व, सम्पदा, सङ्ग्रहालय आदि विषयमा दक्ष जनशक्ति आवश्यकता रहेको छ। पर्यटन उद्योग प्रवर्द्धनका लागि यस विषयका विशेषज्ञहरू आवश्यक रहन्छ। यस विषयले स्वरोजगार (पर्यटन क्षेत्रमा) प्रदान गर्न सक्ने सम्भावनाहरू छन्। यी सबै आवश्यकता र सम्भावनाहरू पूर्ति संस्कृति विषयको उच्च शिक्षा अध्ययन, अध्यापन र अनुसन्धानले मात्र गर्न सक्दछ। त्यसैले यस विषयको भविष्य छैन, क्षेत्र/महत्त्व छैन भनी बुझ्नु पक्कै पनि गल्ती हो।

कला, संस्कृति र सांस्कृतिक गतिविधिहरूद्वारा भविष्यमा भक्तपुरलाई कसरी सिङ्गार्न सकिन्छ भनी नारायणमान बिजुक्छेँ (रोहित) ले आफ्नो पुस्तक *'सय वर्षपछिको भक्तपुर'* नामको महत्त्वपूर्ण ग्रन्थमा कल्पना गर्नु भएअनुसारको स्थितिमा भक्तपुरलाई पुऱ्याउन ख्वप कलेजमा संस्कृति विषयमा अध्ययन, अध्यापन र अनुसन्धानमूलक क्रियाकलापले प्राज्ञिकरूपमा मात्र होइन व्यवहारिकरूपमा पनि ठूलो मद्दत पुऱ्याउँदछ। भक्तपुर नगरपालिकाले मान्दै आएको *'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति'* भन्ने नारालाई प्राज्ञिक र विकसितरूपमा स्थापित गर्न सघाउँछ।

त्यसैले भक्तपुर नगरपालिका, ख्वप मा.वि. तथा ख्वप कलेजको व्यवस्थापन समिति, यस मा.वि. तथा कलेजको प्रशासन सम्बन्धित विषयका शिक्षक एवम् प्राध्यापक र अरू सहयोगी महानुभावहरू सबैले एक मनले प्रयास गरेमा ख्वप कलेजमा संस्कृति विषयमा अध्ययन, अध्यापन तथा अनुसन्धान विषयको भविष्य निश्चित छ। सांस्कृतिक पर्यटन र पर्यटन उद्योग हाम्रो देश र हाम्रो नगरको आयआर्जनको आफ्नो मौलिक गतिलो स्रोत हो। यतिमात्रै होइन, हाम्रा मूर्त तथा अमूर्त सम्पदाहरू र हाम्रा सांस्कृतिक गतिविधिहरू हाम्रो पहिचान र गौरव पनि हो। त्यसैले यो संस्कृति विषयलाई कम मूल्याङ्कन गर्नु पक्कै पनि उचित होइन।

अन्तमा, यतिमात्र भनौँ कि अहिलेलाई संस्कृति विषयलाई ख्वप कलेजले अध्ययन, अध्यापन र अनुसन्धानमूलकरूपमा अघि बढाउने कार्यक्रम छैन, अघि बढाउने अवस्था छैन भने मेरो भन्नु केही छैन। ख्वप कलेजमा संस्कृति विषयको अध्ययन अध्यापनलाई अघि बढाउने निरन्तरता दिने कार्यसँग सम्बन्धित सबै निकाय तथा आदरणीय व्यक्तित्वहरूसम्म आ-आफ्नो महत्त्वपूर्ण ध्यान र चासो पुऱ्याउनु होला भनी सविनय अनुरोध गर्दछु।

स्रोत : मजदुर दैनिक, भदौ २०, २०८१

# प्रेरणीय

## अनमोल ज्ञान

एक व्यक्ति टेम्पो चढेर कतै जाँदै थिए। चालक आरामले टेम्पो कुदाइरहेका थिए। अचानक एउटा कार पार्किङबाट हुइँकिएर टेम्पोको अगाडि आइपुग्यो। टेम्पोचालकले हतारहतार ब्रेक लगाए। ठूलो दुर्घटनाबाट उनीहरू जोगिए। कारचालकको गल्ती हुँदाहुँदै पनि उसले टेम्पोचालकलाई मुखमा आएजति शब्द निकालेर गाली गऱ्यो। टेम्पोचालक बडो शान्त स्वभावका थिए। त्यसैले, उनी कारचालकसित माफी मागेर अघि बढे।

टेम्पोचालकको यस्तो व्यवहार देख्दा टेम्पोका यात्रु छक्क परे। उनले चालकसित प्रश्न गरे– त्यो कारचालकले तपाईँलाई त्यति नराम्रा शब्दमा गाली गऱ्यो। तैपनि, किन उल्टै तपाईँले माफी माग्नुभयो ? आखिर गल्ती त उसैको थियो। झन्डै उसको गल्तीले हामी दुवैको ज्यान गएन।

टेम्पो कुदाउँदै चालकले गम्भीर हुँदै भने– कतिपय मानिस फोहोरका कन्टेनरजस्तै हुन्छन्। तिनले आफ्नो दिमागलाई फोहोर नै फोहोरले भरेका हुन्छन्। जुन कुरा जीवनमा कहिल्यै काम लाग्दैन, त्यसैको सङ्ग्रहमा लागिरहन्छन्। क्रोध, घृणा, चिन्ता, निराशाजस्ता अनेक थरी फोहोर दिमागभरि बोकेर डुलिरहन्छन्।

जब दिमागमा यस्तो फोहोरको बोझ बढी हुन्छ, तब त्यसलाई कम गर्न उनीहरू अरूमाथि त्यो फोहोर फाल्ने मौकाको खोजीमा हुन्छन्। त्यसैले, म त्यस्ता मान्छेबाट टाढै बस्न रुचाउँछु। यस्तासित भेट हुने अवस्था आयो भने तिनलाई टाढैबाट नमस्कार गरेर आफ्नो बाटो लाग्छु। मैले पनि तिनले ममाथि फ्याँकेका फोहोर बटुल्दै हिँडेँ भने त म पनि फोहोरको कन्टेनर बन्छु र छेउछाउका मानिसमाथि फोहोर फाल्दै हिँड्न थालिहाल्छु नि !


मलाई लाग्छ, जिन्दगी अति सुन्दर छ। त्यसैले, जसले हामीसित राम्रो व्यवहार गर्छन्, तिनलाई आभार व्यक्त गरौँ र जसले राम्रो व्यवहार गर्दैनन्, तिनलाई हाँसेर माफ गरौँ। मानसिक रोगी अस्पतालमा मात्र हुँदैनन्, हाम्रा छेउछाउमै पनि हुन्छन् भन्ने हामीले कहिल्यै बिर्सनु हुँदैन। चालकबाट यात्रुले अनमोल ज्ञान पाए।

# जोन डाल्टन



राजेन्द्र बहादुर कायष्ठ


**विषय प्रवेश :** पृथ्वीमा विभिन्न पदार्थहरू पाइन्छ। ती पदार्थहरूको बनौटबारे समय अनुसार विभिन्न विद्वानहरूले विभिन्न धारणाहरू राख्दै आएका छन्। पदार्थको बनौटबारे पहिलो धारणा एकजना हिन्दु ऋषि **'कणाद'** ले पदार्थहरू अत्यन्त स-साना कणहरू मिलेर बनेको हुन्छ भनी भनेका थिए। उक्त कणलाई परमाणु भन्ने नाम दिएका थिए। पाचौँ शताब्दीमा Leucippus र Democritus. ले पदार्थ टुक्राउन नसकिने अत्यन्त साना कणहरू कणहरू मिलेर बनेको हुन्छ भन्ने धारणा राखेका थिए। ती कणहरूलाई ल्याटीनी भाषामा atomos भन्ने गरिन्छ। ल्याटीनी भाषामा atomos को अर्थ टुक्रयाउन नसकिने वा विच्छेदन गर्न नसकिने भन्ने बुझाउँछ। यसैबाट आजभोली atom वा परमाणु शब्द आएको हो। यसैक्रममा आधुनिक पारमाणविक परिकल्पनाकार ब्रिटिश रसायनशास्त्री John Dalton हुन्। उनी पदार्थको रचनाबारे व्याख्या गर्ने पहिलो वैज्ञानिक थिए। उनी रसायनशास्त्री, भौतिकशास्त्री र मौसमविद् पनि थिए। उनले रसायनशास्त्रमा पहिलो पटक पारमाणविक सिद्धान्त प्रतिपादन गरेका थिए। डाल्टनको पारमाणविक सिद्धान्तअनुसार सबै पदार्थहरू जुन तत्त्व, यौगिक र मिश्रण स- साना कणहरू मिलेर बनेको हुन्छ जसलाई परमाणु भनिन्छ।



**बाल्यकाल र शिक्षा :** डाल्टनको जन्म सन् १७६६ सेप्टेम्वर ६ मा ब्रिटेनको Eaglesfield मा एक गरिब परिवारमा भएको थियो। उनको पिताको नाम Joseph Dalton र माताको नाम Deborah Greenup थियो। उनका बाजे Jonathan Dalton जुत्ता बनाउने कार्य गर्दथे। उनका पिता कपडा सिउने र कपडाको व्यापार गर्दथे। उनको पिता र माताको विवाह सन् १७५५ मा भएको थियो। उनी आफ्नो आमाबुबाको तीन सन्तानहरू मध्ये कान्छा थिए। उनले प्राथमिक शिक्षा गाउँकै एउटा साधारण विद्यालयबाट पाए। उनले त्यहाँ धार्मिक शिक्षाको साथै गणित, विज्ञान र अङ्ग्रेजी व्याकरण अध्ययन गरे। उनी सानैदेखि पढाइमा अति तीक्ष्ण थिए। उनले औपचारिक शिक्षाभन्दा पनि आफ्नै अध्ययन र अनुभवको आधारमा ज्ञान हासिल गरे। उनको तीक्ष्ण बुद्धिको कारण १२ वर्षको कलिलो उमेरमा नै एक निजी विद्यालयको प्रधानाध्यापकको जिम्मा दिइएको थियो। यसको २ वर्षपछि उनको दाजुले एक निजी विद्यालय किने र उनले त्यहाँ ६० जना विद्यार्थीहरूलाई पढाउन सुरु गरे। केही समयपछि उनी मेन्चेस्टरको एक कलेजमा निर्देशक भई काम गर्न थाले। उनले त्यहाँ गणित र विज्ञान पढाउन थाले। यसैक्रममा उनले जन्मदेखि अन्धा भए पनि तीक्ष्ण बुद्धिका विद्वान John Gough सँग सम्पर्कमा आए। John Gough अनेक भाषामा निपुण थिए। उनले मेन्चेस्टरबाट २० माइलसम्म टाढाका विभिन्न बोटविरुवाहरू स्पर्श, गन्ध र स्वादबाट चिन्न सक्दथे। साथै उनलाई मौसम सम्बन्धी अध्ययन गर्न पनि असाध्यै रुचि थियो। उनले डाल्टनलाई आफ्नो ऋतु सम्बन्धी अध्ययन प्रकाशित गर्न उत्प्रेरित गरे। डाल्टनले पनि विद्यालयमा अध्यापन गराउँदादेखि नै ऋतु सम्बन्धी अध्ययन गर्न थालेका थिए। यसले गर्दा उनीहरूबिचको मित्रता गाढा भयो। कलेजमा शिक्षण पेशामा संलग्न रहँदा उनले John Gough र Elihu Robinson बाट मौसमको भविष्यवाणी गर्ने प्रयोगात्मक तरीका र सो सम्बन्धी उपकरणहरू चलाउन सिके।

**वैज्ञानिक उपलब्धि :** सन् १७९३ मा उनी गणित र विज्ञान शिक्षण गर्न मेन्चेस्टरमा रहेको कलेजमा गए। उनले त्यहाँ पहिलाका सहकर्मीहरूसँग सल्लाह गरी गणित र मौसम सम्बन्धी अध्ययन गर्न सुरु गरे। उनले मौसम सम्बन्धी केही निबन्धहरू लेखे। उनले सन् १७९३ मा आफ्नो पहिलो कृति 'Meterological Observation and Essays' नामको पुस्तक प्रकाशित गरे। उनले विद्युत तरङ्गको गडबडीको कारण साँझतिर आकाशमा देखापर्ने प्रकाशपुञ्ज प्रकृयाको (Aurora Phenomena) को अध्ययन गरे। यी अध्ययन

पश्चात उनले 'Aurora Borealis' सिद्धान्त प्रतिपादन गरे । त्यसपछि आफ्नो अध्ययन अनुसन्धानलाई निरन्तरता दिन उनले कलेजको निर्देशक पदबाट राजिनामा दिए ।



METEOROLOGICAL

OBSERVATIONS

AND

ESSAYS.

BY

JOHN DALTON,

PROFESSOR OF MATHEMATICS AND NATURAL PHILOSOPHY, AT THE NEW COLLEGE, MANCHESTER.

EST QUODDAM PRODIRE TENUS, SI NON DATUR ULTRA.
HORACE.

London:
Printed for T. OSTELL, No. 3, Ave-maria-lane.

PRICE FIVE SHILLINGS

उनले अनुसन्धानको क्रममा पहाडको चुचुरो, खोंच, गाउँ र सहरबाट हावाका विभिन्न नमुनाहरू सङ्कलन गरे । ती नमुनाहरूको अध्ययनबाट उनले हावा उही अंश र उही अनुपातमा जहाँकहीं बन्ने रहेछ भन्ने कुरा पत्ता लगाए । यसरी नै अनुसन्धानबाट 'एक ग्याँसको कणले अर्को ग्याँसको कणलाई पर धकेल्ने होइन, उही ग्याँसको कणलाई त्यसको अर्को कणले पर धकेल्छ' भन्ने पत्ता लगाए । यस सिद्धान्तलाई 'ग्याँसको आंशिक चापको सिद्धान्त' भनिन्छ । हावाको कणहरूको अध्ययन र अनुसन्धानको क्रममा डाल्टनले पदार्थको प्राथमिक र अभिभाज्य कणाका रूपमा परमाणु भएको अवधारणा अगाडि ल्याए । त्यसपछि सन् १८०८ मा उनले परमाणुको सिद्धान्त (Dalton's Atomic Theory) प्रकाशित गरे । यसपछि उनले विश्वभर ख्याति कमाए । यस सिद्धान्तलाई समकालीन विश्वका वैज्ञानिकहरूले तुरुन्तै स्वीकार गरे ।

## डाल्टनको परमाणुको सिद्धान्तका शर्तहरू निम्नअनुसार छन् -

क) सबै पदार्थहरू तत्त्व, यौगिक र मिश्रण आदि स-साना अभिभाज्य कणहरू मिलेर बनेको हुन्छ जसलाई परमाणु भनिन्छ ।

ख) परमाणुलाई रासायनिक प्रतिक्रियाबाट बनाउन, नष्ट गर्न र पुनः टुक्रयाउन पनि सकिँदैन ।

ग) कुनै एक तत्त्वको परमाणुहरूको पिण्ड  र रासायनिक गुण समान हुन्छ ।

घ) भिन्न तत्त्वहरूको परमाणुहरूको पिण्ड र रासायनिक गुणहरू फरक फरक नै हुन्छ ।

ङ) कुनै यौगिकमा रहेको परमाणुको अनुपात उही यौगिक सबैमा समान हुन्छ ।

च) रासायनिक प्रतिक्रियाबाट परमाणुहरू जोड्न, छुट्याउन र पुनःसंरचना गर्न सकिन्छ ।



## डाल्टनको पारमाणविक सिद्धान्तका सीमितताहरू :

क) डाल्टनको पारमाणविक सिद्धान्त अनुसार परमाणुलाई टुक्रा गर्न सकिँदैन भन्ने भनाइ उपपारमाणविक कणहरू इलेक्ट्रोन, प्रोटोन र न्युट्रोन पत्ता लगाएपछि गलत साबित भयो ।

ख) यस सिद्धान्तअनुसार एउटै तत्त्वका सबै परमाणुहरूको पिण्ड र घनत्व समान हुन्छ तर एकै तत्त्वका परमाणुहरूको पारमाणविक सङ्ख्या समान तर पारमाणविक भार स्थान अनुसार फरक फरक हुन्छ । त्यस्ता परमाणुलाई आइसोटोप्स भनिन्छ । जस्तै कार्वन (6C12), कार्वन

(6C13), कार्वन (6C14)।

ग) यस सिद्धान्तअनुसार भिन्न तत्त्वहरूको परमाणुको पारमाणविक भार फरक हुनुपर्दछ तर परमाणुको पारमाणविक भार एकै भएको तर परमाणु क्रमाङ्क भिन्न भएको तत्त्वहरू पनि छ। यस्ता तत्त्वहरूलाई समभार वा आइसोबार्स भनिन्छ। जस्तै : आर्गन (18Ar40) र क्यालसियम (20Ca40)।

घ) यस सिद्धान्तले दुई भिन्न रूपमा पाइने समान तत्त्वको अवस्था अपररूपता (Allotropy) बारे केही बताउँदैन। जस्तै हिरा, ग्रेफाइट।

## डाल्टनको पारमाणविक सिद्धान्तका सबल पक्षहरू :

क) यसले पहिलो पटक परमाणुको बारे ज्ञान दिएको छ।

ख) यसको परमाणु अभिभाज्य हुन्छ भन्ने मान्यताबाहेक अन्य शर्तहरू मान्य छन्।

ग) यसले बिध या multiple proportions, the law of conservation of mass, र the law of constant proportions सिद्धान्तलाई पालना गरेको छ।

घ) यसले तत्त्व र यौगिक छुट्याउने आधार दिएको छ।

## सम्मान तथा पुरस्कारहरू :

i) Fellowship : Royal Society of London
ii) Fellowship : Royal Society of Edinburgh
iii) Associates : French Academy of Sciences
iv) Pension on the Civil List from the British crown
v) President of the Literary and Philosophical Society

## डाल्टन सम्बन्धी केही तथ्यहरू :

क) उनी जीवनभर अविवाहित थिए।

ख) उनले सन् १८१० मा Royal Society को सदस्य हुन दिएको निम्तो अस्वीकार गरेका थिए। तैपनि पछि सन् १८२२ मा उनलाई उक्त संस्थाको सदस्यता दिइयो।

ग) सन् १८२६ मा Royal Society बाट सम्मान स्वरूप पदक प्राप्त गरे।

घ) उनी ७१ वर्षको हुँदा Mild Stroke भएको थियो।

ङ) डाल्टन रङको फरक छुट्याउन सक्दैन थिए। उनले आँखाको यस भ्रमका बारेमा केही परीक्षण पनि गरेका थिए। यस वर्णान्धतालाई आजभोलि 'डाल्टनिज्म' भनिन्छ।

ङ) उनको वैज्ञानिक आविष्कार र योगदानको सम्मान गर्नको लागि उनको पार्थीव शव Manchester Town Hall मा राखिएको थियो।

च) उनको मृत्यु सन् १८४४ मा ७७ वर्षमा stroke को कारणले नै भएको थियो।



**मृत्यु :** बिहे नै नगरी अध्ययन अनुसन्धानमा अति मिहिनेत गर्ने वैज्ञानिक डाल्टनले जीवनको उत्तरार्ध म्यानचेस्टरमा नै बिताए। उनी मिहिनेत र परिश्रमलाई नै जीवनको अभिन्न अङ्ग मान्दथे। उनले निजी रूपमा आफ्ना विद्यार्थीहरूलाई पढाउन थाले। बढ्दो उमेर र शारीरिक कमजोरी डाल्टनलाई सताउँदै गएको थियो। सन् १८४४ जुलाई २७ मा ७७ वर्षको उमेरमा डाल्टन stroke ले गर्दा उनी आफ्नो ओछ्यानबाट खसे र त्यही उनको मृत्यु भयो। उनको विद्यार्थीहरूले कोठामा मृत अवस्थामा देखेका थिए। उनलाई वेलायत सरकारले राजकीय सम्मानसाथ शवयात्रा गरेको थियो। उनको शवयात्रामा लगभग ४०,००० जना मानिसहरू सहभागी भएका थिए।

यसरी पदार्थको रचनाबारे पहिलो अवधारणा दिने महान् वैज्ञानिक डाल्टनले आफ्नो पार्थिव शरीर छोडे पनि उनको कृति र आविष्कारहरू हाम्रो माझ सधैँ रहिरहने छ।

## सन्दर्भ सामग्रीहरू


१) विश्वका चर्चित वैज्ञानिकहरू : दिलिप श्रेष्ठ/उर्मिला शाही (पाँचपोखरी प्रकाशन)

२) सबैका लागि विज्ञान सामान्य ज्ञान : भानुराज ज्ञवाली (शिक्षा परीक्षा सामग्री केन्द्र)

३) कक्षा ९ र १० विज्ञान : जनक शिक्षा सामग्री केन्द्र

४) गुगल

# महिलाले कसरी करियर र परिवारलाई सन्तुलित बनाउने



सुनिता गाइसी

परम्परागत रूपमा नेपाली समाजको संरचना हेर्ने हो भने महिला र पुरुषको भूमिका निकै फरक देखिन्छ। महिलाहरू घरभित्रका काममा साथै कृषिमा बढी संलग्न देखिन्छन्। पुरुषहरू भने घरबाहिरका कामहरू कार्यालयको कामहरूमा बढी व्यस्त देखिन्छन्। नेपालमा महिलाको साक्षरता प्रतिशत २०७८ को जनगणनाअनुसार ७६.३ रहेको छ। हाल आएर महिलाको शैक्षिक स्तर माथि उठे सँगैं महिलाहरू पनि विस्तारै व्यापार व्यवसाय र कार्यालयका कामहरूमा लागेका देखिन्छन्। यसरी महिलाहरू घरबाहिरका काममा संलग्न हुनाले उनीहरू दोहोरो मारमा परेको कुरा पनि कामकाजी महिलाहरू बताउँछन्। पहिला घरमै काम गर्ने हुनाले उनीहरू त्यतामात्र व्यस्त रहन्थे हाल अफिस जाने हुनाले घरको काम र अफिसका कामलाई सन्तुलित रूपमा अगाडि लैजान निकै कठिनाइहरू रहेको बारे पनि बताउँछन्। अफिसमा काम गर्ने बेलामा बढी त्यताको जिम्मेवारी बहन गर्नुपर्ने त्यसले गर्दा घरतिरको कामकाजहरू गर्न समय कम हुनेहुनाले घरपरिवारका सदस्यहरूले गुनासो गर्ने गर्दछन्। यसै सन्दर्भमा Kathy Oxtoby ले Achieving a good work life विषयमा सन् २०१४ मा डाक्टरहरूमा एक अध्ययन गरेकी थिइन्। Kathy ले डाक्टरहरूको अध्ययन गरी उनीहरूले आफ्नो जीवनमा work life balance विभिन्न चुनौतीहरूको सामना गर्नु परेको बारेमा उल्लेख गरेकी छिन्। उनका अनुसार डाक्टरहरूले विभिन्न विषयमा specialities हरू गर्नुपर्ने हुनाले work life balnce गर्न नसकेको कुराहरू उल्लेख गरेको छ। डाक्टरहरू पनि विभिन्न किसिमका मानसिक समस्याहरूमा फसेका हुने हुनाले कतिपयले आत्महत्या पनि गर्ने गरेका कुराहरू पनि Kathy ले अध्ययनमा उल्लेख गरेकी छिन्। यसै गरी सन् २०१७ मा Nida, Kataline, Kate ले correlates of work life balance for faculty across racial र ethnic group विषयमा अध्ययन गरेका थिए। उनीहरूले यस अध्ययनका लागि Harvard University सँग सम्बन्धित शैक्षिक संस्था र प्राध्यापकहरू गरी २९५३ जनाहरू ६९ ओटा संस्थाका सहभागी थिए। यसरी गरिएको विभिन्न अध्ययन हेर्दा कतिपय अवस्थामा पुरुषहरूलाई पनि घरपरिवार र अफिसमा लागी समय मिलाउन कठिन परिरहेको देखिन्छ। त्यसको दाँजोमा महिलाहरू त दोहोरो जिम्मेवारी बहन गर्न निकै कठिन हुने गर्दछ।

प्रकृतिले नै महिलाहरूलाई धैर्यवान बनाएको छ। आफ्नो जन्म घरमात्र नभई कर्म घर अर्थात् विवाह पछिको घरलाई पनि अति नै सुन्दर तरिकाले महिलाहरूले सजाएका हुन्छन्। यसका लागि आफ्ना सपनाहरूको बलिदान दिन पनि महिलाहरू पछि पर्दैनन्। शिक्षित महिलाहरूले आफ्नो करियर विवाहपछि पनि बनाएका छन्। उनीहरूले सुन्दर तरिकाले आफ्नो घरव्यवहार र आफ्नो कामलाई व्यवस्थापन गर्दै आइरहेका देखिन्छन्। व्यापार व्यवसायमात्र नभई उर्जा, स्वास्थ्य, वित्तीय, हवाइ क्षेत्र, कानुन, इन्जिनियरीङ विभिन्न क्षेत्रमा महिलाहरू निकै अग्रपङ्क्तिमा रहन थालेका छन्। नेपालमा उर्जा क्षेत्रमा सक्रिय महिलाहरूमा सुमन जोशी, कार्यकारी निर्देशक, ह्वाइट लोटस पावर कम्पनी; प्रतिक्षा शर्मा, निमित प्रमुख कार्यकारी अधिकृत आँखु खोला जलविद्युत् कम्पनी; कविता पोखेल, निर्देशक, लिबर्टी इनर्जी आदि। उनीहरू जस्तै धेरै महिलाहरू यस क्षेत्रमा उच्च पदमा रही काम गर्दै आएका छन्। यी महिलाहरू अन्य महिलाहरूको लागि राम्रो उदाहरण बन्न पुगेका छन्। यी महिलाहरूले पनि आफ्नो करियर र घरपरिवारलाई सन्तुलित तरिकाले अगाडि बढाएकाले सफलता हासिल गर्न सफल भएका छन्।

नेपालमा हाल महिलाको अवस्था केही राम्रो रहे पनि अझै पनि ग्रामीण क्षेत्रमा बसोबास गर्ने महिलाहरू विभिन्न किसिमका सामाजिक कुरितिका शिकार बन्न पुगेका छन्। जातीय विभेद, लैङ्गिक विभेद, घुम्टो, देउकी, छाउपडी, दाइजोलगायतका प्रथाहरूले महिलाको सृजनशीलतामा तगारो हाल्ने काम गरेको छ। केही साहसी महिलाले मात्र यस्ता प्रथाका बाबजुद पनि आफ्नो लक्ष्य हासिल गरेका छन्। महिलाहरू पछाडि पर्नुका कारणहरू केलाउने हो भने विशेष गरी आर्थिक पक्ष, राजनैतिक पक्ष, सांस्कृतिक पक्ष, अशिक्षा, रोग व्यथा, चेतनाको कमी, महिला हिंसाका विरुद्ध कडा कानुनी कारबाही नहुनु, समाजले पनि महिलाका पक्षमा दरो

आवाज उठाउन नसक्नु नै हो। महिलाको समग्र विकासले समाजको आर्थिक उन्नति हुने गर्दछ। देवी मानी पूजा गर्ने संस्कार रहेको समाजमा महिलालाई नै पछाडि पार्न विभिन्न कुपरम्पराहरूको निर्माण गरिएको छ। त्यसैले आजका सचेत महिलाहरूले यस्ता कुपरम्पराको अन्त्य गर्न कदम चाल्नु पर्दछ।


महिलाले आफ्नो करियर र घरपरिवारलाई सन्तुलित तरिकाले अगाडि बढाउन घरपरिवार आफ्ना समस्या, कुरा, अनुभवहरू खुलेर भन्ने अनि परिवारका सदस्यहरूले दिएको सुझावलाई पनि मनन गर्ने गर्नुपर्दछ। कतिपय कामकाजी महिलाहरूले आफ्नो परिवारका असहज वातावरणलाई पनि सहज पारेको उदाहरणहरू छन्। आफ्ना कुराहरू मनमै राखेमा समस्या बढ्दै जान्छ तर परिवारमा छलफल गरेमा परिवारका सदस्यहरूले पनि उनका कुरमा विचार गर्दछन् साथै उनीप्रति विश्वास गर्न थाल्दछन्। मानिसको जीवनमा विश्वास एक महत्त्वपूर्ण पक्ष हो। यसैको सहाराले असम्भव भनिएका कामहरू पनि सहज हुन थाल्दछन्। परिवार वा कार्यक्षेत्रबाट विश्वास जित्नका लागि हामी लगनशील, परिश्रमी, इमानदार, कर्तव्यनिष्ठ, कर्तव्यपरायन, मिहिनेती, सत्य बोल्ने हुनु जरुरी छ। कतियप उच्चतहमा पुगेका महिलाहरूको अनुभव सुन्दा उनीहरूले गरेको सङ्घर्ष र त्यागले उनीहरूको जीवनमा सकारात्मक, दूरगामी प्रभाव पारेको बताउँछन्। उनीहरूका अनुसार करियरको सुरुका दिनमा आफूलाई महिला भनी होच्याउने, विभिन्न अनावश्यक कमेन्ट गर्ने, नचाहिँदा कुरा काट्नेहरू, आफू उच्चतहमा पुग्दा फेरि गुणगान गाउन आइपुग्ने गरेका देखिन्छन्। त्यसैले पनि मानव जीवन एक सङ्घर्ष हो भन्ने सत्यलाई आत्मासात गर्दै जीवनमा आइपर्ने हरेक समस्याको सामना गर्ने ताकत हामी महिलाहरूले राख्नु पर्दछ। कसैको डर धम्कीमा नपरी आफ्नो परिश्रममा विश्वास गरी लक्ष्य प्राप्त गर्नु नै आजको समाजको आवश्यकता हो।

*(लेखिका ख्वप कलेजमा समाजशास्त्रको उपप्राध्यापक हुनुहुन्छ)*


**अज्ञानीहरू रोगदेखि डराउँछन्**
**मूर्खहरू रोगलाई बेवास्ता गर्छन्**
**बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्**
**सफा गर्ने बानी बसालौं**
**रोगदेखि टाढा बसौं।**

## बासिबियाँलो

दिइएको चित्रमा कतिओटा त्रिकोणकार छन्? उत्तर यसै अङ्कमा दिइएको छ।



तलको चित्रको धर्कोमाथि नकाटी, नदोहोऱ्याइ हात नझिकी अर्को धर्को तान्नुहोस्



## थाहा पाइराखौं

- नेपालका प्रथम जनजाति प्रधान सेनापति छत्रमानसिंह गुरुङ हुन्।
- ५५ झ्याले दरबारमा ९९ ओटा चोक रहेको थियो।
- हरिसिद्धिको नाच हेर्दा हेर्दै मर्ने राजा प्रताप मल्ल थिए।
- अक्सफोर्ड र पेरिस विश्वविद्यालयको स्थापना सन् १२०० मा भएको थियो।
- क्रिकेट खेलको सुरुवात इङ्गल्याण्डबाट भएको हो।
- नेपालको प्रथम महिला राजदूत विन्देश्वरी शाह हुन्।
- सर्वप्रथम पोष्ट कार्डको प्रचलन अष्ट्रियाबाट भएको हो।

*-सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य*

## वडाध्यक्षको डायरीबाट

# श्रीमतीको पैसामा कमिसन खाने श्रीमान्

**कुशल**

एक दिन विहान म चिया खाँदै थिएँ। मोवाइलमा एक अपरिचित व्यक्तिको कल आयो। चिया खाँदै मैले फोन रिसिभ गरेँ। मैले वहाँलाई आफ्नो कुरा भन्नलाई अनुरोध गरेँ। वहाँले फोनमै भन्नुभयो, 'म तपाईँको वडाको वासिन्दा हुँ। मलाई एउटा ठूलो समस्या आयो। तत्काल तपाईँसँग भेट्न पाए हुने थियो। तपाईँ कहाँ हुनुहुन्छ ? म त्यही आएर तपाईँलाई मेरो समस्या राख्छु।' त्यस महिला अलि हडबडाएको जस्तो लाग्यो। आवाजबाटै उनी हडबडाएको र निकै तनावमा रहेको महसुस गरेँ। आफू त्यसवेला एक पारिवारिक काममा जान लागेको थिएँ। चिया खाएर बाहिर जानै मात्र लागेको थिएँ। त्यसैले मैले त्यस महिलालाई भने, 'म एउटा पारिवारिक काममा बाहिर जानै लागेको छु। त्यसैले तत्काल मलाई भेट्न सकिँदैन। बरु दिउँसो कार्यालयको समयमा वडामा आउनुस्। त्यही तपाईँको समस्याबारे छलफल गरौँला नि।' त्यस महिलाले त्यतिभन्दा पनि मलाई भेट्न अनुरोध गरिरहिन्। तर आफू घरबाट एउटा जरुरी काममा जान लागेको हुँदा भेट्न नसकिने जनाउँदै बाहिर निस्केँ।

घर बाहिर निस्कने वित्तिकै एक जना महिलाले मलाई नमस्कार गर्दै मलाई भर्खर फोन गर्ने महिला आफूनै भएको जानकारी दिनुभयो। त्यसपछि मैले उनीसँग कुरा गर्नै पर्ने वाध्य भएँ र बाटो छेऊको मन्दिरको खुड्किलोमा बसेर कुरा गर्न थालेँ। कुराकानीको क्रममा वहाँले भन्नुभयो, 'मेरो नाम गाइत्री अवाल (नाम परिवर्तित) हो। तपाईँको टेबुलमा एउटा फाइल आएको छ। त्यो फाइल घर बाटो सिफारिसको फाइल हो सर। त्यस फाइलको सिफारिस मेरो श्रीमान्सँग सम्बन्धित छ। तपाईँले त्यो फाइल रोकिराखेको भन्ने मैले सुनेँ। त्यस फाइललाई अझ फेरि रोकिराख्न अनुरोध छ। त्यो फाइल घर बाटोको हो। त्यो घर मेरो श्रीमान् कृष्णराम अवाल (नाम परिवर्तित) को नाममा नामसारी गर्नको लागि सिफारिस लिन आएको छ। तर तपाईँले त्यो घरको वास्तविक मालिकको नाममा रोक्का रहेको कारणले सिफारिस नदिएको रहेछ। वास्तवमा त्यो कारणबाहेक पनि त्यो सिफारिस रोक्नै पर्ने अर्को कारण पनि छ। मेरो श्रीमान् कृष्णरामले त्यो घर किन्नको लागि मसँग उन्नाइस लाख लिएको थियो। मैले मेरो माइतीबाट त्यो रकम ल्याएर मेरो श्रीमान्लाई दिएको थिएँ। तर त्यो घरको मालिक हरि त्यात (नाम परिवर्तित) लाई जम्मा सोह्र लाखमात्र बैना दिएको रहेछ। मेरो श्रीमान्ले मसँग तीन लाख कमिसन खाएको रहेछ। अहिले घरको मालिक हरि त्यातसँग भेटेर कुरा गरेपछि मात्र थाहा भयो। बिचमा किनबेचको कुरा मिलाउने दलालले पचास हजार कमिसन लिएको रहेछ। अनि मेरो श्रीमान्ले साढे दुई लाख कमिसन मसँग लिएको रहेछ। बैना कागज पनि जम्मा सोह्र लाख मात्र रहेछ। जुन तपाईँले वडामा आउँदा प्रमाणित गरिदिनुभएको रहेछ। मैले मेरो श्रीमान्लाई विश्वास गर्दा विश्वासघात भयो सर। तपाईँले त्यो सिफारिस हाललाई नदिनु होला। त्यो दलाल र मेरो श्रीमान्सँग पैसा फिर्ता नपाएसम्म कृपया सिफारिस नदिनु होला। मलाई मेरो श्रीमान्को विश्वास छैन। घरमा पनि अर्कै श्रीमती ल्याएर बसेको छ। ठूला ठूला छोरा छोरी र श्रीमती हुँदा पनि तरूनी श्रीमती ल्याएको छ सर। मलाई बरोबर विभिन्न बहानामा पिट्छ। झन मैले माईतीबाट पैसा ल्याएँ, त्यही पैसामा पनि कमिसन खाएर मलाई थाहानै नदिई घर किन्न खोजेको रहेछ।'

केही दिन अघि मेरै वडाको बासिन्दा हरि त्यातले गाइत्री अवाललाई आफ्नो घर बेच्नको लागि घर बाटोको सिफारिस लिन वडामा निवेदन दिनुभएको थियो। तर, मैले त्यो सिफारिस दिनको लागि छलफल गर्नु पर्छ भनी सिफारिस रोकेको थिएँ। हरि त्यातले मेरो वडा बाहिरका एक जना गैरनेवार व्यक्तिसँग केही वर्ष अघि लिएको पैसा फिर्ता नगरेको कारण मैले त्यो फाइल रोकेको थिएँ। त्यस गैरनेवार व्यक्तिले वडामा हरि त्यातको सिफारिस रोक्नको लागि पनि निवेदन दिनु भएको थियो। त्यसकारण पनि मैले सिफारिस रोकेको थिएँ। आज फेरि गाईत्री अवाल आएर त्यो फाइलको सिफारिस दिन नहुने भनी भन्न आएपछि म अलि अलमलमा परेँ। तर पनि मलाई त्यस महिलाको कुरामा विश्वास लागेन किनकी घर जस्तो वस्तु किन्नलाई त पक्कै परिवारको बिचमा छलफल गरेरै किनेको हुनपर्दछ। अनि आफ्नै श्रीमतीसँग छलफल नगरी कसरी घर किन्छ। अनि कसरी श्रीमतीले माइतीबाट पैसा ल्याउँछ र अनि कसरी श्रीमतीले दिएको पैसामा कमिसन खान्छ। परिवारकै लागि माइतीबाट पैसा ल्याएर घर किन्दा पनि कमिसन खाने कुरा मलाई अलि हजम भएन। त्यही भएर अलि जिज्ञासु पारामा त्यस महिलालाई सोधेँ, 'होइन आफ्नै श्रीमान्ले परिवारको लागि किन्न खोजेको घरमा दिएको बैनामा किन कमिसन खान्छ ? यो कुरा हुनै सक्दैन। तपाईँसँग छलफल नगरी यत्रो घर किन्ला र ? मलाई त तपाईँको कुरामा विश्वास भएन। तपाईँरू बस्नको लागि किनेको घरमा पनि कमिसन खान्छ र ? श्रीमान् र श्रीमतीबिच त्यत्रो अविश्वास हुन सक्छ र ? के तपाईँलाई तपाईँको श्रीमान्को विश्वास भएन र ?'

गाईत्री अवालले जवाफमा भन्नुभयो, 'यसरी विश्वास नभएर त तपाईँकोमा आउनु परेको हो। तपाईँ जस्तै सबै कहाँ ईमानदार हुन्छन् र ? म हुँदाहुँदै अर्कै श्रीमती घरमा ल्याउन सक्ने श्रीमान्को के विश्वास ? सधैँ रक्सी र तास खेल्ने मान्छेको

कसरी विश्वास गर्ने सर ? घरमा सानो सानो कुरामा मलाई पिट्ने मान्छेको कहाँ विश्वास गर्न सकिन्छ र ? घरमा सौता भएकोले नै मैले अर्को घरमा बस्न जानको लागि नयाँ घर किन्न खोजेको थिएँ। त्यसको लागि माइतीबाट पैसा ल्याएको थिएँ। त्यही पैसा विश्वास गरेर मैले श्रीमान्लाई दिनु नै मेरो गल्ती भयो। आफ्नो पैसाले त कहाँ घर किन्ला र त्यसले ? मैले ल्याएको पैसामा पनि कमिसन खाए सर। तपाईँ नपत्याए अहिले एघार बजे मेरो श्रीमान् कृष्णराम अवाल, घर बेच्न खोज्ने हरि त्यात, अनि बिचमा बसेर कुरा मिलाउने दलाल (साजन अवाल, नाम परिवर्तित) र अरू केही मानिसहरू तपाईँलाई भेट्न आउँदै छ रे भन्ने सुनेकी छु। तपाईँलाई सिफारिसको लागि प्रेसर दिनको लागि। त्यही वेलामा म पनि आउँछु। सम्भवतः मेरो श्रीमान् पनि आउन सक्छ। त्यसबेला एकपटक तपाईँले मेरो श्रीमान्लाई सोध्नु होला। कमिसन खाए नखाएको कुरा उनीहरूलाई सोध्नु होला र तपाईँले प्रमाणित गरेको कागज हेर्नुहोला।'

गाईत्री अवालको कुरामा मलाई अझै पूरा विश्वास लागेन। त्यसैले आफ्नो जरुरी काममा जान यसबारे पछि कुरा गर्छु भनी हिँडेँ।

त्यस दिन खाना खाएर म समयमै वडा कार्यालयमा गएँ। म पुग्ने वित्तिकै गाईत्री पनि वडामा आइपुगेको रहेछ। साथै अरू पनि दुई तीन जना आएका रहेछन्। मैले सबैलाई सोफामा बस्न अनुरोध गरेँ। त्यसपछि मैले गाईत्रीलाई श्रीमान् कुनचाहिँ हो भनी सोधेँ। उहाँले श्रीमान् वडामा नआएको र वडाले बोलाउन अनुरोध गरिन्। त्यसपछि मैले कृष्ण राम अवालको नम्बर लिई कल गरेँ। तर उनले कल रिसिभ गरेन। त्यसपछि हरि त्यातलाई कमिसनको विषयमा जिज्ञासा राखेँ। हरि त्यातले भन्नुभयो, 'मैले घर बेच्न खोजेको हो। तर मैले जम्मा सोह्र लाखमात्र बैना रकम पाएको छु। बिचमा कुरा गर्ने मान्छेले पचास हजार कमिसन लिएको हो। कमिसन लिने मान्छे साजन अवाल यही भाइ हो। गाईत्रीले उन्नाइस लाख आफ्नो श्रीमान्लाई दिएको भन्छिन्। यस हिसाबले साढे दुई लाख खाएको हो। कागज गर्ने बेलामा श्रीमती र वडाध्यक्षलाई श्रीमतीको पैसामा कमिसन खाएको नभन्नु भनेको थियो।'

साजन अवालले भन्नुभयो, 'सर मैले पचास हजार लिएको हुँ। घर मिलाएवापत पचास लिनु सामान्य नै हो। आजकल कमिसन नखाई घर जग्गाको काम हुँदैन सर। तर, श्रीमान्ले श्रीमतीसँग चाहिँ कमिसन खान नहुने हो। मलाई पनि यस बहिनीको श्रीमान् कृष्णरामले नभन्नु भनेको थियो। घर किन्ने क्रममा यो कुरा गोप्य राख्नु भनेको थियो। तर मैले पचास हजार मागेको पहिलेनै हो। त्यही भएर मैले लिएको कमिसन त मिहिनेतको परिश्रम हो सर।'

उनीहरूको कुराले मलाई अचम्म लाग्यो। विहानसम्म मलाई त्यस महिलाको कुरामा विश्वास थिएन। तर अहिले मलाई विश्वास लाग्यो। वडाध्यक्ष हुनुभन्दा अगाडिमात्र त्यस्तै एउटा घटना घटेको याद आयो। त्यसवेलामा पनि आफ्नै श्रीमतीको नाममा रहेको घर बेच्नलाई आफ्नै श्रीमान्ले कमिसन खाएको थियो। पछि दलालमार्फत त्यो खुलासा भएको थियो। यसरी खाने मान्छे वकिल थियो। जसलाई म राम्ररी चिन्थेँ। आज पेरि त्यस्तै घटना दोहरहेको छ। कानुनले यस्तोमा कारबाही गर्ने अधिकार दिएको भए म तत्काल त्यस मान्छेलाई समाएर जेलमा हालिदिन्थेँ। तर, कानुले त्यो अधिकार दिँदैन। यो पुँजीवादी व्यवस्थाको पराकाष्ठा रूप हो। पुँजीवादी व्यवस्थामा पैसा नै सबथोक हुन्छ भन्ने यो ज्वलन्त उदाहरण हो। परिवारका सदस्यबिचमा पनि पैसाले कसरी घात गर्न सक्दछ भन्ने यो ज्वलन्त उदाहरण थियो। पुँजीवादी व्यवस्थामा पैसाको लागि परिवारका सदस्यको मनितो पनि राख्दैन। यस व्यवस्थामा माया, प्रेम, सदभाव र सदाचार जस्ता मानवीय संवेदना पनि पैसाले निर्धारण गर्दछ। त्यसैले यसको विकल्प भनेको समाजवाद हुन सक्दछ। जहाँ माया, प्रेम, सदभाव र सदाचार जस्ता मानवीय संवेदना पैसाले निर्धारण गर्दैन। समाजवादी व्यवस्थामा मात्र मानवीय प्रेम सही रूपमा सम्मान हुन्छ। परिवारको बिचमा अविश्वास हुँदैन किनकी यस व्यवस्थामा पैसा सबथोक हुँदैन। पैसा साधन मात्र हुन्छ।

मैले हरि त्यातलाई भनेँ, 'यस महिलाको बैना फिर्ता गरिदिनुस्। श्रीमान्ले त साढे दुई लाख खायो खायो। तपाईँ त घर नदिने भएपछि पैसा फिर्ता दिनुस्। अनि पचास हजार लिएको कमिसन पनि फिर्ता गर्नुस्। तपाईँको श्रीमान् गतिलो रहेनछ। अब आइन्दा आफ्नै श्रीमानसँग पनि सेचत हुनुहोस।' त्यति भन्ने वित्तिकै पचास हजार कमिसन खाने साजन वडाबाट भागे भने हरि त्यातले सबै पैसा फिर्ता गर्ने वाचा गरे। त्यसपछि उनीहरू वडाबाट विदावारी भएर गए।

त्यसपछिका दिनहरूमा मैले त्यस गाइत्री अवालका श्रीमान्लाई भेट्न निकै प्रयास गरेँ। उनको मोवाइल नम्बरमा धेरै कल गरेँ। फोन रिसिभ गरेन। कार्यालय सहयोगीलाई पनि बोलाउन पठाएँ। तर, उनी वडामा आउँदै आएन। सायद, उनले आफ्नै श्रीमतीको पैसामा कमिसन खाएको कुरा मलाई थाहा पाएकोले वडाध्यक्षले गाली गर्ने भयो भन्ने डरले नआएको हुनसक्छ। हुन पनि मलाई एकपटक वडामा बोलाएर नराम्रोसँग गाली गर्ने मन थियो। त्यस हिसाबले पनि उनलाई वडामा बोलाउन खोजेको थिएँ। तर उनी बोलाउन पठाउँदा पनि आउन मानेन।

मलाई यो संसारमा कस्ता कस्ता मान्छे पनि हुने रहेछ भन्ने लाग्यो। आफ्नै श्रीमतीले माइतीबाट ल्याएको पैसामा पनि कमिसन खाने मानिसहरू पनि यो संसारमा रहेछ। पुँजीवादी व्यवस्थाकै विशेषता भनेको पैसाको लागि मार्न र मर्न तयार हुन्छ भन पार्टीका अग्रज कार्यकर्ताहरूले समय समयमा राजनीतिक प्रशिक्षणमा सुनाएको याद आयो। वास्तवमै पनि पैसाको लागि मार्न र मर्न तयार हुन्छ भने श्रीमतीको पैसामा कमिसन लिनु ठुलो कुरा त रहेन। तर पनि मलाई कता कता केहि दिनसम्म नरमाइलो लागि रह्यो।

# छि:कोण र भक्तपुर



श्यामकृष्ण खत्री

समय र परिस्थितिअनुसार नगरवासीहरूको स्वास्थ्य, शारीरिक व्यायाम खेलकुदमा परिवर्तन गर्ने सोचमा लाग्नु नै भक्तपुर नगरपालिकाको उद्देश्य हो ।

नगरवासीहरूको घर-घरमा खेलकुद पुऱ्याउने, शारीरिक व्यायाम मार्फत तन्दुरुष्ट बनाउनका लागि हो भन्ने मान्यताका साथ नगरवासीहरूलाई उत्साहित बनाउँदै वडा वडामा भक्तपुर नगरपालिकाले छि:कोण प्रशिक्षण सुरु गरेको छ ।



छि:कोणले शारीरिक रूपमा स्वस्थ, मानसिक रूपमा शान्त चेतनाका साथ जिउन सिकाउने, छि:कोण मानिसको जीवन शैली अनुशासित बनाउनुका साथै शारीरिक र मानसिक रूपमा चुस्त राख्न भक्तपुर नगरपालिले २०८० साउण १ गतेदेखि वडा-वडामा छि:कोण प्रशिक्षण सुरु गराउँदै आएको छ । छि:कोणले श्वास प्रश्वास, मनोरञ्जन, अनुशासित र स्वावलम्बी बनाई समाज परिवर्तनमा एकता कायम गर्ने उद्देश्य राखी एकताका लागि थप टेवा पुग्ने विश्वास लिएको छ ।

छि:कोण शारीरिक रूपमा स्वास-प्रश्वास, हाड जोर्नी, बाहिरी अङ्गभन्दा भित्री अङ्गलाई मजबुत बनाउन मद्दत पुग्ने शरीरमा उर्जा उत्पन्न भई थकानको महसुस हुन नदिन हरेक अङ्गहरूको क्रियाकलापबाट प्रत्यक्ष वा अप्रत्यक्ष फाइदा गरिरहेको हुन्छ । छि:कोण अभ्यासबाट मलाई खुट्टा हाड जोर्नी दुखाई कम भयो । फुर्तिलो, आनन्द र स्वस्थ भएको महसुस भएको सहभागी दिदी बहिनीहरूले भन्ने गरेको पाइन्छ । शरीर र मनमा खेली रहने मानसिक रोग, दीर्घरोग, प्रेसर, सुगर रोग आदि केही मात्रामा मुक्ति दिलाउँदै र स्वस्थ्य हुँदै आइरहेको छ भन्ने कुराहरू सहभागी दिदी बहिनीहरूबाट हामीलाई जानकारी गराउनु भएको छ ।

छि:कोण शारीरिक व्यायाममात्र नभइकन प्रशिक्षण केन्द्रहरूमा सु:ख, दु:ख बाँड्ने ठाउँ, देश विदेशका र स्थानीय निकायका हरेक सकारात्मक र व्यवहारिक कुराहरू सिक्ने र सिकाउने छलफल गर्ने केन्द्र पनि बनेको छ ।

खेलकुद मैदान र शारीरिक व्यायाम पर्याप्त भए अस्पताल र स्वास्थ्य चौकी थोरै भए पुग्ने मान्यता राखी खेलकुदलाई संविधान मै उल्लेख गर्नुपर्ने ने.म.कि.पा. का सांसदहरूले आवाज उठाउँदै आएका छन् । यदि संविधानमा उल्लेख भएको भए नेपाली जनताले नि:शुल्क खेलकुद खेल्न पाउने, सबै शारीरिक व्यायाम गर्न पाउने, सबै खेलाडीहरूले आ-आफ्नो प्रतिभा प्रष्फुटन गर्न पाउने, १८ वर्ष नाघेका युवाहरूले अनिवार्य सैनिक तालिम लिन पाउने थिए ।

भक्तपुर नगरपालिकाले विगत वर्षदेखि छि:कोणका प्रशिक्षकहरू तयार गरी वडा-वडामा छि:कोण प्रशिक्षण सुरु गरेको छ । शारीरिक अङ्ग र स्वासप्रश्वास सन्तुलन मिलाएर नियमित छि:कोण गर्न सके शारीरिक, मानसिक, बौद्धिक रूपमा स्फूर्त रहने छ । रोग लाग्न नदिन आत्म अनुशासन कायम राख्न शरीरलाई सन्तुलित र लचकतासँग फुर्तिलोपन बढाउन छि:कोण नियमित गर्न आवश्यक छ । अरू खेलहरू खेल्दा श्वासलाई छातीमा राख्ने गरिन्छ भने यो व्यायाम गर्दा पेटमा श्वास जम्मा गरी शारीरिक अङ्ग सँगसँगै कुन बेला श्वास फेर्ने कुन बेला श्वास प्रश्वास गर्ने भन्ने कुरा जानकारी लिई छि:कोण गर्नु आवश्यक छ ।

नगरका १० ओटै वडाहरूमा विहान ५:३० बजेदेखि ७ बजेसम्म सञ्चालन हुने छि:कोण प्रशिक्षणमा युवाहरू भन्दा प्रौढ, जेष्ठ नागरिक र महिलाहरू आकर्षित भएको पाइन्छ । शारीरिक र मानसिकका साथै दीर्घरोग तीव्र गतिले बढिरहेको छ । यसले गर्दा चिकित्सा शास्त्रलाई पनि चुनौती दिइरहेको अवस्थामा शारीरिक मानसिक समस्यामात्र नभइ आर्थिक रूपमा पनि असर परिरहेको छ ।

नेपाल मजदुर किसान पार्टीको घोषणा पत्रअनुसार



परिणामका लागि भक्तपुरका लागि मात्र नभई राष्ट्रका लागि नै खेलाडी तयार गर्न विद्यालयस्तरको खेलकुद प्रतियोगितालाई प्राथमिकतामा राख्दै आएको छ।

नेपाल मजदुर किसान पार्टीको घोषणा पत्र र आव २०८१/८२ को नीति तथा कार्यक्रममा खेलकुदलाई नागरिक जीवनको अङ्गको रूपमा विकास गरी युवाहरूलाई खेलकुदमा सक्रिय बनाउन हरेक वर्ष अन्तर नगर खेलकुद प्रतियोगिता, विद्यालय स्तरको

जनताको पहिलो प्राथमिकता स्वास्थ्य हो। शिक्षामा राम्रो बनाउने, स्वस्थ नागरिक तयार गरी नगरका सम्पूर्ण नागकिहरूलाई स्वस्थ बनाई समाज रूपान्तरण गरी समाज परिवर्तनमा भक्तपुर नगरपालिकाले प्रयास गर्दै जाने र जनप्रतिनिधिहरूले जनभावनाअनुसार काम गर्ने लक्ष्य राखी नगरवासीहरूको विचार राम्रो बनाई भक्तपुरको नाम देश र विदेशमा राम्रो बनाउने प्रयास गर्दैछ।

भक्तपुर नगरपालिकाले सञ्चालन गर्दै आएको सीपमूलक तालिम, भाषा प्रशिक्षण युवा पुस्तालाई प्राथमिकता राखी प्रशिक्षण दिने, तालिम दिने, उद्देश्य राखेको छ। तर शिक्षित युवाहरू विदेशमा गएर पैसा कमाउने गतिलो गन्तव्यको रूपमा लिंदै छ। हिजोको दिनमा १२ वर्षदेखि १८ वर्षका युवा, विद्यार्थीहरूलाई ठुलो भएर के गर्ने भनेर सोध्दा पुलिस बन्ने, सिपाही बनेर देशको सेवा गर्ने भन्थे, आजका युवा विद्यार्थीहरूलाई त्यही प्रश्न गर्दा विदेश जाने जवाफ दिने गरेको पाइन्छ। त्यसैले युवाहरू नेपालमै बसेर कुनै व्यवसाय गरेर बस्न सकोस् भन्ने उद्देश्यले युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन ऐन ल्याएको छ। १६ वर्षदेखि ४५ वर्षसम्मका बेरोजगार एवं आर्थिक रूपले कमजोर विपन्न युवाहरूलाई उद्यमशील बनाउन सहुलियत ब्याज दरमा ऋण उपलब्ध गराउने र नेपालमा व्यवसाय गरेर बस्न सक्ने बनाउन ५ लाख ऋण दिने व्यवस्था गरेको छ।

भक्तपुर नगरपालिकाले नगर भित्रकालाई मात्र नभई देशका विभिन्न जिल्लाबाट आ-आफ्नो काम विशेषले भक्तपुरमा अध्ययनरत विद्यार्थीहरूलाई पनि खेलकुदको माध्यमबाट मित्रता बढाउने, नचिनेका खेलाडीहरू बिच चिनजान हुन खेलकुद प्रशिक्षण र प्रतियोगिताले नयाँ पुस्तालाई उत्साहित बनाउन तत्कालीनलाई भन्दा दीर्घकालीन

खेलकदु प्रतियोगिता, ६ ओटा खेल- भलिबल, फुटबल, टेबुलटेनिस, कराते, बक्सिङ, जिम्नाष्टिकको नियमित प्रशिक्षण दिई नगरका ९२ ओटा विद्यालयहरूका शिक्षकहरूलाई खेल सम्बन्धी आधारभूत सीपहरूबारे प्रशिक्षणलाई निरन्तरता दिइरहेको छ। वडा-वडामा सञ्चालित छि:कोणका प्रशिक्षकहरूलाई पनि ग्रेड वृद्धि गर्दै छि:कोण खेललाई प्रोत्साहित गर्दै लैजाने पूर्णकालीन प्रशिक्षकहरूलाई निरन्तरता दिई नयाँ खेलहरूको प्रशिक्षणलाई प्रारम्भ गरी जिल्ला भित्रका खेलाडीहरूलाई वर्षको उत्कृष्ट खेलाडी सम्मान कार्यक्रमलाई निरन्तरता दिई सहिद स्मृति खेलमैदान, महेश्वरी खेलमैदान व्यवस्थित गर्न बजेटको व्यवस्था गरेको छ। वडा-वडामा वडा समिति अन्तर्गतका खेलकुद समिति सक्रिय बनाउन अन्तर वडा खेलकुद प्रतियोगिताहरू आयोजना गर्न लगाउने र खुला व्यायाम सामग्रीको स्तर उन्नति गर्दै पौडी प्रशिक्षण, परम्परागत खेलहरूलाई उत्साहित बनाई नगरवासीहरूको शारीरिक एवं मानसिक रूपमा स्वस्थ र तन्दुरुष्टका साथै नागरिकलाई निरोगी बनाउन खेलकुद श्वास प्रश्वास सम्बन्धी प्रशिक्षण दिई जीवन शैलीको रूपमा विकास गर्दै लैजाने भक्तपुर नगरपालिकाको उद्देश्य रहेको छ।

विद्यालय खेलकुद २०८० पुस ११, १२, १३ गते ६



ओटा खेलको राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता सम्पन्न पछि २०८० माघको २१ गतेदेखि २७ गतेसम्म १५ ओटा खेल- फुटबल, भलिबल, कराते, एथ्लेटिक्स, टेबुलटेनिस, जिम्नाष्टिक, कब्बडी, बाघचाल, बुद्धिचाल, ब्याडमिन्टन, पोर्टबल, टेक्वाण्डो, खो खो, उसु कसिमलाय् पाँ खेलमा ८१ विद्यालयका २२५६ जना विद्यार्थीहरू बिच प्रतिस्पर्धा गराई मेडल, ट्रफी, प्रमाणपत्र सहभागी सम्पूर्ण विद्यालयहरूलाई वितरण गरियो ।

त्यस्तै, २०८० फागुन २९ गतेदेखि चैत ३ गतेसम्म १५ ओटा नगरपालिका, उप महानगरपालिका, महानगरपालिका सहभागी गराई अन्तर नगर महिला कब्बडी प्रतियोगिता सम्पन्न गरियो ।

यसरी भक्तपुर नगरपालिकाले खेलकुद क्षेत्रमा आधारभूत सीप सम्बन्धी प्रशिक्षण देखि नगर, जिल्ला, प्रदेश, राष्ट्र तथा अन्तराष्ट्रिय खेलाडी तयार गर्ने लक्ष्य राखी खेलकुद गतिविधि गर्दै आइरहेको छ । भक्तपुर नगर भित्रका ९२ ओटा विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरू विभिन्न जिल्लाबाट आ-आफ्नो काम विशेषले भक्तपुरमा बसोबावस गर्दै आउनुभएका अभिभावकका छोरा छोरीहरू खेलकुदको माध्यमबाट मित्रता बढाउने, विद्यालय खेलकुद प्रतियोगिताले नयाँ पुस्तालाई उत्साहित बनाई तत्कालीनभन्दा दीर्घकालीन परिणामका लागि विद्यालय खेलकुद प्रतियोगितालाई प्राथमिकतामा राखेको छ ।

वडा-वडामा सञ्चालित प्रशिक्षणमा सहभागी बनी छि:कोण सम्बन्धी शारीरिक व्यायाम, स्वास प्रश्वास सम्बन्धी विभिन्न विधि सिक्नुहोस् र सिकिसके पछि आफू पनि स्वस्थ होऔँ र आफूले सिकेका सीपहरू आ-आफ्नो परिवार, छिमेकीलाई पनि सिकाउनु होस् । राम्रोसँग सिकिसकेपछि घरैमा बसेर, एक्लै भए पनि कोठामा गर्न सक्ने छि:कोण सिके आ-आफ्नो जीवन शैली उत्तम बनाउन सकिन्छ । गलत तरिकाबाट भइरहेको शारीरिक व्यायाम त्यागी छि:कोण प्रशिक्षणमा सहभागी भई स्वास्थ्य लाभ लिनु उपयुक्त हुनेछ ।

भ.न.पा. ५ का छि:कोण प्रशिक्षार्थी **कमल बहादुर लिवी**द्वारा लिखित छि:कोण खेल खेल्न आउन अनुरोध गरेको गीत -

दँ.दँ पासापिं द्यः तुईया वल
छि:कोण भ्हीसं यावने माल (धुन)

छि:कोण याना झीगु ल्वय् मदयकेनु,
छि:कोण याना झी स्वस्थ जुयेनु
झी फुकं मुना छि:कोण यायेनु । ॥१॥

शरीर झीगु स्वस्थ यायेनु
स्वस्थ जुयेत छि:कोण यायेनु
छि:कोण याना झी निरोगी जुयेनु । ॥२॥

सदा नं. झीसं छि:कोण यायनु
झीगु शरिरया ल्वय मदयेकेनु
ल्वय् मदेय्का देय्या सेवा यायेनु ॥३॥

देय व जनताया सेवा झीसं यायेनु
देय स्यंका नइपिंत लिना छोयेनु
देय् भिंकि पिंत ग्वाहालि झीसं यायेनु ॥४॥



## भक्तपुर नपाका नियम-कानुन

# 'युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९' - एक चर्चा



डा. हरिराम सुवाल
संयोजक, विधायन समिति,
भक्तपुर नपा

वि.सं. २०७८ को जनगणनाअनुसार नेपालको जनसङ्ख्या २,९१,१६,४७८ रहेको छ। नेपालको अर्थतन्त्रमा कृषि र रेमिटेन्सको महत्त्वपूर्ण योगदान रहेको छ। नेपालको जीडीपीमा कृषि क्षेत्रको योगदान ३१.७ प्रतिशत र रेमिटेन्सको ९.१ प्रतिशत रहेको छ। कृषि क्षेत्रले कुल रोजगारको ६५ प्रतिशत ओगटेको छ भने करिब ८० लाख युवाहरू विदेशमा रहेको अनुमान छ। सोही जनगणनाअनुसार नेपालको जनसङ्ख्या वृद्धि दर ०.९२ प्रतिशत रहेको छ। नेपालमा रहेका ७५३ पालिकाहरूमध्ये भक्तपुर नगरपालिका पनि एक हो। भक्तपुर नगरपालिका देशको सानो नगरपालिका हो। यसको क्षेत्रफल ६.८८ वर्ग किलोमिटर मात्र छ। यसको जनसङ्ख्या ७८,८५४ छ भने परिवार सङ्ख्या १८,८५४ र घर सङ्ख्या १२,२०० रहेको छ। भक्तपुर नगरका मानिसहरूको मुख्य पेसा कृषि नै हो भन्ने पर्यटन उद्योग दोस्रोमा पर्दछ। घरेलु तथा साना उद्योग, व्यापार व्यवसाय र हस्तकलाका सामग्रीहरू यहाँको आम्दानीका मुख्य स्रोतहरू हुन्। भक्तपुर नगरमा केही हेक्टर जमीनमात्र कृषि उत्पादनको लागि प्रयोग हुन्छ। यहाँको मुख्य उत्पादन धान, गहुँ, मकै, हरियो सागसब्जी र गेडागुडीहरू हुन्। कुखुरापालन व्यवसामा यो नगर आत्मनिर्भर छ। यस नगरमा एक औद्योगिक क्षेत्र छ। जहाँ कपडा, डेरी, काष्ठकला, रङ, सेरामिक्स, बुनाइ, नेपाली कागज र धातुका सामग्रीहरूका उद्योगहरू सञ्चालित छन्। धान, चिउरा, काष्ठकला उद्योग, फर्निचर उद्योग, सिलाइ र बुनाइ, पौभा र थाङ्का लेखन, गलैंचा, धातुको सामग्री, माटोको भाँडाकुँडा आदि यस सहरका अन्य औद्योगिक उत्पादनहरू हुन्।

नेपाल मजदुर किसान पार्टी केन्द्रीय निर्वाचन परिचालन समितिले प्रकाशित गरेको **स्थानीय तहको निर्वाचन घोषणापत्र २०७९** मा *'प्राविधिक मजदुरहरूलाई आवश्यक तालिमपछि साइकल, मोटरसाइकल, मोटर, मोबाइल, कम्प्युटर, टीभी, रेडियो, फ्रीज, हिटर, विद्युत् जडान, पाइप र किचेनको मर्मत गर्ने, खाना तताउने माइक्रोओभन, लुगा धुने वासिङ मेसिन आदिको मर्मत तालिम दिएर पानी तान्ने मेसिनसमेतको ज्यासल बनाई युवाहरूलाई रोजगारको व्यवस्था गर्न स्थानीय तहले तदारूकता देखाउन आवश्यक छ। सम्भावना भएका गाउँ र नगरपालिकाहरूलाई स-साना जलविद्युत् परियोजना सञ्चालन गर्न उत्साहित गर्नु आवश्यक छ। यस कार्यले जनताको ठुलो सेवा हुनेछ। वर्षको एक खर्बभन्दा बढी रुपियाँको खाद्यान्न, तरकारी र फलफुलको निम्ति विदेशी मुद्रा खर्च भइरहेकोलाई घटाउन पालिका एवम् सहकारी संस्थामार्फत तरकारी खेती, माछापालन, पशुपालन, कुखुरापालनसहित कृषि उत्पादनमा प्राथमिकता दिन नगरपालिकाहरूले कृषि शिक्षाको कक्षा सञ्चालन र तालिम प्रदान गर्नु आवश्यक छ। साथै कृषि अर्थतन्त्रमा आत्मनिर्भर बनाउन पालिकाका जनतालाई शिक्षित गर्ने, घर घरबाटै इँटा ढुङ्गा, सीसा, प्लास्टिक, काँच, फलामका काँटी किलाजस्ता सामान अलग गराई पुनः प्रयोगमा पठाउने तथा कुहिने फोहोरबाट प्राङ्गारिक मल बनाउन उत्साहित गर्नेलगायतका योजनामा गम्भीरता देखाउनु आवश्यक देखिन्छ'* उल्लेख छ। नेपाल मजदुर किसान पार्टी स्थानीय तह निर्वाचन, भक्तपुर नगरपालिकाको घोषणापत्र २०७९ को बुँदा नं. ९ मा *'युवाहरूलाई आत्मनिर्भर बनाउन सहुलियत ब्याजदरमा युवा उद्यमशील ऋणको व्यवस्था गर्ने र युवाहरूलाई फ्रिज, वासिङ मेसिन, माइक्रोओभन, पानी तान्ने पम्पलगायत घरेलु सामग्री मर्मत तालिम दिने'* उल्लेख छ।

नेपालको संविधानले स्थानीय तहलाई धेरै अधिकारहरू दिएको देखिन्छ। नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरूले भक्तपुर नगरपालिकामा शतप्रतिशत जितेको सर्वविदितै छ। पार्टीका जनप्रतिनिधिहरू घोषणापत्रमा उल्लेखित प्रतिबद्धताहरूलाई पूरा गर्न



क्रियाशील छन् । नेमकिपा र नेमकिपाका उम्मेदवारहरूले भक्तपुरलाई पुरानै ढाँचा कायम राखी शिक्षा र स्वास्थ्य सुलभरूपमा दिनुका साथै युवाहरूलाई उद्यमशीलता ऋण दिई रोजगार दिनको लागि प्रयासरत छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय निकायलाई संविधानले तोकिएका क्षेत्राधिकारभित्रका विषयमा कानुन बनाई कार्यान्वयन गर्ने अधिकार रहेको छ । यही अधिकारलाई प्रयोग गर्दै भक्तपुर नगरपालिकाले धेरै विषयमा कानुन बनाई कार्यान्वयन गर्दै आएको छ । गत २०७९ पुस महिनामा बसेको भक्तपुर नगरपालिकाको तेर्‍हौं नगरसभाले **'भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९'** पारित गरेको छ । नगरभित्रका युवाहरूको लागि रोजगारीको सृजना गर्नको लागि युवा उद्यमशीलताको ऋण दिई विदेशमा जान नपर्ने परिस्थिति नगरपालिकाले तयार गर्न खोजेको छ । यस कार्यविधिको प्रस्तावनामा उल्लेख गरिएको छ, *'भक्तपुर नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने १६ वर्षदेखि ४५ वर्षसम्मका बेरोजगार एवम् आर्थिकरूपले कमजोर (गरिब) तथा विपन्न युवाहरूलाई उद्यमशील बनाउन धितो जमानी वा धन जमानीमा सहुलियतपूर्ण ब्याज दरमा ऋण उपलब्ध गराई युवाहरूलाई स्वदेशमै व्यापार व्यवसाय गरी रोजगारी सृजना गर्न र उद्यमशीलता प्रवर्द्धन गर्न वाञ्छित भएको हुँदा भक्तपुर नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ५ बमोजिम भक्तपुर नगरपालिका, युवा उद्यमशीलता प्रवर्द्धन ऋण परिचालन सम्बन्धमा बनेको कार्यविधि, २०७९ बनाई लागू गरिएको छ ।'* प्रस्तावनाका अनुसार स्वदेशमै रोजगारी दिनको लागि युवाहरूलाई ऋण दिने स्पष्ट कुरा उल्लेख छ ।

यस कार्यविधिको **दफा २** ले युवा उद्यमशीलता प्रवर्द्धन ऋणसम्बन्धी व्यवस्था गरेको छ । जसअनुसार उद्यमशील युवाहरूलाई ऋण उपलब्ध गराउन नगरपालिकाले वार्षिक बजेट व्यवस्थासहित युवा उद्यमशीलता ऋण कोषको स्थापना गर्नेछ । उक्त कोषको व्यवस्थापन र सञ्चालन नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ । यस कार्यविधिबमोजिम दिइने ऋण माग गर्दा धितो जमानी वा धन जमानीमा ऋण माग गर्न सकिनेछ ।

यस कार्यविधिको **दफा ३** ले युवा उद्यमशीलता प्रवर्द्धन ऋणको सीमा र सर्तहरूको व्यवस्था गरेको छ । जसअनुसार सुरक्षणबिना ऋण माग गरेको अवस्थामा बढीमा रु. १,००,०००।- (एक लाख रुपैयाँ) सम्म; ऋण मागकर्ताले दुई जनासम्म आफ्नो नातेदार धन जमानी राखी ऋण माग गरेमा बढीमा रु. ३,००,०००।- (तीन लाख रुपैयाँ) सम्म; ऋण मागकर्ताले आफ्नो वा आफ्ना नातेदारहरूको सम्पत्ति धितो जमानी राखी ऋण माग गरेमा बढीमा रु. ५,००,०००।- (पाँच लाख रुपैयाँ) सम्म ऋण दिने व्यवस्था छ । लिइएको ऋणको चुक्ता अवधि ऋण लिएको मितिले ५ वर्षको हुनेछ । ऋणको वार्षिक ब्याजदर ६ प्रतिशतको दरले लिइनेछ । उपलब्ध गराइने ऋण कुनै एक परिवारको एक जना सदस्यलाई मात्र उपलब्ध गराउन सकिनेछ । स्वीकृत ऋण रकम एकमुष्ट वा किस्तामा उपलब्ध गराइनेछ । उपलब्ध गराइएको ऋण निवेदकले व्यवसायको क्रममा दुरूपयोग गरेको खण्डमा वा अन्य कार्यमा प्रयोग गरिएको खण्डमा बाँकी ऋण वा उपलब्ध गराउनुपर्ने ऋण रोक्का राखी कारबाही गरिनेछ । दिइने ऋण प्रत्येक आ.व. मा प्रति वडा बढीमा दस जनासम्मलाई उपलब्ध गराइनेछ । लिइएको ऋणमा ऋण लिएको मितिदेखि ब्याज गणना गरिनेछ र किस्ताबन्दीमा ऋण चुक्ता गर्दा घटे, घटाएको सावाँपछि बाँकी सावाँको मात्र ब्याज लाग्नेछ । युवा उद्यमशीलता प्रवर्द्धन ऋण लिन चाहने युवाले आफ्नो व्यावसायिक कार्य योजनामा उल्लेखित व्यवसाय यस न.पा.को सम्बन्धित वडामा दर्ता गर्नुपर्नेछ । यस न.पा. क्षेत्रभन्दा बाहिर गरिने व्यवसायको लागि यस कार्यविधिबमोजिम ऋण उपलब्ध गराइने छैन ।

यस कार्यविधिको **दफा ४** ले ऋण माग गर्न आवश्यक प्रक्रियाहरूको सम्बन्धमा उल्लेख छ । जसअनुसार ऋण माग गर्ने युवाले निवेदन र निवेदनमा उल्लेखित प्रक्रियासहित वडा समितिमा पेस गरी सिफारिस लिनुपर्नेछ । निवेदन पेस गर्दा व्यावसायिक कार्य योजना पेस गर्नुपर्नेछ । निवेदन प्राप्त भएपछि सम्बन्धित वडा समितिले जाँचबुझ गरी ऋणका लागि नगरपालिकासमक्ष सिफारिस गर्नेछ । सिफारिस भइआएपछि सो सिफारिससमेत संलग्न गरी नगरपालिकामा निवेदन दिनुपर्नेछ । निवेदनमा आवश्यक कारबाही र जाँचबुझ भ.न.पा. आर्थिक प्रशासन शाखाबाट गरी प्रमुखसमक्ष निर्णयार्थ पेस गर्नेछ । पेस भएपछि प्रमुखले ऋण स्वीकृत गर्नसक्नेछ । प्रमुखबाट ऋण स्वीकृत भएपछि भक्तपुर नगरपालिका आर्थिक प्रशासन शाखाबाट ऋण रकम उपलब्ध गराइनेछ ।

यस कार्यविधिको **दफा ५** ले ऋणको सावाँ ब्याज असुली व्यवस्था गरेको छ । जसअनुसार ऋण लिएको मितिले दुई वर्ष नाघेको भोलिपल्ट कुल ऋण रकमको २५ प्रतिशत सावाँ र सो दिनसम्मको ब्याज, ऋण लिएको मितिले तीन वर्ष नाघेको भोलिपल्ट कुल ऋण रकमको २५ प्रतिशत सावाँ र सो दिनसम्म बाँकी सावाँको ब्याज, ऋण लिएको मितिले चार वर्ष नाघेको भोलिपल्ट कुल ऋण रकमको २५ प्रतिशत सावाँ र सो दिनसम्म बाँकी सावाँको ब्याज, ऋण लिएको मितिले पाँच वर्ष नाघेको भोलिपल्ट कुल ऋण रकमको २५ प्रतिशत सावाँ र सो दिनसम्म बाँकी सावाँको ब्याज तिर्नुपर्नेछ । उपर्युक्त समयावधिभित्र ऋणको सावाँ ब्याज नतिरेमा तिर्न बुझाउनुपर्ने सावाँ ब्याजको ५ प्रतिशत हर्जाना गरी र निजको ऋणमा जमानी बसेका एकापरिवारका सदस्य वा नातेदारलाई नगरपालिकाबाट प्रदान गरिने सेवाहरू वञ्चित गर्न सकिनेछ र निजहरूबाट सरकारी बाँकीसरह असुलउपर गरिनेछ ।

यस कार्यविधिको **दफा ५** अनुसार यस कार्यविधिबमोजिम भए गरेका कार्यमा विवाद भएमा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

**दफा ७** अनुसार ऋण असुलीसम्बन्धी यस कार्यविधिमा उल्लेखित व्यहोरा यसै कार्यविधिबमोजिम गरिनेछ र ऋण असुली सम्बन्धमा प्रचलित अन्य नेपाल कानुनसमेतमा उल्लेखित प्रावधानअनुसार ऋणीहरूलाई कारबाही गर्न यस कार्यविधिले बाधा गरेको मानिने छैन ।

स्रोत : मजदुर दैनिक, फागुन ६, २०८०

# टेबल टेनिस खेलाडी क्यारिना सुवाल



राजकुमार लघु

क्यारिना सुवाल अन्तर्राष्ट्रिय टेबल टेनिस खेलाडी हुन्। उनको जन्म २०६४ साल कार्तिक २७ गते ब्यासी टोलको किसान परिवारमा भएको थियो। उनका पिताको नाम क्यारुल सुवाल र माता लक्ष्मीकेशरी सुवाल (कवां) हुन्। उनका पिता क्यारुल सुवाल पनि टेबल टेनिस खेलाडी हुन्। क्यारुल भक्तपुरमा आयोजित विभिन्न प्रतियोगितामा सहभागिता जनाइरहन्छन्। क्यारिनाको माता भक्तपुर नगरपालिका वडा नं. २ को स्वास्थ्य स्वंयम्सेविका हुन्। लक्ष्मीकेशरी पनि स्वास्थ्य सेवाको माध्यमबाट सामाजिक सेवामा लागेकी छिन्। क्यारिना हाल ख्वप कलेजमा कक्षा १२ मा ब्यवस्थापनअन्तरगत Bussiness र Economics अध्ययनरत छिन्। उनले कक्षा ४ देखि १० सम्म भक्तपुर ब्यासीस्थित महाकालीस्थानको प्रभात ई. सेकेण्डरी स्कुलमा अध्ययन गरी २०७९ सालमा एसइइ उत्तीर्ण गरेका थिए। उनले एसइइमा ३.१० जीपीए ल्याएका थिए। उनी अध्ययन र टेबल टेनिस खेल्न रुचाउँछिन्। उनीसँगै उनका बहिनी आरोही सुवाल पनि टेबल टेनिस खेल्छिन्। उनीभैँ उनकी बहिनी पनि टेबल टेनिसमा खेलमा अब्बल छिन् ।

खेलाडी क्यारिना सुवालको प्रशिक्षक उनकै काका रवि सुवाल हुन्। प्रशिक्षक रवि सुवाल भक्तपुरका एक सुपरिचित टेबल टेनिस प्रशिक्षक हुन्। उनका प्रशिक्षार्थीहरू प्रायः भक्तपुरमा भइरहने प्रतियोगितामा छाइरहेका छन्।

क्यारिनाले २०७४ सालदेखि प्रभातमा अध्ययनरत छँदा यस खेल तर्फ लागेकी थिइन्। उनी खेल्ने सिलसिलामा २०७९ सालमा कक्षा १० मा अध्ययनरत रहँदा काठमाडौँको लैनचौर टेबल टेनिस प्रशिक्षण हलमा एक हप्ता Close Camp बसेको स्मरण गर्छिन्। त्यस बेला उनको खेल प्रशिक्षकमा भारतका ममता प्रभु थिइन्। त्यस क्याम्पबाट पनि क्यारिनाले खेल सीप तिखार्ने अवसर पाएकी थिइन्।

उनलाई टेबल टेनिस खेलतर्फ प्रोत्साहन गर्ने श्रेय उनका काका राष्ट्रिय टेबल टेनिस खेलाडी तथा प्रशिक्षक रवि सुवाल हुन् भन्छिन्। काकाले खेल्ने हौसला दिए र सुरुवातमा प्रभात स्कुलमा दिएको प्रशिक्षणबाट र स्कुलका शिक्षक शिक्षिकाको प्रोत्साहनबाट आजसम्म यस खेलमा निरन्तर लागिरहेकी छु भन्छिन्। क्यारिनाले 3rd Nepal APM Table Tenis Championship-2023 मा ख्वप कलेजबाट सहभागी भई तेश्रो स्थान प्राप्त गरेकी थिइन्।



उनले First valleywide Inter-School and Open Table Tenis Tournament-2075 Girls u–10 मा प्रभात स्कुलबाट सहभागिता जनाए र प्रथम स्थान प्राप्त गरी स्वर्ण पदक जित्न सफल भएकी थिइन्।

उनले विश्व टेबल टेनिस सङ्घद्वारा प्रदान गरिने ITTF Level-A Course Training Camp (28-30 October, 2022) मा सहभागिता जनाका थिए। भविष्यमा प्रशिक्षक बन्न अभ्यास सुरु गरिन्। उनले Second Rising cup Inter-School Table Tenis Tournament-2076 मा प्रतिस्पर्धा गरी तेश्रो स्थान प्राप्त गरी खेल कौशल प्रस्तुत गरिन् । अन्तर्राष्ट्रिय खेलाडी क्यारिनाले First ANTTA CUP National Junior Table Tennis Championship-2019, Junior Girl's Single, u-10 मा दोश्रो स्थान प्राप्त गरी रजत पदक हात पारिन्, 7th LT. KRISHNA DHOJ MEMORIAL NATIONALWIDE INTER-SCHOOL COLLEGE TABLE TENIS CHAMPIONSHIP मा, प्रभात स्कुलबाट सहभागी भई GIRL'S TEAM ईभेन्टसमा दोश्रो स्थान प्राप्त गरी खेल जगतमा आफ्नो दक्षता प्रमाणित गरिन्। नेपाल टेबल टेनिस महासङ्घबाट आयोजित South Asian Youth Table Tennis Championship–2023




मा टीम इभेन्टसमा तेश्रो भएकी थिइन् । उनी भक्तपुर नगरपालिकाद्वारा प्रत्येक वर्ष आयोजित अन्तर विद्यालय टेबल टेनिस प्रतियोगितामा २०७४ सालदेखि २०७९ सम्म विजयी भई पुरस्कृत र सम्मानित भएकी थिइन् ।

टेबल टेनिस खेल किन खेल्ने भन्ने प्रश्नमा खेलाडी क्यारिना भन्छिन्, स्वस्थ्य हुन, समाजमा परिचित हुन र नाम कमाउन यस खेल खेल्नुपर्छ । यस खेलमा mind quick चलाउनुपर्छ, खेल अभ्यासले शरीर हृष्टपुस्ट हुन्छ ।

टेबल टेनिस खेल्नुको फाइदाबारे प्रश्न गर्दा उनी भन्छिन्, खेल वा प्रतियोगिताबाट मित्रता बढ्छ, खेलको माध्यमबाट देश विदेश यात्रा गर्न पाइन्छ । यो एकल प्रतियोगिता भएकोले ब्यक्तिगत स्वर्ण र नगद पुरस्कार पनि जित्न पाइन्छ ।

टेबल टेनिस खेलमा समस्या के कस्ता छन् भन्ने प्रश्नमा उनी भन्छिन्, Robbar र Bat महँगो भएकोले किन्न गाह्रो छ, हात खुट्टा दुख्छ । खेलाडीहरूको नियमित स्वास्थ्य परीक्षण भए अति राम्रो हुन्छ ।



खेलकुदको अविस्मरणीय क्षण के छ भन्ने प्रश्नमा क्यारिना भन्छिन्, २०८० सालमा South Asian Candidate and Junior Championship भारतको अरुणाञ्चल प्रदेशको इटा नगरमा भएको थियो । प्रतियोगिता नखेलेको धेरै भयो । थोरै प्रयास र कम प्रशिक्षणमा छनौट भई सुस्मिता खड्का, शुभश्री श्रेष्ठ र क्यारिना सुवालको नेपाली टीम तेश्रो भएको क्षण जीवनको अविस्मरणीय क्षण हो भन्छिन् ।



भावी योजनाबारे जिज्ञासा राख्दा क्यारिना भन्छिन्, खेलाडीको रूपमा राम्रो स्थानमा पुग्ने, देशको नाम चम्काउने र टेबल टेनिस खेलको नयाँ पुस्तालाई प्रशिक्षण दिने हो ।

नयाँ खेलाडीहरूलाई केही सन्देश छ कि भन्ने प्रश्नमा उनी भन्छिन्, मिहिनेत गर्दै गए राम्रो हुन्छ, भविष्यमा राम्रो फल पाउँछ । सिनियर खेलाडीलाई Respect गर्नुपर्छ । हरेक खेल र हरेक समय अनुशासनको पालना गर्नुपर्छ ।

## टेबल टेनिस खेलाडी क्यारिना सुवालको खेल तालिका

१. 3rdNepal APM Table Tenis Championship-2023 ख्वप कलेजबाट सहभागी, तेश्रोस्थान प्राप्त ।
२. First valley wide Inter-school And Open Table Tenis Tournament-2075 Girl's u-10 प्रभात ई. सेकेण्डरी स्कुलबाट सहभागी, प्रथम स्थान प्राप्त ।
३. ITTF Level-A Course Training Camp (28-30 October, 2022) सहभागी ।
४. Second Rising cup Inter-School Table Tenis Tournament- 2076, तेश्रो स्थान प्राप्त ।
५. Bhaktapur Municipality Inter-School Game-2075, प्रभात स्कुलबाट सहभागी भई Girl's Single u-16, तेश्रो स्थान प्राप्त ।
६. Inter Member Table Tennis Competition-2075 Siddhi Ganesh Saccos, Girl's Single, तेश्रो स्थान प्राप्त ।
७. SNB Memorial National Inter-School Table Tenis Championship-2076 Girl's Team, दोश्रो स्थान प्राप्त ।

८. Bhaktapur District Level 10th Inter-School Running Shield Table Tenis Championship, Oraganiger Bhaktapur Table Tenis Association, Girl's Single u-16, Third.

९. First ANTTA CUP National Junior Table Tenis Championship-2019, Junior Girl's Single, u-12, दोश्रो स्थान प्राप्त ।

१०. 7th Lt. KRISHNA DHOJ MEMORIAL NATIONAL WIDE INTER– SCHOOL COLLEGE TABLE TENIS CHAMPIONSHIP, Prabhat English school बाट सहभागी, GIRL'S TEAM, दोश्रो स्थान प्राप्त ।

११. NATIONAL LEVEL INTER OPEN TABLE TENIS TOURNAMENT–2015, GIRL'S TEAM EVENT , दोश्रो स्थान प्राप्त ।

१२. 14th INTER HARERAM JOSHI MEMORIAL OPEN TABLE TENIS CHAMPIONSHIP-2076 , प्रथम स्थान प्राप्त ।

१३. भक्तपुर नपाद्वारा आयोजित अन्तर विद्यालय टेबल टेनिस प्रतियोगिता–२०७४ मा Team Event, प्रथम स्थान प्राप्त ।

१४. भक्तपुर नपाद्वारा आयोजित अन्तर विद्यालय टेबल टेनिस प्रतियोगिता–२०७५, Girl's single, प्रथम स्थान प्राप्त ।

१५. भक्तपुर नपाद्वारा आयोजित अन्तरविद्यालय टेबल टेनिस प्रतियोगिता–२०७६, Girl's Single, u-12, दोश्रो स्थान प्राप्त ।

१६. भक्तपुर नपाद्वारा आयोजित अन्तरविद्यालय टेबल टेनिस प्रतियोगिता–२०७८ mix double, तेश्रो स्थान प्राप्त ।

१७. भक्तपुर नपाद्वारा आयोजित अन्तरविद्यालय टेबल टेनिस प्रतियोगिता–२०७८, Girl's Single, दोश्रो स्थान प्राप्त ।

१८. भक्तपुर नपाद्वारा आयोजित अन्तर विद्यालय टेबल टेनिस प्रतियोगिता–२०७९, Girl's Single u-16, दोश्रो स्थान प्राप्त ।

१९. भक्तपुर नपाद्वारा आयोजित अन्तर विद्यालय टेबल टेनिस प्रतियोगिता–२०७९, LADIES DOUBLE, दोश्रो स्थान प्राप्त ।

२०. भक्तपुर नपा २ वडा खेलकुद समितिद्वारा आयोजित २ वडाव्यापी टेबल टेनिस प्रतियोगितामा Ladies single, प्रथम ।

२१. भक्तपुर नपाद्वारा २०७८ सालमा जिल्लाको उत्कृष्ट टेबल टेनिस खेलाडीको रूपमा सम्मानित, भक्तपुर नपा वडा नं. २ द्वारा आयोजित देशव्यापी अन्तर वडा टेबल टेनिस प्रतियोगितामा २ वडाबाट सहभागी भई टिम इभेन्टसमा प्रथम स्थान, स्वर्ण पदक प्राप्त ।

२२. Bhaktapur Municipality Inter-School Sports-2079, उत्कृष्ट खेलाडी घोषित ।

२३. Madan Bhandari Academy Ist NATIONAL OPEN JUNIOR TABLE TENIS CHAMPIONSHIP-2023, Girl's Single, तेश्रो स्थान प्राप्त ।

२४. न्यातापोल कर्नर टीमद्वारा आयोजित भक्तपुर नगरव्यापी खुला टेबल टेनिस प्रतियोगिता–२०२३, दोश्रो स्थान प्राप्त ।

२५. South Asian Youth Table Tennis Championship 2023, organized by Nepal Table Tenis Association, सहभागी ।

२६. STAG Global Championship Legue 2023, सहभागी ।

२७. 6th Samjhana Cup International Table Tenis Championship-2024, Khwopa College बाट सहभागी ।

२८. National level 1 Coaching Course in table tenis 2024 , कोर्ष उत्तीर्ण ।

२९. GEMS School Thunderbolts Cup-2023, Girl's u-16, दोश्रो स्थान प्राप्त ।

३०. 9th National Games 2079, वाग्मती प्रदेशबाट सहभागी, टेबल टेनिस टीम इभेन्टस, तेश्रो स्थान प्राप्त ।

३१. All Nepal Inter-ward Table Tenis Championship-2023, भक्तपुर नपा वडा नं. २ बाट सहभागी, Womens Team Events, पहिलो स्थान प्राप्त ।

३२. भक्तपुर नपाद्वारा आयोजित अन्तर विद्यालय टेबल टेनिस प्रतियोगिता–२०७७, Table Tenis Team Events, दोश्रो स्थान प्राप्त ।

३३. ALL NEPAL INTER WARD Table Tenis Championship-2021, Womens Team, Second.

३४. KBSM 11th PURNA MAN MEMORIAL NATIONAL OPEN TABLE TENIS CHAMPIONSHIP-2022, from PRABHAT E.S. SHOOL, GIRLS TEAM Events, दोश्रो स्थान प्राप्त ।

३५. भक्तपुर जिल्ला खेलकुद विकास समितिद्वारा आयोजित तेश्रो उपराष्ट्रपति कप चिल्ड्रेन्स गेम–२०७७, जिल्लास्तरीय छनौट प्रतियोगितामा गर्ल्स सिङ्गल प्रथम भई छनौट ।

स्रोत : वार्ता र उनको प्रमाणपत्रहरूमा आधारित

## "भ्रष्टाचार: सामाजिक कलङ्क"

# पुरस्कृत कविता

भक्तपुर नपा वडा नं. ९ को आयोजनामा **'भ्रष्टाचार : सामाजिक कलङ्क'** शीर्षकमा नगरव्यापी विद्यालयस्तरीय (कक्षा ८, ९ र १०) कविता प्रतियोगितामा पुरस्कृत कविताहरू–

### प्रथम

**- विभूति कार्की, महेन्द्र विद्याश्रम**

कात्रोमा घुस माग्दछन् यदि भने बाँकी कहाँ के रह्यो ?
भ्रष्टाचार बढ्यो यहाँ दिनदिनै चुर्लुम्म देशै डुब्यो।
भ्रष्टाचार कलङ्क हो मुलुकको हो रोग संवृद्धिको
तोडौँ जाल कुकर्म दुष्टजनको रक्षा गरौँ देशको।

आफ्नै दाजु र भाइ इष्ट नभनौँ नाता नहेरौँ कतै
लाऊँ जेल र नेलका हतकडी यी भ्रष्टलाई सधैँ।
भ्रष्टाचारसँगै बढ्यो कहर यो अन्यायको शासन
आमा बेच्न समेत दुर्जनहरू छन् तम्तयारै किन ?

भ्रष्टाचारविरुद्धको समरमा आऊ युवा हो सब
जिल्ला, गाउँ र केन्द्रबाट यिनको नामेट गर्दै अब।
भ्रष्टाचार हटे विकास पथमा यो देश लम्किन्छ है
बालौँ दीपक चेतना हृदयमा यो देश चम्किन्छ है।

भ्रष्टाचार हटाउने पहलको पैलो म यात्री बनूँ
नारा भ्रष्ट विनाश ध्वंश गर्ने सच्चा सुपुत्री बनूँ।
सत्यानाश म पार्छु भ्रष्टजनको आँधी डढेलो बनी
भ्रष्टाचार बगाइदिन्छु अब लौ बाढी सुनामी बनी।

### द्वितीय

**- श्रेया शाही, वागीश्वरी मावि**

ऊ अझै पनि सूची बनाउँदै छ
कसका भागमा कति कति सबैलाई जनाउँदै छ
राज्यको ढुकुटी कता कता अझै खनाउँदै छ
ऊ भन्छ, ऊ देश बनाउँदै छ !

युवाहरूलाई आज गोबर गनाउँदै छ
पसिना बगाई कमाएको रेमिट्यान्स कता जमाउँदै छ
हामीलाई थाहा छ ऊ वियर र ह्विस्कीमा रमाउँदै छ
फेरि पनि हामी निमुखाको कठालो समाउँदै छ !

कृषकको पसिना, तर धन ऊ कमाउँदै छ
एक पछि अर्को कार्यकर्ता हात समाउँदै छ
नेपाल आमा र नेपालीमाथि आफ्नो हक जमाउँदै छ
अनि ऊ भन्ने गर्छ ऊ देश बनाउँदै छ !

आफ्नो घर ऊ छिमेकीलाई थमाउँदै छ
एम.सि.सि.का बुँदा बुँदामा ऊ खुसी मनाउँदै छ
समाजवाद र राष्ट्रवादका नारा सुनाउँदै छ
मिठामिठा बात मार्दै प्रतिनिधि चुनाउँदै छ !

कर्णालीलाई विकासको ऊ बास्ना सुँघाउँदै छ
भ्रष्टाचारको फल फल्ने फूल फुलाउँदै छ
एक पछि अर्को गरी जनशक्ति गुमाउँदै छ
अझै पनि ऊ भन्छ ऊ देश बनाउँदै छ !

गण्डकी, महाकाली, नेपाल आमाका अङ्ग खेलाउँदै छ
तँ मेरो तँ उसको भनी तरकारी केलाउँदै छ
महँगी, कर वृद्धि, हामी नेपालीलाई के के झेलाउँदै छ
भष्टाचार, अत्याचारविरुद्धको हड्ताल किन सेलाउँदै छ !

यही देशमा सुन्नुपर्छ भ्रष्टाचारको समाचार
संसारमा बिग्रिसक्यो नेपालको अनुहार
भ्रष्टाचारको कलङ्कलाई सबै मिलिकन
हटाउननै पर्ने भयो हे नेपाली जन।

### तृतीय

**- हिमाल रोकाया, बासु मावि**

जहाँ भ्रष्टाचारको वीजारोपन हुन्छ
त्यहाँ सत्यता र इमानदारीको वृक्ष ढल्छ
जहाँ भ्रष्टाचारको वर्षा हुन्छ
त्यहाँ मानवीय मूल्य र मान्यताको खडेरी पर्छ ।

भ्रष्टाचारीले चिन्दैन जन्म दिने आमा
न त चिन्छ कर्म दिने आफ्नै बुबालाई
चिन्दैन उसले पाइला पाइलामा साथ दिने
जीवनसँगी, साथी र आदरणीय गुरुलाई ।

भ्रष्टाचारको जगमा, भ्रष्टाचारीको भरमा
समाज विकासको महल कहिल्यै ठडिँदैन
न त हुन्छ सकारात्मक सामाजिक रूपान्तरण
समग्रमा राष्ट्र अग्रगमनमा कदापी दौडिँदैन ।

भ्रष्टाचारी दुर्योधन, दुशासनहरू राष्ट्रको चीरहरण गरी
मच्चाइरहेछन् समाजमा डर, त्रास र आतङ्क
हे युवा ! हे विद्यार्थी ! आवाज बुलन्द गरी भन
भ्रष्टाचार : सामाजिक कलङ्क ।

अब अर्जुन जन्मिनुपर्छ फेरि कृष्ण जन्मिनुपर्छ
एकपटक यहाँ फेरि महाभारत छेडिनुपर्छ
भ्रष्टाचारी कौरवहरूलाई कुरुक्षेत्रमा
एक एक गरी परास्त गर्नुपर्दछ ।

लखेटिनुपर्छ भ्रष्टाचारीहरू,
अन्त्य हुनुपर्छ भ्रष्टाचारको आतङ्क
मेटिनुपर्छ अविलम्ब अब समाजबाट
भ्रष्टाचारको कलङ्क ।

न्याय, सत्य र इमानको बाटो रोजौँ
समाजलाई स्वच्छ र उज्यालो बनाऔँ
भ्रष्टाचारलाई जरैदेखि उखेलौँ
देशलाई समृद्ध र शान्तिको मार्गमा लगाऔँ ।


BHAKTAPUR [MONTHLY] मासिक

भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ ।

भक्तपुर नपाबाट प्रकाशित
शिक्षा सम्बन्धी पुस्तक




पढ्नुहोस्, पढाउनुहोस् ।

**प्रजग कोरियाको राष्ट्रिय रक्षा मन्त्रालयको प्रेस विज्ञप्ति**

# ‘तनाव बढाउने शत्रु शक्तिहरू भारी जिम्मेवारीबाट कहिल्यै पन्छिन सक्दैनन्’

प्योङयाङ, ६ सेप्टेम्बर (केसीएनए)। प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरियाको राष्ट्रिय रक्षा मन्त्रालयको सार्वजनिक सूचना कार्यालयका प्रमुखले सेप्टेम्बर ६ का दिन कोरियाली प्राय:द्वीपको तनावपूर्ण स्थितिलाई लिएर एक प्रेस विज्ञप्ति जारी गर्नुभयो।




*‘तनाव बढाउने शत्रु शक्तिहरू भारी जिम्मेवारीबाट कहिल्यै पन्छिन सक्दैनन्’ भन्ने निष्कर्ष रहेको विज्ञप्तिमा भनिएको छ :*

संरा अमेरिका र दक्षिण कोरियाले कोरियाली प्राय:द्वीपमा सैन्य तनावलाई अधिकतम बनाउँदै एकपछि अर्को उत्तेजक संयुक्त सैन्य अभ्यास गरिरहेका छन्।

शत्रु सेनाहरूले गएको अगस्ट १९ देखि २९ सम्म विभिन्न किसिमका २०० भन्दा बढी लडाकुहरू, रासायनिक, जैविक, रेडियोएक्टिभ र आणविक आक्रमणको सामना गर्ने अमेरिकी सेनाको एकाइ र अमेरिकी उपग्रहका रूपमा देशका सेनालाई परिचालन गरेर कथित संयुक्त राष्ट्र सङ्घको कमान्डमा अहिलेसम्मकै ठुलो संयुक्त सैन्य अभ्यास उल्जी फ्रीडम शिल्डको आयोजना गरे। तिनीहरूले अगस्ट २६ बाट साङयोङ नामको संयुक्त अवतरण अभ्यासलाई उन्मादपूर्वक मञ्चन गरिरहेका छन्।

डिभिजन स्तरका सेना, ४० ओटा युद्धपोत र विभिन्न प्रकारका ८० ओटा सैन्य विमान र सशस्त्र सवारीसाधनको संलग्नता भएको साङयोङ युद्धअभ्यास प्रजग कोरियाको पवित्र भूभागमा खुला आक्रमण गर्नमा लक्षित रहेको थियो र अत्यन्त लापरवाह र खतरनाक सैन्य उत्तेजनापूर्ण कदम थियो।

यसैबिच, अगस्टको सुरूमा दक्षिण कोरियाली सैन्य गुण्डाहरूले प्रजग कोरियाको दक्षिणी सिमानाबाट पाँच किलोमिटर टाढा क्षेत्रमा ट्याङ्कहरू र अन्य आपत्तिजनक सैन्य उपकरणहरू तैनाथ गरे र ब्रिगेड-स्तरीय फिल्ड मोबाइल युद्धअभ्यास गरेर गम्भीर उत्तेजनापूर्ण दुष्कार्य गरेका थिए।

विगत दुई महिनादेखि संरा अमेरिका र दक्षिण कोरियाका सैन्य गुण्डाहरूले उत्तेजक युद्ध अभ्यासका सबै प्रकारबाट प्रजग कोरियालाई जमीनी, समुद्री र हवाई माध्यमबाट निशाना बनाएका छन्। ती युद्ध अभ्यासमा प्रजग कोरियाको पछाडिको भागमा घुसपैठ गर्ने उद्देश्यले विशेष अपरेसन अभ्यास र ‘साना युनिट मोबाइल लात् फायरिङ अभ्यास’ पनि गरिएका थिए। ती दुष्कार्यमा संरा अमेरिकाको पहिलो आर्मड डिभिजन र कठपुतली दक्षिण कोरियाली सेनाको प्रथम आर्मड ब्रिगेड समावेश रहेका थिए।

यस वर्षको सुरूदेखि नै छोटो छोटो समयको अन्तरालमा संरा अमेरिका र दक्षिण कोरियाद्वारा प्रजग कोरियाविरूद्ध भइरहेका उत्तेजनापूर्ण सैन्य र युद्धअभ्यासले कोरियाली प्राय:द्वीपमा बढ्दो तनावको स्रोत के हो ? सुरक्षा अस्थिरताबाट आउँछ ? र कालो बादल कहाँ छ भनेर स्पष्ट पार्छ।

कोरियाली प्राय:द्वीप जस्तो तनावग्रस्त कुनै क्षेत्र पृथ्वीमा कतै छैन, जहाँ स्वतन्त्रता ढाल, संयुक्त युद्ध अभ्यास, संयुक्त हवाई घुसपैठ अभ्यास, आइरन मेसजस्ता विभिन्न साङ्केतिक नामहरूमा एक सार्वभौम राज्यलाई लक्षित गरी संयुक्त सैन्य अभ्यासहरू क्रमश: मञ्चन भइरहेका छन्।

कोरियाली प्राय:द्वीप विश्वको सबैभन्दा तनावपूर्ण ठाउँमध्ये एक रहेको छ र युद्धविरामको अवस्थामा रहेको यस क्षेत्रमा त्यस्ता धम्कीपूर्ण कार्यहरूको सञ्चयले सैन्य तनावलाई मात्र निम्त्याउने र यस क्षेत्रको सुरक्षा वातावरणलाई अपरिवर्तनीय विनाशकारी स्थितिमा पुऱ्याउनेछ भन्ने सर्वविदित तथ्य हो।

संरा अमेरिका र यसका पिछलग्गुहरूले एकपक्षीय सैन्य उक्साहटको चरममा झरेर क्षेत्रीय शान्ति र स्थिरतालाई गम्भीररूपमा खतरामा पारिरहेका छन्। यस क्षेत्रका स्वतन्त्र

र सार्वभौमसत्ता सम्पन्न राष्ट्रहरूको शान्तिप्रिय चाहनाको विपरीत तनावको निम्ति उक्साहट गर्ने उनीहरूको दुष्कार्यहरूले छर्लङ्ग पार्छ ।

जबसम्म त्यहाँ संरा अमेरिका र दक्षिण कोरिया, द्वन्द्वकारी संस्थाहरू र शान्ति भङ्ग गर्ने नियत बोकेकाहरू रहनेछन्, उत्तेजनापूर्ण सैन्य अभ्यासहरू जारी रहनेछन्, जसले कोरियाली प्रायःद्वीपलाई निरन्तर अस्थिरताको दलदलमा फसाइराख्नेछ ।

अहिलेको यस्तो अवस्थाले प्रजग कोरियाको रक्षा क्षमताको निरन्तर विकास र अग्रगामी प्रयोग नै अमेरिका र दक्षिण कोरियाले गरिरहेको युद्ध अभ्यासको खतरालाई चितबुझ्दो जवाफ र यस क्षेत्रको अस्थिरतालाई नियन्त्रण गर्ने एक मात्र उपाय हो भनी प्रमाणित गरेको छ ।

संरा अमेरिका र दक्षिण कोरियाको संयुक्त सैन्य अभ्यास जति पटक हुन्छ, त्यति नै प्रजग कोरियाले शक्तिशाली आत्मरक्षा शक्तिको प्रयोग गरेर राज्यको सुरक्षा र क्षेत्रीय अखण्डताको रक्षा गर्न आफ्नो इच्छाशक्तिलाई कडा बनाउने छ र यसले बलियो प्रतिरोधको नेतृत्व गर्नेछ । प्रजग कोरियामाथि आक्रमण गर्न खोज्ने शत्रु शक्तिहरूलाई त्रसित र लज्जित बनाउने छ ।

कोरियाली जन सेनाले कोरियाली प्रायःद्वीपमा सुरक्षा वातावरणलाई खतरामा पार्ने संरा अमेरिका र दक्षिण कोरियाको सैन्य चाललाई कदापि बेवास्ता गर्ने र सहने छैन बरू शक्तिशाली कार्यको आधारमा राज्यको सुरक्षा र यस क्षेत्रको शान्तिलाई दृढतापूर्वक सुनिश्चित गर्नेछ ।

तनाव बढाउने शत्रु शक्तिहरू भारी जिम्मेवारीबाट कहिल्यै पन्छिन सक्दैनन् ।

## जीवन–आचरण

### अशुभ

'यसरी हरियो पातहरू उम्रन छोडेको नाङ्गो रुखलाई घरआँगनमा राखिराख्नु अशुभ हुन्छ', छिमेकीले भन्यो ।

छिमेकीले भनेको कुरा पक्कै साँचो हुनुपर्छ भन्ने सोच्दै उसले त्यो सुक्खा रुखलाई त्यही दिन काटिदियो ।

भोलि पल्ट बिहानै त्यो छिमेकीले खाना पकाउन काम लाग्छ भन्दै ती सुक्खा रुखका दाउराहरू बोकेर आफ्नो घरमा लगेछ । यो दृश्य हेरिरहेको त्यो मान्छेले बुझ्नै सकेन कि अशुभ रुखको दाउरा शुभ हुन्छ कि अशुभ हुन्छ ?

# नेटोलाई एसिया–प्रशान्तमा फैलाउन अनुमति दिनु युरोपकै लागि गलत हो

– ओ शि




हालैका महिनाहरूमा नाटोका युरोपेली सदस्यहरूजस्तै बेलायत, फ्रान्स, जर्मनी, इटाली, स्पेन र नेदरल्यान्डहरूद्वारा एसिया–प्रशान्त क्षेत्रमा बढ्दो गतिविधिका सङ्केतहरू देखिएका छन् । संयुक्त सैन्य अभ्यासहरू सञ्चालन गर्ने, दक्षिण चीन सागरमा सैन्य जहाजहरू पठाउने र डुङ्गा चलाउने, ताइवान जलडमरूमा उत्तेजना बढाउने क्रियाकलाप गरिरहेका छन् । यसले द्वन्द्व र युद्धले क्षतिग्रस्त विश्वका अन्य भागहरूको तुलनामा अपेक्षाकृत शान्तिपूर्ण रहेको यस क्षेत्रमा तनाव बढाएको छ ।

युक्रेन सङ्कट बढ्दै जाँदा युरोपले आफूलाई संरा अमेरिकाको सुरक्षा ग्यारेन्टीमा बढी निर्भर भएको पाएको छ । चीनलाई आफ्नो सबैभन्दा गम्भीर प्रतिद्वन्द्वीका रूपमा हेर्दै संरा अमेरिकाले आफ्ना सहयोगीहरूलाई एसिया–प्रशान्त क्षेत्रमा आफ्नो भूराजनीतिक चालबाजीमा सामेल हुन दबाब दिइरहेको छ । युरोपमा अमेरिकी दबाब प्रकट र बढ्दो छ ।

वास्तवमा, अमेरिकाको विश्वसनीयतामाथि प्रश्न उठेको बेला युरोपको लागि त्यो लाइन पछ्याउन खतरनाक छ । अमेरिकी राष्ट्रपति पदका उम्मेदवार डोनाल्ड ट्रम्पले युक्रेनको द्वन्द्व एकैदिनमा अन्त्य गर्न सक्ने बताएका छन् । परिस्थितिसँग परिचित व्यक्तिहरूले यसको अर्थ के हो भन्न सक्छन्, 'अमेरिका प्रथम नीति' ।

अमेरिकी विदेश नीतिको मूल भनेको अमेरिकालाई युरोप होइन, फेरि महान् बनाउनु हो। यदि डेमोक्राटहरू सत्तामा रहे भने, शान्ति मृगतृष्णा बन्ने छ र युरोपको लागि नयाँ सुरक्षा संरचना निर्माण गर्न गम्भीर प्रयास नगरी युरोपमा रगत बगिरहनेछ।

युरोपेली देशहरूले आफ्नो ट्रान्सएट्लान्टिक सहयोगी (संरा अमेरिका) लाई खुसी पार्न 'ताइवान कार्ड' खेल्नु अझ ठूलो गल्ती हुनेछ। यो सबैलाई स्पष्ट छ कि ताइवान प्रश्न चीनको मुख्य हितको केन्द्रबिन्दु हो र एक चीन सिद्धान्त चीन र युरोपेली देशहरूबिचको कूटनीतिक सम्बन्धको राजनीतिक आधार हो। ७८० अर्ब डलरभन्दा बढीको व्यापार र २५० अर्ब डलरभन्दा बढीको दुईतर्फी लगानी भएकाले युरोपले चीनलाई आफ्नो शत्रु बनाउन चाहँदैन। 'ताइवान स्वतन्त्रता' यस जलडमरूमा शान्ति र स्थिरताको लागि सबैभन्दा ठूलो खतरा हो। सबैभन्दा परिणाममुखी क्षेत्रमा विपत्तिबाट बच्न युरोपले चीनको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको सम्मान गर्नुपर्छ, यस विषयमा हस्तक्षेप गर्नबाट टाढै रहनुपर्छ र 'ताइवान स्वतन्त्रता' को विरोध गर्नुपर्छ।

युरोपेली देशहरूका हालैका चालहरू तिनीहरूको 'इन्डो-प्यासिफिक रणनीतिहरू' को उल्लिखित उद्देश्यहरू विपरीत छन्। उनीहरू यस क्षेत्रमा शान्ति र समृद्धिका लागि प्रतिबद्ध रहेको तर सैन्य जहाज पठाइएको बताउँछन्। तिनीहरू भन्छन् कि उनीहरूले नेभिगेसन (जहाज आवतजावत) को स्वतन्त्रतालाई समर्थन गरिरहेका छन्, तर यो क्षेत्र संसारकै सबैभन्दा सुरक्षित र स्वतन्त्र समुद्री क्षेत्र रहेको छ जहाजहरूको स्वतन्त्र आवागमन दक्षिण चीन सागरमा कहिल्यै मुद्दा बनेको छैन।

यसबाहेक, नाटो एसिया-प्रशान्तद्वारा स्वागत गरिएको अतिथि होइन। शीतयुद्धको उपजको रूपमा नाटो विश्व शान्तिमा सकारात्मक योगदान दिनुको सट्टा खेमा भिडन्तको दर्शनमा अडिग छ। संयुक्त राष्ट्र सङ्घका लागि सिङ्गापुरका पूर्वराजदूत किशोर महबुबानी नाटोको खतराबारे स्पष्ट थिए। उनले शीतयुद्धको अन्त्य भएदेखि नै नाटोले धेरै देशहरूमा ठूलो मात्रामा बम खसालेको र धेरै बमबारी मिसनहरू अन्तर्राष्ट्रिय कानुनअनुसार अवैध रहेको बताए। अब नाटो आफ्नो भौगोलिक सिमानाबाहिर एक शान्त र समृद्ध क्षेत्र एसिया-प्रशान्ततर्फ बढिरहेको छ। यस क्षेत्रका देशहरूले लामो समयदेखि मतभिन्नताहरू सम्बोधन गर्न आफ्नै तरिका विकसित गरेका छन् र बाहिरबाट हस्तक्षेपको आवश्यकता छैन। शान्ति र स्थायित्व कायम गर्न ठूलो प्रयास गरिसकेपछि क्षेत्रीय देशहरू नाटोले अराजकता र द्वन्द्व ल्याओस् भन्ने चाहँदैनन्, जुन नाटोले सामान्यतया गर्छ।

एसिया-प्रशान्ततर्फ आफ्नो कदम जायज ठहराउन नाटोले 'चीन खतरा' को सिद्धान्त प्रयोग गर्दछ। चीनलाई खतराको रूपमा प्रस्तुत गर्नु वास्तविकताको विरुद्धमा छ। यो स्वयम् नाटो, विशेषगरी युरोपेली सदस्यहरूका लागि पनि प्रतिकूल छ।

चीनले युक्रेन र मध्यपूर्वमा शान्ति प्रवर्द्धन गर्न रचनात्मक भूमिका खेलेको छ। यदि युरोपले चीनसँग रचनात्मक सम्बन्ध चाहन्छ भने उसले चीनको योगदानलाई मान्यता दिनुपर्छ र उसले देशलाई व्यवहार गर्ने तरिका परिवर्तन गर्नुपर्छ। युरोपले रुसलाई प्रमुख ऊर्जा आपूर्तिकर्ताको रूपमा गुमाइसकेको छ र चीनलाई प्रमुख बजार र सहकारी साझेदारको रूपमा गुमाउनु वाञ्छनीय परिदृश्य होइन।

शान्तिपूर्ण र स्थिर एसिया-प्रशान्त सबैको हितमा छ। नाटोका युरोपेली सदस्यहरूले गठबन्धनको दिशामा पुनर्विचार गर्नु महत्त्वपूर्ण छ। अब इतिहासको विकासक्रमको लागि महत्त्वपूर्ण क्षण हो। आज हामीले देखेको अस्थिर संसारले थप गल्तीहरू गर्न मिल्दैन।

(लेखक अन्तर्राष्ट्रिय मामिलाका पर्यवेक्षक हुनुहुन्छ।)

स्रोत : ग्लोबल टाइम्स अनलाइन

अनुवाद : प्रकाश

मजदुर, भाद्र ३१, २०८१

# Word Search

Journalism

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| A | C | O | V | E | R | S | T | O | R | Y | E |
| D | E | I | F | I | S | S | A | L | C | P | N |
| V | A | E | S | E | L | C | I | T | R | A | T |
| E | H | O | R | O | S | C | O | P | E | R | E |
| R | R | E | T | R | O | P | E | R | E | P | R |
| T | E | M | P | N | O | M | A | P | R | I | T |
| I | T | A | V | V | D | N | A | I | N | P | A |
| S | R | G | S | E | R | P | N | F | I | J | I |
| E | A | A | S | I | S | T | O | C | O | O | N |
| M | V | Z | T | W | R | R | T | E | A | U | M |
| E | E | I | E | A | M | U | L | S | D | R | E |
| N | L | N | S | T | R | O | P | S | O | N | N |
| T | J | E | X | E | D | N | I | P | O | A | T |
| S | T | S | S | A | I | D | E | M | F | L | T |

NEWSPAPER
ADVERTISEMENT
PRINT
MEDIA
REPORTER
JOURNAL
COVER STORY
ENTERTAINMENT
SPORTS
CLASSIFIED
TRAVEL
FOOD
MAGAZINES
ARTICLES
HOROSCOPE
PICTURES
INFORM
INDEX

(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस्।)


**बसिबियाँलो (क) को उत्तर : ७८।**

## Gorky in America (II)



# The City of the Yellow Devil

Maxim Gorky




The bronze men seem engrossed in one and the same sad thought:

"Is this the life I meant to create?"

Around them the fevered life seethes like soup on a stove, and the little people scurry and whirl, vanishing in the bubbling vortex like grains of meal in broth, like matchwood in the sea. The city bellows and swallows them up one after the other in its insatiable maw.

Some of the bronze heroes have dropped their hands, others have raised them, stretching them out over the heads or the people in warning:

Stop! This is not life, this is madness...

All of them are superfluous in the chaos of street life, all are out of place in the savage howl of rapacity, in the cramped duress of this gloomy fantasy made of stone, glass One night they will all descend from their pedestals and walk, with the heavy tread of the wronged, through the streets, taking the anguish of their loneliness away from this city, into the fields, where the moon is shining and there is fresh air and serene peace. When a man has toiled his whole life long for the good of his country, he has surely deserved this-that he should be left in peace after his death.

..................

People hurry to and fro on the pavements, in every direction the streets take. They are sucked up by the deep pores in the stone walls. The exultant rumble of iron, the loud piercing whine of electricity, the clatter of work on some new steel construction or on new walls of stone, drown out human voices as a storm at sea drowns the cries of the birds.

The people's faces wear an expression of immobile calm; not one of them, apparently, is aware of His misfortune in being the slave of life, nourishment for the city monster.

In their pitiable arrogance they imagine themselves to be the masters of their fate; consciousness of their independence gleams occasionally in their eyes, but clearly they do not understand that this is only the independence of the axe in the carpenter's hand, the hammer in the smith's hand, the brick in the hand of that unseen bricklayer, who, with a sly chuckle, is building one vast but cramping prison for all. There are many virile faces among them, but in each face, one notices the teeth first of all. Inner freedom, the freedom of the spirit does not shine in these people's eyes. And their freedomless energy reminds one of the cold gleams of a knife that has not yet been blunted. It is the freedom of blind tools in the hands of the Yellow Devil-Gold,

This is the first time I have seen so monstrous a city, and never before have people seemed to me so insignificant, so enslaved. At the same time nowhere have I met people so tragicomically satisfied with themselves as are these in this voracious and filthy stomach of the glutton, who has grown into an imbecile from greed and, with the wild bellowing of an animal, devours brains and nerves....

..................

It is painful and dreadful to talk of the people.

Hanging and clattering, the car of the elevated railway rushes through the narrow street at the height of the third floor, past house walls covered with a monotonous tangle of fire escapes. Windows are open and figures can be seen in nearly every one of them. Some people are working, sewing or counting, their heads bent over their desks, others are simply sitting at the windows or leaning across the sills, watching the railway cars that flash past every minute. The old, the young and the children are silent, and uniformly unruffled. They have grown used, to this effort for no purpose, grown used to thinking that it has a purpose. Their eyes hold no wrath at the domination of iron, no hatred for its triumph. The passage of the trains shakes the walls of the houses, -the women's bosoms, the men's heads, tremble; it shakes the bodies of children, sprawled on the balcony gratings accustoming them to take this abominable life for granted, as inevitable. In brains that are constantly being shaken it is impossible, surely, for thoughts to weave their beautiful bold lace patterns, impossible for a living, daring dream to be born.

There is a passing glimpse of the dark face of an old woman in a dirty blouse open in front. The tortured, poisoned air, making way for the train, has rushed in terror into the windows, and the old woman's grizzled hair flaps like the wings of a grey bird. She has dosed her dim, leaden eyes. And vanished.

In the obscurity of interiors, one glimpses iron bedsteads heaped with rags, dirty dishes and remains of food on tables. One longs to see flowers in the windows, one looks out for someone reading a book. The walls flow by as though molten, an oncoming turbid flood, and in its swift flow the voiceless people swarm miserably.

A bald head gleams for an instant behind a dusty windowpane. The head nods above a workman's bench. A slim, red-haired girl sits in a window, knitting a sock, her dark eyes intent as she counts the stitches. The current of air has pushed her back from the window, but she does not raise her eyes from her work, nor smooth down the dress disarranged by the wind. Two little, boys of about five are building a house of chips on a balcony. Their frail edifice collapses from the shaking. The children clutch at the chips to prevent them from slipping through the bars of the balcony into the street below, without looking at the railway which has thwarted their effort* Faces, more faces, one after another, seen momentarily at the windows, as broken fragments of one whole-of something large, but smashed into the tiniest splinters, ground into grains of sand.

Driven by the mad race of the trains, the air flutters the hair and clothing of the people, surges in a warm stuffy wave in their faces, thrusts and pushes thousands of sounds into their ears, flings fine biting dust into their eyes, blinds them, and deafens them with a wailing, unceasing howl, *,

A living man, who thinks, who creates dreams, pictures and images in his own mind, who begets desires, who yearns, wants, denies and waits,-a living man would be annoyed by this wild howling, screeching and roaring, this trembling of the stone walls, this timorous shivering of glass in window frames. Outraged, he would go out of his house and smash and destroy this abomination-the elevated; he would silence the insolent shriek of iron, for he is the master of life, life is for him, and all that hinders his life should be destroyed.

The people in the houses of the City of the Yellow Devil calmly endure all that kills man.

**(To be continued)**

## तस्बिरमा केही गतिविधि




संविधान दिवसको अवसरमा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) सहित 'संविधान कार्यान्वयन र संशोधनको प्रश्न' विषयक प्रवचन कार्यक्रममा । असोज ३ गते




नेमकिपाका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर नपाबाट विश्व पर्यटन दिवसको अवसरमा गुन्हीपुन्ही सापारु २०८१ मा प्रदर्शित सांस्कृतिक विधाहरुलाई पुरस्कार, सांस्कृतिक गुरुहरूको सम्मान तथा पर्यटन सम्बद्ध सङ्घ संस्था, व्यवसायी र सहयोगीहरुलाई सम्मान । असोज ११ गते




नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)को प्रमुख आतिथ्यमा विश्व पर्यटन दिवसको अवसरमा 'भक्तपुरको पर्यटन : विगत, वर्तमान र भविष्य' विषयक अन्तरक्रिया । असोज १० गते



## तस्बिरमा केही गतिविधि



भूमि व्यवस्था मन्त्री बलराम अधिकारीसमक्ष नेमकिपाका सचिव प्रेम सुवाल, भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिसहित ख्वप विश्वविद्यालयको लागि सल्लाघारीस्थित १०८ रोपनी जग्गा उपलब्ध गराउन ध्यानाकर्षण । भदौ ३१ गते



भक्तपुर नपा २ नं. वडाको आयोजनामा हाडजोर्नी तथा नशा र आँखा रोग सम्बन्धी स्वास्थ्य शिविर । भदौ २२ गते



भनपाका प्रमुख सुनिल प्रजापतिसँग साठीऔँ बाल दिवसको अवसरमा 'मेयरसँग बालबालिका'कार्यक्रम । भदौ २९ गते




भक्तपुर नपाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा नर्सिङका नवआगन्तुक विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम । भदौ २० गते

## तस्बिरमा केही गतिविधि





बाल दिवसको अवसरमा विभिन्न कार्यक्रम : वडा नं. ५, वडा नं. १ र



वडा नं. ७



भक्तपुर जिल्लाव्यापी कराते प्रतियोगितामा भक्तपुर नपाका प्रशिक्षार्थीहरूबाट २ स्वर्ण, १ रजत र ३ कास्य गरी ६ पदक हासिल ।

## तस्बिरमा केही गतिविधि



मंगल तिर्थस्थित छग देग मन्दिरको पुन:निर्माणपछि गजुर प्रतिस्थापन । असोज २ गते



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति निर्माणाधीन लक्ष्मीनरसिंह मन्दिरको निरीक्षण गर्नुहुँदै ।

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## बैठक सङ्ख्या- ६२

## मिति २०८१ साउन ६ गते, आइतबार

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. | उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. | वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. | वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. | वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. | वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. | वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेँ | ऐ |
| ८. | वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. | वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. | वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. | वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. | वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौमिखा | ऐ |
| १३. | कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. | कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. | कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. | कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. | कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. | प्रमुख प्रशासकीय अधिकृत श्री वसन्त भट्टराई | ऐ |

## निर्णयहरू

## चिनीयाँ प्रतिनिधिमण्डल स्वागत

भक्तपुर नगरपालिकाको भगिनी सहर जनगणतन्त्र चीनको सीचाङ (तिब्बत) स्वशासित क्षेत्र, शान-नान शहरका कार्यकारी उपप्रमुख मु योङवनको नेतृत्वमा भक्तपुर भ्रमणमा आउनु हुने चिनीयाँ प्रतिनिधिमण्डलको लागि स्वागत एवम् आवश्यक बसोबास, खाना र अवलोकन भ्रमणलगायत विभिन्न विषयको लागि आवश्यक सम्पूर्ण खर्च भक्तपुर नगरपालिकाले व्यवस्था गर्ने निर्णय गरियो ।

## समितिको निर्णय अनुमोदन

समितिको निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

मिति २०८१।३।२८ गते

१. भक्तपुर नगरपालिकाद्वारा निरन्तर सञ्चालित चिनीयाँ भाषा प्रशिक्षण कक्षाको दोश्रो र तेश्रो तह सञ्चालन गर्ने र त्यसका लागि इच्छुक नगरवासीहरूलाई आवेदनका लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

उक्त भाषा कक्षा सञ्चालनको लागि आवश्यक प्रशासकीय जिम्मेवारी दिपेन्द्र प्रजापतिलाई दिने निर्णय गरियो ।

चिनीयाँ भाषा कक्षाको दोश्रो तह अध्ययनका लागि प्रशिक्षक विजय हाडा र तेश्रो तह अध्ययनका लागि प्रशिक्षक राजेन्द्र चवाललाई नियुक्ति दिने, निजहरूलाई पारिश्रमिक प्रदान गर्ने सम्बन्धी यसै समितिको मिति २०८० साउन ९ गते सम्पन्न बैठकको निर्णय अनुसार देहाय बमोजिम गर्ने निर्णय गरियो :

| नाम | १.५ घण्टाको एक पिरियड वापत पारिश्रमिक |
|---|---|
| १. राजेन्द्र चवाल | रु. ९५०।- (प्रति पिरियड) |
| २. विजय हाडा | रु. ८५०।- (प्रति पिरियड) |

२. भक्तपुर नगरपालिकाको भगिनी सम्बन्ध स्थापित जन गणतन्त्र चीनको शान-नान नगरपालिकाको प्रतिनिधि मण्डललाई भक्तपुरमा स्वागत गर्ने, भक्तपुरका शैक्षिक संस्थाहरू, ख्वप अस्पताललगायतको भ्रमण एवम् दुई नगरपालिकाबिच सम्बन्धको विषयमा छलफल गर्ने कार्यक्रम तय गरियो ।

अतिथि सत्कारको आवश्यक व्यवस्थापन गर्न नगरपालिकाका दामोदर सुवाल र गौत्तम प्रसाद लासिवालाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित रेडियो कार्यक्रम ख्वप सः रेडियो आवाज प्रसारण भइरहेकोमा कार्यक्रम उत्पादन एवम् सञ्चालन गर्ने रेडियो प्रस्तोताहरूलाई आ.व. २०८१/०८२ देखि देहाय बमोजिम पारिश्रमिक निर्धारण गर्ने निर्णय गरियो :

क) १ घण्टाको कार्यक्रम सञ्चालन गरे वापत रु.४,०००।- (अक्षेरूपी चार हजार मात्र)

ख) आधा घण्टाको कार्यक्रम सञ्चालन गरे वापत रु. २,०००।-(अक्षेरूपी दुई हजार मात्र)

४. भक्तपुर नगरपालिकामा चिनीयाँ प्रतिनिधि मण्डलहरू भ्रमण एवम् भेटघाटको क्रममा चिनीयाँ भाषा अनुवादकको रूपमा विगत लामो समयदेखि नगरपालिकालाई सहयोग गरिरहनु भएका चिनीयाँ भाषा प्रशिक्षक श्री राजेन्द्र चवाललाई नगरपालिकाको तर्फबाट चिनीयाँ प्रतिनिधि सम्पर्क अधिकारी (Liaison officer) को रूपमा नियुक्ति दिने र निजलाई दिनको रु.५०००।- (अक्षेरुपी पाँच हजार) को दरले पारिश्रमिक दिने निर्णय गरियो।

## निर्माण समिति

### १) शित भण्डारको डिजाइन परिमार्जन र भेरिएशनबारे

भ.न.पा. वडा नं. ८ लिवालीमा निर्माणाधिन शित भण्डार (ठेक्का नं bktmun/NCB/works/ 01/080/81 को लागि यसअघि एउटै single compartment Hall हुने गरी Perforated Mezzanine Floor sheet सहित EPS board को बाहिरी Cladding प्रस्ताब गरिएकोमा त्यसरी एउटै compartment बनाउँदा सबै खालका भण्डारण गरिने तरकारी तथा फलफुल एउटै तापक्रममा राख्नु पर्ने बाध्यता भई भण्डारण कार्य प्रभावकारी हुन नसक्ने बुझिएकोले सम्भव भएसम्म चार ओटा Compartment बनाउने गरी Air condition Design परिमार्जन गरी Mezzanine Floor sheet, EPS board को बाहिरी Cladding समेतमा आवश्यक सुझाव पेश गर्न यसअघि Air condition Design तयार पारी सहयोग गर्ने ख्वप कलेज अफ इन्जिनियरिङ वा परामर्शदातालाई अनुरोध गर्ने। सोको डिजाइन प्राप्त हुन केही समय लाग्ने देखिएकोले Perforated Mezzanine Floor sheet र बाहिरी गारो तर्फको Perlin को परिमाण हाललाई घटाउने र हालसम्म Cooling hall को मूल संरचना निर्माण भइसकेकोले Perforated Mezzanine Floor sheet र बाहिरी गारो तर्फको Perlin घटाउँदा बचत भएको परिमाणको सट्टा उक्त Cooling hall पश्चिमतर्फको अफिस Block को संरचना कबोल अङ्कले भ्याउने हदसम्म निर्माण गर्ने गरी भेरिएशन अर्डर (परिमार्जित कबोल अङ्क रु. ८३,६६,५८२।७६) जारी गर्ने र उक्त भेरियशन बमोजिम कार्य गर्न ठेक्का सम्झौताको म्याद २०८१ श्रावण मसान्तसम्म थप गर्ने निर्णय गरियो।

### २) परामर्श सेवाको लागि कोटेशन लिनेबारे

आ.व. २०८१/८२ मा सञ्चालन हुने भ.न.पा. ६ स्थित अरनिको सभा भवनको थप निर्माण तथा भ.न.पा. ७ स्थित महेश्वरी खेल मैदान निर्माण हुने निर्माणस्थलको Soil test र भ.न.पा. १० स्थित सिलखेमा Polysand Plant निर्माण कार्यको परामर्श सेवाका लागि कोटेशन आह्वान गर्ने निर्णय गरियो।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

क. ख्वप माध्यमिक विद्यालय "ब्लक सी" भवनको नक्सा पास प्रक्रियाको क्रममा ६ नं. वडा कार्यालयमा तिर्नुपर्ने नक्सा दस्तुर तथा नेपाल बैङ्कमा जम्मा गर्नुपर्ने धरौटी र अन्य सम्पूर्ण रकम छुट गरिदिनु हुन भनी परेको निवेदन सम्बन्धमा छलफल हुँदा ख्वप माध्यमिक विद्यालय "ब्लक सी" भवनको नक्सा पास प्रक्रियाको क्रममा ६ नं. वडा कार्यालयमा तिर्नुपर्ने नक्सा दस्तुर तथा नेपाल बैङ्कमा जम्मा गर्नुपर्ने धरौटी र अन्य सम्पूर्ण रकम छुट दिने निर्णय गरियो।

## आय ब्ययको विवरण

आ.व २०८०/०८१ को आषाढ महिनासम्मको यथार्थ आय ब्ययको विवरण

| आय तर्फ | | | | | व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | स्रोत | वार्षिक अनुमान | यथार्थ आय | प्रतिशत | खर्च शीर्षक | वार्षिक अनुमान | यथार्थ व्यय | प्रतिशत |
| १ | आन्तरिक स्रोत | ६००००००००।०० | ४९८५८८९०५।३२ | ८३।१० | चालुतर्फ | १३६९४९४०००।०० | ११२४३०२४४४।२६ | ८२।१० |
| २ | बाह्यस्रोत | १५३२३४०४६७।०० | ११६९१३३६८३।४२ | ७६।२९७२५ | पुँजीगततर्फ | ८०४१००००००।०० | ३८३७३५७३९।७१ | ४७।७२ |
| ३ | गत वर्षको मौज्दात | १३६२५३५३३।०० | २५६२४०१३३।१८ | | बित्तिय ब्यबश्था | ९५००००००।०० | १०६४८४६८४।११ | ११२।०९ |
| | | | ०।०० | | बैक मौज्दात | | ३०९४३९८५३।८४ | |
| | जम्मा | २२६८५९४०००।०० | १९२३९६२७२१।९२ | ८४।८०८६ | जम्मा | २२६८५९४०००।०० | १९२३९६२७२१।९२ | ८४।८१ |

पुनश्च : यस सम्बन्धी विस्तृत विवरणको लागि यस नगरपालिकाको वेभसाइट bhaktapurmun.gov.np मा हेर्न सक्नुहुनेछ।

## ग. पसल बहालमा दिने सम्बन्धी निर्णय अनुमोदन सम्बन्धमा

भक्तपुर नगरपालिकाको स्वामित्वमा रहेका पसल कवल तथा शौचालय भवनहरू बहालमा दिने सम्बन्धी मिति २०८१।०३।०१ गते प्रकाशित सूचना अनुसार दर्ता भएका दरभाउपत्रहरूमध्ये भ.न.पा. वडा नं. १ शहीद स्मृति खेल मैदानसँगैको सार्वजनिक शौचालय भवन मुनिको पसल नं. १ का लागि चा.न.पा.वडा नं ६ बस्ने कविता कासुलाको कबोल वार्षिक बहाल रु.४०,००,०००।- (अक्षेरुपी चालिस लाख), कमलविनायकस्थित जनस्वास्थ्य भवन पसल नं. २ का लागि भ.न.पा. ७ का रवि शेखर ब्यान्जुले कबोल गरेको वार्षिक बहाल रु. ८,९१,२००।- (अक्षेरूपी आठ लाख एकानब्बे हजार दुई सय), कमलविनायकस्थित जनस्वास्थ्य भवन पसल नं. ३ का लागि भ.न.पा. १० का भरत प्रसाद भद्राले कबोल गरेको वार्षिक बहाल रु. १८,००,०००।- (अक्षेरूपी अठार लाख) तथा २ नं. वडा कार्यालय मुनिको पसल नं. २ का लागि भ.न.पा. ५ बस्ने विणेश्वरी लक्ष्मी जोशीको कबोल अङ्क वार्षिक बहाल रु.२,४०,०००।- (अक्षेरूपी दुई लाख चालिस हजार) अधिकतम भै उल्लिखित पसलहरू अधिकतम कबोल गर्नेलाई ५ वर्षका लागि बहालमा दिन सम्झौता गर्ने सम्बन्धी मिति २०८१।०३।२७ गतेको सदर टिप्पणीबाट भएको निर्णय अनुमोदन गरियो ।

# बैठक सङ्ख्या- ६३

## मिति २०८१ साउन ३१ गते, बिहीबार

## निर्णयहरू

## भक्तपुर महोत्सव आयोजना गर्ने

१. भक्तपुरको कला संस्कृति, जीवन शैली, स्थानीय उत्पादनलगायतको प्रवर्द्धन गर्दै आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गर्ने उद्देश्यले यही २०८१ मंसिर २८ गतेदेखि पुष २ गतेसम्म भक्तपुर महोत्सव आयोजना गर्ने निर्णय गरियो ।

२. मिति २०८१ मंसिर २८ गतेदेखि पुष २ गतेसम्म हुने भक्तपुर महोत्सव-२०८१ भव्यताका साथ सम्पन्न गर्न नगर प्रमुख श्री सुनिल प्रजापतिको अध्यक्षतामा नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, नगरपालिकाका शाखा प्रमुखहरू, भक्तपुरस्थित सुरक्षा निकायहरूका प्रमुखहरू, भक्तपुर जिल्लास्थित सरकारी कार्यालय प्रमुखहरू, जिल्लाका क्रियाशील विभिन्न संघ-संस्थाका प्रमुखहरू, पर्यटनसँग सम्बद्ध संघ, संस्थाहरू सदस्य रहने गरी १६१ सदस्यीय 'भक्तपुर महोत्सव मूल समारोह समिति' गठन गर्ने निर्णय गरियो ।

## गुन्हीपुन्ही सापारु पर्व

यस पर्वको गुन्हीपुन्ही सापारु पर्वमा प्रस्तुत हुने घिन्ताङघिसी, परम्परागत र आधुनिक, सांस्कृतिक विधाहरूको मूल्याङ्कन गर्न देहाए बमोजिमको गुन्हीपुन्ही सापारु व्यवस्थापन समिति-२०८१ र गुन्हीपुन्ही सापारु मूल्याङ्कन समिति-२०८१ गठन गर्ने निर्णय गरियो -

## गुन्हीपुन्ही र सापारु व्यवस्थापन समिति - २०८१

संयोजक : श्री रविन्द्र ज्याख्व, वडाअध्यक्ष, भ.न.पा. ९
सदस्य : श्री उकेश कवां, वडाअध्यक्ष, भ.न.पा. ७
सदस्य : श्री राजकृष्ण गोरा, वडाअध्यक्ष, भ.न.पा. ३
सदस्य : श्री योगेन्द्रमान बिजुक्छैं, वडाअध्यक्ष, भ.न.पा. ५
सदस्य : श्री हरिराम सुवाल, वडाअध्यक्ष, भ.न.पा. ६
सदस्य : श्री कृष्ण प्रसाद कोजु, वडाअध्यक्ष, भ.न.पा. ८
सदस्य : श्री रोशनमैया सुवाल,कार्यपालिका सदस्य, भ.न.पा.
सदस्य : श्री कृष्णप्यारी भुजु, कार्यपालिका सदस्य, भ.न.पा.
सदस्य सचिवः श्री कृष्णगोविन्द सुवाल, वरिष्ठ सहायक, भनपा

## गुन्हीपुन्ही सापारु मूल्याङ्कन समिति- २०८१

संयोजक : श्री रविन्द्र ज्याख्व, वडाअध्यक्ष, भ.न.पा. ९
सदस्य : श्री उकेश कवां, वडाअध्यक्ष, भ.न.पा. ७
सदस्य : श्री राजकृष्ण गोरा, वडाअध्यक्ष, भ.न.पा. ३
सदस्य : श्री उपेन्द्र सुवाल, वडाअध्यक्ष, भ.न.पा. ४
सदस्य : श्री योगेन्द्रमान बिजुक्छैं, वडाअध्यक्ष, भ.न.पा. ५
सदस्य : श्री हरिराम सुवाल, वडाअध्यक्ष, भ.न.पा. ६
सदस्य : श्री कृष्ण प्रसाद कोजु, वडाअध्यक्ष, भ.न.पा. ८
सदस्य : श्री रोशनमैया सुवाल, कार्यपालिका सदस्य, भनपा ६
सदस्य : श्री छोरीमैया सुजखु (प्रजापति), कार्यपालिका सदस्य,भनपा
सदस्य : श्री कृष्णप्यारी भुजु, कार्यपालिका सदस्य, भ.न.पा. ५
सदस्य : श्री सत्यनारायण दिदीया, भ.न.पा. ५
सदस्य : श्री विश्वनाथ प्रजापति, भ.न.पा. ४
सदस्य : श्री लक्ष्मीनारायण दुवाल, भ.न.पा. ८
सदस्य : श्री पंचलाल लाछिमस्यू, भ.न.पा. ९
सदस्य : श्री विष्णुगोपाल कुसी, भ.न.पा. ९
सदस्य : श्री आशाकुमार चिकंबन्जार, भ.न.पा. ५
सदस्य : श्री आशराम वैद्य, भ.न.पा. ३
सदस्य : श्री सुलोचना छ्वाजु, भ.न.पा. ९

सदस्य : श्री राजेन्द्र श्रेष्ठ, भ.न.पा. ४
सदस्य : श्री राजेन्द्र प्रजापति, भ.न.पा. ९
सदस्य : श्री ईन्दिरा लाछिमस्यु, भ.न.पा. ५
सदस्य : श्री रामगोपाल अवाल, भ.न.पा. ६
सदस्य : श्री हरिसुन्दर पोतामाहां, भ.न.पा. ८
सदस्य : श्री रामेश्वरी किसी, भ.न.पा. ७
सदस्य : श्री लक्ष्मीप्रसाद माक, भ.न.पा. ३
सदस्य : श्री देवचन्द्र बज्राचार्य, भ.न.पा. १
सदस्य : श्री राजेन्द्र माक, भ.न.पा.
सदस्य : श्री राजेश लाखा, भ.न.पा. ७
सदस्य : श्री रवि कपाली, भ.न.पा. ६
सदस्य : श्री लक्ष्मीप्रसाद चवाल, भ.न.पा. १०
सदस्य : श्री राजेन्द्र प्रजापति, भ.न.पा. ४

## समिति निर्णय अनुमोदन

### शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

मिति २०८१।४।१६ गते

१. श्री चण्डेश्वरी धिमे पुचले धिमे बाजा प्रशिक्षण कार्य गर्न आर्थिक सहयोग पाऊँ भनी पत्र पठाएकोले उक्त संस्थालाई सो कार्यका लागि रु.२५,०००।- (अक्षेरुपी पच्चिस हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

मिति २०८१।४।२५ गते

१. रञ्जितकार समाज, भक्तपुरले सञ्चालन गर्न लागेको लाखे जात्रा सञ्चालनको लागि मिति २०८१।३।२७ को पत्रबाट माग भई आएकोले उक्त कार्यको लागि रु.२०,०००।- (अक्षेरुपी बीस हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

२. यस वर्षको गुन्हीपुन्ही सापारु पर्वमा प्रस्तुत गरिने घिन्ताङ्घिसी तथा परम्परागत एवम् आधुनिक विधाका सांस्कृतिक प्रस्तुतिहरूको मूल्याङ्कन गरी उत्कृष्ट समूह र कलाकारहरूलाई कर बाहेक देहाय बमोजिम नगद पुरस्कार प्रदान गर्ने निर्णय गरियो। (विधा र पुरस्कार रकम यसै अङ्कमा अन्यत्र दिइएको छ)

३. यस नगरपालिकास्थित दत्तात्रय स्टुडियोका श्री केदार बनेपाली र उनको परिवारले सङ्कलन गरेका विभिन्न तस्बिरहरूमध्ये १० (दश) ओटा तस्बिर खरिद गर्ने निर्णय गरियो।

### महिला, बालबालिका तथा समाज कल्याण समिति

मिति २०८१।३।२५ गते

१. सिलाई मेसिन मर्मत तालिम सञ्चालन गर्नको लागि समितिका सदस्य श्री छोरी मैया सुजखुलाई आवश्यक तयारीको निम्ति जिम्मा दिने निर्णय गरियो।

१. सामाजिक सुरक्षा भत्ता बैङ्कहरूमार्फत विवतरण गर्दै आइरहेकोमा आ.व. २०८१/०८२ असार मसान्तसम्मको मात्र म्याद सकिएकोले पुनः आ.व. २०८१/०८२ श्रावणदेखिको भत्ता वितरणको लागि निम्न अनुसार बैङ्कहरूसँग सम्झौता नवीकरण तथा नयाँ सम्झौता गर्न आवश्यक तयारीको निम्नि एम.आई.एस. अपरेटर श्री न्हुज किजुलाई जिम्मा दिने निर्णय गरियो :

| क्र.सं. | वडा नं. | बैङ्कको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १ | कुमारी बैङ्क लि. | दूधपाटी |
| २ | २ | नेपाल बैङ्क लि. | ब्यासी |
| ३ | ३ | कुमारी बैङ्क लि. | दूधपाटी |
| ४ | ४ | सिद्धार्थ बैङ्क | राम मन्दिर |
| ५ | ५ | लक्ष्मी सनराइज बैङ्क | सुकुलढोका |
| ६ | ६ | कुमारी बैङ्क | ब्यासी |
| ७ | ७ | कुमारी बैङ्क लि. | जगाति |
| ८ | ८ | प्राइम क. बैङ्क | च्याम्हासिंह |
| ९ | ९ | सिद्धार्थ बैङ्क | च्याम्हासिंह |
| १० | १० | नेपाल इन्भेष्टमेन्ट मेगा बैङ्क, | कमलविनायक |

मिति २०८१।३।२७ गते

१. आ.व. २०८१/०८२ को सामाजिक सुरक्षा भत्ता अन्तर्गत चौथो त्रैमासिक (२०८१ वैशाख, जेठ र असार) ३ महिनाको सामाजिक सुरक्षा भत्ता तथा आर्थिक सहायताको रकम वितरण गर्ने र साथै मिति २०८१ श्रावण ३ गतेदेखि वितरण गर्ने साथै मिति २०८१ श्रावण ३ गतेदेखि नै यस नगरपालिका क्षेत्रभित्रका सांस्कृतिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको नवीकरण कार्य राष्ट्रिय परिचय पत्र नं. प्राप्त भएका लाभग्राहीहरूको सहजताका लागि भ.न.पा. अन्तर्गतको वडा कार्यालयहरूमा घुम्ती नवीकरण शिविर सञ्चालन गर्न सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो।

२. सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण शिविर सञ्चालनका लागि आवश्यक सहयोग तथा सहजताका लागि वडाहरूमा पत्राचार गर्ने र सो कार्यतालिका अनुसार कार्य गर्न आवश्यक समन्वयका लागि श्री न्हुज किजु र श्री सरिता जाकिबन्जारलाई जिम्मा दिने निर्णय गरियो।

मिति २०८१।४।१८ गते

१. भ.न.पा.द्वारा सञ्चालन गरिने निम्न प्रशिक्षणहरू निम्न स्थानहरूमा गर्ने निर्णय गरियो :

#### क. भ.न.पा.८ वडा कार्यालय

१. आधारभूत सिलाइ तालिम
२. एड्भान्स सिलाइ तालिम
३. बुटिक तालिम

#### ख. भ.न.पा. ७ वासिकचा (आदर्श)

१. हेयर कटिङ

#### ग. भ.न.पा. ३ वडा कार्यालय

१. पाक शिक्षा (कुक)

२. ग्याँस चुल्हो मर्मत तालिम

## ४. सिलाई मेसिन मर्मत तालिम

२. निम्न तालिमहरू सञ्चालनको निम्ति निम्न अनुसार सदस्यहरूलाई जिम्मेवारी दिने निर्णय गरियो :

### क. सिलाइ

श्री सुमित्रा बोहजु
श्री विष्णु केशरी दुवाल
श्री सितादेवी नेपाली

### ख. हेयर कटिङ

श्री लक्ष्मी प्रसाद ह्यौंमिखा
श्री हेरा ख्याजु

### ग. पाक शिक्षा

श्री रोशन मैया सुवाल
श्री छोरीमैया सुजखु (प्रजापति)

### घ. मेसिन मर्मत/ग्यांस चुल्हो मर्मत

श्री रोशन मैया सुवाल
श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

३. यस नगरपालिकाद्वारा सञ्चालन गरिने विभिन्न तालिमहरू (पाक शिक्षा, हेयर कटिङ, बुटिक, आधारभूत सिलाइ, एड्भान्स सिलाइ, ग्यांस चुल्हो मर्मत, सिलाइ मेसिन मर्मत तालिमको निरीक्षण, रेखदेख गर्न जिम्मेवारी दिने र मासिक प्रगति विवरण समितिमा पेश गर्ने गरी कम्प्युटर अपरेटर श्रीराम कासिछ्वालाई तालिम अवधिभर मासिक रु. ५,०००|- (अक्षेरूपी पाँच हजार) रकम दिने निर्णय गरियो ।

४. भ.न.पा.द्वारा सञ्चालित विविध तालिमहरू सञ्चालन गर्न क.अ. श्रीराम कासिछ्वालाई रु.२,००,०००|- (अक्षेरुपी दुई लाख) पेश्की लिन लगाउने निर्णय गरियो ।

मिति २०८१।४।२७ गते

१. ग्यांस चुल्हो मर्मत तथा अभिमुखीकरण कार्यक्रममा प्रशिक्षक भै कार्य गर्नु हुने श्री गंगाराम रंजितकार र सिलाई मेशिन मर्मत प्रशिक्षकहरू श्री रुपेन्द्र नकर्मीलाई प्रति घण्टा रु.१२००|- का दरले पारिश्रमिक दिने निर्णय गरियो ।

२. सिलाई मेशिन मर्मत तालिममा सहयोग गर्न सहायक प्रशिक्षक श्री कृष्णमैया कवांलाई मासिक रु.२५,०००|- दिने निर्णय गरियो ।

## वातावरण तथा पर्यटन समिति

मिति २०८१।४।६ गते

१. सफाइ प्रयोजनको लागि ब्रमर-१, हेभी ट्रक-१ र ट्राइसाइकल-५ थान खरिद गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन योजना तथा प्राविधिक शाखालाई जिम्मा दिने निर्णय गरियो ।

२. नगर प्रवेश गर्ने निम्न स्थान (नाका) हरूमा हरियाली व्यवस्था गर्न ट्राफिक आयलाण्ड लगायत संरचना निर्माण गरी हरियाली विकास गर्न प्राविधिक कार्य अगाडि बढाउन योजना तथा प्राविधिक शाखालाई जिम्मा दिने निर्णय गरियो:

क. वडा नं. ४ - सूर्यविनायक/राम मन्दिर
ख. वडा नं. ७ - जगाति चोक
ग. वडा नं. १० - कमलविनायक बसपार्क
घ. वडा नं. १० - कमलविनायक बाल उद्यान

मिति : २०८१।४।२५ गते

१. २०८१ सालको सापारु पर्वलाई मध्यनजर गरी २०८१ भाद्र १ गते सापारु प्रदक्षिणा मार्गमा सचेतनामूलक सफाइ र्‍याली गर्ने, सफाइ र्‍याली खौमामा भेला भई २ समूह बनाई तपसिलका रुटहरूमा सफाइ र्‍याली गरी दुवै समूह दत्तात्रयमा पुगी समापन गर्ने

### समूह १

खौमा–इताछेँ– भार्वाचो, बंशगोपाल, नासमना, टौमढी, सुकुलढोका, गोमारी हुँदै दत्तात्रय

### समूह २

खौमा, दरवार क्षेत्र, चोछेँ, भोलाछेँ, नाग पुखू, क्वाठण्डौ, सूर्यमढी हुँदै दत्तात्रय ।

सफाइ र्‍यालीको लागि चेतनामूलक ब्यानरहरू र प्ले कार्डहरू व्यवस्था गर्ने ।

## आर्थिक तथा लेखा समिति

मिति २०८१।४।१० गते

१. भक्तपुर नगरपालिकाभित्र कार्यक्षेत्र भई सञ्चालनमा रहेको सहकारी संस्थाहरूको आर्थिक कारोबारको विवरणहरू उल्लेख गरी पुस्तक प्रकाशित गर्ने निर्णय गरियो ।

२. सहकारी संस्थाहरूमा पनि आर्थिक वर्ष २०८०/०८१ देखि नेपाल वित्तीय प्रतिवेदन मानहरू लागू भैसकेको हुँदा भक्तपुर नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरूका व्यवस्थापक वा अध्यक्षहरूलाई नेपाल वित्तीय प्रतिवेदन मानहरू सम्बन्धी ३ (तीन) दिने तालिम सञ्चालन गर्ने वा सहकारी संस्थाका कर्मचारीहरूलाई ई फाईलिङ सम्बन्धी १ (एक) दिने तालिम सञ्चालन गर्ने निर्णय गरियो । उक्त तालिमहरूमा नेपाल वित्तीय प्रतिवेदन मानहरूको दर्ता शुल्क रु.१५००|- र ई. फाईलिङको लागि दर्ता शुल्क रु.१००|- लिने निर्णय गरियो । उक्त तालिममा सहभागीहरूलाई जलपान र खाजाको व्यवस्था गर्ने निर्णय गरियो ।

३. पानस बचत तथा ऋण सहकारी संस्था लि. का अध्यक्ष, सचिव र सदस्यहरूको बैठक निर्णयबाट संस्थाका निवर्तमान व्यवस्थापक सुरेन्द्र सिंह बुढाथोकी, वर्तमान व्यवस्थापक दिपक बहादुर विष्ट र लेखापाल पुण्यश्वरी प्रजापतिबाट संस्थाको रकम अपचलन भएको देखिएकोले र उहाँहरू विदेश भाग्न सक्ने अवस्था भएको हुँदा निवर्तमान व्यवस्थापक सुरेन्द्र सिंह बुढाथोकी, वर्तमान ब्यवस्थापक दिपक बहादुर विष्ट र लेखापाल पुण्यश्वरी प्रजापतिको राहदानी रोक्का राख्न अनुरोध भई आए अनुसार उहाँहरूलाई सम्पर्क गर्न खोज्दा सम्पर्क नहुने रकम पनि फिर्ता दिने प्रयास नगरेको हुँदा उक्त तीन जना व्यक्तिहरूको राहदानी रोक्काको लागि जिल्ला प्रशासन कार्यालय, भक्तपुरमा सिफारिस गर्ने निर्णय गरियो।

मिति : २०८१।४।२७ गते

१. पानस बचत तथा ऋण सहकारी संस्था लि. का सात जना सञ्चालकहरूमध्ये चार सञ्चालकहरूको बैठकबाट निर्णय गरी निवर्तमान व्यवस्थापक, निजको श्रीमती, वर्तमान व्यवस्थापक श्री दिपक बहादुर विष्ट र लेखापालले संस्थाको रकम हिनामिना गरी अपचलन गरेको भनी निवेदन पेश गरेकोमा बैठकमा छलफल हुँदा निम्न लिखित व्यक्तिहरूको बैङ्क खाता रोक्का गर्न नेपाल राष्ट्र बैङ्कमा अनुरोध गर्न कार्यपालिका बैठकमा अनुमोदन गर्ने गरी निर्णय गरियो।

| क्र.स. | नाम र थर | पद | नागरिकता नं. | जारी मिति | जारी जिल्ला |
|---|---|---|---|---|---|
| क. | श्री सुरेन्द्रसिंह बुढाथोकी क्षेत्र नि. | व्यवस्थापक | ५/३९९ | २०५१।७।८ | सल्यान |
| ख. | श्री श्रद्धा पौडेल बुढाथोकी क्षेत्र | उपाध्यक्ष | १०६३४ | २०५६।१२।२ | बांके |
| ग. | श्री दिपक वहादुर विष्ट | व्यवस्थापक | ६४१००१/४७४ | २०६९।१।११ | सुर्खेत |
| घ. | श्री पुण्यश्वरी प्रजापति | लेखापाल | २९-०१-०६६-००४०२ | २०६६।१।३१ | भक्तपुर |

## तपसिल

२. जय भवानी बचत तथा ऋण सहकारी संस्थाको लेखा समितिका संयोजक जीवन अवालले रोक्का रहेको आफ्नो बैङ्क खाता फुकुवा गरी पाउँ भनी दिनु भएको निवेदन माथि छलफल हुँदा वचतकर्ताहरूको बचत रकम फिर्ता नदिएसम्म बैङ्क खाता रोक्का नै राख्ने निर्णय गरियो।

## निर्माण समिति

मिति २०८१।०४।१८ गते

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | जीर्ण सडकमा बेस कोर्ष तथा ग्राभेलिङ्ग कार्य | १-१० | मर्मत | ९९,७६३।४९ | | | | | | | | |
| २ | सल्लाघारीमा अवस्थित फोहोरमैला संकलन तथा ट्रान्सपोर्ट स्टेशनमा ग्राभेलिङ कार्य | १ | मर्मत | ९९,७६३।४९ | | | | | | | | |
| ३ | रानीपोखरीको पूर्वी पर्खाल मर्मत कार्य | १ | मर्मत | ९७,६४१।३५ | | | | | | | | |
| ४ | नगरपालिका भवनमा राष्ट्रिय परिचय पत्र वितरण कक्षको लागि पाटेशन कार्य | २ | मर्मत | ९९,४३२।४६ | | | | | | | | |
| ५ | नगर प्रहरी कार्यालयमा विद्युतीय तथा प्लम्बिङ्ग मर्मत सम्भार कार्य | १ | मर्मत | ५७,९०९।१७ | | | | | | | | |
| ख) | ल.ई. स्वीकृति/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | |
| १ | हनुमानघाट क्षेत्रको खोला सुधार कार्य | | योजनाको बाँकी भुक्तानी | १,३५७,५७०।४५ | | ४००,००००।०० | १,२३१,०२४।९९ | ८३१,०२४।९९ | १,६०३,०५५।१३ | सम्पन्न | विश्वराम ख्याजु | |
| २ | भनपा १ देखि १० सम्म विभिन्न नियमित मर्मत कार्यहरू (२०८१ असार महिना) | १-१० | मर्मत | ९९,०४५।३६ | | सामानत र्फ | ३५,१८३।०१ | ३५,१८३।०१ | ३५,१८३।०१ | सम्पन्न | अमानत ( राधेश्याम भैनाल्व) | जिन्सी उपशाखा बाट पुरानो सामान प्राप्त भएको र रू.६२,१००।००ज्या |
| | | | | | | ज्यालात र्फ | ६२,१००।०० | ६२,१००।०० | ६३,८६२।३५ | | | |
| | | | | | | **जम्मा** | **९७,२८३।०१** | **९७,२८३।०१** | **९९,०४५।३६** | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | लामात्र भुक्तानी गर्ने |
| ३ | भनपाका विभिन्न स्थानहरूमा विद्युतीय मर्मत तथा सडक बत्ती जडान तथा मर्मत | १-१० | मर्मत | ८२,५५६।०० | | | | ३१,२००।०० (ज्याला मात्र) | ८२,८५३।०० | सम्पन्न | अमानत (जयराम प्रजापति) | सामान सम्वन्धी वडावाट प्राप्त भएकोले रू. ३१,२००। – ज्यालामात्र भुक्तानी गर्ने |
| ग) | **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | |
| १ | तापालाछि फल्चा मर्मत कार्य | २ | नपा | १,८९८,४५०।५७ | | मिति २०८१ असोज मसान्त सम्म म्याद थप गर्ने । | | | | | | |

**मिति २०८१/०४/३१ गते**

| क.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रिल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | ख्वप टेलिभिजन भवनको कौशीमा रेलिङ्ग तथा घेरा बार गर्ने कार्य | ८ | मर्मत | ७०,२०३।४४ | | | | | | | | |
| २ | चम्पकेश्वर मन्दिर क्षेत्रको खोलामा खोलाको वहाव नियन्त्रण गर्न तबन्ध निर्माण कार्य | ४ | मर्मत | ८६,६४२।८७ | | | | | | | | |
| ३ | आदर्श चोकमा ढल मर्मत कार्य | ७ | मर्मत | ३८,६४२।७९ | | | | | | | | |
| ४ | प्रेश इकाइमा पानी निकास व्यवस्थापन कार्य | २ | मर्मत | ९६,६३८।७९ | | | | | | | | |
| ५ | थप सीसीटीभी सर्भिलेन्स प्रणाली जडान कार्य, व्यासी नपा भवनमा | २ | मर्मत | ८४,५६९।९६ | | | | | | | | |
| ६ | सीसीटीभी सर्भिलेन्स प्रणाली मर्मत सम्भार कार्य, भार्वाचो, दत्तात्रय र साकोठा-इटाछेसम्म | १-९ | मर्मत | ९९,६३२।८३ | | | | | | | | |
| ७ | लर्केस्थित कम्पोष्ट प्लानमा सोलार वाटर हिटर तथा प्लम्बिङ्ग कार्य | ८ | मर्मत | २३४,९७३।३३ | | | | | | | | |

| ख) | भुक्तानी सम्बन्धमा | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जीर्ण सडकमा बेस कोर्ष तथा ग्राभेलिङ्ग कार्य | १-१० | मर्मत | ९९,७६३।४९ | | | ८४,९९९।७३ | ८४,९९९।७३ | १२३,७७४।१३ | सम्पन्न | अमानत | |
| २ | सल्लाघारीमा अवस्थित फोहोरमैला संकलन तथा ट्रान्सपोर्ट स्टेशनमा ग्राभेलिङ कार्य | १ | मर्मत | ९९,७६३।४९ | | | ९०,०००।०० | ९०,०००।०० | ११९,८८८।८३ | सम्पन्न | अमानत | |
| ३ | नगरपालिका भवनमा राष्ट्रिय परिचय पत्र वितरण कक्षको लागि पार्टेशन कार्य | २ | मर्मत | ९९,४३२।४६ | | | ९८,८३०।०० | ९८,८३०।०० | १०२,६२४।९० | सम्पन्न | अमानत | |
| ४ | इनाचो, पलिखेल र गोल्मढी गणेश मन्दिर परिसरमा ढुङ्गा छपाइ | ७ | मर्मत | ५१४,६०१।४५ | | | ३६७,४३६।०० | ३६७,४३६।०० | ४०८,९३०।६४ | सम्पन्न | शिवगोपाल रंजितकार | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. मिति २०८१ श्रावण ८ गते मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र सिजाङको शान-नान शहरका उपप्रमुखज्यूको नेतृत्वमा भक्तपुर भ्रमणका लागि आउनु भएका प्रतिनिधि मण्डल र अतिथिहरूको सत्कार गर्दाको तपसिल बमोजिमका खर्चहरू अनुमोदन गर्ने निर्णय गरियो ।

ख. मिति २०८१ भाद्र ११ गतेदेखि भाद्र २५ गतेसम्म Al Aim UAE मा हुन गइरहेको यस भक्तपुर नगरपालिकाद्वारा बक्सिङ प्रशिक्षणमा प्रशिक्षणरत बक्सिङ खेलाडीहरूलाई छनोट प्रतियोगितामा सहभागी गरे वापत आवश्यक खर्च भएको जम्मा रु. ३५,५९०/- बक्सिङ प्रशिक्षक केदार तुईतुईलाई भुक्तानी गर्ने निर्णय गरियो ।

ग. अरनिको सभा भवन निर्माण योजनाको लागि कर्मचारी व्यवस्थापन सम्बन्धमा

अरनिको सभा भवन निर्माण कार्य योजनाको दैनिक सुपरभिजन कार्यका लागि यसअघि ख्वप अस्पताल निर्माण आयोजनामा कार्यरत ई. श्री सरोज ह्यौंगलाई करारमा नियुक्ति गर्ने र ख्वप अस्पताल निर्माण आयोजनामै दैनिक ज्यालादारीमा कार्यरत श्री कृष्णप्रसाद सुवाललाई दैनिक ज्यालादारीमा नियुक्ति गर्ने निर्णय गरियो । साथै साइट अफिसको नियमित सरसफाइ र रेखदेखको लागि एक जना कार्यालय सहयोगी दैनिक ज्यालादारीमा नियुक्ति गर्ने निर्णय गरियो ।


## आ.व. २०८१/०८२ को दररेट तथा दर विश्लेषण स्वीकृति सम्बन्धमा

आ.व. २०८१/०८२ को भक्तपुर जिल्लाबाट निर्धारण भएको दररेट समेतलाई मध्यनजर गरी आगामी आ.व. २०८१/०८२ का लागि भक्तपुर नगरपालिकाको लागि कायम गर्नुपर्ने दररेट संलग्न सूची बमोजिम स्वीकृति गर्ने निर्णय गरियो । साथै सोही दररेटमा आधारित भवन निर्माण सम्बन्धी दररेट विश्लेषण २०८१/०८२, सडक तथा पुल निर्माण सम्बन्धी दररेट विश्लेषण २०८१/०८२, स्यानिटरी निर्माण सम्बन्धी दररेट विश्लेषण २०८१/०८२ र इलेक्ट्रिकल तथा सीसी क्यामेरा जडान सम्बन्धी दररेट विश्लेषण २०८१/०८२ समेत स्वीकृति गर्ने निर्णय गरियो ।

भक्तपुर नगरपालिका गतिविधि

भक्तपुर नगरपालिका गतिविधि

## ख्वप अस्पतालको बीमा बोर्डसँग २० करोडभन्दा बढी भुक्तानी बाँकी : अस्पताल सञ्चालनमा समस्या



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सरकारले स्वास्थ्य बीमाको रकम भुक्तानीमा ढिलाइ गर्दा अस्पताल सञ्चालनमा समस्या भएको बताउनुभयो।

नेपाल सरकार स्वास्थ्य बीमा बोर्डका अध्यक्ष गुणराज लोहनीसँग भदौ २० गते भएको भेटका क्रममा प्रमुख प्रजापतिले स्वास्थ्य बीमाको रकम समयमै भुक्तानी नहुँदा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल सञ्चालन र व्यवस्थापनमा समस्या भएको प्रष्ट पार्नुभयो।

बीमा बोर्डसँग ख्वप अस्पतालले रु. २० करोडभन्दा बढी रकम सोधभर्ना हुन बाँकी रहेको बताउनुहुँदै उहाँले स्वास्थ्य बीमा रकम छिटो सोधभर्ना गर्न ध्यानाकर्षण गर्नुभयो।

ख्वप अस्पतालले जनतालाई सस्तो र सुलभ स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आइरहेको बताउनुहुँदै उहाँले ख्वप अस्पतालले दैनिक ८०० जनाको हाराहारीमा बिरामीलाई स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको बताउनुभयो।

सोही क्रममा स्वास्थ्य बीमा बोर्डका अध्यक्ष **गुणराज लोहनी**ले समयमै स्वास्थ्य बीमाको रकम भुक्तानी नहुँदा स्वास्थ्य बीमामा आबद्ध सरकारी अस्पतालको सेवा प्रवाह प्रभावित भएको स्वीकार्दै स्वास्थ्य बीमाको रकम छिटोभन्दा छिटो भुक्तानी दिने आश्वासन दिनुभयो।

उहाँले ख्वप अस्पताललाई स्वास्थ्य बीमाअन्तर्गत सोधभर्ना हुन बाँकी रकममध्ये कम्तीमा ५० प्रतिशत रकम एक महिनाभित्र भुक्तानी दिने प्रतिबद्धता जनाउनुभयो।

भेटकै क्रममा स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक **दामोदर बसौला**ले स्वास्थ्य बीमा बोर्डसँग पैसा नभएकै कारण अस्पतालहरूलाई स्वास्थ्य बीमाको रकम भुक्तानी दिन नसकेको प्रष्ट पार्नुभयो।

उहाँले स्वास्थ्य मन्त्रालयमार्फत अर्थमन्त्रालयसँग रु. ८ अर्ब ७५ करोड माग गरेको बताउनुहुँदै अस्पतालहरूलाई सक्दो चाँडो स्वास्थ्य बीमाको रकम सोधभर्ना गरिने विषय अवगत गराउनुभयो।

भेटमा ख्वप अस्पताल व्यवस्थापन समितिका सदस्य एवम् भनपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला र अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्ललगायतका प्रतिनिधिमण्डल बीमा बोर्ड पुग्नुभएको थियो।

## खेलकुदलाई प्राथमिकतामा नराखेकै कारण आशातित प्रगति हुन सकेन



भक्तपुर नगरपालिका वडा नं. ६ खेलकुद समिति भक्तपुर किक बक्सिङ क्लबको आयोजनामा भदौ २१ गते खेलाडी सम्मान कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले आवश्यक पूर्वाधार र राम्रा प्रशिक्षकबिना राम्रा खेलाडीहरू उत्पादन गर्न गाह्रो हुने बताउनुहुँदै सरकारले खेलकुदलाई प्राथमिकतामा नराखेकै कारण आशातित प्रगति हुन नसकेको बताउनुभयो।

धेरै ठूलो त्याग गर्नेहरूले नै ठुलठुला सफलता हासिल गर्न सक्ने बताउनुहुँदै उहाँले राम्रा राम्रा खेल प्रशिक्षकहरूलाई राज्यले राम्रो सम्मान नगरेकै कारण खेलाडीहरू विदेश पलायन भइरहेको बताउनभुयो।

अन्तर्राष्ट्रिय खेलमा भाग लिनेहरूले देशलाई र राष्ट्रिय खेलमा भाग लिनेहरूले आफ्नो पालिकालाई केन्द्रमा राखेर खेल्नुपर्नेमा उहाँले जोड दिनुभयो।

उहाँले राम्रा खेलाडी उत्पादनले प्रशिक्षकको नाम इतिहासमा कायम रहने हुँदा दिपक श्रेष्ठको कार्यकालमा कराँते खेलमा राम्रा राम्रा राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीहरू

उत्पादन हुने अपेक्षासहित बधाइ र शुभकामना दिनुभयो ।

भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले दक्ष युवा जनशक्ति विदेशिँदा देश विकासमा बाधा पुगेको बताउनुहुँदै खेलाडीहरूले आफ्नो देशको सार्वभौमिकता रक्षाको निम्ति खेल्नुपर्ने बताउनुभयो ।

त्यस्तै भनपा ६ का वडा सदस्य **गोविन्द दुवाल**ले खेलाडीहरू अनुशासित, इमानदार र नैतिकवान हुनुपर्ने बताउनुहुँदै राजनैतिक नेताहरूमा ती नहुँदा देशले दुर्दशा भोग्नुपरेको स्पष्ट पार्नुभयो ।

कार्यपालिका सदस्य **रोशनमैँया सुवाल**ले ६ नं. वडाको तर्फबाट खेलकुद विकासमा सहयोग गरिरहेको बताउनुहुँदै वडाले छिकोङलगायत विभिन्न खेललाई ठाउँ उपलब्ध गराउँदै आएको बताउनुभयो ।

कार्यक्रममा नेपाल किक बक्सिङ सङ्घका संस्थापक **दिपक श्रेष्ठ**, वडा नं. ६ खेलकुद समितिका संयोजक **राजुसिंह बजिको** र प्रशिक्षक **रामशरण त्वाती**ले पनि बोल्नुभएको थियो ।





उक्त कार्यक्रममा नगर प्रमुख प्रजापतिले प्रमुख प्रशिक्षक **दिपक श्रेष्ठ** र चौथो अन्तर्राष्ट्रिय मुवाथाई प्रतियोगितामा स्वर्ण पदक प्राप्त खेलाडी **प्रविन तामाङ**लाई सम्मान गर्नुभएको थियो ।

## बृहत् पोषण प्रदर्शन



भक्तपुर नगरपालिका ८ नं. वडा कार्यालयमा बालबालिका र विद्यार्थीलाई सही र सन्तुलित पोषणबारे जानकारी दिने उद्देश्यले भदौ २४ गते बृहत् पोषण प्रदर्शन भयो ।

प्रदर्शनमा ख्वप अस्पतालका नर्सहरूले पोषणबारे स्थानीयवासीलाई जानकारी दिँदै बालबालिकालाई कुपोषणबाट बचाउन पोषणयुक्त खानेकुरा खुवाउनुपर्ने जानकारी दिए ।

प्रदर्शनीमा किशोर अवस्थामा के गर्ने, गर्भवती र सुत्केरी अवस्थामा के–कस्तो गर्नुपर्छ देखाइएको छ । गर्भवती महिलाले गर्भ जाँच गर्ने, थप खाना खाने, टीडी खोप लगाउने, सरसफाइ, आइरन चक्की खाने, पूर्वतयारी गर्ने, आयोडिन नुन खाने र पारिवारिक सहयोग गर्ने आदि जानकारीमूलक तस्बिरहरू प्रदर्शन गरिएको छ ।

प्रदर्शनीमा स्थानीय बालबालिका, महिला र विभिन्न विद्यालयबाट विद्यार्थीहरूको सहभागिता थियो ।

## नापतौल डोरबाट सेवा प्रदान



भक्तपुर नगरपालिका र भक्तपुर उद्योग वाणिज्य सङ्घको सहकार्यमा नापतौल डोर सञ्चालन गरियो ।

गुणस्तर तथा नापतौल कार्यालय, त्रिपुरेश्वरबाट

खटिएका कर्मचारीहरूको टोलीले भक्तपुर नगरपालिकाको वंशगोपालस्थित ३ नं. वडा कार्यालय परिसरमा कार्यालय राखेर भदौ १९ गतेदेखि डोर कार्यक्रम सुरु गरेको थियो।

भक्तपुर नगरपालिकाका व्यवसायी, व्यापारीहरूले प्रयोग गरेका नापतौलका सामग्रीहरूको नियमानुसार जाँच गरी नयाँ दर्ता तथा नवीकरण गरिदिएको गुणस्तर तथा नापतौल कार्यालय, काठमाडौँका सहायक निरीक्षक गोविन्द पहारीले बताए।

सङ्घका अनुसार नापतौल डोर कार्यक्रमअन्तर्गत भदौ २० गते लिबाली चोकस्थित एसएन मेटल वर्कसप परिसरमा, २३ गते कमलविनायकस्थित बिग मार्ट परिसरमा, २४ गते बाराही मन्दिरनजिक, २५ गते सल्लाघारी चोडा गणेश मन्दिर तलको ढुङ्गेधारा पाटीमा डोर कार्यालय राखेर नापतौलका सामग्रीहरूको नयाँ दर्ता तथा नवीकरण सेवा प्रदान गरिएको छ।

सङ्घका अध्यक्ष रोशनीमैयाँ धौबन्जारले जिल्लाका उद्योगी, व्यवसायीहरूको मागअनुसार नै गुणस्तर तथा नापतौल कार्यालय, त्रिपुरेश्वरलाई अनुरोध गरी डोर कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो।

आफ्नै घरआँगनमा आफूहरूले प्रयोग गर्दै आएको नाप्ने तथा तौलने सामग्रीहरूको दर्ता तथा नवीकरण गर्न पाउँदा स्थानीय खुसी भएको सङ्घका कोषाध्यक्ष एवं सङ्घअन्तर्गत बजार अनुगमन उपसमितिका संयोजक विश्वराम दुवालले बताउनुभयो।

उक्त कार्यक्रमबाट भक्तपुर नगरका २१४ जना व्यवसायीहरूले सेवा प्राप्त गरेका छन्।

यस्तै कार्यक्रम भदौ २६ गतेदेखि चाँगुनारायण नगरपालिकामा सञ्चालन गरिएको छ।

## भ्रष्टाचार नैतिक पतन हुने फौजदारी अपराध हो : प्रमुख प्रजापति

भ्रष्टाचारविरुद्ध अभियानमा भक्तपुरले गरेको योगदानको स्मरण दिवसको अवसरमा भक्तपुर नपा वडा नं. ५ को



आयोजनामा **'भ्रष्टाचारविरोधी अभियानमा विद्यार्थीको भूमिका'** विषयक भक्तपुर नगरपालिका माध्यमिक विद्यालय (कक्षा ९ देखि १२) स्तरीय वक्तृत्वकला प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रम भदौ २६ गते भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो।

उक्त प्रतियोगितामा बासु माविका **प्रतिक्षा शाही** प्रथम, बागीश्वरी माविका **आस्था गुमान्जु** द्वितीय, एभरेष्ट इ. स्कूलका **सिल्भिया खड्का** तृतीय र सैनिक आवासीय महाविद्यालयका **उत्सव आचार्य**ले सान्त्वना स्थान हासिल गरेका थिए।

प्रतियोगिताका विजयी विद्यार्थीहरूलाई प्रमाणपत्र र पुरस्कार वितरण गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भ्रष्टाचार नैतिक पतन हुने फौजदारी अपराध भएको बताउनुभयो।

उहाँले आर्थिक कारोबार गर्ने ठाउँमा भ्रष्टाचारको सम्भावना बढी हुने बताउनुहुँदै देश आर्थिक रूपले पछाडि पर्नुमा भ्रष्टाचार पनि मुख्य कारण भएको बताउनुभयो।



भक्तपुर भ्रष्टाचारविरोधी आन्दोलन भएको ठाउँ पनि हो भन्नुहुँदै उहाँले भक्तपुर नगरपालिकाले इमानदार र पारदर्शी ढङ्गले यहाँको विकास निर्माण गर्दै निःस्वार्थ रूपमा जनताको सेवा गर्दै आइरहेको बताउनुभयो।

नेपालमा भ्रष्टाचार कहिल्यै निको नहुने महारोगको रूपमा देखिएको बताउनुहुँदै प्रमुख प्रजापतिले भ्रष्टाचारका कारण राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक एवम् राजनैतिक क्षेत्रमा गहिरो ढङ्गले नकारात्मक असर पारेको बताउनुभयो।

अन्य देशमा भ्रष्टाचारीहरूलाई मृत्युदण्डको व्यवस्था पनि रहेको बताउनुहुँदै उहाँले नैतिक रूपमा पतन भएको व्यक्तिले समाजमा कहिल्यै शिर ठाडो गरी हिँड्न सक्दैन भन्नुभयो।

पुँजीवादी व्यवस्थामा संसद्लाई शासकले गर्ने अवैध काम वैध गर्ने थलो बनाइन्छ भन्नुहुँदै उहाँले गलत र अनैतिक काम गर्नुहुँदैन भन्ने भावना विद्यालयतहदेखि नै सिकाइनु जरुरी रहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले इमानदार नयाँ पुस्ता तयार गर्ने उद्देश्यले भक्तपुर नपाले विद्यालय लक्षित विविध गतिविधिमा जोड दिँदै आएको बताउनुहुँदै देशलाई आर्थिक र नैतिक रूपले सबल बनाउन विद्यार्थी तहदेखि नै भ्रष्टाचारविरोधी भावनाको विकास गर्नुपर्ने बताउनुभयो ।

भक्तपुरलाई शिक्षाको माध्यमबाट अगाडि ल्याउने उद्देश्यका साथ भक्तपुर नपाले शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आज देशको उत्कृष्ट शैक्षिक गन्तव्यस्थलको रूपमा भक्तपुर विकास भइरहेको उहाँले प्रष्ट पार्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**ले देशको ढुकुटी लुटेर देशलाई कङ्गाल बनाउने भ्रष्टाचारीहरूलाई कानुनअनुसार कडाभन्दा कडा सजाय दिइनुपर्नेमा जोड दिनुहुँदै भ्रष्टाचारले देशलाई विकसित हुन दिँदैन भन्नुभयो ।



कार्यक्रममा वडा नं. ५ का वडा सदस्य **सरिना द्योला** र नगर शिक्षा शाखाका अधिकृत **साधुराम फुँयाल**ले पनि बोल्नुभएको थियो भने विजेता विद्यार्थीहरूले पनि भ्रष्टाचारबारे आ-आफ्नो धारणा व्यक्त गरेका थिए ।

उक्त कार्यक्रममा नगर उपप्रमुख रजनी जोशीले प्रतियोगितामा सहभागी विद्यार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

## विश्व आत्महत्या रोकथाम दिवसमा अन्तरक्रिया

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले आत्महत्या रोकथाम विश्वमा नै चुनौतीको रूपमा रहेको बताउनुहुँदै आत्महत्या रोकथामका उपायहरूबारे समुदायमा विविध गतिविधिहरू सञ्चालन गर्नुपर्नेमा जोड दिनुभएको छ ।

भक्तपुर नगरपालिकाको आयोजनामा स्वास्थ्य स्वयम्सेविकाहरूको सहभागितामा विश्व आत्महत्या रोकथाम दिवसको अवसरमा भदौ २७ गते आयोजित कार्यक्रममा उहाँले आत्महत्या रोकथाममा स्वास्थ्य स्वयम्सेविकाहरूको भूमिका




महत्त्वपूर्ण हुने बताउनुहुँदै मानसिक र शारीरिक स्वस्थताको लागि नियमित खानपान र स्वस्थ  जीवनशैली अपनाउनुपर्ने बताउनुभयो ।

सामाजिक विकृति न्युनीकरणले पनि आत्महत्याका घटनाहरूमा कमी आउने बताउनुहुँदै उहाँले आत्महत्या रोकथामका लागि सामुदायिक क्रियाकलापमा सहभागिता बढाउनुपर्ने बताउनुभयो ।

रोग लाग्न नदिने उपायहरू अपनाउनुपर्ने बताउनुहुँदै उहाँले नियमित स्वास्थ्य जाँच गर्न सके सम्भावित रोगहरूबाट बच्न सकिन्छ भन्नुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेश प्रताप मल्ल**ले आत्महत्या गम्भीर र संवेदनशील समस्या भएको हुँदा आत्महत्याको कारण समयमै पहिचान गरी आवश्यक परामर्श लिनु आवश्यक भएको बताउनुभयो ।



भक्तपुर नपाका स्वास्थ्य संयोजक डा. **रत्नसुन्दर लासिवा**ले स्वास्थ्य स्वयम्सेविकाहरू समाजसँग नजिक बसेर काम गर्ने सामाजिक कार्यकर्ता भएको हुँदा आत्महत्याबारे जनचेतना जगाउन स्वास्थ्य स्वयम्सेविकाहरूले महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनुभयो ।

हे.अ. **कमलकेशरी राजचल**ले आत्महत्याको कारण र रोकथामका उपायबारे प्रस्तुतिकरण देखाउँदै आत्महत्या रोकथाममा समुदायको भूमिका अति आवश्यक भएको बताउनुभयो ।

**सन्दर्भः आत्महत्या रोकथाम दिवस**

# आत्महत्यालाई रोक्न सकिन्छ



– कमलकेशरी राजचल

प्रत्येक वर्ष सेप्टेम्बर १० का दिन विश्व आत्महत्या रोकथाम दिवस मनाउँदै आएको छ। यसै सन्दर्भमा यस वर्ष पनि **'आत्महत्या रोकथामबारे संवाद सुरु गरौँ, दृष्टिकोण बदलौँ'** भन्ने नाराका साथ विश्व आत्महत्या रोकथाम दिवस मनाउँदै छौँ। विश्वमा प्रत्येक वर्ष ८ देखि १० लाख मानिसले आत्महत्या गर्ने गरेको तथ्याङ्क छ। नेपालमा मात्र २०८०/८१ मा ७२२३ जना व्यक्तिले आत्महत्या गरेका छन्। प्रत्येक ४० सेकेण्डमा १ जना व्यक्तिले आत्महत्या गर्ने गर्दछ। १५ वर्षदेखि २९ वर्षका मानिसहरूको मृत्युको दोस्रो कारण आत्महत्या हुने गरेको छ। यद्यपि, सबै उमेर समूहका मानिसले आत्महत्याका प्रयास वा आत्महत्या गर्ने गरेको छ। पुरुषभन्दा महिलाले बढी आत्महत्याको प्रयास गर्ने गरेको भएता पनि आत्महत्या गर्ने सङ्ख्या महिलाभन्दा पुरुष ३ गुणा बढी छ।

आत्महत्या भन्नाले कोही व्यक्तिले जानीजानी आफूले आफैलाई हानी गरी हत्या गर्नु भन्ने बुझिन्छ। आत्महत्याले व्यक्ति, परिवार र समुदायमा दीर्घकालीन प्रभाव पार्न सक्छ।

आत्महत्यालाई रोक्न सकिन्छ। मानसिक रोगी विशेषगरी उदासिनता, मष्तिष्क सम्बन्धी रोग, क्यान्सर, एचआइभी सङ्क्रमण, घरेलु हिंसा, मदिरा सेवन जस्ता कुराहरू आत्महत्याका जोखिम तत्त्वहरू हुन्। प्रत्येक आत्महत्या अगाडि धेरै आत्महत्याका प्रयासहरू हुने गर्दछन्। आत्महत्याको प्रयास पनि आत्महत्याको सबैभन्दा महत्त्वपूर्ण जोखिम तत्त्व हो।

यदि कोही व्यक्ति आत्महत्याको जोखिममा छ भने निम्न चेतावनीका सङ्केतहरू देख्न सकिन्छ –

- आफू अरूमाथि बोझ भएको कुरा गर्ने,
- एक्लै बस्न चाहने, चिन्तित देखिने,
- आफूलाई असाध्यै पीडा भएको कुरा गर्ने, अचानक अत्यधिक मादक पदार्थ सेवन गर्ने,
- आत्महत्याका विभिन्न तरिका खोज्ने, बढी रिसाउने,
- मुड परिवर्तन भइरहने,
- धेरै सुत्ने वा कम सुत्ने,
- आफूलाई मर्न मन लागेको बारे कुरा गर्ने,
- आत्महत्याका योजना बनाउने वा आत्महत्याको कुरा गर्ने।

## समस्यामा परेकालाई कसरी सहयोग गर्ने

समाजमा हरेक मान्छेको आ–आफ्नो कथा व्यथा हुन्छन्। हरेक मान्छेले आफू मात्र दुःखी अरूलाई हाँसी खुसी भएको देख्छन्। त्यस्ता समस्यामा परेका व्यक्तिहरूका कुराहरू ध्यान दिएर सुन्ने र उसको कुरालाई गोपनियता कायम गरी व्यक्तिलाई हामी साथ र सँगसँगै छौँ भन्ने महसुस गराउनु पर्दछ र उसको आनीबानीप्रति सचेत हुनु पर्दछ।

## आत्महत्या रोकथाममा समाजको भूमिका

आत्महत्या भन्ने शब्द सुन्नमा पनि राम्रो शब्द होइन र आत्महत्या गरेको कसैले पनि देख्न र सुन्न चाहँदैन। तथापी समाजमा यस्ता घटनाहरू घटिरहेका हुन्छन्। यस्ता घटना घट्न नदिन समाजका हरेक व्यक्तिको महत्त्वपूर्ण भूमिका रहन्छ। विद्यालयमा शिक्षक–शिक्षिका, विद्यार्थीहरूले कोही विद्यार्थीका ब्यवहार भिन्न देखिन थालेमा वा आत्महत्याका कुनै पनि सङ्केत देखिएमा विद्यार्थीहरूलाई निर्धक्कसँग भावना व्यक्त गर्ने वातावरण तयार गर्नुपर्दछ। त्यस्ता विद्यार्थीहरूलाई एक्लै नछोड्ने, अभिभावकलाई सम्पर्क गरी त्यस्ता विद्यार्थीको निरन्तर निगरानी गर्नु पर्दछ। समुदायमा पनि त्यस्ता किसिमका ब्यवहार वा सङ्केत देखिएमा त्यस्ता व्यक्तिलाई सम्मानपूर्वक व्यवहार गनुपर्दछ र मानसिक रोगी संज्ञा दिनुहुँदैन। त्यस्ता व्यक्तिको समस्याको बारेमा सम्बन्धित व्यक्ति वा निकायमा खबर गर्ने सहयोगी भावनाको विकास गर्ने र आत्मसम्मानको भावना जगाउन सहयोग गर्नुपर्दछ। आवश्यकता परेको खण्डमा मनोविमर्शकर्तासँग सम्पर्क गराउनु पर्दछ।

मानव जीवनमा आइपर्ने क्षति, शोक, वियोग जस्ता विषयमा खुलेर छलफल गर्ने; समाजमा आफूभन्दा पनि दुःखी मान्छेहरू पनि छन् सबैको दुःख उत्तीकै पीडादायी छ यसलाई धैर्यका साथ सामना गरी आफ्नो जीवनलाई अगाडि बढाउनु पर्दछ। सबैले सबैलाई सहयोग र सम्मान गर्नुपर्दछ भन्ने भावनाको विकास गर्नुपर्दछ।

औषधी, खाद्यसामग्रीलगायतका वस्तु किन्दा
म्याद हेर्ने बानी गरौँ !

# चित्रकला प्रतियोगिताका विजेताहरूलाई पुरस्कार वितरण




भक्तपुर नगरपालिका वडा नं. १ को आयोजनामा वडा नं. १ विद्यालयस्तरीय चित्रकला प्रतियोगिताको समापन तथा पुरस्कार वितरण कार्यक्रम भदौ २७ गते सम्पन्न भयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले प्रतियोगिताका विजेताहरूलाई पुरस्कार वितरण गर्नुहुँदै प्रतियोगिता आयोजनाले धेरै विद्यार्थीहरूमा उत्साह थपिएको, विद्यार्थीहरूको प्रतिभा उजागर गर्न यस किसिमका प्रतियोगिताले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

भक्तपुरको कला संस्कृति, संस्कार, भाषा, इतिहास आदिबारे विद्यार्थीहरूलाई ज्ञान प्रदान गर्ने उद्देश्यले नगरभित्रका सबै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागू गरेको चर्चा गर्नुहुँदै उपप्रमुख जोशीले सफा र स्वच्छ वातावरण निर्माणको लागि प्लाष्टिकजन्य फोहोरलाई निषेध गर्दै लानुपर्नेमा जोड दिनुभयो।

उहाँले भक्तपुर शिक्षाको उत्कृष्ट गन्तव्यस्थलको रूपमा विकास भइरहेको बताउनुहुँदै शिक्षाबाट अगाडि बढेको भक्तपुर नपाले स्वास्थ्यअन्तर्गत १०० बेडको ख्वप अस्पताल सञ्चालन, घरदैलो नर्सिङ सेवालगायतका सुविधाहरू प्रदान गर्दै आइरहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले विद्यार्थीहरूमा भएको प्रतिभा प्रस्फुटनको लागि वडाले विविध अतिरिक्त क्रियाकलापहरूको प्रतियोगिता आयोजना गर्दै आएको बताउनुहुँदै भक्तपुर नपाले ख्वप विश्वविद्यालय स्थापना गर्ने लक्ष्य लिएको बताउनुभयो।

कार्यक्रममा गणेश मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष **रविन्द्र खर्बुजा**ले प्रतियोगिताको आयोजनाले विद्यार्थीहरूको सीप प्रदर्शन गर्ने अवसर मिलेको बताउनुहुँदै विद्यालयहरूमा चित्रकलाको प्रशिक्षण सञ्चालनमा जोड दिनुपर्ने धारणा राख्नुभयो।

मूल्याङ्कन समितिका **जगतराम धुख्वा**ले विद्यार्थीहरूले किताबी ज्ञानसँगसँगै आफ्नो रुचिअनुसारको ज्ञान र सीप हासिल गर्न प्रेरित गर्नुभयो।

कार्यक्रममा भनपा वडा नं.१ का वडा सदस्य **कल्पना शिल्पकार**, **गंगा बमनू**, समाजसेवी **कृष्णबहादुर दुगुजु** र वडा सदस्य **सूर्यप्रसाद श्रेष्ठ**ले पनि बोल्नुभएको थियो।

चित्रकला प्रतियोगिताअन्तर्गत कक्षा १ देखि ५ सम्मको छात्रतर्फ सूर्यविनायक इ. स्कूलका **अतिशकुमार यादव** प्रथम, मोर्डन इ. स्कूलका **सम्राट बुढाथोकी** द्वितीय, निकल्सन स्कूलका **सक्षम दनुवार** तृतीय र सन्तति आ.वि.का **करण दास** सान्त्वना भएका थिए।

त्यस्तै छात्रातर्फ मोर्डन इ. स्कूलका **सुहाना राई** प्रथम, गणेश माविका **सकिला स्याङताङ** द्वितीय, सूर्यविनायक स्कूलका **प्रशुना श्रेष्ठ** तृतीय र निकल्सनका **प्रत्युसा कार्की** सान्त्वना भएका थिए।

कक्षा ६–८ को छात्रतर्फ गणेश माविका **पंकज महत्तो** प्रथम, अक्सफोर्ड प्राक्टिकलका **आरब चौधरी** द्वितीय, सनसाइन इ. स्कूलका **आरोग्य ताम्राकार** तृतीय र सैनिक आवासीय महाविद्यालयका **मिगिन रानामगर**ले सान्त्वना स्थान हासिल गरेका थिए।



त्यस्तै छात्रातर्फ सैनिक आवासीय महाविद्यालयका **प्रशंसा प्रसाई** प्रथम, सूर्यविनायक स्कूलका **सृष्टि राई** द्वितीय, गणेश माविका **निशा तामाङ** तृतीय र सनसाइनका **दिया शाक्य**ले सान्त्वना स्थान हासिल गरेका थिए।

उक्त प्रतियोगितामा भनपा वडा नं. १ का ११ ओटा विद्यालयहरूले सहभागिता जनाएका थिए।

# बाल दिवसको अवसरमा मेयरसँग बालबालिका

साठीऔँ बाल दिवसको अवसरमा भक्तपुर नगरपालिकाको आयोजनामा भदौ २९ गते मेयरसँग बालबालिका अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।




कार्यक्रममा भनपाका प्रमुख **सुनिल प्रजापति**ले बालबालिकामा गरेको लगानी कहिल्यै पनि खेर नजाने बताउनुहुँदै संविधानमा बाल अधिकारबारे महत्त्वपूर्ण व्यवस्था रहेकोले बालबालिकालाई सुसूचित गराउनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो– 'अनाथ बालबालिका हेर्ने जिम्मा सरकारको हो । समाजवादी देशहरूले बालबालिकाहरूमा लगानी गर्छ । बालबालिकाको सर्वाङ्गिण विकासलाई राज्यले प्राथमिकतामा राख्छ ।'

प्रमुख प्रजापतिले नगरपालिकाले बालबालिकालाई खेलकुद पूर्वाधार विकास अन्तर्गत कभर्ड हल निर्माण, शारीरिक व्यायामस्थल, खेलकुद प्रतियोगिता गरिँदै आएको चर्चा गर्नुहुँदै स्तरीय पुस्तकालय बनाउने लक्ष्यअनुरूप भनपाले जनज्योति पुस्तकालय सञ्चालन, स-साना बालबालिकाको लागि शिशुस्याहार सञ्चालन, विद्यार्थीलाई शैक्षिक ऋणको व्यवस्था, गरिब जेहेनदारलाई छात्रवृत्ति वितरण गरिँदै आएको बताउनुभयो ।

कार्यक्रममा मार्गनिर्देशन दिनुहुँदै प्रमुख प्रजापतिले विद्यार्थीहरूलाई आफूले अध्ययन गरेको विषयमा विशेषज्ञता हासिल गर्नुपर्ने र समाज परिवर्तनको आधार शिक्षा रहेकोले भनपाले सस्तो र गुणस्तरीय शिक्षामा जोड दिँदै देशलाई आवश्यक दक्ष जनशक्ति उत्पादनमा जोड दिँदै आइरहको समेत बताउनुभयो ।

प्रमुख प्रजापतिले भ्रष्टाचार शून्य नगर पालिका बनाई पारदर्शिताको नमुनाको रूपमा भनपा उभिएको बताउनुहुँदै



भक्तपुरले शिक्षाको जग हाली आज उत्कृष्ट कलेज सञ्चालन गरी उच्च शिक्षा प्रदान गर्दै आएको र अवसरवादी र स्वार्थबाट मुक्त भई विद्यार्थीहरूलाई समाज र देशको निम्ति काम गर्न उहाँले प्रेरित गर्नुभयो ।

भनपा ७ का वडा अध्यक्ष **उकेश कवां**ले कुनै बेला भक्तपुर शैक्षिक क्षेत्रमा पछाडि परेको ठाउँ अहिले देशकै उत्कृष्ट बन्न सफल भएको र यसमा भक्तपुरका अग्रजहरूको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो । उहाँले पारदर्शिता भक्तपुर नपाको अर्को विशेषता रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा भनपा ९ का वडा अध्यक्ष **रविन्द्र ज्याख्व**ले भनपा सबैको साझा स्थानीय सरकार भएको बताउनुहुँदै बालबालिकाहरूलाई आफ्नो नजीकको सरकारसँग नजिकमा राखेर विविध गतिविधि सञ्चालन गर्दै आएको बताउनुभयो ।

शिक्षा शाखाका प्रमुख **साधुराम फुयाँल**ले भक्तपुर नगरपालिकामा ३५ हजार १४२ जना बालबालिकाहरू अध्ययनरत रहेको तथ्याङ्क प्रस्तुत गर्नुभयो ।

उक्त अन्तरक्रिया कार्यक्रममा विद्यार्थीहरूले सम्पदा संरक्षण, हनुमन्ते खोला सुधार, खेलमैदान स्तरउन्नति, विद्यालय डुबान, समावेशी शिक्षा, स्थानीय पाठ्यपुस्तकका बारेमा प्रमुख प्रजापतिसँग जिज्ञासा राखेका थिए भने प्रमुख प्रजापतिले विद्यार्थीहरूबाट आएका प्रश्नको जवाफ दिनुभएको थियो ।

## "सरसफाइमा बालबालिकाको भूमिका" वक्तृत्वकला सम्पन्न



बाल दिवसको अवसरमा भक्तपुर नगरपालिकाको वडा नं. ७ को आयोजनामा भदौ २७ गते **'सरसफाइमा बालबालिकाको भूमिका'** विषयक अन्तर वडा विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाले सरसफाइलाई प्राथमिकता राखेको विचार व्यक्त गर्नुहुँदै घरबाट निस्कने फोहोरलाई

कुहिने र नकुहिने छुट्याइ कुहिने वस्तुबाट कम्पोष्ट मल उत्पादन गरी कृषकहरूलाई सहुलियतदरमा बिक्री गर्दै आएको जानकारी दिनुभयो ।

आर्थिक समस्याको कारण पढाइ छोड्न नपरोस् भनेर भनपाले शैक्षिक ऋणको व्यवस्था गर्दै आएको छ, उहाँले भन्नुभयो ।

भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले अध्ययनमा जोड दिने र परिश्रमी विद्यार्थीको भविष्य उज्ज्वल हुने भएकोले पढाइमा मिहिनेत गर्नु जरूरी छ भन्नुभयो ।

विजयी विद्यार्थीलाई उपप्रमुख जोशीले पुरस्कार वितरण गर्नुभएको थियो ।

## ढुङ्गा छपाइ कार्यको सार्वजनिक परीक्षण




भक्तपुर नगरपालिका वडा नं. ९ र १० मा पर्ने कमलविनायकदेखि नवदुर्गा मन्दिरसम्म ढुङ्गा छपाइ कार्य सम्पन्न भएपछि सो कामको सार्वजनिक परीक्षण कार्यक्रम भदौ २८ गते सम्पन्न भयो ।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याखव**ले नगरपालिका हामी सबैको साझा संस्था हो, घोषणापत्रमा प्रतिबद्धता गरेअनुसार इमानदारीपूर्वक काम गरिरहेको बताउनुभयो ।

उहाँले भक्तपुर नगरलाई सफा, सुन्दर र शैक्षिक तथा पर्यटकीय गणतव्यको रूपमा विकास गर्न सम्पूर्ण जनताको साथ र सहयोगले मात्र जनप्रतिनिधिले कार्य गर्न सक्ने प्रस्ट पार्नुभयो ।

उहाँले ठेक्कामार्फत निर्माण भएका पूर्वाधारको गुणस्तर नभएको र उपभोक्ता समितिमार्फत काम गर्दा अपनत्व हुने, आर्थिक सहयोग तथा श्रमदानसमेत हुने हुँदा गुणस्तरीय पूर्वाधार निर्माण हुने बताउनुभयो ।

यस वर्षको चवालिसौँ नेपालभाषा साहित्य तःमुंज्या पनि लामगालमा हुने भएकोले उपभोक्ता समितिमार्फत चौरको स्तरोन्नति कार्यअगाडि बढिरहेको जानकारी दिनुभयो ।

भनपा वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद हर्यौंमिखा**ले बाटो सबैको साझा सम्पत्ति भएकोले सोको निर्माण तथा संरक्षण गर्ने कर्तव्य सबैको हो भन्नुभयो । उहाँले तःमुंज्या राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक, सामाजिक र साहित्यिक विषयवस्तुमा धैरै महत्त्वपूर्ण विचार र जानकारी प्राप्त गर्न सक्ने दबु हो भन्नुभयो ।

ढुङ्गा छपाइ कार्य वडा नं. ९ र १० को संयुक्तरूपमा दुई–दुई चरण गरी कार्य सम्पन्न भएको थियो । जसमा ९ नं. वडातर्फको उपभोक्ता समितिका अध्यक्ष **पशुपतिमान थकु**ले पहिलो चरणको कार्यको खर्च रु. १२,२९,३००।– र दोस्रो चरणको कार्यको खर्च रु. ८,९७,३६४।०१ भएको जानकारी दिनुभयो ।



त्यस्तै, १० नं. वडातर्फको उपभोक्ता समितिका अध्यक्ष **ज्ञानकुमार मगजु**ले पहिलो चरणको कार्यको खर्च रु. १२,२९,४९१।– र दोस्रो चरणको कार्यको खर्च रु. ८,९५,८६४।– भएको जानकारी दिनुभयो । कमलविनायकदेखि नवदुर्गा मन्दिरसम्म ढुङ्गा छपाइ कार्यको जम्मा खर्च रु. ४२,५२,०१९।०१ भएको छ ।

कार्यक्रमका सभापति एवम् नेपालभाषा साहित्य तःमुंज्या

आयोजक समितिका अध्यक्ष **कृष्णभक्त लवजु**ले स्थानीय बासिन्दालाई बाटो निर्माण सम्पन्न भएको जानकारी दिन र सो कार्यको हिसाब किताब स्पष्ट पार्न यो कार्यक्रम भएको हो भन्नुभयो । उहाँले स्थानीय बासिन्दाहरूले आफ्नो क्षेत्रमा हुने हरेक निर्माण कार्यहरूको चासो राख्नुपर्ने र समयमा सचेत गर्न सके निर्माण कार्य व्यवस्थित तरिकाले सफल र गुणस्तरीय हुने बताउनुभयो ।

उहाँले इमानदारीपूर्वक निःस्वार्थ भावनाले सहयोग गर्नुहुने उपभोक्ता समितिका पदाधिकारीहरू र समयसमयमा सुझाव तथा सहयोग गर्नुहुने स्थानीय बासिन्दालाई धन्यवाद व्यक्त गर्नुभयो ।

कार्यक्रममा **लक्ष्मीप्रसाद चवाल**ले पनि बोल्नुभएको थियो ।

## कराते प्रतियोगितामा भक्तपुर नपालाई ६ पदक



नेपाल सितेरियो कराते डो सङ्घ, मध्यपुर थिमी शाखा डोजोको आयोजनामा भएको भक्तपुर जिल्लाव्यापी कराते प्रतियोगितामा भक्तपुर नगरपालिकाका प्रशिक्षार्थीले २ स्वर्ण, १ रजत र ३ कांस्य गरी ६ पदक हासिल गर्न सफल भएका छन् ।

स्व. प्रेमकृष्ण माक श्रेष्ठको स्मृतिमा यचु पार्टी प्यालेस, थिमीमा सम्पन्न भएको उक्त प्रतियोगितामा पुरुष काटा समूहमा **साहाँस तामाङ** र पुरुष कुमिते खुला तौल समूहमा **सूर्य साँद**ले स्वर्ण पदक जित्न सफल भएका छन् । त्यसैगरी पुरुष ४० केजी तौल समूहको कुमितेमा **उदयस अवाल**ले रजत पदक हासिल गरेको छ ।

भक्तपुर नगरपालिकाका कराते प्रशिक्षक रविना सुवालका अनुसार पुरुष कुमिते २५ केजीमा **साहाँस तामाङ**, ३५ केजीमा **विपुल त्वायना** र महिला कुमिते ४० केजीमा **सरिका उप्रेती**ले कांस्य पदक प्राप्त गरेका छन् ।

## भाजु पोखरी परिसरमा सरसफाइ



भक्तपुर नगरपालिका वडा नं १ स्थित भाजुपोखरी परिसरमा असोज १ गते सरसफाइ कार्यक्रम भयो ।

कार्यक्रममा वातावरण समितिका सदस्य एवम् ८ नं. वडा अध्यक्ष **कृष्णप्रसाद कोजु**ले नपाले पहिलेदेखिनै सफाइ अभियान सुरु गरेको कारण हाल सफा नगरीको रूपमा परिचित भएको बताउनुभयो । वर्षायाममा डेङ्गुको समस्या रहेकोले सचेत हुनुपर्ने समेत उहाँले भन्नुभयो ।

वडा नं. २ का अध्यक्ष **हरिप्रसाद बासुकला**ले भक्तपुरको इतिहास किसान आन्दोलन र सफाइ आन्दोलनसँग सम्बन्धित रहेको चर्चा गर्नुहुँदै भक्तपुरमा सफाइ आन्दोलन स्वरूप निरन्तर सफाइ कार्यक्रम गर्दै आएको बताउनुभयो । उहाँले यसमा सबैको हातेमालो हुन आवश्यक रहेको बताउनुभयो ।

वडा नं. ३ का अध्यक्ष **राजकृष्ण गोरा**ले नपा साझा संस्था भएको बताउनुहुँदै जनताको सहयोग आवश्यक रहेको र भनपाका पूर्व जनप्रतिनिधिको नेतृत्वमा सरसफाइ अभियान सुरु भएको चर्चा गर्नुभयो । उहाँले स्वास्थ्यलाई मध्यनजर गर्दै सफाइ गर्दा लाज मान्न नहुने र आफ्नो ठाउँ आफै सफा गर्नुपर्ने र नगरवासीले कुहिने र नकुहिने फोहोर छुट्याएर दिनुपर्ने बतानुभयो ।

वडा नं. ४ का अध्यक्ष **उपेन्द्र सुवाल**ले सरसफाइ



सभ्यताको पहिचान रहेको बताउनुहुँदै भनपाभित्र २०३९ सालदेखि नै जनप्रतिनिधिको नेतृत्वमा सफाइ अभियान सुरु भएको बिर्सन नहुने बतानुभयो ।



वडा नं. १० का अध्यक्ष **लक्ष्मीप्रसाद हयौंमिखा**ले नपाले एक विद्यालय एक सम्पदा र एक सहकारी एक सम्पदा सञ्चालन गर्दै आइरहेको र भक्तपुरलाई स्वच्छ बनाउने दायित्व सबैको रहेको बताउनुहुँदै यसलाई निरन्तरता दिनुपर्ने बतानुभयो ।

कार्यक्रममा वडा सदस्य **कल्पना शिल्पकार** र **मन्जुमाया लाखा**ले पनि बोल्नुभएको थियो ।

## आदर्श चोक निर्माणको सम्भाव्यता अध्ययन प्रतिवेदन हस्तान्तरण




अरनिको राजमार्गको सूर्यविनायक–धुलिखेल सडक खण्डमा सडक विभाग, सूर्यविनायक–धुलिखेल, धुलिखेल–सिन्धुली–बर्दिबास आयोजनाद्वारा स्वीकृत डिपिआरमा आदर्श चोकमा साविकमा आदर्श डाँगाचा चारदोबाटो नभएको सम्बन्धमा स्थानीयवासीद्वारा सो चोक इन्टरसेक्सन कायम गर्न आयोजना र भक्तपुर नपामा समेत आदर्श चोकमा साविकमा झैं चौबाटो कायम हुने गरी बाटो विस्तार गर्न माग गरे बमोजिम मिति २०८१।१।३१ मा गठित आदर्श चोक निर्माणको सम्भाव्यता अध्ययन कार्यदलको तर्फबाट संयोजक योगेन्द्रमान विजुक्छेँले भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई असोज ४ गते प्रतिवेदन हस्तान्तरण गर्नुभयो ।

कार्यदलले पेश गरेको उक्त प्रतिवेदन अनुसार आदर्श चोकको पश्चिमतर्फ लेफ्ट सर्भिस लेनमा हाल लगाइएको टेवा पर्खाल (Original Design Level-1318.67m) बाट ०.९५ मि. थप गरी टेवा पर्खाल निर्माण गर्ने तथा सिद्धि स्मृति अस्पताल जाने बाटोको मुखमा हालको रोड लेभलबाट १.३८ मि. अग्लो हुने गरी दुवैतर्फ टेवा पर्खाल निर्माण गर्ने तथा लेफ्ट सर्भिस लेनदेखि सिद्धि स्मृति अस्पताल जाने बाटो तर्फ ४.७५ मि. सम्म ५.५% ग्रेड तत्पश्चात ५५ मि. सम्म ८.६५% मा सडकको ग्रेड कायम गर्न सकिने उल्लेख छ । साथै निर्माणाधीन ६ लेन सडकको मेन लेन र राईट सर्भिस लेन हालको डिजाइन/ड्रईडमा कुनै परिमार्जन गर्नु नपर्ने गरी इन्टरसेक्सन कायम गर्नुपर्ने सिफारिस गरेको छ ।

कार्यदलमा भक्तपुर नपा–७ का वडाध्यक्ष उकेश कवां, भक्तपुर नपा ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजु, भक्तपुर नगरपालिकाका योजना शाखा प्रमुख दिलभक्त जयना, इन्जिनियर सुशिल बासी, सूर्यविनायक धुलिखेल सडक आयोजनाका सि.डि.ई. नारायणप्रसाद लामिछाने र इन्जिनियर विवेक पाण्डे तथा स्थानीय सरोकारवालाहरू कुमार चवाल र मणिरत्न बज्राचार्य सदस्य रहेका छन् ।

## प्रधानमन्त्री रोजगार कार्यक्रमसम्बन्धी अभिमुखीकरण कार्यक्रम




भक्तपुर नगरपालिकाको आयोजनामा प्रधानमन्त्री रोजगार कार्यक्रमसम्बन्धी अभिमुखीकरण कार्यक्रम असोज ९ गते भक्तपुर नपाको सभाकक्षमा भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माणलगायतका क्षेत्रमा गरिरहेको उदाहरणीय कार्यले नगरपालिकाको प्रतिष्ठा अझ उँचो हुँदै गएको बताउनुभयो।

भक्तपुर नपाले भक्तपुरका मूर्त र अमूर्त सम्पदाहरूलाई अमूल्य सम्पत्तिको रूपमा संरक्षण गर्दै नयाँ पुस्ताको सेवा गर्दै आइरहेको बताउनुहुँदै उहाँले प्रधानमन्त्री रोजगार कार्यक्रममा छनोट भएका कामदारहरूलाई इमानदारीपूर्वक आफ्नो काम गर्न अभिप्रेरित गर्नुभयो।

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत गरिने भक्तपुर नगरपालिकाको कामलाई इमानदारीपूर्वक निर्वाह गर्नुपर्नेमा जोड दिनुहुँदै कुनै पनि काम सानो ठूलो हुँदैन र रोजगारलाई हेयको दृष्टिले हेर्न नहुने उहाँले बताउनुभयो।

नागरिकलाई सार्वजनिक सम्पत्ति संरक्षण र त्यसप्रतिको अपनत्व ग्रहण गराउनु नपाको उद्देश्य भएको बताउनुहुँदै प्रमुख प्रजापतिले रोजगारीले नागरिकको जीवन उकास्छ र रोजगारीको लागि हातमा कुनै न कुनै सीप हुन आवश्यक भएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले प्रधानमन्त्री रोजगार कार्यक्रमको आवश्यकता र भक्तपुर नगरपालिकाले गरिरहेको गतिविधिबारे जानकारी गराउनुभयो।

प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिताबारे बेलाबखतमा प्रश्नहरू उठ्ने गरेको प्रसङ्ग जोड्नुहुँदै उहाँले यस कार्यक्रमबाट बेरोजगार व्यक्तिहरू लाभान्वित भएका छन्, उपप्रमुख जोशीले भन्नुभयो।

महिला रोजगारीले देश र समाजमा सकारात्मक प्रभाव पार्ने बताउनुहुँदै उहाँले भक्तपुरको सरसफाइ र विकासमा भक्तपुर नपाका जनप्रतिनिधि, कर्मचारी र स्थानीय जनताको उल्लेखनीय भूमिका रहेको बताउनुभयो।

भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले देशमा बेरोजगारको सङ्ख्या दिन प्रतिदिन बढ्दै गइरहेको बताउनुहुँदै प्रधानमन्त्री रोजगार कार्यक्रममा छनोट भएकाहरूले इमानदारीपूर्वक आफ्नो काम गर्न प्रेरित गर्नुभयो।

भनपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले रोजगारी सिर्जना गरी आम जनताको जीवनस्तर माथि उकास्ने यसको प्रमुख उद्देश्य रहेको बताउनुहुँदै आफ्नो काम र कर्तव्यबारे सुसूचित हुनुपर्नेमा जोड दिनुभयो। वडाध्यक्ष ज्याख्वले समुदायमा आधारित सहकारी संस्थाहरूमा मात्र आफ्नो बचत रकम जम्मा गर्न मार्गनिर्देश गर्नुभयो।

उक्त कार्यक्रममा भनपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री**ले कार्यक्रमको उद्देश्य र आवश्यकताबारे प्रष्ट पार्नुभयो।

प्रधानमन्त्री रोजगार कार्यक्रमका संयोजक **लक्ष्मी प्रजापति**ले १०० दिनको प्रधानमन्त्री रोजगार कार्यक्रमको परिचय, उद्देश्य, लक्ष्य आदिबारे प्रस्तुतीकरणमार्फत अभिमुखीकरण गर्नुभयो।

भक्तपुर नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत ३५० जनाले फारम भरेको मध्ये ६५ जनाले १०० दिनको लागि रोजगार पाएका छन्।

## भोलाछेँ पाटी पुन: निर्माणको निम्ति शिलान्यास




भक्तपुर नपा वडा नं. ६ स्थित भोलाछेँ पाटी पुन: निर्माण शिलान्यास कार्यक्रम असोज १० गते भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृतिलाई जगेर्ना र संरक्षण गर्न स्थानीय नगरवासीहरूको सल्लाह-सुझाव, साथ-समर्थन तथा सहयोगमा स्थानीय उपभोक्ता समितिमार्फत स्थानीय स्रोत, साधन, सीप, श्रमको सदुपयोग गरी नगरका मठ-मन्दिर, पाटी-पौवा, पोखरी, सडक तदारुकताका साथ निर्माण कार्य अघि बढिरहेको बताउनुभयो।

उहाँले 'सय वर्षपछिको भक्तपुर' र 'एक घर एक स्नातक' नारालाई सार्थक बनाउन शिशु स्याहार केन्द्रदेखि इन्जिनियरिङ, नर्सिङ, कानुन सङ्कायको अध्यापन भइरहेको बताउनुहुँदै ख्वप विश्वविद्यालय स्वीकृतिको लागि हाल सर्वेक्षण, निरीक्षण र अवलोकन कार्य अघि बढिरहेको छ भन्नुभयो। नाचगानको सहर भक्तपुरलाई सार्थक तुल्याउन विभिन्न चाडपर्व, जात्रा, सांस्कृतिक प्रदर्शनीलाई हौसला प्रदान गर्दै सांस्कृतिक गुरुहरूलाई नपाले सम्मानित गरिरहेको उहाँले बताउनुभयो।

भनपा ६ नं. वडाका वडाध्यक्ष **हरिराम सुवाल**ले वडाको पाटीपौवा, मठमन्दिर, द्य:छेँ, पुनर्निर्माण र विकास

कार्यमा स्थानीय वडावासीहरूको अतुलनीय योगदान रहेको चर्चा गर्नुहुँदै आगामी दिनहरूमा पनि वडावासीहरूको सल्लाह सुझावमा विकास निर्माण कार्य अगाडि बढाउने विचार व्यक्त गर्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका जिल्ला अध्यक्ष **गोविन्द दुवाल**ले पर्यटक शुल्कबाट नगरमा शिक्षा, स्वास्थ्य, मठमन्दिर र पाटीपौवा जीर्णोद्धार तथा संरक्षण गर्न थप टेवा मिलेको चर्चा गर्नुहुँदै नेमकिपाले गरेको किसान आन्दोलनले किसानहरूको राजनैतिक एवम् सांस्कृतिक स्तर उठेको छ भन्नुभयो ।

कार्यपालिका सदस्य **रोशनमैँया सुवाल**ले भक्तपुर नपाले विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिरहेको चर्चा गर्नुहुँदै आर्थिक अवस्था कमजोर भएकाहरूलाई पाठेघर क्यान्सरलगायतका स्वास्थ्य शिविरहरू सञ्चालनले नगरवासीहरू लाभान्वित भएको छ भन्नुभयो ।

कार्यक्रमका सभापति एवम् भोलाछेँ पाटी पुनर्निर्माण कार्य उपभोक्ता समितिका अध्यक्ष **कृष्णभक्त चाँगुभारी**ले वडा बजेटबाट व्यहोर्ने पाटी पुनर्निर्माण कार्य वडावासीहरूको साथ, सहयोगबाट उक्त पाटीको पुनर्निर्माण सम्पन्न गर्ने बताउनुभयो ।

उक्त कार्यक्रममा **गोपीकृष्ण चाँगुभारी, सानुमाया बजिको** र **विकुनारायण चोकामी**ले पनि बोल्नुभएको थियो ।

## सरकारले नेपाली युवालाई देशमै रोजगारी दिनु आवश्यक




भक्तपुर नगरपालिका ६ नं. वडा कार्यालयको आयोजनामा आर्थिकरूपमा विपन्न तथा असहायहरूलाई इन्डक्सन चुल्हो वितरण कार्यक्रम असोज १२ गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधिसभा सदस्य **प्रेम सुवाल**ले भन्नुभयो, 'नेपाल जलविद्युत् उत्पादनमा धेरै सम्भावना भएको देश भए पनि सम्पूर्ण जनतालाई इन्डक्सन चुल्होमा खाना पकाउने व्यवस्था अगाडि नै हुनुपर्ने थियो । तर, सरकारहरूले यो काम अझै पूरा गरेको छैन । अहिले आर्थिकरूपले विपन्न र असहायहरूलाई इन्डक्सन चुल्हो वितरणको सरकारी कार्यक्रम ल्याइएको छ । यो पर्याप्त छैन ।'

'सरकारले सबै नेपालीका छोराछोरीहरूलाई विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क दिनुपर्छ । पैसा हुनेले मात्र राम्रो शिक्षा पाउने अहिलेको व्यवस्था गलत हो । काठमाडौँको एक विद्यालयमा मासिक ५ लाख रुपैयाँ तिरेर छोराछोरी पढाउने भएको पनि सार्वजनिक भयो, यतातिर सरकार मौन छ', उहाँले अगाडि भन्नुभयो ।

सांसद सुवालले भन्नुभयो, 'राम्रो शिक्षा पाएका नयाँ पुस्ताले आमा-बुबा र ज्येष्ठ नागरिकको सेवा गर्नेछन् । आफ्नो खुट्टामा उभिन खोज्ने छन् । मादक पदार्थ र धूमपान सेवन गरी समाजमा अराजक काम गर्ने छैनन् ।'

सरकारले नेपाली युवालाई देशभित्र रोजगारी दिनु जरूरी भएको र सबैले देशभित्र रोजगारी पाएमात्र नेपाल विकास हुने धारणा राख्नुहुँदै उहाँले नेमकिपाले सडक र संसद्मा यही आवाज राख्दै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'सरकारहरूले देशको सन्तुलित विकास गरेनन् । काठमाडौँ उपत्यकामा बसाइँसराइ बढाइएको हुँदा बस्ती डुबानमा परेको र चामल, तरकारी, फलफूलसमेत भारतबाट महँगोमा किन्नुपरेको हो ।'

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्लाका अध्यक्ष **गोविन्द दुवाल**ले देश र जनताप्रति समर्पित नेपाल मजदुर किसान पार्टीले एमसीसीको सशक्त विरोध गर्दै आएको बताउनुहुँदै किसान आन्दोलनले राजनैतिक तथा सांस्कृतिक स्तर उठाएको छ भन्नुभयो ।.

कार्यपालिका सदस्य **रोशनमैया सुवाल**ले ग्यास चुल्होभन्दा इलेक्ट्रिक इन्डक्सन चुल्हो प्रयोग राम्रो हुने उल्लेख गर्नुहुँदै नेपाल मजदुर किसान पार्टीको एक्लो प्रतिनिधि भए पनि संसद्मा जनताका हकहितमा आवाज बुलन्द गर्दै प्रतिपक्षको भूमिका निभाइरहेको छ भन्नुभयो ।

शिक्षक **जगनाथ सुजखु**ले विगतमा वितरित इन्डक्सन चुल्होको सदुपयोग भए नभएको निरीक्षण गरी प्रयोग विधि सिकाउन सके इन्डक्सन चुल्हो वितरण सार्थक हुने विचार व्यक्त गर्नुभयो ।

इन्डक्सन चुल्हो वितरण कार्यक्रमका सभापति एवम् भनपा वडा नं. ६ का वडाध्यक्ष **हरिराम सुवाल**ले वडाका आर्थिक अवस्था कमजोर भएका ज्येष्ठ नागरिक, एकल महिला, अशक्त तथा असहायहरूलाई इन्डक्सन चुल्हो वितरणले थोरै मात्रामा भए पनि राहत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

**अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस**

# ज्येष्ठ नागरिकका ज्ञान, सीप र अनुभव नयाँ पुस्ताका लागि मार्गदर्शन




अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसर पारेर भक्तपुर नगरपालिकाले असोज १५ गते एक कार्यक्रमको आयोजना गरी भक्तपुर नगरालिकाका १० ओटै वडाका १०–१० जना ज्येष्ठ नागरिकहरूलाई सम्मान गरेको छ।

उक्त कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले ज्येष्ठ नागरिकहरूलाई फूलमाला र दोसल्ला ओढाई सम्मान गर्नुभयो।

कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले ज्येष्ठ नागरिकहरूको सुस्वास्थ र दीर्घायुको कामना गर्नुहुँदै ज्येष्ठ नागरिकलाई पनि सङ्गठित बनाई सामाजिक गतिविधिमा क्रियाशील बनाउन सके समाजको लागि फलदायी हुने बताउनुभयो।

परिवार र समाजबाट वृद्धवृद्धाहरू अपहेलित र टाढिने क्रम बढिरहेकोमा चिन्ता प्रकट गर्नुहुँदै उहाँले ज्येष्ठ नागरिकले आफ्नो जीवनकालमा सँगालेका ज्ञान, सीप र अनुभव नयाँ पुस्ताका लागि मार्गदर्शनको रूपमा काम गर्ने बताउनुभयो।

अध्यक्ष बिजुक्छेँले स्वास्थ खानपान, जीवनशैली, समयमै स्वास्थ्य उपचार, सरसफाइ आदिले पनि ज्येष्ठ नागरिकहरूको आयुलाई लम्ब्याउन सकिने धारणा राख्नुभयो।



उहाँले भक्तपुर नपाले ज्येष्ठ नागरिकको लागि आदर निकेतन सेवा छिट्टै सञ्चालनमा ल्याउने विश्वास व्यक्त गर्नुहुँदै स्थानीय तहका जनप्रतिनिधिहरूले नगरभित्र बसोबास गर्ने ज्येष्ठ नागरिकहरूको तथ्याङ्क सङ्कलन गरी आवश्यक सेवा सुविधा प्रदान गरी सहयोगी भूमिका खेल्नुपर्छ भन्नुभयो।

कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले ज्येष्ठ नागरिक समाजका आदर्श पात्र हुन् र उहाँहरूको सम्मान गर्नु सबैको कर्तव्य र जिम्मेवारी भएको बताउनुभयो।

उमेर बढेसँगै ज्येष्ठ नागरिकहरूको स्वास्थ्यमा समस्या आउने, ढाड दुख्ने, खुट्टा दुख्ने जस्ता शारीरिक समस्याहरू बढ्दै जाने बताउनुहुँदै उहाँले भक्तपुर नपाले नगरवासीहरूको स्वास्थ्यलाई ध्यानमा राखी विभिन्न स्थानमा शारीरिक व्यायामस्थलको व्यवस्था गर्दै आएको बताउनुभयो।

नेमकिपाको आह्वानमा भएको मोहियानी हक सुरक्षाको आन्दोलन, भर्पाई आन्दोलन, बाली काट्ने आन्दोलनमा भाग लिने अग्रजहरूमा सम्मान प्रकट गर्नुहुँदै उहाँले किसानहरूले मोहियानी हक र गुठी जग्गा रैतानीको हक अग्रज कार्यकर्ताहरूले गरेको सङ्घर्षको प्रतिफल भएको बताउनुभयो।



उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नपाले भनपा वडा नं. ६ खँचामा ज्येष्ठ नागरिकको लागि आदर निकेतन सञ्चालन गर्न आवश्यक तयारीहरू गरिरहेको बताउनुहुँदै भक्तपुरको कला संस्कृति, चाडबाड नयाँ पुस्तामा पुस्तान्तरण गर्न ज्येष्ठ नागरिकहरूको महत्त्वपूर्ण भूमिका रहने बताउनुभयो।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **बसन्त भट्टराई**ले युवाहरू विदेशिने क्रम बढेसँगै समाजमा ज्येष्ठ नागरिकहरू एक्लिँदै गएको बताउनुहुँदै ज्येष्ठ नागरिकहरूको हक अधिकार सुनिश्चितताको लागि यस दिवसले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपाका कार्यपालिका सदस्य **रोशनमैंया सुवाल**ले भक्तपुरमा नपामा सामाजिक सुरक्षा

प्राप्त गर्ने ज्येष्ठ नागरिकहरूको सङ्ख्या ४ हजार ९२४ जना रहेको बताउनुहुँदै ज्येष्ठ नागरिकहरूले इज्जतपूर्वक बाँच्ने अधिकारको सुनिश्चित हुनु आवश्यक भएको बताउनुभयो।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**ले बढ्दो उमेरसँगै लाग्ने रोग र त्यसको जोखिमबारे सजग बनाउनुहुँदै ज्येष्ठ नागरिकहरूको मानसिक स्वास्थ्य राम्रो बनाउनतर्फ परिवारले ध्यान दिनुपर्छ भननुभयो।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक मनाउनुको उद्देश्यबारे प्रष्ट पार्नुभयो।



सम्मानित ज्येष्ठ नागरिकहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट पानी तताउने इलेक्ट्रिक जग, फलफूल र बिस्कुट उपहारस्वरूप प्रदान गरिएको थियो।

## भेलुखेलस्थित तरकारी बजारमा सरसफाइ




भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नपा वडा नं. ५ भेलुखेलस्थित तरकारी बजारमा असोज १५ गते सरसफाइ कार्यक्रम गरिएको छ।

भक्तपुर नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी र त्यहाँ अवस्थित विद्यालयका शिक्षक विद्यार्थीका प्रतिनिधिहरूको उपस्थितिमा भएको उक्त सरसफाइमा तरकारी बजारसँगै रहेको चउरमा सरसफाइ गरिएको हो।

सरसफाइ कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेपालीहरूको महान् चाड दशैं नजिकिएसँगै नगरका पीठहरूमा सरसफाइको कार्यक्रमहरू सुरु भएको बताउनुहुँदै सरसफाइ मानव सभ्यताको परिचय पनि भएको बताउनुभयो।

नगर सफा र स्वच्छ भए मात्र त्यहाँ बसोबास गर्ने नागरिकहरूको पहिचान कायम हुने बताउनुहुँदै प्रमुख प्रजापतिले नागरिकहरूलाई सरसफाइप्रति जागरुक बनाउने उद्देश्यले भक्तपुर नपाले पाक्षिक सरसफाइ कार्यक्रमलाई निरन्तरता दिँदै आएको बताउनुभयो।

उपप्रमुख **रजनी जोशी**ले सरसफाइ अभियानमा संलग्न सबैमा धन्यवादज्ञापन गर्नुहुँदै नयाँ पुस्तालाई नगरको सरसफाइ र विकासमा सहभागी गर्ने लक्ष्यका साथ नपाले विविध गतिविधि सञ्चालन गर्दै आइरहेको बताउनुभयो। नगरवासीको साथ र सहयोगले भक्तपुरले आजको गौरवपूर्ण इतिहास हासिल गरेको बताउनुहुँदै उहाँले भनपाका हरेक काममा यहाँका जनताको साथ र सहयोग रहँदै जाने अपेक्षा राख्नुभयो।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छैँ**ले भक्तपुर नपाको आयोजनामा असोज १६ गतेबाट कृषि मेला आयोजना हुने अवगत गराउनुहुँदै उक्त मेलामा सहभागिताको लागि अनुरोध गर्नुभयो।

कार्यक्रममा भनपा वडा नं. २ का वडा सदस्य **मन्जुमैँया लाखा**ले पनि बोल्नुभएको थियो।





# आधारभूत खेल प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न



भक्तपुर नगरपालिकाको आयोजनामा आधारभूत खेल प्रशिक्षक प्रशिक्षण तालिमको प्रमाणपत्र वितरण असोज १५ गते सम्पन्न भयो। कार्यक्रममा वाग्मती प्रदेश सांसद **सुरेन्द्रराज गोसाईले** प्रशिक्षित शिक्षकहरूले अनुशासनसँगै नियम र खेलका तौरतरिका विद्यार्थीलाई सिकाउँदा विद्यार्थी निराश र उच्छृङ्खलबाट मुक्त हुने विश्वास व्यक्त गर्नुभयो।

खेलको माध्यमबाट व्यक्तिको जीवनशैली र जीवनपद्धतिमा जोखिमको समयमा स्वयंसेवकको भावनासहित राज्यको उपस्थितिबिना सर्वसाधारण जनताको हितमा लाग्न सकिने बताउनुहुँदै उहाँले विद्यालयको सिकाइ अभिभावक र समाजप्रति लाभान्वित तुल्याउन खेलकुद गतिविधिबाट विद्यालय तथा शिक्षकलाई सक्रिय बनाउन जोड दिनुभयो।

कार्यक्रमका सभापति, भनपा १ का वडाध्यक्ष तथा युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्रीले** विद्यालयको खेलको स्तर बढाउन ३ वर्षदेखि विद्यालय खेल प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरेको बताउनुहुँदै कर्मभूमि भक्तपुर नगरपालिकाका गतिविधि र आफ्नो जन्मभूमिको स्थानीय पालिकाले गरेको गतिविधिबारे छलफल गर्न सुझाव दिनुभयो।

समापन कार्यक्रममा भनपा ४ का वडाध्यक्ष एवं युवा तथा खेलकुद समितिका सदस्य **उपेन्द्र सुवाललगायत** समितिका सदस्यद्वय रञ्जना त्वाती र रामसुन्दर बासीले पनि बोल्नुभयो।

तालिमको पाँचौं तथा अन्तिम दिन जिल्ला प्रहरी कार्यालयका प्रहरी सहायक निरीक्षक **अक्कलबहादुर फुयाल** तथा भक्तपुर नगरपालिकाका नगर प्रहरी प्रमुख **नारायणबहादुर चुवानको** टीमले कवाज र पिटीको सामेल, अन्तर, फासला, दायाँ मोड र बायाँ मोडलगायत मार्चपासको प्रयोगात्मक प्रशिक्षण दिनुभएको थियो।

एन्फा रेफ्री क्याटागोरी ४ का प्रशिक्षक **जोन महर्जन** तथा स्थानीय फूटबल प्रशिक्षक **इन्द्र राजलवटको** टीमले फूटबलको किपिङ, पासिङ, हेडिङलगायत फूटबल ग्राउन्डमा टचलाइन, गोललाइनसँगै खेलमैदान तयारी र अन्तर्राष्ट्रिय नियमबारे प्रशिक्षण दिनुभयो।

भक्तपुर जिम्नास्टिकका **शिवकृष्ण चवालले** जिम्नास्टिकको जीएफएको पुनः अभ्यास गराउनुभयो।

तालिमको पहिलो दिन भक्तपुर जिम्नास्टिकका सङ्घका **शिवकृष्ण चवालले** सैन्य तालिममा शरीरको तन्दुरुस्त, लचिलोपन अनुशासनको लागि जिम्नास्टिक सबैको पहुँचमा ल्याउनुपर्ने बताउनुभयो भने एथलेटिक्सका अन्तर्राष्ट्रिय चिफ कोच **चन्द्र गुरुङले** एथलेटिक्सको टोसो फिनिसिङ, स्टेन्टिङ स्टार्ट, ट्र्याक तथा फिल्ड तथा रिलेको आधारभूत ज्ञानबाट विद्यार्थीलाई गलत बाटोमा लाग्न नदिन विभिन्न खेलकुदमा लाग्न उत्प्रेरित गर्न प्रशिक्षण दिनुभयो।

तालिमको दोस्रो दिन खेल क्षेत्रका पोषणविद् **सम्झना बासुकलाले** शरीरको बनावट, लिङ्ग, उमेर तथा शारीरिक खेलअनुसार अनुशासितरूपमा अर्गानिक खानाको प्रयोग गर्दा स्वस्थ शरीर निर्माणको लागि सबै मानिसले पानीसँगै खाद्य पदार्थको पिरामिडलाई दैनिकरूपमा प्रयोग गर्नुपर्ने प्रस्तुति दिनुभयो भने कब्बडीका अन्तर्राष्ट्रिय रेफ्री तथा वाग्मती प्रदेश कब्बडी सङ्घका अध्यक्ष **पशुपति प्रजापतिले** खेलाडी विद्यार्थीको खेललाई उत्कृष्ट बनाउन प्रशिक्षक शिक्षकहरूले अभिभावक र विद्यालयबिचमा पुलको समन्वयसहित कब्बडीको राम्रो रेडर र डिफेन्डर बन्न फूटवर्क, स्टेपटिङ, टोटस, किक तथा जम्पको प्रयोगात्मक अभ्यासलगायत मिडलाइन, बकलाइन, बोनस लाइन तथा सुपर ट्र्याकरको बारेमा प्रशिक्षण दिनुभएको थियो।

तालिमको तेस्रो दिन भक्तपुर जिल्ला खोखो सङ्घका राष्ट्रिय खेलाडी तथा प्रशिक्षक **राज कुस्माले** खोखोको इतिहास, सुरुवातलगायत एक्टिभ रेडर तथा एक्टिभ चेजर, फेक खो, फल, कार्ड दिने अवस्था र खुट्टाको प्रयोग गर्न नपाइने नियमको बारेमा प्रशिक्षण दिनुभयो।

तालिमको चौथो दिन भलिबलका अन्तर्राष्ट्रिय रेफ्री तथा काभा रेफ्रि सङ्घका प्रतिनिधि **गौतम लासिवाले** भलिबल कोर्ट निर्माणमा राष्ट्रिय अन्तर्राष्ट्रिय सर्भिस क्षेत्र, खुला क्षेत्र तथा खेल क्षेत्रको विभाजनलगायत खेल सामग्री, सावधानी तथा खेलको नियमबारे प्रशिक्षण दिनुभयो भने भलिबलको लेभल २ का प्रशिक्षक **विजयकृष्ण बाडेले** भलिबल खेलको शिक्षणमा प्रयोग हुने पाठयोजना निर्माण गर्दा विशिष्ट र सहायक उद्देश्य तथा मुख्य क्रियाकलापमा डिगिडलाई विभिन्न चरणमा प्रयोगात्मकरूपमा अभ्यास प्रशिक्षण गराउनुभयो।

तालिमको समापन समारोहमा प्रशिक्षार्थीद्वय **सीताराम भ्वयद्यो** र **कल्पना बोगटी कार्कीले** जिल्ला भलिबल सङ्घका अध्यक्ष **विनोदचरण रायको** दैनिक उपस्थितिले सौहार्दपूर्ण खेल गतिविधि तथा प्रशिक्षणको राष्ट्रिय अन्तर्राष्ट्रिय अनुभवबाट प्रशिक्षण सहज भएको बताउनुभयो।

गत असोज १० गतेदेखि १५ गतेसम्म सञ्चालन भइरहेको विद्यालय खेल प्रशिक्षक प्रशिक्षण तालिमा महिला शिक्षक २२ र पुरुष शिक्षक २१ गरी ४३ जना शिक्षकशिक्षिकाको नियमित सहभागिता रह्यो।

तालिममा भक्तपुर नगरका १३ ओटा सामुदायिक मावि, १२ ओटा आधारभूत विद्यालय, १७ ओटा संस्थागत तथा १ सैनिक आवासीय महाविद्यालयसहित ४३ ओटा विद्यालयका शिक्षकहरूको उपस्थिति रहेको छ।

## eQmk'/ gkfsf]cgudg

### च्याम्हासिंह-देगइनामा

भक्तपुर नगरपालिका अनुगमन समितिका सदस्य ज्ञानबहादुर मानन्धरको नेतृत्वमा भदौ १९ गते च्याम्हासिंह–देगइनामा पसल अनुगमन गरियो ।

अनुगमनमा देगः ग्रोसरी मार्टमा पसल नवीकरण तीन दिनभित्र गर्न, म्याद नाघेका विभिन्न सामानहरू जफत गरी नष्ट गरियो । साथै प्याकेजिङ सामानहरू खाद्य अनुज्ञापत्र लिई लेबल राखी बिक्री वितरण गर्न र प्यान, भ्याट बिल, दर्ता प्रमाणपत्र कागजात नभएकोले आन्तरिक राजस्व कार्यालयले २० हजार रुपैयाँ जरिवाना गरेको थियो ।

मुकेश फलफूल एन्ड जुस पसल दर्ता नभएकोले दर्ता गराएर म्याद नाघेको सामान जफत गरी नष्ट गरियो ।

सफ्ट ग्रीन ट्रेडिङ प्रा.लि. नवीकरण गर्न, प्याकेजिङ सामानहरू खाद्य अनुज्ञापत्र लिई लेबल राखी बिक्री वितरण गर्न निर्देशन दिइयो ।

श्री बि मार्टमा प्याकेजिङ सामानहरू खाद्य अनुज्ञापत्र लिई लेबल राखी बिक्री वितरण गर्न र लेबल नभएको विभिन्न सामान जफत गरी नष्ट गरियो ।

विश्व आलु प्याज भण्डारमा प्याकेजिङ सामानहरू खाद्य अनुज्ञापत्र लिई लेबल राखी बिक्री वितरण गर्नुपर्नेमा लेवल नभएकोले तीन दिनभित्र कागजातसहित कार्यालयमा उपस्थित हुन निर्देशन दिइयो ।

स्टार मिनि मार्टमा म्याद नाघेका विभिन्न सामानहरू जफत गरी नष्ट गरियो ।

### गपलीमा

भक्तपुर नगरपालिका अनुगमन समितिका सदस्य रोशन मैया सुवालको नेतृत्वमा भदौ २० गते गपलीमा पसल अनुगमन



गरियो । अनुगमनमा साख मार्टलाई नवीकरण गर्न निर्देशन दिनुका साथै म्याद नाघेको सामान नष्ट गरियो ।

त्यस्तै मिनिसप नेपाल प्रा.लि. पसल नवीकरण गर्न, म्याद नाघेको सामान जफत गरी नष्ट गरियो ।

एस.आ.स्टोरमा प्याकेजिङ सामानहरू खाद्य अनुज्ञापत्र लिई लेबल राखीमात्र बिक्री वितरण गर्न निर्देशन दियो ।

शुभारम्भ किनमेल घरमा विभिन्न सामान जफत गरी नष्ट गर्नुका साथै ढक तराजु नवीकरण गर्न निर्देशन दियो ।

### देगइनाका मासु पसल

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा भक्तपुर नगरपालिका वडा नं २ कासन र व्यासीमा रहेको ४ ओटा मासु पसलहरु असोज १३ गते अनुगमन गरियो । अनुगमनमा अधिकांश मासु पसलहरु प्यान र भ्याटमा दर्ता नभएकोले दर्ता गर्न अनुरोध गरियो ।

अनुगमनमा कालिका कोल्ड स्टोरलाई दर्ता नवीकरण गर्न, फ्रिज र पसल सफा गर्न, मूल्य सूची राख्न, भुइँ भित्ता सजिलै सफा गर्न मिल्ने गरी कार्पेट, मार्वल वा टायल राख्न, प्रयोग गरेको पानी सजिलै बाहिर जाने निकास व्यवस्था गर्न, मासु काट्ने औजार र भाँडावर्तन सफा राख्न, सफा सेतो एप्रोन प्रयोग गर्न, तराजु नापतौल विभागमा नवीकरण गर्न निर्देशन दिई तराजु दुई ओटै नवीकरणको म्याद सकेकोले तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

रामेछाप कोल्ड स्टोरलाई मूल्य सूची राख्न र प्यानमा दर्ता गर्न निर्देशन दियो ।

त्यस्तै महाकाली मिट सपलाई पसल दर्ता गर्न, मासु धूलो र झिँगा नभन्किने गरी जालीले छोप्ने वा सिसाको बाकसभित्र राख्ने व्यवस्थान गर्न, फ्रिज सफा गर्न, मूल्य सूची राख्न, सरसफाइमा ध्यान दिन, मासु काट्ने औजार र भाँडावर्तन सफा राख्न, सफा सेतो एप्रोन प्रयोग गर्न, तराजु नापतौल विभागमा नवीकरण गर्न निर्देशन दियो ।

त्यस्तै भक्तपुर फ्रेस हाउस एण्ड सप्लायर्सलाई आव २०७६/२०७७ देखिनै दर्ता नवीकरण नभएकोले तराजु एक थान जफत गरी तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिई फ्रिज सफा गर्न, मूल्य सूची राख्न, सरसफाइमा ध्यान दिन, भुइँ भित्ता सजिलै सफा गर्न मिल्ने गरी कार्पेट, मार्वल वा टायल राखी प्रयोग गरेको पानी सजिलै बाहिर जाने निकास व्यवस्था गर्न, मासु काट्ने औजार र भाँडावर्तन सफा राख्न, सफा सेतो एप्रोन प्रयोग गर्न, तराजु नापतौल विभागमा नवीकरण गर्न निर्देशन दियो ।

## सल्लाघारीमा मासु पसल

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीमा रहेको ५ ओटा मासु र १ ओटा फलफुल पसलको असोज १३ गते अनुगमन गरियो ।




अनुगमनमा महमद समिर मिट सपलाई दर्ता नवीकरण गर्न, फ्रिज र पसल सफा गर्न, मूल्य सूची राख्न, सरसफाइमा ध्यान दिन, भुइँ भित्ता सजिलै सफा गर्न मिल्ने गरी कार्पेट, मार्वल वा टायल राखी प्रयोग गरेको पानी सजिलै बाहिर जाने निकास व्यवस्था गर्न, मासु काट्ने औजार र भाँडावर्तन सफा राख्न, सफा सेतो एप्रोन प्रयोग गर्न, तराजु नापतौल विभागमा नवीकरण गर्न निर्देशन दिई बिग्रेर गन्हाएको १९ किलो मासु जफत गरी नष्ट गर्नुका साथै तराजु १ थान जफत गरी तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

त्यस्तै च्वङा गणेश मिट सेन्टरलाई मासु धूलो र झिँगा नभन्किने गरी जालीले छोप्ने वा सिसाको बाकस भित्र राख्ने व्यवस्थान गर्न निर्देशन दियो ।

न्यू दि मनकामना मिट हाउसलाई लेबल नभएको प्याकेजिङ म:म: बिक्रीवितरण गरेकोले खाद्य अनुज्ञापत्र लिई लेबल राखी मात्र बिक्री वितरण गर्न र सफा सेतो एप्रोन प्रयोग गर्न, तराजु नापतौल विभागमा नवीकरण गर्न निर्देशन दियो ।

जय बराही मासु पसललाई सरसफाइमा ध्यान दिन र पसल व्यवस्थित गर्न निर्देशन दियो ।

त्यस्तै एन्ताज कोल्ड स्टोरलाई फ्रिज सफा गर्न, मूल्य सूची राख्न, सरसफाइमा ध्यान दिन, भुइँ भित्ता सजिलै सफा गर्न मिल्ने गरी कार्पेट, मार्वल वा टायल राखी प्रयोग गरेको पानी सजिलै बाहिर जाने निकास व्यवस्था गर्न, मासु काट्ने औजार र भाँडावर्तन सफा राख्न, सफा सेतो एप्रोन प्रयोग गर्न, तराजु नापतौल विभागमा नवीकरण गर्न निर्देशन दिई तराजु एक थान जफत गरी तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

शवनम ताज फ्रुट सेन्टरलाई म्याद नाघेको रियल जुस, डाइजेस्टिभ बिस्कुट जफत गरी नष्ट गरियो भने तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

उक्त अनुगमन टोलीमा भक्तपुर नगरपालिका अनुगमन समितिका सदस्य श्यामकृष्ण खत्री, रोशन मैया सुवाल र ज्ञानबहादुर मानन्धर, स्यानिटेसन उपशाखा प्रमुख दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, कर उपशाखाका प्रभाषकुमार चालिसे, जिल्ला प्रशासन कार्यालय भक्तपुरका हरिहर काफ्ले र यादवप्रसाद मिश्र, आन्तरिक राजश्व कार्यालय भक्तपुरका देवानन्द तिमिल्सिना, महानगरिक प्रहरी परिसर भक्तपुरका सहायक प्रहरी निरीक्षक जनक थापाघरेलु तथा साना उद्योगका सुमित्रा श्रेष्ठ, उद्योग तथा वाणिज्य कार्यालय भक्तपुरका लक्ष्मीप्रसाद कासुला, आन्तरिक राजश्व कार्यालय भक्तपुरका विनोदप्रसाद आचार्य, भक्तपुर उद्योग बाणिज्य सङ्घका राजेश त्वानाबासु, पशु सेवा कार्यालयका पार्वती योञ्जन सहभागी रहेको थियो ।

## हार्दिक श्रद्धाञ्जली



**स्व. विजयालक्ष्मी शाक्य**

**जन्म : २०२१ चैत्र ०४ | निधन : २०८१ असोज १२**

विक्रम संवत् २०७४ सालको स्थानीय तहको निर्वाचनमा भक्तपुर नगरपालिका वडा नं. १० बाट निर्वाचित वडा महिला सदस्य **विजयालक्ष्मी शाक्य**को दु:खद निधन भएको हुँदा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

भक्तपुर नपाको आयोजनामा

# भक्तपुर महोत्सव

(मङ्सिर २८ देखि पुस २)

भक्तपुरको कला संस्कृति, जीवनशैली, स्थानीय उत्पादनलगायतको प्रवर्द्धन गर्दै आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्ने उद्देश्यका साथ भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८१ मंसिर २८ गतेदेखि पुस २ गतेसम्म पाँच दिने भक्तपुर महोत्सव हुने भएको छ।

भक्तपुर महोत्सवको तयारी र व्यवस्थापनको लागि नगर प्रमुख सुनिल प्रजापतिको संयोजकत्वमा १६१ सदस्यीय महोत्सव मूल समारोह समिति गठन गरिएको छ। समितिमा जनप्रतिनिधि, कार्यालय प्रमुखहरू, बुद्धिजीवीहरू, सङ्घ संस्था प्रमुखहरू र अन्य प्रतिष्ठित व्यक्ति रहने व्यवस्था छ।

विभिन्न समितिअन्तर्गत नगर प्रमुख सुनिल प्रजापतिको संयोजकत्वमा प्रकाशन समिति, उपप्रमुख रजनी जोशीको संयोजकत्वमा अतिथि सत्कार व्यवस्थापन समिति, वडाध्यक्ष श्यामकृष्ण खत्रीको अध्यक्षतामा स्वयम्सेवक तथा खेलकुद व्यवस्थापन समिति, वडाध्यक्ष हरिप्रसाद बासुकलाको अध्यक्षतामा खाना महोत्सव व्यवस्थापन तथा सहकारी संस्थाहरूसँग समन्वय समिति, वडाध्यक्ष राजकृष्ण गोराको संयोजकत्वमा हस्तकला तथा जीवनशैली प्रदर्शनी व्यवस्थापन समिति, वडाध्यक्ष उपेन्द्र सुवालको संयोजकत्वमा निर्माण तथा मर्मत समिति, वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँको संयोजकत्वमा पुस्तक तथा शैक्षिक प्रदर्शनी व्यवस्थापन समिति, वडाध्यक्ष हरिराम सुवालको संयोजकत्वमा खानेपानी तथा प्राथमिक स्वास्थ्य उपचार व्यवस्थापन समिति, वडाध्यक्ष उकेश कवांको संयोजकत्वमा व्यापार मेला व्यवस्थापन समिति, वडाध्यक्ष कृष्णप्रसाद कोजुको संयोजकत्वमा पार्किङ व्यवस्थापन समिति, वडाध्यक्ष रविन्द्र ज्याख्वको संयोजकत्वमा सांस्कृतिक प्रदर्शनी व्यवस्थापन समिति, वडाध्यक्ष लक्ष्मीप्रसाद हयौँमिखाको संयोजकत्वमा नौका बिहार र दिपावली व्यवस्थापन समिति र कार्यपालिका सदस्य रोशनमैँया सुवालको संयोजकत्वमा बालमैत्री गतिविधि व्यवस्थापन समिति गठन गरेको छ।

भक्तपुर नगरपालिकाले उक्त महोत्सवबाट यहाँको कला संस्कृति, परम्परागत उत्पादन, सीप, शैली र मौलिक जीवनशैलीलगायतको प्रवर्द्धन हुने र यसबाट आन्तरिक साथसाथै बाह्य पर्यटन समेत फस्टाउने अपेक्षा गरिएको छ।

# शैक्षिक गतिविधि

## सल्लाघारीस्थित १०८ रोपनी जग्गा ख्वप विश्वविद्यालयको लागि माग



भक्तपुर नगरपालिकाले वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी जग्गा ख्वप विश्वविद्यालय स्थापनाको लागि प्रयोग गर्ने गरी उपलब्ध गराउन माग गरिएको छ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद प्रेम सुवाल, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसहितको प्रतिनिधि टोलीले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका मा. मन्त्री बलराम अधिकारीसँग भेटी भक्तपुर नगरपालिकाले सञ्चालन गरिने ख्वप विश्वविद्यालय सञ्चालनको लागि नेपाल ट्रष्टको नाममा रहेको सल्लाघारीस्थित १०८ रोपनी जग्गा उपलब्ध गराउन भदौ ३१ गते ध्यानाकर्षण गराउनुभयो।

मन्त्री **अधिकारी**ले देशैभरि नेपाल ट्रष्टको नाममा रहेको जग्गाको खोजी कार्य भइरहेको जानकारी दिनुहुँदै ट्रष्टको नाममा रहेको जग्गा संरक्षण र सदुपयोग गर्ने नीतिअनुसार अगाडि बढिरहेको बताउनुभयो।

उहाँले नेपाल ट्रष्टको स्वामित्व कायम हुने ढङ्गले सल्लाघारीको १०८ रोपनी जग्गा उपयोग गर्ने विषयमा आफू सकारात्मक रहेको बताउनुहुँदै ट्रष्टको नीतिअनुसार उक्त जग्गा नगरपालिकालाई दिन मिल्ने नमिल्ने अध्ययन गरिने समेत जानकारी गराउनुभयो।

ट्रष्टको स्वामित्वमा रहेको जग्गा व्यापारिक वा सेवामूलक लिजमा दिने विषयमा आवश्यक छलफल गरिने बताउनुहुँदै मन्त्री अधिकारीले संरक्षणको अभावमा सल्लाघारीको १०८ रोपनी जग्गा दुरुपयोगको सम्भावना भएको हुँदा उक्त क्षेत्र संरक्षण र संबर्द्धन गर्न दुवै पक्षले सहकार्य गरी अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

भेटमा सांसद **प्रेम सुवाल**ले सल्लाघारीस्थित १०८ रोपनी जग्गाको पृष्ठभूमिबारे प्रष्ट पार्नुहुँदै भक्तपुर नपाले मेडिकल कलेजसहितको ख्वप विश्वविद्यालय सञ्चालन गर्न पटक पटक सल्लाघारीको उक्त जग्गा माग गर्दै आएको बताउनुभयो।

उक्त क्षेत्रमा जग्गा अतिक्रमणका कारण क्षेत्रफल घटेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले १०८ रोपनी जग्गा संरक्षण र संबर्द्धनको लागि पर्खाल निर्माण गरी संरक्षण र व्यवस्थापन समेत गर्दै आइरहेको प्रष्ट पार्नुभयो।

सांसद सुवालले सार्वजनिक जग्गा मिच्नु पनि भ्रष्टाचार भएको बताउनुहुँदै देशविदेशका विद्यार्थीहरूलाई अध्ययनअनुसन्धानमा अग्रसर बनाउन ख्वप विश्वविद्यालयको अवधारणालाई अगाडि ल्याइएको बताउनुभयो।



सोही क्रममा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले मन्त्री अधिकारीसमक्ष ध्यानाकर्षण पत्र हस्तान्तरण गर्नुहुँदै भक्तपुर नगरपालिकाले नेपाल ट्रष्टको सहमतिमा नगरपालिकाको खर्चमा १०८ रोपनी जग्गाको चारैतर्फ पर्खाल लगाई आवश्यकताअनुसार ५ ओटा गेटको व्यवस्था गरी उक्त क्षेत्रको संरक्षण गर्दै आइरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूको स्थापनाको उद्देश्यबारे प्रष्ट पार्नुहुँदै उहाँले कलेज स्थापनादेखि हालसम्म ख्वप उच्च माविमा २३ हजार ७४५, ख्वप इन्जिनियरिङ कलेजमा ५ हजार ४५, ख्वप कलेजमा ८ हजार ७३३, ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा १ हजार ५५४, ख्वप कलेज अफ इन्जिनियरिङमा २ हजार ६०३ र ख्वप कलेज अफ लमा १ सय २० गरी जम्मा ४१ हजार ७९८ जना विद्यार्थीहरू भर्ना भई अध्ययन गरिसकेको तथ्याङ्क प्रस्तुत गर्नुभयो।

नेपाल ट्रष्टको नाममा रहेको सम्पत्ति *'विद्यालय,*

*महाविद्यालय जस्ता शैक्षिक तथा प्राज्ञिक संस्थाहरू खडा गरी सञ्चालन गर्न वा त्यस्तो संस्था सञ्चालनको लागि अनुदान प्रदान गर्न'* प्रयोग गर्न सकिने कानुनी व्यवस्था रहेको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले १०८ रोपनी जग्गा ख्वप विश्वविद्यालय सञ्चालन गर्न भक्तपुर नगरपालिकालाई उपलब्ध गराइदिन अनुरोध गर्नुभयो ।

२०८० फागुन ४ गते सङ्घीय संसद्, प्रतिनिधिसभाअन्तर्गत शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट 'ख्वप विश्वविद्यालय विधेयक २०८०' समितिबाट अगाडि बढाउन अनुरोधपत्र हस्तान्तरण भएको स्मरण गर्दै उहाँले जनतालाई सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले भक्तपुर नपाले विभिन्न विषयगत कलेजहरू सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।

उक्त भेटमा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराइ, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवाल, प्रशासकीय अधिकृत दामोदर सुवाललगायतको उपस्थिति रहेको थियो ।

सोही क्रममा नगर प्रमुख प्रजापतिसहितको टोलीले कानुन सचिव उदयराज सापकोटा र सहसचिव निर्मला अधिकारी भट्टराईसँग भेट गरी ख्वप विश्वविद्यालय विधेयक अगाडि बढाइ दिन आग्रह गर्नुभयो ।

ख्वप विश्वविद्यालय विधेयक शिक्षा मन्त्रालय, अर्थमन्त्रालय हुँदै अहिले कानुन मन्त्रालयमा विचाराधीन रहेको छ । कानुन सचिव सापकोटाले ख्वप विश्वविद्यालय विधेयकबारे आफूहरू सकारात्मक भएको बताउनुहुँदै चाँडै नै प्रक्रिया अगाडि बढाउने बताउनुभयो ।






ख्वप नगरपालिका
# भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
ब्यासी, भक्तपुर
BYASI, BHAKTAPUR
बागमती प्रदेश, नेपाल

पत्र संख्या : ४००
चलानी नं. : ६०४

मितिः- २०७९/५/३१
ने.सं. ११४४ यंलाथ्व, त्रियोदशी

श्रीमान् अध्यक्षज्यू,
नेपाल ट्रष्ट संचालक समिति,
काठमाडौं ।

***<u>विषयः सल्लाघारी स्थित १०८ रोपनी जग्गा ख्वप विश्वविद्यालयको लागि उपलब्ध गराई पाँऊ ।</u>***

उपरोक्त सम्बन्धमा भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारी स्थित नेपाल ट्रष्टको नाममा रहेको कि.नं. ५४० क्षे.फ १०८–२–१–० जग्गा संरक्षणको अभावमा हनुमन्ते खोलाबाट कटान र अतिक्रमणको कारण जग्गाको क्षेत्रफल समेत घटेको तथा उक्त जग्गाको संरक्षण, सम्वर्द्धन र सदुपयोग हुन नसक्दा यसको विभिन्न पक्षबाट दुरुपयोगको सम्भावना समेत बढेको विषयमा यस नगरपालिकाबाट मिति २०७५।९।१० गते आवश्यक पत्राचार गरी तहां ट्रष्टको सहमतीमा नगरपालिकाको खर्चमा जग्गाका चारैतर्फ पर्खाल लगाइ आवश्यकता अनुसार ५ वटा गेटको व्यवस्था गरी संरक्षणको कार्य सम्पन्न गरिएको व्यहोरा अध्यक्षज्यूलाई जानकारी गराउन चाहन्छु ।

देश र जनतामा समर्पित दक्ष जनशक्ति उत्पादन गर्ने, २१औं शताब्दीको चुनौती सामना गर्न सक्षम नागरिक तयार गर्ने र समाजलाई बुद्धिजिवीकरण गर्ने उद्देश्य लिई भक्तपुर नगरपालिकाले वि.सं. २०५६ सालमा ख्वप उच्च मा.वि., २०५८ सालमा ख्वप इञ्जिनियरिङ कलेज र ख्वप कलेज, २०६० सालमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ इञ्जिनियरिङ, र २०७९ सालमा ख्वप कलेज अफ लको स्थापना गरी सञ्चालन गर्दै आएको छ । कलेज स्थापनादेखि हालसम्म ख्वप उच्च मा.वि. मा २३ हजार ७४५, ख्वप इञ्जिनियरिङ कलेजमा ५ हजार ४५, ख्वप कलेजमा ८ हजार ७३३, ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा १ हजार ५५४, ख्वप कलेज अफ इञ्जिनियरिङमा २ हजार ६०१ र ख्वप कलेज अफ लमा १ सय २० गरी जम्मा ४१ हजार ७९८ जना विद्यार्थीहरु भर्ना भएका छन् । यी संस्थाहरूमा हाल देशका ७७ वटै जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू उच्च शिक्षा अध्ययन गरिरहेको व्यहोरा यहाँलाई जानकारी गराउन चाहन्छौं ।

नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ को उपदफा २ (क) मा नेपाल ट्रष्टको सम्पत्ति 'विद्यालय, महाविद्यालय जस्ता शैक्षिक तथा प्राज्ञिक संस्थाहरु खडा गरी सञ्चालन गर्न वा त्यस्तो संस्था सञ्चालनका लागि अनुदान प्रदान गर्न' प्रयोग गर्न सकिने कानूनी व्यवस्था रहेको छ । त्यसैगरी नेपाल ट्रष्ट नियमावली, २०६५ को नियम ३ को उपनियम २ (क) मा नेपाल ट्रष्टको सम्पत्ति प्रयोग गर्दा 'विद्यालय महाविद्यालय वा विश्वविद्यालय जस्ता शैक्षिक संस्था खडा गरी सञ्चालन गर्ने वा गराउने' गरी प्रयोग गर्न सकिने प्रावधान रहेको छ ।

यस सम्बन्धमा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ४ को(१) मा 'नेपाल सरकारको नाममा रहेको कुनै सरकारी जग्गा अर्को सरकारी निकायलाई आवश्यक भएमा उपयोगका लागि दिन सकिने' व्यवस्था रहेको छ ।

प्रमुखः ६६१००९६, उपप्रमुखः ६६२०६७०, प्रशासन शाखाः ६६१३९५७, प्रमुख प्रशासकीय अधिकृतः ६६१००७६, लेखा शाखाः ६६१२७२१, योजना शाखाः ६६१४८१३
ईमेल :- info@bhaktapurmun.gov.np, bhaktapurmuni@gmail.com, वेभसाइट :- www.bhaktapurmun.gov.np

ख्वप नगरपालिका

# भक्तपुर नगरपालिका

## BHAKTAPUR MUNICIPALITY

### नगर कार्यपालिकाको कार्यालय

### OFFICE OF THE MUNICIPAL EXECUTIVE

ब्यासी, भक्तपुर
BYASI, BHAKTAPUR
बागमती प्रदेश, नेपाल

पत्र संख्या : ४००
चलानी नं. : ६०४

मिति:- २०८१/५/३१

भक्तपुर नगरपालिकाले देशभरिका सर्वसाधारण जनताका छोराछोरीलाई कम शुल्कमा ख्वप कलेज, ख्वप वहुप्राविधिक अध्ययन संस्थान, ख्वप कलेज अफ ल, ख्वप ईन्जिनियरिङ्ग कलेजलगायतका ७ वटा शैक्षिक संस्थाहरुबाट शिक्षा प्रदान गर्दै आएको छ। यस नगरपालिकाबाट कम शुल्कमा चिकित्सा शिक्षा प्रदान गर्ने उद्देश्यकासाथ चिकित्सा शास्त्र अध्ययन संस्थान सहित ख्वप विश्वविद्यालय स्थापना गर्न आवश्यक प्रकृया अगाडि बढाउन मिति २०६४।२।१० गते र २०६८।९।२५ गते र त्यसपछि पटक पटक शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा निवेदन गरी सो सम्बन्धी विधेयक हाल छलफलको लागि कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा रहेको व्यहोरा अनुरोध गर्दछु।

साथै यस नगरपालिकाको प.सं. ६१५ च.नं. १०४९ मिति २०७६।८।६ गते र प.सं. ५४० च.नं. ९३२ को मिति २०७८।०७।२६ गतेको पत्र मार्फत नेपाल ट्रष्ट ऐन २०६४ को ट्रष्टको सम्पत्ति प्रयोग सम्बन्धी दफा ५ (२) को (क) र (ख) वमोजिम विश्वविद्यालय र शिक्षण अस्पताल सहित चिकित्साशास्त्र अध्ययन संस्थान संचालन गर्न दिर्घकालीन समयको लागि साविक कटुन्जे १ (ख) हाल भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारी स्थित नेपाल ट्रष्टको नाममा रहेको कि.नं. ५४० क्षे.फ १०८-२-१-० को उक्त जग्गा भक्तपुर नगरपालिकालाई उपलब्ध गराई दिनुहुन अनुरोध गरिएको पुन स्मरण गराउँदै उक्त जग्गा नेपाल ट्रष्ट ऐन २०६४ को दफा ५(२) (क) एवं सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्य नीति २०७९ को दफा ४ (१) वमोजिम विश्वविद्यालय स्थापनाको लागि प्रयोग गर्ने गरी उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु।

यस पत्रसाथ मिति २०७६।८।६ को प.सं. ६१५ च.नं. १०४९ को पत्रको प्रतिलिपि, मिति २०७८।०७।२६ गते प.सं. ५४० च.नं. ९३२ को पत्रको प्रतिलिपि, ख्वप मेडिकल कलेजको प्रस्तावित Architectural Drawing र सोही विषयमा भक्तपुर नगरपालिकाको मिति २०७६।८।५ गते बसेको कार्यपालिका बैठकको निर्णय संलग्न गरीएको समेत अनुरोध गर्दछु।

सुनिल प्रजापति
प्रमुख

**बोधार्थ**
सम्मानीय प्रधानमन्त्री एवं संरक्षक नेपाल ट्रष्ट, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, काठमाडौं
श्री कार्यकारी सचिव, नेपाल ट्रष्टको कार्यालय, काठमाडौं
श्री जिल्ला प्रशासन कार्यालय, भक्तपुर

प्रमुख: ६६१००९६, उपप्रमुख: ६६२०६७०, प्रशासन शाखा: ६६१३९५७, प्रमुख प्रशासकीय अधिकृत: ६६१००७६, लेखा शाखा: ६६१२७२१, योजना शाखा: ६६१४८१३
ईमेल :- info@bhaktapurmun.gov.np, bhaktapurmuni@gmail.com, वेभसाइट :- www.bhaktapurmun.gov.np

# भूमि व्यवस्था मन्त्री बलराम अधिकारीलाई भक्तपुरमा स्वागत



भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका मा. मन्त्री बलराम अधिकारीले भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी जग्गाको असोज १ गते स्थलगत निरीक्षण गर्नुभयो। सल्लाघारीमा उहाँलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्वागत गर्नुभयो।

भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालनको लागि उक्त जग्गा माग गरेपछि त्यसको वस्तुस्थिति बुझ्न मन्त्री अधिकारी भक्तपुर आउनुभएको हो।

सोही क्रममा मन्त्री **बलराम अधिकारी**ले नेपाल ट्रष्टको स्वामित्वमा रहेका जग्गाहरू संरक्षणका क्रममा देशभर रहेका जग्गाहरूको खोजी कार्य गर्दै त्यसको संरक्षण कार्य सुरु गरिएको बताउनुभयो।

उहाँले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणलगायतका क्षेत्रमा गरिरहेको कार्य प्रशंसनीय छ भन्नुभयो। विश्वविद्यालय सञ्चालनको लागि १०८ रोपनी जग्गा उपभोग गर्न दिने विषयमा आफू सकारात्मक रहेको पनि सो अवसरमा बताउनुभयो।



सल्लाघारीस्थित १०८ रोपनी जग्गामा

निरीक्षणकै क्रममा उहाँले जग्गाको संरक्षण, सदुपयोग र व्यवस्थापनको विषयमा नेपाल ट्रष्ट र भक्तपुर नपाबिच आपसी समन्वय, सहकार्य र छलफल गरी अगाडि बढ्न सकिने बताउनुहुँदै ट्रष्टको जग्गा अतिक्रमण हुनबाट रोक्न जरुरी रहेको बताउनुभयो।

जग्गा सदुपयोग गर्ने भन्नेबारे बृहत छलफल गरेर अगाडि बढ्न सकिने धारणा राख्नुहुँदै उहाँले ख्वप विश्वविद्यालय सञ्चालन स्वीकृतिको लागि सरकारले ढिलाइ गर्न नहुने धारणा राख्नुभयो।

भक्तपुर नगरपालिकामा भएको भेटपश्चात मन्त्री अधिकारीले भक्तपुर नपाबाट सञ्चालित ख्वप मावि, ख्वप कलेज, ख्वप कलेज अफ ल, ख्वप अस्पताल, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको पनि अवलोकन गर्नुभई त्यहाँको भौतिक अवस्थिति र शैक्षिक विशेषताहरुबारे जानकारी लिनुभयो।



ख्वप इन्जिनियरिङ कलेजमा

अवलोकनको क्रममा मन्त्री अधिकारीले भक्तपुर नपाले सञ्चालन गरेका नमुना कलेजहरू र अस्पताल अवलोकन गर्ने अवसर प्रदान गरेकोमा भक्तपुर नगरपालिकालाई धन्यवादज्ञापन गर्नुहुँदै विश्वविद्यालय सञ्चालन गर्ने भक्तपुर नपाको उद्देश्य प्रशंसनीय भएको बताउनुभयो।

विश्वविद्यालय सञ्चालनको लागि भक्तपुर नपाले आवश्यक भौतिक पूर्वाधारहरूको निर्माण र जनशक्ति व्यवस्थापन कार्य पनि उल्लेखनीय भएको बताउनुहुँदै उहाँले ख्वप विश्वविद्यालयले चाँडै सम्बन्धन प्राप्त गर्नेमा आफू विश्वस्त रहेको बताउनुभयो।

सोही क्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले जनताको सुख, दुःखसँग सबैभन्दा नजिकको सरकार स्थानीय तहलाई अधिकार सम्पन्न बनाइनुपर्ने बताउनुभयो।

विश्वविद्यालय सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधारहरू निर्माणमा भक्तपुर नपाले जोड दिँदै आएको

बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिका विश्वविद्यालय सञ्चालन गर्न सक्षम रहेको बताउनुभयो ।

भक्तपुर नपाले समाजवादी देशहरूबाट सिक्दै भक्तपुरमा समाजवादउन्मुख कार्यहरू गर्दै आइरहेको बताउनुहुँदै शैक्षिक क्षेत्रमा विशेष योगदान पुऱ्याउने उद्देश्यले विभिन्न विषयका कलेजहरू सञ्चालनमा जोड दिँदै आएको बताउनुभयो ।



ख्वप अस्पतालमा

प्रमुख प्रजापतिले मन्त्री अधिकारीलाई भक्तपुर नपाका महत्त्वपूर्ण प्रकाशन र मयूरको झ्याल उपहार स्वरूप प्रदान गर्नुहुँदै भक्तपुर नगरपालिकाले गरिरहेका कार्यहरूको निरीक्षण गर्नु भएकोमा मन्त्री अधिकारीलाई धन्यवाद पनि दिनुभयो ।

मन्त्री अधिकारीले भक्तपुर दरबार क्षेत्रस्थित सांस्कृतिक एवम् ऐतिहासिक महत्त्वका सम्पदाहरूको पनि अभिरुचिपूर्वक अवलोकन गर्नुभएको थियो ।



ख्वप कलेजमा

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, भनपा ९ का वडाध्यक्ष रविन्द्र ज्याख्व, भनपा ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजु, नेपाल ट्रष्ट सञ्चालक समितिका सदस्य योन्जेन शेर्पालगायतको उपस्थिति रहेको थियो ।

ख्वप कलेजमा प्राचार्य प्रकाशकुमार श्रेष्ठ, ख्वप कलेज अफ लमा प्राचार्य अनिता जधारी, ख्वप अस्पतालमा निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्ल र ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्यहरू ई.सुजन माक तथा ई. सुनिल दुवालले मन्त्री अधिकारीलाई स्वागत गर्नुभएको थियो ।

# त्रिभुवन विश्वविद्यालयसँग ख्वप कलेजमा नयाँ शैक्षिक कार्यक्रम माग



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजङ्ग बरालसँग असोज २ गते भेट गरी ख्वप कलेजमा नयाँ शैक्षिक कार्यक्रम र कोटा थपको लागि आग्रह गर्नुभयो ।

प्रमुख **प्रजापति**ले ख्वप कलेजले प्रक्रियाअनुसार वर्षौं पहिलेदेखि बीएससी सीएसआइटी कार्यक्रम थपको लागि माग गर्दै आए पनि अहिलेसम्म प्राप्त नभएको सम्बन्धमा उपकुलपतिको ध्यानाकर्षण गर्नुभयो ।

उहाँले भनपाले विभिन्न कलेजहरू सञ्चालन गरी सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको बताउनुहुँदै नयाँ कार्यक्रमको लागि त्रिविबाट पटकपटक अनुगमनसमेत भइसक्दा पनि स्वीकृति प्राप्त नहुँदा धेरै विद्यार्थीहरू नयाँ विषय अध्ययन गर्नबाट वञ्चित हुनुपरेको स्पष्ट पार्नुभयो ।

बीबीएममा निश्चित कोटा निर्धारण गरेकोमा विद्यार्थीहरूको चाहनाअनुसार भर्ना गर्न नपाएको हुँदा कोटा थपको लागि पनि उहाँले आग्रह गर्नुभयो ।

सो क्रममा उपकुलपति प्रा.डा. **बराल**ले भनपाले शिक्षाबारे गरिरहेको कार्यबारे आफू जानकार भएको हुँदा स्थानीय सरकारले गरेको काममा आफ्नोतर्फबाट सहयोग हुने विश्वास दिलाउनुभयो ।

उहाँले ख्वप कलेजले माग गरेका विषयहरूमा कार्य समितिमा बसेर प्रक्रिया अगाडि बढाउने र छिट्टै निर्णय गर्ने वचन दिनुभयो ।

सो क्रममा भाजुपोखरीको डील सम्बन्धमा भक्तपुर कलेजसँग विवादबारे पनि छलफल भयो ।

भाजुपोखरी र भक्तपुर क्याम्पस दुवै सरकारी नै भएको हुँदा सम्पदाको सुन्दरता र मौलिकतामा आँच नपुग्ने गरी डील खाली गर्नु आवश्यक रहेको प्रमुख प्रजापति भन्नुभयो ।

यस सम्बन्धमा नपा, कलेज र त्रिवि प्रतिनिधिहरू बसेर सहमति गर्ने भएको छ ।

छलफलमा विश्वविद्यालयको तर्फबाट रजिस्टार प्रा.डा. केदार रिजाल, रेक्टर प्रा.डा. खड्ग केसी र भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री र ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठको उपस्थिति थियो ।

**संविधान दिवसमा प्रवचन कार्यक्रम**

## संविधानको मर्मअनुसार सङ्घीयता कार्यान्वयन नहुनुमा शासक पार्टीहरू नै दोषी




संविधान दिवसको अवसरमा ख्वप मा.वि., ख्वप कलेज र ख्वप कलेज अफ लको संयुक्त आयोजनामा 'संविधान कार्यान्वयन र संशोधनको प्रश्न' विषयमा असोज ३ गते प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)** ले संविधानको मर्मअनुसार सङ्घीयता कार्यान्वयन नहुनुमा शासक पार्टीहरू नै दोषी रहेको बताउनुभयो ।

व्यक्तित्व विकासमा समान अवसर, योग्यताअनुसारको काम र कामअनुसारको ज्याला, रोजगारको सुनिश्चितता संविधानको मौलिक हकको रूपमा व्यवस्था गर्न सकेमात्र समाज परिवर्तन भएको देखिनेछ, अध्यक्ष बिजुक्छेँले भन्नुभयो ।

राजनीतिक कार्यकर्ताहरूले राम्ररी नबुझेसम्म र कार्यकर्ता इमानदार नभएसम्म राजनीतिक नेताहरू ठीक ठाउँमा नआउने उहाँले स्पष्ट पार्नुभयो ।




संविधानमा समाजवादउन्मुख लेखिएजस्तै समाजवादी व्यवस्थाका आधारहरू तयार गर्ने नीति पनि स्पष्टरूपमा उल्लेख गर्नु जरुरी भएको औँल्याउनुहुँदै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'शिक्षा–स्वास्थ्य नि:शुल्क हुने, उत्पादनका साधनहरू सामाजिकीकरण हुने, व्यक्तित्व विकासमा समान अवसर हुने, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुने, शोषणविरूद्धको हकको व्यवस्था हुने, शिशुशाला र आदर निकेतनको व्यवस्था हुने राज्य व्यवस्था नै समाजवादी अर्थ व्यवस्था हो ।'

सरकारमा बस्नेहरू संवेदनशील नभएसम्म जस्तोसुकै राम्रो संविधान बने पनि सही कार्यान्वयन नहुने धारणा राख्नुहुँदै उहाँले भन्नुभयो, 'वर्तमान संविधानमा धेरै त्रुटी देखिनुमा सत्तामा जाने पार्टीहरू नै दोषी छन् ।'

नेताहरूले व्यक्तिगत स्वार्थ त्यागी समाज र देशको लागि इमानदारीपूर्वक कार्य नगरेसम्म विकृति विसङ्गति भइरहने चर्चा गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'संसदीय व्यवस्थामा प्रधानमन्त्रीलाई संसद् विघटन गर्ने अधिकार हुन्छ; संसद् विघटन गर्ने प्रधानमन्त्रीको अधिकारलाई कटौती गर्दाको परिणाम अहिले छिनछिनमा सरकार परिवर्तन हुने खेलहरू भइरहेका छन् ।'

महिलाहरूलाई ३३ प्रतिशतको आरक्षण व्यवस्था गरेजस्तै महिलाहरूलाई शिक्षित बनाउनु पनि उत्तिकै जरूरी रहेको आवश्यकता औँल्याउनुहुँदै अध्यक्ष बिजुक्छेँले सरकारमा जानेहरूको दृष्टिकोण व्यापक हुनुपर्ने बताउनुभयो ।

बाहिरी दबाबले संविधान परिवर्तन हुने गरेको इतिहास रहेको उल्लेख गर्नुहुँदै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'दोस्रो विश्वयुद्धमा जापान पराजित भएपछि जापानको संविधान संरा अमेरिकाले बनाइदिएको थियो । संसारमा नाटो र संरा अमेरिकी साम्राज्यवाद हाबी भएकै कारण विश्वमा अशान्ति र युद्ध भड्किरहेको छ । विश्व शान्तिको लागि संरा अमेरिकी साम्राज्यवाद पतन हुनु जरुरी छ ।'

भक्तपुर नगरपालिकाका प्रमुख एवम् ख्वप

मा.वि./कलेज सञ्चालक समितिका अध्यक्ष **सुनिल प्रजापति**ले वर्तमान संविधान जनआन्दोलनकारी राजनीतिक दलहरूको सहमतिमा निर्माण भए पनि संविधान पूर्ण कार्यान्वयनमा आउन सकेको छैन भन्नुभयो।

उहाँले भन्नुभयो,'स-साना कामहरूको लागि समेत सङ्घ सरकारको मुख ताक्नुपर्ने आवस्थाको अन्त्य गर्ने उद्देश्यले नेपालमा सङ्घीय व्यवस्था लागु गरिएको हो। तर, शासक दलहरूमा एकात्मक सोचको अन्त्य भएकै छैन। प्रधानमन्त्री, मन्त्री, प्रदेश मुख्य मन्त्रीहरूको सोचमा अझै स्थानीय तह सङ्घ र प्रदेशका एकाइमात्र हुन् भन्ने सोच कायमै छ। संविधानको पानामा उल्लेखित अधिकार उपभोगको निम्ति कति कानुन बने पनि कार्यान्वयनमा छैनन् भने कति त कानुन बन्न नै बाँकी छन्।'

सङ्घीयताको अर्थ अधिकार विकेन्द्रीकरण र स्वायत्तता भए पनि शासक दलहरूले एक एक गरी सबै अधिकार केन्द्रीकरण गर्न खोजिरहेको उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, 'संविधान संशोधन प्रक्रिया रोकियो वा अवरूद्ध भयो भने रक्तपातपूर्ण सङ्घर्ष हुनसक्छ। यसर्थ, शान्तिपूर्णरूपमा सुधार गर्न संसारका अधिकांश देशहरूले संविधान संशोधनको प्रावधान राखिएको हुन्छ। नेपालको संविधान २०७२ को धारा २७४ मा नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ता प्रतिकूल नहुने गरी सबै विषयमा संविधान संशोधन गर्न सकिने व्यवस्था छ।'

प्रमुख प्रजापतिले भन्नुभयो, 'शिक्षा र स्वास्थ्य निःशुल्क गर्न, जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको व्यवस्था गर्न, सांसदहरू मन्त्री बन्न नपाउने र निर्वाचनमा दलहरूले पैसा खर्च गर्न नपाउने व्यवस्था गर्न, उत्पादनका साधनहरू सामाजिकीकरण गर्न, सम्पत्तिको सीमा तोक्न र विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था गर्न, भ्रष्टाचारी र बलात्कारीलाई मृत्युदण्डको व्यवस्था गर्न संविधान संशोधन आवश्यक छ।'

संविधान कानुनका विज्ञ प्रा.डा. **विपिन अधिकारी**ले संविधानमा उल्लेख प्रावधानभन्दा पनि संविधान कार्यान्वयन गर्ने व्यक्तिको भूमिका महत्त्वपूर्ण हुने भएकोले संविधान कार्यान्वयनको तहमा पुग्ने पदाधिकारीहरू इमानदार हुनुपर्ने बताउनुभयो।

संविधानको मर्मलाई अक्षरशः पालना गर्नु जरुरी रहेको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'संविधान कार्यान्वयनको क्रममा देखापरेका कमीकमजोरीलाई सम्बोधन गरी संविधान संशोधन गर्नुपर्छ।'

राज्य पुनःसंरचना, समावेशीकरण, मिश्रित निर्वाचन प्रणाली नै अहिलेको संविधानको मुख्य उपलब्धि रहेको चर्चा गर्नुहुँदै उहाँले कानुनको विकासको लागि धेरै कानुन कलेजहरूको आवश्यक छ भन्नुभयो।

कानुन मन्त्रालयका प्रतिनिधि **आशरा वैद्य**ले संविधानमा रहेका कमीकमजोरीबारे छलफल चालु राख्नु जरुरी रहेको धारणा राख्नुहुँदै गणतन्त्रको मूल मर्म भनेको समावेशीकरण हो भन्नुभयो।



सङ्घीयता कार्यान्वयनको लागि २०-२२ ओटा ऐन बनाउन बाँकी रहेको उहाँले उल्लेख गर्नुभयो।

कानुन अध्ययन समाज नेपालका अध्यक्ष एवम् अधिवक्ता **रामप्रसाद प्रजापति**ले अहिले संविधानले प्रत्याभूत गरेको प्रजातन्त्र पुँजीवादी प्रजातन्त्र रहेको चर्चा गर्नुहुँदै यो व्यवस्थामा कामदार जनताको हित नहुने बताउनुभयो।

उहाँले भन्नुभयो, 'कामदार जनताको हितको लागि 'जनताको प्रजातन्त्र' चाहिन्छ। जनताको प्रजातन्त्र भनेको समाजवादी अर्थव्यवस्था लागु हुने व्यवस्था हो।'

ख्वप कलेज अफ लका प्राचार्य एवम् अधिवक्ता **अनिता जधारी**ले स्वागत गर्नुभएको उक्त कार्यक्रममा ख्वप माविका प्राचार्य **लक्ष्मीप्रसाद कर्माचार्य**, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक** र शिक्षिका **शिखा डंगोल**ले पनि बोल्नुभएको थियो।

कार्यक्रममा कानुन दिवसको अवसरमा ख्वप कलेज अफ लको आयोजनामा भएको निबन्ध लेखन प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो भएका विद्यार्थीहरू **एलिसा कुँवर**ले 'इन्फोर्समेन्ट अफ फन्डामेन्टल राइट्स', **कामना काफ्ले**ले 'मौलिक हकको कार्यान्वयनको अवस्था' र **दिलबहादुर भण्डारी**ले 'सातौं संविधानका सात कमजोरी' विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो।

त्यस्तै कानुन दिवसको अवसरमा ख्वप मा.वि.मा कानुन विषय लिई अध्ययनरत विद्यार्थीबिच मुटकोर्ट प्रतियोगिता भएको थियो। उक्त प्रतियोगितामा विजयी र निबन्ध प्रतियोगितामा विजयी विद्यार्थीहरूलाई अध्यक्ष बिजुक्छेँले पुरस्कार वितरण गर्नुभएको थियो।

**मन्तव्य**

# 'नेताहरूमा रहेको एकात्मक सोच र चिन्तन नै संविधान कार्यान्वयनको प्रमुख समस्या हो'

– सुनिल प्रजापति,




आजभन्दा ठिक नौ वर्ष अघि नेपालको संविधान जारी भएको थियो । तत्कालीन जनआन्दोलनको नेतृत्व गर्ने राजनीतिक दलहरूको सहमतिमा वर्तमान संविधान निर्माण भएको हो । संविधान जारी भए पछिको यस अवधिमा सङ्घ, प्रदेश र स्थानीय तहको दुई दुई पटक निर्वाचन सम्पन्न भइसकेको छ । संविधानअनुसार नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा भई संविधान कार्यान्वयनमा आएको सात वर्ष बित्यो तर संविधान पूर्ण कार्यान्वयनमा भने आउन सकेको छैन ।

स–साना कामहरूको लागि समेत केन्द्र सरकारको मुख ताक्नुपर्ने आवस्थाको अन्त्य गर्न नेपाली जनताले विकल्पमा सङ्घीयता रोजेका हुन् । जुन उद्देश्यले नेपालमा सङ्घीय राज्यको घोषणा गरिएको थियो त्यो उद्देश्यअनुरुप सङ्घीयता कार्यान्वयनमा समस्या देखिएको छ । हाम्रा शासक दलका नेताहरूमा विगतको एकात्मक राजनैतिक सोच र चिन्तन अन्त्य भएको छैन । देशका प्रधानमन्त्री, मन्त्री, प्रदेश मुख्य मन्त्रीहरूमा अझै पनि स्थानीय तह सङ्घ र प्रदेशका एकाइमात्र हुन् भन्ने सोच कायमै छ ।

संविधानले सुनिश्चितता गरेका आधारभूत शिक्षा र स्वास्थ्य उपचार नि:शुल्क जनताले उपभोग गर्न पाएका छैनन् । रोजगारीको हक, आवास, खाद्यसम्बन्धी हकलगायत मौलिक हकहरूसमेत जनताले उपभोग गर्न पाएका छैनन् । संविधानमा उल्लेखित अधिकारहरू बारे विभिन्न कानुन निर्माण भइसकेका पनि छन् तर ती कानुनहरू कार्यान्वयनमा आउन सकेका छैनन् । अझ कतिपय विषयहरूको त कानुन नै बनेका छैनन् ।

सङ्घीयताको अर्थ अधिकारहरूको विकेन्द्रीकरण र स्वायत्तता हो । शासक दलहरूले प्रदेश र स्थानीय तहमा गइसकेका अधिकारहरूसमेत एक एक गरी सिंहदरबारमा केन्द्रित गर्दैछन् । ती दलहरूले बितेका सात वर्षको अवधिमा न कर्मचारी समायोजन, न प्रहरी समायोजन, न शिक्षा ऐन नै पारित गर्न सके । अझ स्थानीय निकायलाई यस अघि स्थानीय स्वायत्त शासन ऐन २०५५ ले दिएको कर्मचारी भर्ना सम्बन्धी अधिकार समेत समाप्त गऱ्यो । देशभरका स्थानीय तहहरूबाट त्यसको विरोध भइरहेका छन् ।

सङ्घीयता कार्यान्वयनमा आइसकेपछि जिल्लास्तरीय कार्यालयहरूको आवश्यकता थिएन । तीन तहको सरकारहरूले नै जनताको आवश्यकताहरू पूर्ति गरिरहेका छन् । यस्तो अवस्थामा जिल्ला समन्वय समितिको कुनै आवश्यकता नै थिएन । जिल्ला समन्वय समितिसँग न कर उठाउने अधिकार छ न त विकास निर्माणमा खर्च गर्ने अधिकार । जिल्ला समन्वय समिति शासक दलहरूका कार्यकर्ता व्यवस्थापन गर्ने ठाउँमात्र भएको छ र यो राज्यको लागि ठूलो भार बनिरहेको छ ।

निर्वाचनमा जनताको विश्वासको आधारमा जित्नुभन्दा करोडौँ खर्च गर्ने, गुण्डाहरूको प्रयोग गर्ने र प्रशासनको दुरुपयोग गरेर जित्ने प्रवृत्ति बढ्दो छ । राजनीति देश र जनताको इमानदारीपूर्वक सेवा हुनुपर्नेमा देशका नामुद तस्कर, गुण्डा र भ्रष्टाचारीहरूको सुरक्षित हुने थलो बन्दै छ । अपराधलाई राजनीतिकरण र राजनीतिलाई अपराधिकरण गर्ने कार्य भइरहेका छन् । यसले सर्वसाधारण जनता र युवा पुस्तामा राजनीतिप्रति वितृष्णा जाग्दै छ ।

संविधान कार्यान्वयन पक्ष अत्यन्त कमजोर छ । विगतमा एउटा राजाको ठाउँमा अहिले धेरै राजाहरू भएको, नेताहरूको जीवन सुधार भए पनि जनताको जीवनस्तरमा कुनै परिवर्तन नआएको र सङ्घीयताले पनि जनताको लागि केही सुधार गर्न नसकेको जनताले अनुभव गर्दैछन् । वास्तवमा नेताहरूमा रहेको एकात्मक सोच र चिन्तन नै संविधान कार्यान्वयनको अहिलेको समस्या हो ।

संविधान कार्यान्वयनको यस अवधिमा जनताले संविधान संशोधनको माग पनि गर्दैछन् । एक पटक बनेको संविधान चीर स्थायी हुन्छ भन्ने होइन । समयअनुसार जनताको इच्छा आकाङ्क्षा बढ्दै जान्छ, त्यसलाई सम्बोधन गर्न सकिएन भने त्यस्ता संविधान जनताले शक्तिको बलमा फाल्छन्, च्याट्छन् र जलाउँछन् । ठुला ठुला राजनीतिक आन्दोलनहरूले नयाँ संविधान लेख्छन् भने समय समयमा जनताको माग पूरा गर्न आवश्यकताअनुसार संविधानको संशोधन पनि गर्ने गरिन्छ ।

संविधान संशोधनले केहीमात्रामा सुधारका कार्यहरू मात्र गर्न सकिन्छ भने आमूल परिवर्तन संशोधनले सम्भव नहुन सक्छ ।

इतिहासलाई हेर्दा राजनीतिक आन्दोलनहरूमा जुन वर्गले जित हासिल गर्छ त्यही वर्गले आफ्नो हित अनुकूल संविधान लेख्छ । २०४६ सालको आन्दोलन दलहरूको नेतृत्वमा भएको भए पनि आन्दोलन राजा र दलहरूबिच भएको शान्ति सम्झौतामा टुङ्गिएको थियो । त्यस आन्दोलनले निरङ्कुश राजतन्त्रको ठाउँमा संवैधानिक राजतन्त्र स्थापना गऱ्यो । २०६२/६३ को आन्दोलनबाट २४० वर्षको राजतन्त्र समाप्त भयो । राजावादीहरू र गणतन्त्रवादीहरूको बिच भएको त्यो आन्दोलनमा बहुदलवादीहरूले जिते । यसले राजतन्त्रको अन्त्य भई देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना गऱ्यो । नेपालको संविधानले त्यसलाई संस्थागत गऱ्यो । त्यसैले संविधान कानुनीमात्र होइन, त्यो एक राजनीतिक दस्तावेज पनि हो । संविधानका हरेक धारा र उपधाराहरू जनताका रगतबाट लेखिएका हुन्छन् ।

२०४७ सालको संविधानलाई तत्कालीन निर्माताहरू एसियाकै उत्कृष्ट संविधान दाबी गर्थे तर, २०६२/६३ को आन्दोलनले शब्द र वाक्य संशोधन नहुँदै पूर्णरूपमा खारेज गऱ्यो । यसले जनताको भावना प्रतिविम्बित नभएको संविधान जनआन्दोलनले खारेज गर्छ र नयाँ निर्माणको ढोका खुल्छ ।

संविधान संशोधन प्रक्रिया रोकियो वा अवरुद्ध भयो भने रक्तपातपूर्ण सङ्घर्षको सम्भावना हुनसक्छ । यसर्थ, शान्तिपूर्ण रूपमा सुधार गर्न संसारका अधिकांश देशहरूले संविधानमै संशोधनको प्रावधान राखिएको हुन्छ । नेपालको संविधान २०७२ को धारा २७४ मा नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ता प्रतिकूल नहुने गरी सबै विषयमा संविधान संशोधन गर्न सकिने व्यवस्था छ ।

अहिले देशमा नेका र एमालेको संयुक्त सरकार छ । संसदीय मूल्य र मान्यताविपरीत बनेको सरकारको मुख्य उद्देश्य संविधान संशोधन रहेको बताइएको छ । कुन कुन विषयमा र किन संविधान संशोधन गरिन्छ, त्यो हेर्न बाँकी नै छ । अहिलेसम्म चर्चामा आएअनुसार राजनीतिक दलको राष्ट्रिय र प्रादेशिक मान्यता पाउन मतसीमा (थ्रेसहोल्ड) बढाउने, निर्वाचन प्रणाली परिवर्तन गरी प्रतिनिधिसभामा समानुपातिक हटाउने, प्रदेश र स्थानीय तहको सङ्ख्या घटाउने आदि देखिन्छ ।

शासक दलहरू संविधान संशोधन गरेर अमेरिका र बेलायतमा जस्तै नेपालमा दुईदलीय तानाशाही लाद्न खोज्दै छन् । नेपालमा दुई दलीय व्यवस्था जनताको लागि स्वीकार्य हुने छैन । शासक दलहरूले यो कुरा बुझ्नु आवश्यक छ । समयअनुसार संविधान संशोधन आवश्यक छ । तर किन र के को निम्ति संविधान संशोधन ?

संविधान संशोधन गर्ने नै हो भन्ने शिक्षा र स्वास्थ्य उपचार पूर्णरूपमा नि:शुल्कको व्यवस्था गर्नुपर्दछ । जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको व्यवस्था गर्न, सांसदहरू मन्त्री बन्न नपाउने र निर्वाचनमा दलहरूले पैसा खर्च गर्न नपाउने व्यवस्था गर्न संविधान संशोधन गर्नुपर्दछ । त्यस्तै, उत्पादनका साधनहरू सामाजिकीकरण गर्न, सम्पत्तिको सीमा तोक्न र विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था गर्न, भ्रष्टाचारी र बलात्कारी जस्ता जघन्य अपराध गरेकाहरूलाई मृत्युदण्ड दिने संवैधानिक प्रावधानको लागि पनि संविधान संशोधन आवश्यक छ ।

संविधान संशोधन शासक दलहरूको स्वेच्छाचारी शासन गर्नका लागि नभई जनतालाई बलियो बनाउन हुनुपर्छ । स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने, कलेज र विश्वविद्यालय सञ्चालनको अधिकार स्थानीय तहलाई हुने गरी संविधान संशोधन गर्न सकिए साँच्चै प्रजातन्त्रको जग बलियो हुने र नेपाली जनता बलिया हुनेछन् ।

(ख्वप कलेज, ख्वप मा.वि. र ख्वप कलेज अफ लको संयुक्त आयोजनामा असोज ३ गते संविधान दिवसको अवसरमा आयोजित 'संविधान कार्यान्वयन र संशोधनको प्रश्न' विषयक प्रवचन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले दिनुभएको मन्तव्य सार सङ्क्षेप)

## संसदीय समितिबाट निरीक्षण

### प्रतिनिधिसभाअन्तर्गत शिक्षा, स्वास्थ तथा सूचना प्रविधि समितिका माननीयहरूद्वारा भक्तपुर नपाद्वारा सञ्चालित शैक्षिक संस्थाहरू र सल्लाघारीस्थित १०८ रोपनी जग्गा निरीक्षण



प्रतिनिधिसभाअन्तर्गत शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति मा. अम्मरबहादुर थापाको नेतृत्वमा समितिका माननीयहरूद्वारा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरू र भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी जग्गाको असोज ६ गते स्थलगत निरीक्षण गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सभापति मा. थापासहितको टोलीलाई सल्लाघारीमा स्वागत गर्नुभएको थियो । भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालनको लागि उक्त जग्गा माग गर्दै आएको सन्दर्भमा त्यहाँको वस्तुस्थिति बुझ्न प्रतिनिधिसभा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका माननीयहरू भक्तपुर भ्रमणमा आउनुभएको हो । टोलीले १०८ रोपनी जग्गा र जग्गासँगैको हनुमन्ते खोला करिडोरको पनि निरीक्षण गर्नुभएको थियो ।



सल्लाघारीस्थित १०८ रोपनी जग्गामा

सल्लाघारीमा भएको निरीक्षणपश्चात टोलीलाई भक्तपुर नगरपालिकाका नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकामा खादा र भादगाउँले टोपीले स्वागत गर्नुभयो ।

भक्तपुर नरपालिकाले गरेको स्वागत र भक्तपुरलाई नजिकबाट नियाल्ने अवसरको लागि धन्यवादज्ञापन गर्दै सभापति अम्मरबहादुर थापाले विश्वविद्यालय विधेयक शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा प्रस्तुत भए पछि समितिले आवश्यक छलफल गरी शिघ्र संसद्मा प्रस्तुत गर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाबाट सञ्चालित कलेजहरूमा काठमाडौँ उपत्यका बाहिरबाट अध्ययन गर्न आएका विद्यार्थीहरूलाई राम्रो सुविधा उपलब्ध गराएकोमा कृतज्ञता व्यक्त गर्नुहुँदै उहाँले ख्वप विश्वविद्यालयले कम शुल्कमा एमबीबीएस अध्ययन गराउने विषयले सभासद्हरू समेत उत्साहित भएको बताउनुभयो ।

ख्वप विश्वविद्यालय सम्बन्धनको विषयमा ढिलाइ भएकोमा आशङ्का व्यक्त गर्नुहुँदै सभापति थापाले नागरिकलाई सुलभ र गुणस्तरीय उच्च शिक्षा अध्ययन गराउने उद्देश्यले स्थापना हुने ख्वप विश्वविद्यालय विधेयक संसद्बाट छिटो पारित गर्ने विषयमा आफूहरू सकारात्मक रहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सांसद **प्रेम सुवाल**ले ख्वप विश्वविद्यालय विधेयक संसद्बाट पारित गर्न र नेपाल ट्रष्टको नाममा रहेको सल्लाघारीको १०८ रोपनी जग्गा प्राप्तिको लागि भक्तपुर नपाले यसअघि पनि धेरैपटक ताकेता गरिसकेको स्मरण गराउनुभयो ।

सल्लाघारीको १०८ रोपनी जग्गा स्थानीय जनताकै जग्गा भएको बताउनुहुँदै उहाँले ख्वप विश्वविद्यालयलाई जनताको विश्वविद्यालयको रूपमा सञ्चालन गर्ने उद्देश्यले सञ्चालन गरिनेछ र देशभरिका विद्यार्थीहरूले सस्तोमा गुणस्तरीय उच्च शिक्षा हासिल गर्ने अवसर मिल्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप विश्वविद्यालयको विधेयक पारित गर्न र भक्तपुर नपा वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी जग्गा ख्वप विश्वविद्यालय स्थापना गर्न भक्तपुर नपालाई उपलब्ध गराउन सभापति थापासमक्ष अनुरोध गर्नुभयो ।

सल्लाघारीस्थित उक्त जग्गाको संरक्षणको अभावमा हनुमन्ते खोलाबाट कटान र अतिक्रमणको कारण जग्गाको क्षेत्रफल समेत घटेको तथा उक्त जग्गाको संरक्षण, सम्बर्द्धन र सदुपयोग हुन नसक्दा यसको विभिन्न पक्षबाट दुरुपयोगको सम्भावना समेत बढेको हुँदा भक्तपुर नपाले नेपाल ट्रष्टको सहमतिमा नगरपालिकाको खर्चमा उक्त जग्गाको चारैतर्फ पर्खाल निर्माण र ५ ओटा गेटको व्यवस्था गरी संरक्षण गर्दै आइरहेको प्रमुख प्रजापतिले सोही क्रममा अवगत गराउनुभयो ।

भक्तपुर नपाले वार्षिक ४ करोडभन्दा बढी छात्रवृत्ति, विभिन्न विषयमा पी.एच.डी.सम्म छात्रवृत्ति, शैक्षिक ऋणको व्यवस्था, वडा वडामा शिशुस्याहार सञ्चालन, नगरस्तरीय र वडा वडामा स्तरीय पुस्तकालय व्यवस्था गर्दै आएको बताउनुहुँदै



ख्वप कलेज अफ लमा

उहाँले कम शुल्कमा चिकित्सा शिक्षा प्रदान गर्ने उद्देश्यका साथ चिकित्साशास्त्र अध्ययन संस्थानसहित ख्वप विश्वविद्यालय स्थापना गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन नेपाल सरकारलाई पटक पटक ताकेता गर्दै आएको विषय अवगत गराउनुभयो ।

उहाँले नपाबाट सञ्चालित शैक्षिक संस्थाहरूबाट देशका ७७ ओटै जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीले अध्ययन गरिरहेको र कलेज स्थापनादेखि हालसम्म ४१ हजार ७९८ जना विद्यार्थीहरू भर्ना भइसकेको पनि सो अवसरमा जानकारी दिनुभयो ।

पूर्व शिक्षामन्त्री मा. **देवेन्द्र पौडेल**ले भक्तपुर नपाले शिक्षामा गरेको काम सराहनीय भएको र थप प्रगतिको लागि शुभकामना दिनुभयो । भक्तपुर नपाले गरेको काम ७५३ ओटै स्थानीय तहको लागि नमुना बनोस् भन्नुहुँदै मा. पौडेलले जनतालाई सस्तो र गुणस्तरीय शिक्षा दिने उद्देश्यले सञ्चालन हुने ख्वप विश्वविद्यालय स्थापनाको लागि आफ्नो तर्फबाट आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । विश्वविद्यालय सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधार निर्माणमा भक्तपुर नपाले साह्रै राम्रो काम गरेको बताउनुहुँदै उहाँले भक्तपुर नपा ख्वप विश्वविद्यालय सञ्चालनको लागि सक्षम भएको बताउनुभयो ।




ख्वप अस्पतालमा

भक्तपुर नगरपालिकामा भएको भेटपश्चात टोलीले भक्तपुर नपाबाट सञ्चालित ख्वप माध्यमिक विद्यालय, ख्वप कलेज, ख्वप कलेज अफ ल, ख्वप अस्पताल, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको पनि स्थलगत अवलोकन गर्नुभई त्यहाँको भौतिक अवस्थिति र शैक्षिक विशेषताहरूबारे जानकारी लिनुभयो ।

ख्वप कलेजमा प्राचार्य प्रकाशकुमार श्रेष्ठ, ख्वप कलेज अफ लमा प्राचार्य अनिता जधारी, ख्वप अस्पतालमा नि.निर्देशक डा. मजेश प्रताप मल्ल र ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङमा प्राचार्यहरू ई. सुजन माक तथा ई. सुनिल दुवालले सभापति थापा नेतृत्वको टोलीलाई स्वागत गर्नुभई कलेज स्थापनाको उद्देश्य, शैक्षिक कार्यक्रम र त्यसको विशेषता, विद्यार्थी सङ्ख्या, शुल्क संरचना र कलेजको सेवा तथा सुविधाहरूबारे जानकारी दिनुभयो ।

टोलीले भक्तपुर नपाबाट सञ्चालित जनज्योति पुस्तकालय, भनपाबाट सञ्चालित वडा नं. १ को शिशुस्याहार केन्द्र र ऐतिहासिक भाज्या पुखू र सिद्धपोखरीको पनि अवलोकन गर्नुभयो ।

निरीक्षणमा सभापति अम्मरबहादुर थापासहित मा. देवेन्द्र पौडेल, मा. उर्मिला थेबे, मा. रामप्रकाश चौधरी, मा. लिलादेवी बोखिम, मा. विनिताकुमारी सिंह, मा. ज्ञानुदेवी सुवेदी, समिति सचिव दशरथ धमला, उपसचिव पुष्पप्रकाश खनाल र शाखा अधिकृत यमुना सुवेदीको उपस्थिति रहेको थियो ।

## संविधान कार्यान्वयनमा कानुन मन्त्रालयको भूमिका विषयक अन्तरक्रिया




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ लको आयोजनामा त्यहाँ अध्ययनरत विद्यार्थीबिच 'संविधान कार्यान्वयनमा कानुन मन्त्रालयको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम असोज १० गते सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन सत्रमा कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले संविधान र कानुनले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही भक्तपुर नगरपालिकाले नीति निर्माण गर्ने, त्यसको कार्यान्वयन गर्ने र व्यापक जनताको हितको निम्ति शिक्षा र स्वास्थ्य जस्ता विषयहरू न्यून शुल्कमा गुणस्तरीय सेवा प्रदान गर्दै आएको प्रष्ट पार्नुभयो ।

संविधानले दिएको एकल अधिकारको प्रयोग गर्दै भक्तपुर नपाले ६७ ओटा कानुन निर्माण गरिसकेको अवगत गराउनुहुँदै प्रदेश कानुन निर्माणमा ढिलाइ हुँदा स्थानीय तहलाई आफ्नो कार्य सम्पादनमा बाधा पुगिरहेको छ भन्नुभयो ।

संविधानमा धेरै ओटा विषयमा *'प्रदेश कानुनबमोजिम'*

भन्ने उल्लेख गरिएको हुँदा स्थानीय तहले कानुन निर्माणमा समस्या भोगिरहेको बताउनुहुँदै उहाँले कतिपय विषयहरु सङ्घ र प्रदेशहरूले कानुन नबनाएसम्म स्थानीय तह अगाडि बढ्न नसक्ने अवस्थामा पनि रहेको प्रष्ट पार्नुभयो।

कानुन मन्त्रालय नेपालको कानुन तर्जुमा, कानुन संशोधनलगायत न्याय प्रशासनसँग सम्बन्धित कार्यहरू सम्पादन गर्ने महत्त्वपूर्ण निकाय भएको बताउनुहुँदै उहाँले शासकले शासन गर्ने सशक्त हतियारको रूपमा कानुनलाई व्याख्या गर्नुभयो।

प्रमुख प्रजापतिले शासन सत्ताले आफ्नो अनुकूल कानुन निर्माण गर्ने थलो नै संसद् हो र पुँजीवादी व्यवस्थामा अवैध कामलाई वैध बनाउने सामर्थ्य राख्ने थलोको रूपमा संसद्लाई लिन सकिन्छ भन्नुभयो।

राम्रो कानुन निर्माण गर्नेभन्दा पनि कानुनको सफल कार्यान्वयनतर्फ कानुन मन्त्रालयले जोड दिनुपर्ने भन्नुहुँदै उहाँले देशको सिमाना रक्षाको निम्ति बहस गर्ने अधिवक्ताहरू आवश्यक भएको बताउनुभयो।

कानुन मन्त्रालयका सचिव **उदयराज सापकोटा**ले कानुनको उल्लङ्घन दण्डनीय हुने बताउनुहुँदै कानुन विषयमा विशेषता हासिल गर्ने ध्ययले विद्यार्थीले अध्ययन गर्न जरुरी रहेको बताउनुभयो। उहाँले कानुन शिक्षालाई विद्यार्थी जीवनदेखि अध्ययन अध्यापन गर्ने व्यवस्था हुनु जरुरी रहेको बताउनुहुँदै खेती योग्य जमिन संरक्षणतर्फ भक्तपुर नगरपालिकाले पहल गर्न आवश्यक भएको बताउनुभयो।



त्यस्तै ख्वप कलेज अफ लका प्राचार्य **अनिता जधारी**ले कानुन अध्ययरत विद्यार्थीलाई नेपालको महत्त्वपूर्ण अङ्ग कानुन मन्त्रालयसँग साक्षात्कार गर्ने उद्देश्यले कार्यक्रमको आयोजना भएको बताउनुहुँदै कानुन मन्त्रालयको महत्त्व र चुनौतीबारे विद्यार्थीलाई अवगत गराउन उक्त कार्यक्रम फलदायी साबित हुने विश्वास व्यक्त गर्नुभयो।

उक्त कार्याक्रममा कलेजका शिक्षक **मनज ज्याख्व**ले पनि कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो।

उक्त अन्तरक्रिया कार्यक्रममा कानुन मन्त्रालयका उपसचिव, सहसचिव र शाखा अधिकृतले संविधान निर्माणमा कानुन मन्त्रालयको अनुभवबारे आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो।

# स्वास्थ्य सेवा

## नर्सिङका नवआगन्तुक विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थान नर्सिङका नवआगन्तुक विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम भदौ २० गते सम्पन्न भयो।

कार्यक्रममा कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाबाट सञ्चालित शैक्षिक संस्थाहरूले कलेजमा भर्ना भएका सबै विद्यार्थीलाई उत्कृष्ट बनाउने प्रयासमा लाग्न शिक्षक-शिक्षिकाहरूलाई अभिप्रेरित गर्नुभयो।

भक्तपुर नपाले देशको सेवा गर्न सक्ने जनशक्ति उत्पादन गरिरहेको बताउनुहुँदै उहाँले स्वास्थ्य क्षेत्र सेवामुखी बन्नुपर्नेमा जोड दिनुभयो।

सरकारले नि:शुल्क मेडिकल शिक्षाको व्यवस्था गरेको भए जनशक्ति परिचालनमा सहज हुने बताउनुहुँदै उहाँले नेपालका दक्ष जनशक्ति विदेशीको लागि सस्तो ज्यामी बनिरहेको यथार्थबारे प्रष्ट पार्नुभयो।

नर्सिङ पेशा सेवाको भावनाले काम गर्ने पेशा भएको स्पष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले यो पेशामा चुनौतीसँगसँगै सफलता पनि प्राप्त हुने बताउनुभयो।

स्वास्थ्य उपचार महँगो हुँदै जाँदा धेरै नेपालीहरू गरिबीको रेखामुनि झरेको बताउनुहुँदै उहाँले नर्सहरूले विदेशको सेवालाई भन्दा आफ्नै देश र देशवासीको सेवा गर्ने उद्देश्य लिनुपर्ने धारणा राख्नुभयो।

उपप्रमुख **रजनी जोशी**ले शिक्षा सफलताको सशक्त माध्यम भएको बताउनुहुँदै समाजलाई शिक्षित बनाउने उद्देश्यले भक्तपुर नपाले विभिन्न शैक्षिक संस्थाहरू सञ्चालन गरेको बताउनुभयो। ख्वप सर्कलको शैक्षिक विशेषता र उद्देश्यमाथि प्रकाश पार्दै उहाँले जिम्मेवार नर्समा हुनुपर्ने आचरणबारे सुसूचित गर्नुभयो।

भनपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले भक्तपुर नपा शैक्षिक संस्था सञ्चालन गर्ने अग्रणी संस्था भएको बताउनुहुँदै देशको लागि आवश्यक दक्ष र जिम्मेवार नागरिक बनाउन संस्था अग्रसर रहने बताउनुभयो ।

उहाँले ख्वप सर्कलका शैक्षिक संस्थाहरू देशकै नमुना शैक्षिक संस्थाको रूपमा स्थापित हुँदै गएको बताउनुहुँदै आधुनिक समाजसँग भिज्न सिकाउने नयाँ पुस्ता निर्माणमा यी शैक्षिक संस्थाहरू क्रियाशील रहेको बताउनुभयो ।



ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. **मजेशप्रताप मल्ल**ले मेडिकल क्षेत्र संवेदनशील र चुनौती पेसा भएसँगै यो पेसा सम्मानजनक पनि भएको बताउनुहुँदै आफ्नो पेसालाई धर्मको रूपमा लिई बिरामीको सेवा गर्न मार्गनिर्देश गर्नुभयो ।

कार्यक्रममा ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. **रत्नसुन्दर लासिवा**, नर्सिङका विभागीय प्रमुख **इश्वरी डंगोल** र शिक्षिका **रविना सुवाल**ले कलेज स्थापनाको उद्देश्य र विद्यार्थीहरूले पालना गर्नुपर्ने आचरण र अनुशासनबारे प्रष्ट पार्नुभयो ।

## हाडजोर्नी, नशा रोग तथा आँखा रोग सम्बन्धी स्वास्थ्य शिविर




भक्तपुर नगरपालिका २ नं. वडा कार्यालय व्यासी, भक्तपुरको आयोजनामा हाडजोर्नी तथा नशा र आँखा रोग सम्बन्धी स्वास्थ्य शिविर कार्यक्रम भदौ २२ गते सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले स्वास्थ्य नै भन्दा ठूलो धन भएको बताउनुहुँदै जनता स्वस्थ भए नगर नै स्वस्थ हुने चर्चा गर्नुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो–'पहिला सरुवा रोगबाट अधिक मानिसको मृत्यु हुन्थ्यो भने अहिले दीर्घ रोग तथा नसर्ने रोगबाट मानिसहरूको अधिक मृत्यु हुने गरेको छ ।'

उहाँले कृषकहरूले बालीमा विषादी प्रयोग गर्दा सुरक्षित र सावधानी नअपनाउँदा हाल किसानहरू क्यान्सर जस्ता रोगको शिकार बन्नु परेको चर्चा गर्नुहुँदै अधिक उत्पादनको लागि जनताको स्वास्थ्यलाई खराब गर्न नहुने तर्फ ध्यान दिनुपर्ने समेत बताउनुभयो ।

शिविरमा रोग परीक्षण गरी रोगको पहिचान भयो भने समयमै उपचार गर्न सकिने बताउनुहुँदै उहाँले जनतालाई सहज स्वास्थ्य सेवा पुऱ्याउन ख्वप अस्पतालको स्थापना गरिएको बताउनुभयो ।



कार्यक्रममा २ नं. वडाका वडा अध्यक्ष **हरिप्रसाद बासुकला**ले भनपाले शिक्षा, स्वास्थ्य लगायत ब्यवस्थित आवासको लागि आयोजना सञ्चालन गरिएको चर्चा गर्नुहुँदै भनपाले दिँदै आइरहेको सेवा तथा सुविधा जनताकै लागि भएको बताउनुभयो ।

शिविर कार्यक्रममा ख्वप अस्पतालका डा. **मजेशप्रताप मल्ल**, वडा सदस्यद्वय **श्यामसुन्दर मातां** र **मञ्जु लाखाजु, रत्नकाजी नायभारी** लगायतले पनि बोल्नुभएको थियो ।

## ख्वप अस्पतालमा ल्यापारोस्कोपी सेवा

ख्वप अस्पतालमा प्रथमपल्ट ल्यापारोस्कोपी माध्यमबाट पाठेघरको शल्यक्रिया असोज १ गतेबाट सुरु भएको छ ।

## स्वास्थ्य स्वयम्सेविकाहरूको वार्षिक समीक्षा कार्यक्रम



स्वास्थ्य स्वयम्सेविकाहरूको वार्षिक समीक्षा कार्यक्रम असोज २ गते सम्पन्न भयो ।

# क्यान्सर अस्पताल विकास समितिमा रूपान्तरण : कर्मचारीमा आशङ्का जारी




काठमाडौँ, ८ असोज । भक्तपुर क्यान्सर अस्पताल अब विकास समितिमा रूपान्तरण भएको छ । प्रधानमन्त्री खड्गप्रसाद ओलीको अध्यक्षतामा असोज ३ गते बसेको मन्त्रिपरिषद् बैठकले विकास समितिमा रूपान्तरण गर्ने निर्णय गरेको हो ।

केही वर्ष अघिसम्म नेपाल अर्बुद रोग निवारण संस्थाले (एनसीआरएस) एकलौटी सञ्चालन गर्दै आएको क्यान्सर अस्पताल २०७७ साल कार्तिक २३ गते वर्तमान प्रधानमन्त्री केपी ओलीकै अध्यक्षतामा बसेको मन्त्रिपरिषद् बैठकले गठन आदेश जारी गरी नेपाल सरकारको स्वामित्वमा लिएको थियो । गठन आदेशबाट अस्पतालका सम्पूर्ण भौतिक सम्पत्ति राज्यको स्वामित्वमा गए पनि दशकौँदेखि अस्पतालमा कार्यरत चिकित्सक कर्मचारीहरू सबै करारमा रहने कानुनी प्रावधानले लामो समयदेखि स्थायी भएर कार्य गर्दै आएका कर्मचारीहरूको मनोबल घट्न गएको र वृत्ति विकास नै रोकिन गएको थियो ।

गठन आदेश सार्वजनिक भएको लगत्तै नगर प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा तत्कालीन अस्पताल निर्देशक ऋषिकेश नारायण श्रेष्ठ, प्रशासन प्रमुख राजाराम तजलेलगायत प्रतिनिधिमण्डल स्वास्थ्य मन्त्रालयमा गएर स्वास्थ्य सचिव, नीति तथा योजना तर्जुमा शाखा प्रमुख डा. गुणराज लोहनीको ध्यानाकर्षण गर्नुभएको थियो । डा. लोहनीले प्रतिनिधिमण्डललाई 'अस्पताल सरकारीकरण हुनु ठूलो कुरा हो, कर्मचारीलाई केही अप्ठेरो परेकोमा ध्यानाकर्षण भएको छ, यसको शीघ्र प्रक्रिया अगाडि बढाई समाधान दिने' वचन दिनुभएको थियो । कर्मचारीहरूको वृत्ति विकासमा अवरोध भएपछि त्यसलाई सल्टाउन भक्तपुर नपा र कर्मचारी प्रतिनिधिहरूको संयुक्त प्रयास निरन्तर जारी थियो ।

२०८१ साल भदौ १२ गते भक्तपुर क्यान्सर अस्पतालको रेडियो थेरापी, मोडुलर ओ.टी. र अति आधुनिक सिटी स्क्यान मेसिनको उद्घाटन कार्यक्रममा नगर प्रमुख प्रजापतिले स्वास्थ्यमन्त्री प्रदीप पौडेलको ध्यानाकर्षण गर्दै भन्नुभएको थियो, 'गठन आदेशपछि यहाँका कर्मचारीहरू पीडामा छन् । कर्मचारीहरूको मनोबल बढाउन यहाँका कर्मचारीहरूको स्थायित्वको बारे ध्यान दिनुहोस् । फाइल मन्त्रीको टेबुलमा पुगेको चर्चा छ । यसलाई अगाडि बढाइदिनुहोस् ।' मन्त्री पौडेलले छिट्टै नै त्यसबारे पहल गर्ने बताउनुभएको थियो ।

सार्वजनिक र राज्यको जग्गामा निर्मित क्यान्सर अस्पताल नेपाल अर्बुद निवारण संस्था (एनसीआरएस) ले सञ्चालनको क्रममा आर्थिक अनियमितता, अपारदर्शिताका विषय धेरै चर्चामा आएपछि भक्तपुर नगरपालिकाले त्यसको अनुगमनलाई अगाडि बढाएको थियो । तर, तत्कालीन पदाधिकारीहरू कोही पनि नगरपालिकाको सम्पर्कमा आउन चाहेनन् । त्यसपछि भक्तपुर नगरपालिकाको मिति २०७६।४।३० मा बसेको कार्यपालिका बैठकले तत्कालीन व्यवस्थापन समिति भङ्ग गरी नगर प्रमुखको अध्यक्षतामा नयाँ व्यवस्थापन समिति गठन गर्‍यो र अस्पताल नयाँ व्यवस्थापन मातहतमा सञ्चालन भयो । कर्मचारी र जनता खुसी भए ।

तत्कालीन व्यवस्थापन समितिका पदाधिकारी सर्वोच्च अदालत पुगे र अदालतले नगरपालिकाको नाउँमा अन्तरिम आदेश जारी गरेपश्चात् नगरपालिकाले प्रत्यक्ष काम गर्न पाएन । स्थानीय जनताले भ्रष्टहरूलाई अस्पताल छिर्न नदिने भन्दै तत्कालीन पदाधिकारीहरूविरुद्ध धर्ना, नाराबाजीहरू गरे । मुठभेडको स्थितिसम्म सिर्जना भयो । लामो समयसम्म अस्पतालको भविष्य अन्यौल अवस्थामा रह्यो । नगरपालिकाकै मातहतमा ल्याउन निकै प्रयासहरू भए । नपाको मातहतमा नभए प्रदेश वा सङ्घको स्वामित्वमा राख्नुपर्नेमा नगरपालिकाले निरन्तर पहल जारी राख्यो । २०७७ साल कार्तिक २३ गते गठन आदेश जारी भई अर्बौँको सम्पत्ति राज्यको स्वामित्वमा गयो । यसलाई भक्तपुरवासीहरूको भ्रष्टाचारविरोधी आन्दोलनको सफलताको रूपमा लिन सकिन्छ ।

भक्तपुर क्यान्सर अस्पताल निर्माणका लागि २०५८ सालमा भक्तपुर नगरपालिकाबाट ५–४–० रोपनी जग्गा र रकम प्रदान गरेको थियो । त्यतिबेला नगरपालिका, जिविस, मन्त्रालयका प्रतिनिधिहरू व्यवस्थापन समितिमा रहने व्यवस्था थियो । २०५९ सालमा देशभरका स्थानीय तहहरूमा जनप्रतिनिधिविहीनतासँगै एक एक गरी जनप्रतिनिधिहरूलाई हटाई नेपाल अर्बुद रोग निवारण संस्थाले उक्त अस्पताल कब्जा गरेको थियो ।

सिटी स्क्यान, औषधि पसल, एक्स रे लगायतमा भ्रष्टाचार भएको, सामान खरिदमा आर्थिक अनियमितता आएको जनताको गुनासोपछि नगरपालिकाले हात हालेको थियो । प्रक्रियागत रूपमा जाँदा कार्यरत ३०० भन्दा बढी कर्मचारीहरूको वृत्ति विकासमा अवरोध हुन पुगेको र त्यसलाई सल्टाउन अस्पताल प्रशासन र सबै पक्षबाट पहल भयो र अहिले अस्पताल पूर्णरूपमा सरकारीकरण भएको छ । यो सब कामको सफलता स्थानीय सरकार, स्थानीय जनता र त्यहाँ कार्यरत कर्मचारीहरूको संयुक्त प्रयासबाट मात्रै सम्भव भएको हो ।

छिट्टै कर्मचारी विनियमावली ल्याई अस्पतालका कर्मचारीहरूको वृत्ति विकासको निम्ति काम हुने आशा छ । अब क्यान्सर अस्पतालमा कार्यरत कर्मचारीहरूले उच्च मनोबलका साथ क्यान्सर बिरामीहरूको रोगको उपचार गर्न सकोस् । यही स्थानीय जनताको अपेक्षा छ ।



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Bhadra Report

## 2081

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2421 | 10.46 |
| 10-14. | 917 | 3.96 |
| 15-19 | 809 | 3.49 |
| 20-59 | 15956 | 68.92 |
| ≥60 | 3050 | 13.17 |
| Total | 23153 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Banke | 1 | 0.01 |
| Dadeldhura | 1 | 0.01 |
| Dang | 1 | 0.01 |
| Dhanusha | 1 | 0.01 |
| Kanchanpur | 1 | 0.01 |
| Makwanpur | 1 | 0.01 |
| Myagdi | 1 | 0.01 |
| Nawalparasi | 1 | 0.01 |
| Palpa | 1 | 0.01 |
| Sankhuwasabha | 1 | 0.01 |
| Salyan | 1 | 0.01 |
| Rautahat | 2 | 0.01 |
| Parasi | 2 | 0.01 |
| Ilam | 2 | 0.01 |
| Dolpa | 2 | 0.01 |
| Dhading | 3 | 0.01 |
| Mahottari | 3 | 0.01 |
| Morang | 3 | 0.01 |
| Mugu | 3 | 0.01 |
| Sarlahi | 3 | 0.01 |
| Salyan | 3 | 0.01 |
| Jhapa | 4 | 0.02 |
| Okhaldhunga | 4 | 0.02 |
| Rolpa | 4 | 0.02 |
| Sunsari | 4 | 0.02 |
| Darchula | 4 | 0.02 |
| Bardiya | 4 | 0.02 |
| Gorkha | 5 | 0.02 |
| Bara | 6 | 0.03 |
| Nuwakot | 6 | 0.03 |
| Saptari | 6 | 0.03 |
| Jarjarkot | 6 | 0.03 |
| Solukhumbu | 7 | 0.03 |
| Udhayapur | 7 | 0.03 |
| Jumla | 8 | 0.03 |
| Kalikot | 9 | 0.04 |
| Dolkha | 10 | 0.04 |
| Khotang | 10 | 0.04 |
| Dailekh | 11 | 0.05 |
| Surkhet | 11 | 0.05 |
| Lalitpur | 12 | 0.05 |
| Kailali | 13 | 0.06 |
| Sindhuli | 18 | 0.08 |
| Kathmandu | 40 | 0.17 |
| Ramechap | 44 | 0.19 |
| Sindhupalchowk | 65 | 0.28 |
| Kavrepalanchok | 120 | 0.52 |
| Bhaktapur | 22678 | 97.95 |
| Total | 23153 | 100.00 |
| Madhyapur Thimi | 124 | |
| Suryabinayak | 1165 | |
| Changu | 4139 | |
| Bhaktapur | 17250 | |
| Total | 22678 | |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 597 | 2.58 |
| General | 3915 | 16.91 |
| Insurance | 18641 | 80.51 |
| Total | 23153 | 100.00 |

| Department | Number | In Percentage |
|---|---|---|
| Urology | 1 | 0.01 |
| ICU | 8 | 0.03 |
| Neuro Surgery | 41 | 0.18 |
| CHRP- Respiratory Medicine | 92 | 0.40 |
| MDGP | 108 | 0.47 |
| Physiotherapy | 180 | 0.78 |
| General Ward | 206 | 0.89 |
| Psychiatric | 224 | 0.97 |
| Cardiologist | 308 | 1.33 |
| Laboratory | 397 | 1.71 |
| General Surgery OPD | 676 | 2.92 |
| Dermatology | 774 | 3.34 |
| ENT | 1154 | 4.98 |
| Emergency Ward | 1475 | 6.37 |
| Dental | 1481 | 6.40 |
| Obs. & Gynaecology | 1730 | 7.47 |
| Paediatric | 1818 | 7.85 |
| Internal Medicine | 2158 | 9.32 |
| Orthopedic | 2637 | 11.39 |
| General OPD | 7685 | 33.19 |
| Total | 23153 | 100.00 |

| | |
|---|---|
| Patient Admitted | 206 |
| Discharge | 189 |
| LAMA | 0 |
| Refer | 9 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 2463 |
| Total Cataract Surgery | 98 |

### Operation

| | |
|---|---|
| Major | 81 |
| Minor | 48 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 13527 | 58.42 |
| Male | 9626 | 41.58 |
| Total | 23153 | 100.00 |

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको २०८१ भदौ महिनाको सेवा प्रगति

# भेटघाट

## क्युबाका कार्यवाहक राजदूत भक्तपुरमा

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँसँग भदौ १८ गते नेपालका लागि क्युबाका कार्यवाहक राजदूत अबेल अबाले डिस्पेन्जले भेटघाट गर्नुभयो ।



भेटको क्रममा अध्यक्ष बिजुक्छेँले क्युवाली जनता एक्लै नभएको र न्यायपूर्ण सङ्घर्षमा विश्वका न्यायप्रेमी जनताले जस्तै नेपाली कामदार जनताको पनि साथ रहेको प्रस्ट पार्नुभयो । उहाँले क्युवाविरुद्धको अमानवीय नाकाबन्दीविरुद्ध नेमकिपाले सदन र सडकमा निरन्तर आवाज उठाइरहेको बताउनुभयो ।

क्युवाको वर्तमान राजनीतिक तथा आर्थिक अवस्थाबारे राख्नुभएको जिज्ञासामा महामहिम राजदूतले अमेरिकी राष्ट्रपति बाराक ओबामाको पालामा संयुक्त राज्य अमेरिका र क्युवाबिचको कूटनीतिक सम्बन्धले नयाँ मोड लिनुकासाथै अमेरिकी दूतावास हवानामा सुरु भइसकेको अवस्थामा डोनाल्ड ट्रम्प राष्ट्रपति भएपश्चात ती सबै निर्णयहरू उल्टाउँदै क्युवालाई अझ थप अमानवीय आर्थिक नाकाबन्दी लगाएको उल्लेख गर्नुभयो । राजदूत अबेल अबाले डिस्पेन्जले अमेरिकाले सबै अन्तर्राष्ट्रिय वित्तीय सङ्घसस्थाहरू तथा निजी कम्पनीहरूलाई समेत क्युवासँग कुनै आर्थिक क्रियाकलाप र कारोबार नगर्नू भनी उर्दीसमेत जारी गर्दै आएको बताउनुभयो । क्युवाली नेतृत्व र क्युवाली जनता कठोर परिस्थितिसँग नझुकी लडिरहेको उल्लेख गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले आर्थिक नाकाबन्दी कुनै राजनीतिक उपाय नभएको र त्यसले निर्दोष जनताको घाँटी निमोठिरहेकोले त्यो एक अमानवीय तथा निन्दनीय कार्य भएको बताउनुभयो । अध्यक्ष बिजुक्छेँले नेपाल मजदुर किसान पार्टी स्वतन्त्र र सार्वभौम देशमाथिको अमेरिकी हस्तक्षेप तथा कठोर नीतिको सदा विपक्षमा रहँदै आएको बताउनुहुँदै ल्याटिन अमेरिका, अफ्रिकालगायतका देशमा भइरहेको अमेरिकी हस्तक्षेपविरुद्ध गतिविधि तथा प्रकाशनमार्फत सङ्घर्ष चालू राख्दै छ भन्नुभयो ।

सो भेटघाटमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वागमती प्रदेश सांसद सुरेन्द्रराज गोसाईको पनि उपस्थिति थियो ।



त्यसअघि कार्यवाहक राजदूत अबेल अबाले डिस्पेन्जलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, वडा नं ५ का वडाअध्यक्ष योगेन्द्रमान बिजुक्छेँलगायतले लायकूमा स्वागत गर्नुभयो । लायकू र तमारीको उहाँले अभिरुचिपूर्वक अवलोकन गर्नुभयो ।

कार्यवाहक राजदूत डिस्पेन्जले ख्वप अस्पताल, ख्वप मावि, ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, आदर निकेतन, तःपुखू र न्हूपुखूको समेत अवलोकन गर्नुभयो ।



इन्जिनियरिङ कलेजमा

# महालक्ष्मी नपाका समाजसेवीहरूद्वारा भक्तपुर भ्रमण



ख्वप अस्पतालमा





ख्वप कलेजमा



आदर निकेतनमा

कार्यवाहक राजदूत डिस्पेन्जल नेमकिपाका जनप्रतिनिधिहरूले शिक्षा, स्वास्थ्य क्षेत्रमा गरिरहेको सेवा सह्राहनीय भएको बताउनु हुँदै अनुभव आदानप्रदान आवश्यक भएको चर्चा गर्नुभयो। उहाँले सम्पदा संरक्षण, पुन:निर्माण, प्राज्ञिक क्षेत्रमा क्युबाले हासिल गरेको अनुभव तथा सफलता नेपाली जनतासम्म पुऱ्याउन उत्सुक रहेको प्रस्ट पार्नुभयो।

भक्तपुर नगरपालिकाको कला, संस्कृति र सम्पदा संरक्षणका साथै शिक्षा र स्वास्थ्यको माध्यमबाट जनताको सेवाबारे अध्ययन गर्न महालक्ष्मी नगरपालिका ललितपुरका समाजसेवीहरूले भदौ २२ गते भक्तपुरको भ्रमण गरे।

यस क्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले समाजवादी व्यवस्थामा जनताको सरकार हुने हुनाले सो व्यवस्थामा शिक्षा र स्वास्थ्यजस्ता अति आवश्यक सेवा सुविधाहरू राज्यले नि:शुल्क प्रदान गर्नुपर्ने बताउनुभयो।

भनपाले जनताको शिक्षा र स्वास्थ्य क्षेत्रमा सेवा प्रदान गर्न कलेज र अस्पतालहरू सञ्चालन गरेको उहाँले जानकारी दिनुभयो।

नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा ३६५ दिन नै ओपीडी सेवा सञ्चालन गरेको र सो अस्पतालबाट दैनिक ८०० देखि ९०० जना (८० प्रतिशत स्वास्थ्य बीमाका) बिरामीहरूले सेवा प्राप्त गरिरहेको जानकारी दिनुहुँदै प्रमुख प्रजापतिले ख्वप अस्पतालले स्वास्थ्य बीमाबापतको रु. २० करोडभन्दा बढी भुक्तानी पाउन ढिलाइ भइरहँदा अस्पताल सञ्चालनमा कठिनाइ भइरहेको उल्लेख गर्नुभयो।

नगर प्रमुख प्रजापतिले जनताको शिक्षा स्तर विकास गर्न विभिन्न कलेजहरू सञ्चालन गरी इन्जिनियरिङ, व्यवस्थापन, मानविकी, शिक्षा, कानुन र नर्सिङको न्यून शुल्कमा अध्यापन गरिरहेको र ती कलेजबाट देशका ७७ जिल्लाका विद्यार्थीहरूले लाभ लिइरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाले विकास निर्माण कार्यहरू स्थानीय उपभोक्ता समितिमार्फत काम भइरहेको उल्लेख गर्नुहुँदै उहाँले सोको सम्पूर्ण हिसाब ख्वप स: एफ एम, ख्वप: पौ, भक्तपुर मासिक, भक्तपुर नगरपालिकाको अनलाइन र ख्वप टेलिभिजनमार्फत पारदर्शी गरिरहेको बताउनुभयो।

'भक्तपुर नगरपालिकाले यहाँको मठ, मन्दिर, बाटोघाटो र विभिन्न निर्माणहरू ठेक्कापट्टा नगरिकन स्थानीयवासीहरूकै उपभोक्ता समितिमार्फत काम भइरहेकोले यसबाट विकास निर्माण कम लागतमा गुणस्तरीय भएको छ', उहाँले भन्नुभयो।

छलफल कार्यक्रममा नेपाल मजदुर किसान पार्टी ललितपुरका अध्यक्ष **राजवीर डंगोल**ले देशमा भ्रष्टाचार

हुनुमा कर्मचारीतन्त्रदेखि मन्त्रीहरूसम्मकै संलग्नता रहेकोले देश विकास नभएको धारणा राख्नुभयो ।

भक्तपुर नगरपालिका पर्यटक सूचना तथा सेवा केन्द्रका प्रमुख **गौतमप्रसाद लासिवा**ले भक्तपुर नगरमा जनप्रतिनिधिहरू पार्टीको घोषणापत्रबमोजिम जनताकै सेवा गर्न लागिपरेको र विदेशी र एनजीओको सहयोगबाट नभई जनप्रतिनिधि, कर्मचारी र जनतासँग मिलेर काम गरिरहेको बताउनुभयो ।

अध्ययन भ्रमणको क्रममा मार्ग निर्देशन र सहजीकरण गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्नुहुँदै **महन्त महर्जन**ले भक्तपुर नगरपालिकाको कार्यशैलीबाट सिक्नुपर्ने बताउनुभयो ।

## विभिन्न देशका प्राध्यापकहरू भक्तपुर नपामा

# भक्तपुर ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक महत्त्वको दृष्टिले देशकै महत्त्वपूर्ण नगर हो : प्रमुख प्रजापति



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले त्रिभुवन विश्वविद्यालय नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागको आयोजनामा भएको अमूर्त संस्कृतिसम्बन्धी दुईदिने अन्तर्राष्ट्रिय सम्मेलन तथा प्रशान्त क्षेत्रका विश्वविद्यालयको साधारणसभामा सहभागी विदेशी प्रतिनिधिमण्डललाई असोज ७ गते भक्तपुर नगरपालिकामा स्वागत गर्नुभयो ।

टोलीलाई स्वागत गर्नुहुँदै प्रमुख **प्रजापति**ले त्रिभुवन विश्वविद्यालय इतिहास, संस्कृति तथा पुरातत्त्व विभाग र नगरपालिकाबिच समन्वय र सहकार्य हुँदै आएको स्मरण गर्नुहुँदै उहाँले २०८१ वैशाख २५ गते भक्तपुर नगरपालिका र त्रिवि नेपाली इतिहास, संस्कृति र पुरातत्त्व, केन्द्रीय विभागको सहकार्यमा *'भक्तपुरको कला, संस्कृति, इतिहाससम्बन्धी एकदिने अनुसन्धनात्मक कार्यशाला गोष्ठी'* सम्पन्न भइसकेको र भविष्यमा पनि त्यस्ता कार्यक्रमहरू आयोजना गर्दै जाने विश्वास व्यक्त गर्नुभयो ।

आजभन्दा २० वर्षअघि नेमकिपाका अध्यक्ष का. नारायणमान बिजुक्छेँ (रोहित) द्वारा लिखित **'सय वर्षपछिको भक्तपुर'** पुस्तक अहिले भक्तपुर विकासको मार्गचित्र बनेको छ, प्रमुख प्रजापतिले भन्नुभयो ।



भक्तपुर नगरपालिकाले २ ओटा इन्जिनियरिङ कलेजसहित ७ ओटा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको र ती कलेजहरूले हरेक वर्ष विभिन्न विषयमा राष्ट्रिय सम्मेलन र २ वर्षको एकपटक अन्तर्राष्ट्रिय सम्मेलनहरू आयोजना गर्दै आएको अवगत गराउनुहुँदै आगामी अन्तर्राष्ट्रिय सम्मेलनमा यहाँहरूको विश्वविद्यालयहरूबाट पनि सहभागिताको अपेक्षा गर्नुभयो ।

देशको सानो नगरमध्ये एक भक्तपुर ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक महत्त्वको दृष्टिले देशकै महत्त्वपूर्ण नगर भएको बताउनुहुँदै सांस्कृतिक नगर, नाचगानको राजधानीको रूपमा परिचित यस भक्तपुर नगरमा मूर्त र अमूर्त कला संस्कृति तथा सम्पदाहरू जीवन्त रहेको बताउनुभयो ।

भक्तपुर नपाले लोप भइसकेका सम्पदाहरूको अध्ययन, अनुसन्धान र उत्खनन गर्दै प्राचीन मौलिकतालाई ध्यान दिएर संरक्षण गर्दै आइरहेको बताउनुहुँदै उहाँले २०७२ सालको भूकम्पले सयौं सम्पदाहरूलाई क्षति पुऱ्याए पनि हामीले यस ७ वर्षको अवधिमा विदेशी सहयोगबिना जस्ताको तस्तै पुन:निर्माण र जीर्णोद्धार गरिसकेको अवगत गराउनुभयो ।

भक्तपुरको प्राचीन मौलिकता बचाइराख्न र मूर्त र अमूर्त सम्पदाहरूको संरक्षणका लागि भक्तपुर नपाले २०५० सालदेखि पर्यटन शुल्क उठाइ आएको बताउनुहुँदै प्रमुख प्रजापतिले पर्यटन शुल्कबाट भक्तपुरका सम्पदाहरूको संरक्षणसँगै शिक्षा, स्वास्थ्य, सरसफाइलगायतको क्षेत्रमा खर्च गर्दै आएको प्रष्ट पार्नुभयो ।

त्यस्तै उपप्रमुख **रजनी जोशी**ले भक्तपुरको सांस्कृतिक, ऐतिहासिक तथा नगरको समग्र विकास निर्माणबारे सङ्क्षिप्तमा प्रस्तुतीकरण देखाउनुभएको थियो ।

कार्यक्रममा सहभागीको तर्फबाट फिलिपिन्सका प्रतिनिधि **एरिक**ले भक्तपुरले गरेको न्यानो स्वागतको लागि धन्यवादज्ञापन



गर्नुहुँदै भक्तपुर भ्रमण अविस्मरणीय रहने बताउनुभयो।

उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो।

प्रतिनिधि टोलीमा बंगलादेश, दक्षिण कोरिया, उत्तर कोरिया, श्रीलंका, नेपाल, थाइल्याण्ड, चीन, भियतनाम, भारत, फिलिपिन्सलगायतका देशबाट ३० भन्दा बढी सहभागीहरूको उपस्थिति रहेको थियो।

प्रतिनिधिमण्डल टोलीलाई नगर प्रमुख प्रजापतिले भक्तपुर नपाको ऐतिहासिक फोटो भएको पिक्टोरियल बुक र नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गर्नुभएको थियो।

## मन्तव्य

# "सय वर्षपछिको भक्तपुर" पुस्तक भक्तपुर विकासको मार्गचित्र बनेको छ"

– सुनिल प्रजापति, प्रमुख भक्तपुर नपा



त्रिभुवन विश्वविद्यालय नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागद्वारा आयोजित अन्तर्राष्ट्रिय सम्मेलनमा पाल्नुभएका विभिन्न देशका विश्वविद्यालयहरूका प्राध्यापकज्यूहरू, त्रिभुवन विश्वविद्यालयका प्राध्यापक तथा कर्मचारीहरू र सम्पूर्ण सहभागीहरूलाई सांस्कृतिक नगर भक्तपुरको तर्फबाट हार्दिक स्वागत एवम् अभिवादन गर्दछौँ।

त्रिभुवन विश्वविद्यालय इतिहास, संस्कृति तथा पुरातत्त्व विभाग र नगरपालिकाबिच समन्वय र सहकार्य हुँदै आएको छ। २०८१ वैशाख २५ गते भक्तपुर नगरपालिका र त्रिवि नेपाली इतिहास, संस्कृति र पुरातत्त्व, केन्द्रीय विभागको सहकार्यमा *'भक्तपुरको कला, संस्कृति, इतिहाससम्बन्धी एकदिने अनुसन्धनात्मक कार्यशाला गोष्ठी'* सम्पन्न गऱ्यौँ। भविष्यमा पनि त्यस्ता कार्यक्रमहरू आयोजना गर्दै जानेछौँ। विभिन्न देशका विश्वविद्यालयहरूबाट पाल्नुभएका प्राध्यापकहरूसँग भेटघाटको अवसर दिनुभएकोमा भक्तपुर नगरपालिकाको तर्फबाट विभाग प्रमुख डा. महेशकुमार आचार्यज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ।

देशको सानो नगरमध्ये एक भक्तपुर ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक महत्त्वको दृष्टिले देशकै महत्त्वपूर्ण नगर हो। सांस्कृतिक नगर, नाचगानको राजधानीको रूपमा परिचित यस भक्तपुर नगरमा मूर्त र अमूर्त कला संस्कृति तथा सम्पदाहरू जीवन्त देख्न पाइन्छ। यहाँका विविध पक्षको अध्ययन गरेर जर्मनी वास्तुकलाविद् निल्स गुत्सो (Niels Gutschow)ले *'भक्तपुरलाई संसारकै ठूलो जीवित सङ्ग्रहालय'* को नाम दिनुभएको छ।

नेपालका सातओटा विश्व सम्पदामा सूचीकृत क्षेत्रहरूमध्ये भक्तपुर दरबार क्षेत्र यस नगरपालिकामा अवस्थित छ। दरबार क्षेत्र, टौमढी र दतात्रय क्षेत्र यहाँका सांस्कृतिक, ऐतिहासिक र पुरातात्त्विक महत्त्व बोकेका उत्कृष्ट क्षेत्रहरू हुन्। दरबार क्षेत्रमा अवस्थित ५५ झ्याल दरबार, सुन ढोका र वत्सला मन्दिर, टौमढीको देशकै अग्लो ५ तले मन्दिर र भैरवनाथको मन्दिर तथा दत्तात्रय क्षेत्रका मठ मन्दिरहरू धातुकला, प्रस्तरकला र काष्ठकलाका अनुपम नमुनाहरू हुन्।

सयौँ वर्ष पुराना हाम्रा सम्पदाहरू संरक्षणको अभावमा कतिपय लोप भइसके, कतिपय लोपोन्मुख अवस्थामा छन् भने धेरै सम्पदाहरू संरक्षण गरिरहेका छौँ। लोप भइसकेका सम्पदाहरूको अध्ययन, अनुसन्धान र उत्खनन गर्दै प्राचीन मौलिकतालाई ध्यान दिएर संरक्षण गर्दै आइरहेका छौँ। २०७२ सालको भूकम्पले सयौँ सम्पदाहरूलाई क्षति पुऱ्याए पनि हामीले यस ७ वर्षको अवधिमा विदेशी सहयोगबिना जस्ताको तस्तै पुन:निर्माण र जीर्णोद्धार गरिसकेका छौँ।

भक्तपुरको प्राचीन नगर एक सम्पदा सहर हो। यहाँको मौलिकता बचाई राख्न भक्तपुर नपाको ठूलो चुनौती हो। यहाँका मूर्त र अमूर्त सम्पदाहरूको संरक्षणका लागि भनपाले २०५० सालदेखि पर्यटन शुल्क उठाइ आएको हो। त्यही

शुल्कबाट भक्तपुरका सम्पदाहरूको संरक्षणसँगै शिक्षा, स्वास्थ्य, सरसफाइलगायतको क्षेत्रमा खर्च गर्दै आएको छ।

नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो। सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था छ। स्थानीय तह जनतासँग प्रत्यक्ष जोडिएको सरकार हो। भक्तपुर नगरपालिकामा शत प्रतिशत जनप्रनिधिहरू नेपाल मजदुर किसान पार्टीको तर्फबाट निर्वाचित भएका छौँ। नेपाल मजदुर किसान पार्टी वैज्ञानिक समाजवादमा विश्वास गर्ने पार्टी हो। यस पार्टीको नेतृत्व नेपालका वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले गर्दै आउनुभएको छ। देश र जनताको सेवा नै यस पार्टीको मुख्य उद्देश्य हो।

नारायणमान बिजुक्छेँले यस नगरको भविष्यको कल्पना गर्दै **'सय वर्षपछिको भक्तपुर'** नामक एक पुस्तक लेख्नुभयो। आजभन्दा २० वर्षअघि लेख्नुभएको उक्त पुस्तक नै अहिले भक्तपुर विकासको मार्गचित्र बनेको छ। हामी त्यसैलाई आधार मानेर काम गर्दैछौँ। पुस्तकमा शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइ, रोजगारी सबै दृष्टिले भक्तपुर *'विश्वकै एक आकर्षक नगर बन्ने'* उल्लेख गर्नुभएको छ।

नगरपालिकाले २ ओटा इन्जिनियरिङ कलेजसहित ७ ओटा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको छ। ती कलेजहरूले हरेक वर्ष विभिन्न विषयमा राष्ट्रिय सम्मेलन र २ वर्षको एकपटक अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्दै आएका छन्। आगामी अन्तर्राष्ट्रिय सम्मेलनमा यहाँहरूको विश्वविद्यालयहरूबाट पनि सहभागिताको अपेक्षा गर्दछौँ।



इतिहास र संस्कृतिको महत्त्वलाई ध्यानमा राखेर भक्तपुर नपाले ती विषयहरूमा अध्ययन गर्ने सम्पूर्ण नगरवासी विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्तिको व्यवस्था गर्दै आएको छ। यसले ती विषयहरूमा विद्यार्थीहरूको आकर्षण पनि बढ्दैछ। पुनः सबैलाई नगरपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दछौँ।

(त्रिभुवन विश्वविद्यालय नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभागको आयोजनामा अमूर्त संस्कृतिसम्बन्धी दुईदिने अन्तर्राष्ट्रिय सम्मेलन तथा प्रशान्त क्षेत्रका विश्वविद्यालयको साधारणसभामा पाल्नुभएका प्रतिनिधिमण्डल टोलीलाई मिति २०८१ असोज ७ गते भक्तपुर नगरपालिकामा स्वागत कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य।)

# दक्षिण कोरियाका चेओरन नगर प्रमुखलाई भक्तपुरमा स्वागत



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेपाल भ्रमणमा आउनुभएका दक्षिण कोरियाका चेओरन (Cheorwon) नगरपालिका प्रमुख लि ह्यु जोङलाई असोज १३ गते भक्तपुर नगरपालिकामा स्वागत गर्नुभयो।

खादा र भादगाउँले टोपी, परम्परागत थैलीले प्रमुख जोङसहितको टोलीलाई स्वागत गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुरको ऐतिहासिक र सांस्कृतिक पक्षबारे सङ्क्षिप्त परिचय दिनुभयो। नेपाल उत्तर र दक्षिण कोरिया एकीकरणको पक्षमा रहेको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले कोरियाली जनताको समृद्धिको लागि शुभकामना दिनुभयो।

भक्तपुर देशकै सानो नगर भए पनि सांस्कृतिक पुरातात्त्विक हिसाबले महत्त्वपूर्ण नगर भएको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माणमा उल्लेखनीय कार्य गर्दै आइरहेको बताउनुभयो।

विसं २०७४ र २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा भक्तपुर नगरपालिकाका लागि प्रमुख, उप प्रमुखसहित सम्पूर्ण सदस्यहरू नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरू विजयी भएको अवगत गराउनुहुँदै जनताको सेवा नै यस पार्टीको मुख्य उद्देश्य रहेको बताउनुभयो। उच्च शिक्षा अध्ययन, वैदेशिक रोजगारीको लागि धेरै नेपालीहरू कोरिया पुगेको बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले आत्मनिर्भर भएर बाँच्ने प्रयास गरिरहेको बताउनुभयो।

भक्तपुर नपाले यहाँका मूर्त र अमूर्त सम्पदा संरक्षणलाई प्राथमिकता दिएर काम गरिरहेको बताउनुहुँदै विदेशी पर्यटकहरूसँग नगर प्रवेश शुल्कको व्यवस्था पनि गरिरहेको जानकारी दिनुभयो।

दक्षिण कोरियाका चेओरन नगर प्रमुख **लि ह्यु जोङ**ले विविधतायुक्त सांस्कृतिक नगरी भक्तपुरको भ्रमण गर्न पाउँदा आफू र आफ्नो टोली हर्षित भएको बताउनुहुँदै भक्तपुरको हस्तकला निकै राम्रो भएको र भक्तपुरको हस्तकलाबाट कोरियाले पनि सिक्न चाहेको बताउनुभयो।

सांस्कृतिक सम्पदा संरक्षणमा भक्तपुर नपाले गरेको कामको प्रशंसा गर्नुहुँदै प्रमुख जोङले कोरिया र भक्तपुरबिच सांस्कृतिक आदानप्रदानको लागि इच्छुक भएको बताउनुभयो। उहाँले कोरियाली एकीकरणको लागि चासो व्यक्त गर्नुभएकोमा धन्यवादज्ञापन पनि गर्नुभयो।

दुई नगर प्रमुखबिच भएको उक्त भेटमा दक्षिण कोरियाका चेओरन नगरपालिकाका उपप्रमुख वाङसहित लि हे जोङ, लि इन सिओङ, लिम ताइ सियोक, डा. याङलगायतको उपस्थिति रहेको थियो। उहाँहरूबिच उपहार आदानप्रदान पनि भएको थियो।

# संक्षेपमा

## "दोस्रो भक्तपुर ग्रासरुट्स डे"



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर फुटबल क्लबको वार्षिक कार्यक्रमअन्तर्गत भएको 'दोस्रो भक्तपुर ग्रासरुट्स डे' फुटबल फेस्टिभल कार्यक्रमको भदौ २९ उद्घाटन गर्नुभयो ।

## छग देगमा गजुर प्रतिस्थापन



वडा नं. ४ स्थित मंगल तिर्थमा रहेको छग देग मन्दिरको पुन:निर्माण पछि असोज २ गते गजुर प्रतिस्थापन गरियो ।

## पुलुकिसी जात्रा सम्पन्न

भक्तपुरमा हरेक वर्ष जन्या पुहिनको अवसरमा मनाइने पुलुकिसी जात्रा गएको असोज ६ गते उल्लासकासाथ मनाइयो ।









## प्रशिक्षक प्रशिक्षण तालिम






भक्तपुर नगरपालिकाको आयोजनामा सामुदायिक तथा विद्यालयका शिक्षकहरूको प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रम उपप्रमुख रजनी जोशीले असोज १० गते एक कार्यक्रमबिच उद्घाटन गर्नुभयो ।




# विविध समाचार

## वर्गशत्रुले अनेक षड्यन्त्र गरेर फसाउन सक्ने

मध्यपुरमा भदौ १९ गते भक्तपुर काण्डको भर्त्सना गर्दै प्रवचन कार्यक्रम भयो ।




उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य **सुनिल प्रजापति**ले लेनिनवादी नीतिअनुसार नेमकिपाले प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घ संस्थामा गएर जनताको सेवा गरेको बताउनुभयो ।

तत्कालीन भक्तपुर नगर पञ्चायतले कक्षा ७ सम्म नि:शुल्क पढाउने व्यवस्था गरेको, नगर पञ्चायतको 'पञ्चायत' मासिक पत्रिकामा मार्क्स र लेनिनको जीवनी प्रकाशित गरेको स्मरण गर्नुहुँदै उहाँले शत्रुले कुनै पनि बेला अनेक षड्यन्त्र गरेर फसाउन सक्ने हुँदा हरबखत सचेत रहनुपर्छ भन्नुभयो ।

भक्तपुर काण्डको बेला पृथ्वीनारायण शाहले उपत्यका विजय गरेको बेलामा भन्दा अत्याचार गरेको उल्लेख गर्नुहुँदै उहाँले नेमकिपाले शत्रुसामु नझुकी दमनको विरोध गरेको बताउनुभयो ।

नेमकिपाको योगदानले भक्तपुरको शैक्षिक स्तरमा उल्लेख्य परिवर्तन आएको चर्चा गर्नुहुँदै उहाँले ख्वप विश्वविद्यालय स्थापनामा भक्तपुर नगरपालिका लागिरहेको स्पष्ट पार्नुभयो ।

इन्जिनियर र नर्स तयार गर्दै सम्पदा संरक्षण र सरसफाइ गरेर भनपा अन्य स्थानीय तहको लागि अनुसन्धान गर्ने थलोको रूपमा विकास भइरहेको स्पष्ट पार्नुहुँदै उहाँले कार्यकर्ताहरू पार्टीको निर्देशनअनुसार आ-आफ्नो स्थानबाट जनताको सेवामा जुट्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा **सूर्यराम श्रेष्ठ**ले अग्रज नेता तथा

कार्यकर्ताहरूको सङ्घर्षको स्मरण गर्नुहुँदै युवा-विद्यार्थी कार्यकर्ताहरू राज्यको बेथितिविरुद्ध सक्रियतापूर्वक लाग्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

जनमतसङ्ग्रहको बेला देशका सबै वामपन्थीहरू बहुदलको पक्षमा लागेका भए उसबेलै पञ्चायती व्यवस्था अन्त्य हुने विचार व्यक्त गर्नुहुँदै उहाँले भक्तपुर काण्डपछि पञ्चायतविरुद्धको राष्ट्रिय संयुक्त आन्दोलन आरम्भ भएको विचार व्यक्त गर्नुभयो ।

मध्यपुर थिमि नपा वडा नं. ८ का वडाध्यक्ष **रमेश थापा श्रेष्ठ**ले जस्तोसुकै प्रतिकूल परिस्थितिमा पनि जनसेवामा लाग्नुपर्ने प्रेरणा भक्तपुर काण्डले दिएको विचार व्यक्त गर्नुभयो ।

राज्यको नीतिविपरीत सुनियोजितरूपमा पक्षपातपूर्ण ढङ्गले राहत वितरण गरेको प्रसङ्ग उल्लेख गर्नुहुँदै उहाँले नेमकिपालाई समूल नष्ट गर्न राज्यले नै षड्यन्त्र गरेको बताउनुभयो ।

कार्यक्रममा **रमेश वैद्य** र **वीरकृष्ण प्रजापति**ले पनि भक्तपुर काण्डबारे बोल्नुभएको थियो ।

## भक्तपुर काण्डको स्मरणमा प्रवचन



बासु माध्यमिक विद्यालयको आयोजनामा भदौ २१ गते कार्यरत शिक्षक शिक्षिकाहरूबिच २०४५ सालको भक्तपुर काण्डको स्मरणमा प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेपालमा पञ्चायती व्यवस्था अन्त्य हुनुमा भक्तपुर काण्डको पनि महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्ने ढङ्गले राज्यस्तरबाट षड्यन्त्र गरी भक्तपुर काण्ड रचिएको प्रष्ट पार्नुहुँदै उहाँले नयाँ पुस्तालाई राजनैतिक र सैद्धान्तिक रूपले सचेत पार्न सके मात्र यस्ता षड्यन्त्रबाट सजग हुनेछन् भन्नुभयो ।

भक्तपुर काण्डमा नेमकिपा नेता कार्यकर्ताहरूमाथि निकै बर्बर दमन गरेको स्मरण गर्दै उहाँले जस्तोसुकै अनुकूल परिस्थितिमा पनि नेमकिपाले आफ्नो सिद्धान्त र विचारमा अडिग रही जनताको सेवा गर्दै आइरहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष **गणेशराम थुसा**ले राज्यस्तरबाट रचिएको षड्यन्त्र अन्ततः असफल सावित भएको बताउनुहुँदै नेमकिपाले सधैँ अन्याय र अत्याचारको विरोध गर्दै आएको बताउनुभयो ।

शिक्षकहरूले नयाँ पुस्तालाई यस्ता षड्यन्त्रबारे सुसूचित गर्दै षड्यन्त्रको विरोध गर्न सिकाउनुपर्नेमा जोड दिनुहुँदै भक्तपुर काण्डले भक्तपुरको शैक्षिक क्षेत्रमा नराम्रो असर पारेको बताउनुभयो ।

विद्यालयका प्रअ **रविलाल प्रधान**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा सहायक प्रअ **राजकुमार ह्यौँमिखा**ले भक्तपुर काण्डबारे आफ्नो अनुभव सुनाउनुभयो ।

कार्यक्रममा शिक्षक प्रतिनिधि **विष्णुप्रसाद दुमरु** र शिक्षिका **सुनिता घट्टुवा**ले नयाँ पुस्तालाई भक्तपुर काण्डबारे सुसूचित गराउने उद्देश्यले प्रवचन कार्यक्रमको आयोजना गरिएको बताउनुभयो ।

## इसानको आयोजनामा फुटसल प्रतियोगिता



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले खेलका माध्यमबाट खेलाडीहरूले राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा उत्कृष्ट खेल प्रदर्शन गरी देशको गरिमालाई उँचो बनाएको बताउनुभयो ।

संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) जिल्ला समितिको आयोजना राष्ट्रिय बाल दिवसको अवसरमा भदौ २५, २६ र २७ गते सम्म सञ्चालन हुने जुनियर फुटसल प्रतियोगिताको भदौ २५ गते उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले विद्यार्थी जीवनमा गरेको मिहिनेतले विद्यार्थीको भविष्य उज्ज्वल बनाउने धारणा राख्नुभयो ।

प्रमुख प्रजापतिले कुनै पनि काम सानो ठूलो नहुने बताउनुहुँदै श्रमलाई माया गर्नुपर्छ भन्नुभयो ।

कठिन मिहिनेत र परिश्रमले विद्यार्थीलाई सफल बनाउने बताउनुहुँदै उहाँले खेलकुद गतिविधिलाई निरन्तरता दिन सके शारीरिक र मानसिक रूपले स्वस्थ र तन्दुरुस्त रहन मद्दत पुग्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले खेलकुद प्रतियोगितालाई चालु राखेको बताउनुहुँदै सरकारको भर नपरी भक्तपुर नपाले आफ्नै स्रोत साधनले खेलकुद क्षेत्रको विकासमा विशेष पहल गर्दै आइरहेको बताउनुभयो ।

इसानका केन्द्रीय अध्यक्ष **प्रेमजन थापा**ले विद्यार्थीहरूको बौद्धिक र मानसिक विकास सँगसँगै शारीरिक विकासको लागि पनि खेलकुदले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै इसानले विद्यार्थीहरूको समग्र विकासको लागि अतिरिक्त क्रियाकलापलाई जोड दिँदै आएको बताउनुभयो ।

इसान जिल्ला समितिका अध्यक्ष **कृष्णाराम त्वानाबासु**ले इसान आबद्ध विद्यालयका विद्यार्थीहरूको अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्न प्रतियोगिता आयोजना गरेको बताउनुहुँदै विद्यार्थीहरूले जित्ने र सिक्ने भावनाले खेलकुद प्रतियोगितामा भाग लिन प्रेरित गर्नुभयो ।

उक्त कार्यक्रममा सूर्यदिप इ. स्कूलका प्रधानाध्यापक **लक्ष्मीप्रसाद प्रजापति**ले पनि बोल्नुभएको थियो

प्रमुख प्रजापतिले प्रतियोगिता सफलतापूर्वक सम्पन्न गर्न शुभकामना दिनुहुँदै रेफ्रिलाई बल हस्तान्तरण गर्नुभएको थियो ।

## च्वङा गणेशस्थानमा वृक्षारोपण




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय, भक्तपुर र च्वङा गणेशस्थान विकास संस्थाको संयुक्त आयोजनामा भनपा-१ स्थित च्वङा गणेशस्थानमा वृक्षारोपण कार्यक्रम असोज ४ गते सम्पन्न भयो ।

संविधान दिवसको अवसरमा आयोजित कार्यक्रममा प्रमुख अतिथि **सुनिल प्रजापति**ले सल्लाघारी पहिलेदेखिनै सांस्कतिक महत्त्वको ठाउँ भएको चर्चा गर्नुहुँदै सो क्षेत्र नेपाली सेनाको नाउँमा भएतापनि जनताले उपभोग र संरक्षण गर्दै आइरहेको बताउनुभयो । 'वातावरण जीवन हो, अक्सीजनबिना मानिसको जीवन असम्भव छ' भन्नुहुँदै उहाँले भक्तपुर नगरपालिकाले नेपाल सरकारसँग सो क्षेत्रको सिमाङ्कन र संरक्षणबारे पटक पटक छलफल गरी कार्य अगाडि बढाइरहेको जानकारी दिनुभयो ।

असोज ३ गते भक्तपुर नपाद्वारा सञ्चालित ख्वप कलेज अफ लसमेतका शैक्षिक संस्थाहरूले *'संविधान कार्यान्वियन र संशोधनको प्रश्न'* विषयक प्रवचन कार्यक्रम ख्वप ई. कलेजमा सम्पन्न गरेको जानकारी पनि सो अवसरमा दिनुभयो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी **रोशनी कुमारी श्रेष्ठ**ले संविधान दिवसको अवसरमा मिति २०८१ असोज २, ३ र ४ गते गरी तीन दिनसम्म कार्यक्रम गर्ने सिलसिलामा वृक्षारोपण कार्यक्रम आयोजना भएकोमा खुशी व्यक्त गर्नुभयो । उहाँले भक्तपुर नगरमा जग्गाको अभावमा वृक्षारोपण गर्ने ठाउँको कमी भएको बताउनुभयो ।

कार्यक्रममा भनपा १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री** र च्वङा गणेश विकास समितिका अध्यक्ष **लक्ष्मीनारायण खत्री**ले पनि बोल्नुभएको थियो ।

प्रमुख अतिथि र विशेष अतिथिलगायतका प्रतिनिधिहरूले विभिन्न जातका वृक्षहरू रोप्नु भएको थियो । केही समय अघि मात्रै सल्लाघारीमा रहेका धेरै वर्ष पुराना रुखहरूले मानिसको लागि खतरा देखिएको हुँदा भनपा, जिल्ला प्रशासन, वन कार्यालय, नेपाली सेना लगायतबिच समन्वयमा ती रुखहरू काट्न लगाइका थिए । अहिले ती ठाउँहरूमा वृक्षारोपण गरिएको हो ।

## लागू औषध ओसार प्रसार तथा दुर्व्यसन नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा जिल्ला प्रहरी परिसर, भक्तपुर र सरोकारवाला निकायको सहभागितामा लागू औषध ओसार पसार तथा दुर्व्यसन नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम भनपा–५ टौमढी क्षेत्रमा असोज ६ गते सम्पन्न भयो।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि **सुनिल प्रजापति**ले लागू पदार्थले मानिसको मानसिक र शारीरिक स्वास्थ्यमा नकारात्मक असर पार्ने भएकोले यसको कुलतबाट जोगाउन युवा पुस्तालाई विभिन्न गतिविधिहरूमा लाग्न सुझाव दिनुभयो। उहाँले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य सँगसँगै संस्कृति संरक्षणलाई महत्त्व दिँदै विभिन्न कार्यक्रमहरू गर्दै आएको जानकारी दिनुहुँदै भक्तपुरलाई जीवन्त सहर बनाउन सबैले आ–आफ्नो क्षेत्रबाट योगदान गर्न सुझाव दिनुभयो।

कार्यक्रमका सभापति एवं प्रमुख जिल्ला अधिकारी **रोशनी कुमारी श्रेष्ठ**ले लागू औषध ओसार पसार तथा दुर्व्यसन नियन्त्रणको लागि आयोजना गरिएको जनचेतनामूलक कार्यक्रमले भक्तपुरवासीलाई सकारात्मक सन्देश दिनेमा आशा व्यक्त गर्नुभयो।




उक्त कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले भक्तपुर जिल्लास्तरीय अन्तर विद्यालय कविता लेखन प्रतियोगितामा कविता वाचनका लागि छानिएका उत्कृष्ट १० जना विद्यार्थीहरूमध्ये मेरिगोल्ड ई.से. स्कुलका **आन्भी पाण्डे** प्रथम, मेरिगोल्ड ई.से. स्कुलकै **आशुतोष पोखरेल** द्वितीय, राजर्शी गुरुकुलका **प्रनिसा खड्का** तृतीय र गणेश मावि, सूर्यविनायकका **संजिता थापामगर** सान्त्वना स्थान प्राप्त गर्न सफल विद्यार्थीहरूलाई नगद पुरस्कार, प्रशंसा पत्रका साथै अन्य उपहार प्रदान गर्नुभएको थियो।

कार्यक्रममा प्रहरी निरीक्षक **सानु श्रेष्ठ**ले लागू औषध न्यूनीकरण मुख्य उद्देश्य रहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर जिल्लाका सुरक्षा निकायका प्रमुखहरू, भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँ, भनपाका प्रमुख प्रशासकीय अधिकृत बसन्त भट्टराई, पत्रकार महासङ्घका अध्यक्ष जगत प्रजापतिलगायत कविता प्रतियोगिताका मूल्याङ्कनकर्ताहरू उदयराज निरौला, वीरेन्द्र नेपाल र देवीप्रसाद दाहालको उपस्थिति रहेको थियो।

## मनसुनी विपद्को कहर

मनसुन बाहिरिने समयमा भएको अविरल वर्षापछि बाढी र पहिरोका कारण मृत्यु हुनेको सङ्ख्या २३६ जना पुगेको बताइएको छ। यो सङ्ख्या अझ बढ्ने बताइएको छ।

मृत्यु हुनेमा काभ्रे र काठमाडौँ उपत्यकामा मात्रै छ दर्जनभन्दा बढी छन्। अझै १९ बेपत्ता र १ सय ५८ घाइते रहेको तथा ४ हजार ३३१ जनाको उद्धार गरिएको सरकारले जनाएको छ।

विपद्को घटनाबाट काभ्रेपलाञ्चोक, ललितपुर, धादिङ, काठमाडौँ, सिन्धुपाल्चोक, सिन्धुली, मकवानपुर र भक्तपुरसहित २१ जिल्ला बढी प्रभावित भएका छन्।

असोज ११ र १२ गतेको अविरल वर्षापछि पहिरोमा परेर धादिङको धुनिबेसी नगरपालिका वडा नम्बर ९ स्थित झ्याप्ले खोलामा पहिरोले पुरिएका सवारी साधनबाट मात्रै ३५ जनाको शव झिकिएको छ।

सरकारले बाढी पहिरोबाट १७ अर्बभन्दा बढीको भौतिक क्षति भएको जनाएको छ

काठमाडौँ उपत्यकामा वर्षा मापन हुन थालेयताको ६ दशकमा सबैभन्दा धेरै वर्षा शनिबार रेकर्ड भएको छ। बिहीबार रातिदेखि अविरल वर्षा भइरहेकामा शुक्रबार बिहान ८:४५ देखि शनिबार बिहान ८:४५ सम्म भने अत्यधिक वर्षा मापन भएको हो।

२४ घण्टामा ललितपुरको चापागाउँमा ३२३ मिलिमिटर, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा २३९.७ मिमि, काठमाडौंको पानीपोखरीमा २२५.२ मिमि, खोकनामा २९७.३ मिमि, नैकापमा २४५ मिमि, नागार्जुनमा २०५.४ मिमि, नङखेलमा १९४.५ मिमि, बुढानीलकण्ठमा १८७.३ मिमि, जितपुरफेदीमा १७८.३ मिमि मापन भएको छ।

## विजया दशमी र शुभ दीपावलीको शुभकामना आदानप्रदान



भक्तपुर नगरपालिका कर्मचारी एशोसिएसन भक्तपुरको आयोजनामा विजया दशमी तथा शुभ दीपावलीको अवसरमा असोज १५ गते भक्तपुर नगरपालिकाका कर्मचारीहरूबिच शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**ले डुबान र पहिरोका कारण प्रभावित क्षेत्रहरूमा महामारी फैलने खतरा बढेको बताउनुहुँदै प्राकृतिक विपद्पछि महामारीको लागि सचेत हुनुपर्ने बताउनुभयो ।

काठमाडौँ केन्द्रित विकासले देशको सन्तुलित विकास नभएको बताउनुहुँदै उहाँले खानेपानीको समस्या, फोहोरमैला, सडकजाम, महँगी आदि समस्या समाधानका लागि राजधानी दाङमा सार्न जोड दिनुभयो ।

राजधानी दाङमा सारेसँगै पश्चिम नेपालको पनि विकास हुने बताउनुहुँदै उहाँले कमजोर संरचना बनाएका ठेकेदारहरूलाई कारबाही गर्नुपर्ने र भुक्तानी रोक्का गर्नुपर्ने बताउनुभयो ।

देशको अर्थतन्त्र धरासायी भएकोले कर्मचारीहरूको तलब सुविधा दिन पनि सरकार विदेशीको भर पर्नुपर्ने अवस्था आएको बताउनुहुँदै उहाँले कर्मचारीहरूले आफ्नो सैद्धान्तिक स्तर उकास्न अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो ।

नेपालमा वैदेशिक हस्तक्षेपको प्रभावबारे प्रष्ट पार्नुहुँदै सांसद सुवालले शासकहरू जनताप्रति उत्तरदायी नहुँदा जनताले दुःख पाएका छन् भन्नुभयो ।

कर्मचारीहरू बौद्धिक मजदुर भएकोले खानपानमा ध्यान दिनुपर्ने भन्नुहुँदै उहाँले स्वस्थ रहन शारीरिक परिश्रम र उचित खानपानमा ध्यान दिनुपर्ने बताउनुभयो । गुणस्तरहीन प्याकेटका पत्रु खानाबाट टाढा रहनुपर्ने बताउनुहुँदै उहाँले प्राकृतिक पौष्टिक तत्त्वयुक्त खानेकुरामा जोड दिनुपर्छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले कर्मचारीहरूले आफूलाई जनताको सेवकको रूपमा मनन गरी सेवा गर्नुपर्ने बताउनुहुँदै दशैं बिदाको समयलाई रचनात्मक बनाउन र कुलतबाट आफूलाई टाढा राख्न प्रेरित गर्नुभयो ।

कर्मचारीले व्यक्तिगत हितमा भन्दा पनि संस्थाको हितलाई प्राथमिकता दिई काम गर्नुपर्ने बताउनुहुँदै आफूलाई दिइएको जिम्मेवारी पूरा गर्ने मान्छे भविष्यमा सफल हुन्छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीको संयुक्त प्रयासले भक्तपुरमा उदाहरणीय कार्य गर्न सम्भव भएको बताउनुहुँदै उहाँले सिङ्गो नगरपालिकालाई सभ्य र सुसंस्कृत बनाउन इमानदारीपूर्वका काम गर्नुपर्ने बताउनुभयो ।

उहाँले कर्मचारीहरूले प्रगतिशील हुँदै भविष्यको निम्ति सोचेर अगाडि बढ्नु आवश्यक भएको बताउनुहुँदै भक्तपुर नपा विश्वविद्यालय सञ्चालन गर्न सक्षम रहेको बताउनुभयो ।

उपप्रमुख **रजनी जोशी**ले जात्रा पर्वहरू मनाउँदा सांस्कृतिक पक्षलाई पनि ध्यान दिनुपर्ने बताउनुभयो । भक्तपुर नपाले पाक्षिक सरसफाइलाई पुनःनिरन्तरता दिँदै नगरका विभिन्न ठाउँहरूमा सरसफाइ कार्यक्रमहरू आयोजना गर्दै आएको बताउनुहुँदै कर्मचारीहरूले सेवाग्राहीहरूलाई शिष्ट र नम्र व्यवहारका साथ सेवा प्रवाह गर्न प्रेरित गर्नुभयो ।

चाडपर्वहरूलाई धेरै तडकभडकका साथ नमनाउन आग्रह गर्नुहुँदै उपप्रमुख जोशीले नगरपालिका जनताको सेवामुखी संस्था भएकोले नजिकिँदै गरेको चाडपर्वमा नगरको विकास र नगरवासीहरूको सेवा तथा विभिन्न कामकारबाहीबारे पनि छलफल गर्नुपर्ने धारणा राख्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले कर्मचारीहरू राष्ट्रको सेवामा दत्तचित्त भई अगाडि बढ्न मार्गनिर्देश गर्नुहुँदै कर्मचारीहरू पनि सामाजिक प्राणी भएको र जुनसुकै समय जनताको सेवाको निम्ति खटिन तत्पर रहनुपर्ने बताउनुभयो ।

कर्मचारीको प्रोत्साहन, वृत्तिविकास आदि मौजुदा कानुनअनुसार हुँदै जाने बताउनुहुँदै उहाँले कर्मचारीहरूले प्रवाह गर्ने सेवा सुविधा प्रभावकारी हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका कर्मचारी एशोसिएसनका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले सरकारको सफलता कर्मचारीहरूको सक्षमतामा निर्भर हुने हुँदा कर्मचारीहरूले उदाहरणीय ढङ्गले काम गर्न सके देश नै लाभान्वित हुने बताउनुभयो ।

उक्त कार्यक्रममा एशोसिएनका विकास प्रजापति, विद्यालक्ष्मी प्रजापति र रामकृष्ण प्रजापतिले दशैं बिदाको समयलाई सदुपयोग गर्नुपर्ने र पठन संस्कृतिको विकास गरी आफ्नो सैद्धान्तिक स्तर उकास्नतर्फ कर्मचारीहरूले ध्यान दिनुपर्ने बताउनुभयो ।

## चालीस सहकारीबाट ८७ अर्ब ८९ करोड अपचलन

सहकारी समस्या समाधानको लागि गठित छ ओटा कार्यदलको सुझावसहितको प्रतिवेदन कार्यान्वयन नभए पनि सातौँ प्रतिवेदन हालै प्रस्तुत भएकोछ । २०७० सालमा गठित जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले त्यसवेला दिइएका सुझाव कार्यान्वयन गरिएको भए अहिलेको समस्या आउने थिएन भनेका छन् ।

देशभर ३५७ सहकारीका कारिब १४ लाख बचतकर्ताको दुई खर्ब ७५ अर्ब रकम जोखिममा परेको बताइएको छ ।

यस अघि २०६१ सालमा दुईओटा, २०६९ सालमा दुईओटा, २०७० र २०८० सालमा एक एक ओटा समिति, आयोग र कार्यदल गठन भएका थिए । तर, सहकारी समस्या विकराल बनेको सर्वत्र अनुभव गरिएको छ ।

सहकारी संस्था बचत दुरूपयोगसम्बन्धी संसदीय छानबिन विशेष समितिको प्रतिवेदन सार्वजनिक भएको छ । प्रतिनिधिसभामा ३१ भदौमा पेस भएको ११ सय २४ पृष्ठको प्रतिवेदन संसद् सचिवालयले प्रतिनिधिसभाको वेबसाइटमार्फत सार्वजनिक गरेको हो । मन्त्रिपरिषद् बैठकले प्रतिवेदन कार्यान्वयनमा लैजाने निर्णय गरिसकेको छ ।

विशेष संसदीय छानबिन समितिले तयार गरेको प्रतिवेदनअनुसार २२ ओटा समस्याग्रस्त र सार्वजनिक रूपमा प्रश्न उठेका १८ गरी ४० सहकारीमा ७१ अर्ब ३० करोडको बचत रकमसहित ८७ अर्ब ८९ करोड अपचलन भएको छ ।

## ठगी गरेर फरार २९ सहकारी सञ्चालक

### सूर्यदर्शन सहकारी

१. गितेन्द्रबाबु (जिबी) राई (मलेसिया)
२. ज्ञानबहादुर बम्जन (अमेरिका)
३. थानबहादुर बुढामगर (अज्ञात)
४. भूपेन्द्र राई (अज्ञात)
५. बुद्धि गुरुङ

### सुमेरू सहकारी

१. भरत महर्जन (बेलायत)
२. राजमाया महर्जन (बेलायत)
३. सचिन महर्जन (बेलायत)
४. सरला महर्जन (बेलायत)
५. निमित्तराज श्रेष्ठ (बेलायत)

### शिव शिखर सहकारी

१. तेजबहादुर बम्जन (तामाङ) (भारत/युरोप रहेको आशङ्का)
२. लीलानाथ गौतम (अज्ञात)

### इमेज सहकारी

१. छेला नेपाली (भारत)
२. दीपक पौडेल (भारत)

### सानोपाइला सहकारी

१. तस्बिरन खातुन (अज्ञात)
२. असरफ अली (अज्ञात)
३. राधेचन्द्र यादव

### सहारा सहकारी

१. सागर केसी
२. दिनेश रोका (अज्ञात)
३. हेमन्त अधिकारी (अज्ञात)

### अन्य सहकारी

१. विष्णुप्रसाद रिमाल (नमस्ते) (अज्ञात)
२. महाशंकर रेग्मी (मेघा ड्रिम) (अज्ञात)
३. प्रेमध्वज लामा (कान्तिपुर सेभिङ) (अज्ञात)
४. राजेश श्रेष्ठ (स्ट्यान्डर्ड मल्टिप्रपोज) (फरार)
५. खुसचन्द्र श्रेष्ठ (प्रभु सेभिङ) (फरार)
६. ज्योति गुरुङ (मितेरी) (फरार)
७. दीपक थापा (आर्जन)
८. दिनेश पौडेल (क्यापिटल)

(नयाँ पत्रिका र न्युजअफनेपालबाट)

## कामीरिता शेर्पाको कीर्तिमान

कीर्तिमानी तथा प्रख्यात आरोही गाइड कामीरिता शेर्पाले आरोहणको इतिहासमा नयाँ रेकर्ड कायम गरेका छन् । गएको जेठ ९ गते बिहान शेर्पाले सर्वोच्च शिखर सगरमाथा (८,८४८.८६) मिटरको ३० औँ पटक आरोहण गरेका थिए ।

विक्रम संवत् २०३९ (१२ वर्षको उमेर) देखि हिमाल आरोहण क्षेत्रमा काम गर्दै आएका सोलुखुम्बुको थामेका कामीरिताले पहिलो पटक २०५१ सालको वसन्तकालीन याममा सगरमाथा आरोहण गरेका थिए ।

सोलुखुम्बु थामेका ५४ वर्षीया कामी रिता सगरमाथाको सबैभन्दा धेरै पटक आरोहण गरेर कीर्तिमान बनाउने संसारका एक मात्र शेर्पा गाइड तथा पर्वतारोही हुन् । उनले विश्वका आठ हजार मिटरभन्दा अग्ला सगरमाथासहित ४४ पटक सफल आरोहण गरी सबैभन्दा बढी आरोहण गरेको कीर्तिमान पनि छ ।

यसअघि उनले ५ वर्ष एकै सिजनमा दुईपटक सगरमाथा




आरोहण गरिसकेका छन् । एकै सिजनमा दुई पटकको आरोहणअन्तर्गत यो उनको छैटौं आरोहण हो ।

## श्रीलंकामा वामपन्थी राष्ट्रपति



श्रीलंकाको नवनिर्वाचित राष्ट्रपति वामपन्थी नेता अनुरा कुमारा दिसानायकेले असोज ७ गते नवौं राष्ट्रपतिको पद तथा गोपनीयताको शपथ लिएका छन् । ५५ वर्षीय दिसानायाके नेशनल पिपुल्स पावर (एनपीपी) गठबन्धनका प्रमुखसमेत रहेका छन् ।

श्रीलंकाको इतिहासमा कुनै पनि उम्मेदवारले चुनाव जित्न आवश्यक पर्ने ५० प्रतिशतभन्दा बढी मत नपाएको यो पहिलो पटक हो, जसका कारण दोस्रो चरणको मतगणना गरिएको हो । विपक्षी नेता साजिथ प्रेमदासा दोस्रो र निवर्तमान राष्ट्रपति रनिल विक्रमासिंघे तेस्रो भएका थिए ।

राष्ट्रपतीय निर्वाचनमा ३८ जना उम्मेदवार चुनावी मैदानमा थिए ।

दिसानायकेले आफूलाई मजदुरको आवाज उठाउने नेताको रूपमा व्याख्या गर्छन् । चुनावी अभियानमा उनले भ्रष्टाचार विरुद्ध कडा कदम चाल्ने र सुशासन दिने वाचा गरेका थिए ।

श्रीलंकन विश्लेषकहरू यदि ठूला माछालाई जेलमा हाल्न सकेनन् भने उनलाई समस्या हुनसक्ने बताउँछन् ।

श्रीलंकामा १ करोड ७० लाख मतदाता छन् र देशको निर्वाचन आयोगले यो इतिहासकै सबैभन्दा शान्तिपूर्ण निर्वाचन भएको बताएको छ ।

कोलम्बोबाट करिब १७७ किलोमिटर टाढा थम्बुथेगामा भन्ने स्थानमा ग्रामीण मध्यम वर्गीय परिवारमा जन्मिएका दिशानायकेले विज्ञान विषयमा डिग्री हासिल गरेका छन् । उनी स्कुले जीवनबाट जेभीपी (जनता विमुक्ति पेरामुना) मा आबद्ध भएका थिए ।

जेभीपीले १९७१ र १९८० को दशकको अन्त्यमा श्रीलंकामा हिंसात्मक विद्रोह गरेको थियो । १९८८–१९८९ मा राष्ट्रपति जेआर जयवर्धने र आर प्रेमदासाको शासन सत्ता ढाल्न भन्दै गरेको विद्रोह श्रीलंकाको इतिहासमा सबभन्दा रक्तपातयुक्त थियो ।

सन् १९४८ मा स्वतन्त्र भएयता युनाइटेड नेशनल पार्टी (यूएनपी) र श्रीलंका फ्रिडम पार्टी (एसएलएफपी), उनीहरूले नेतृत्व गरेको गठबन्धनको वरिपरि घुमेको शासन सत्ता यस चुनावले दिशानायकेलाई सुम्पिएको छ ।

## गाजाका बालबालिकाका लागि शान्ति नै अन्तिम "भ्याक्सिन" हो

– ली जुन



इजरायल–प्यालेस्टिन द्वन्द्वको ११ औँ महिनामा पुग्दा बालबालिकाहरू सबैभन्दा बढी पीडित छन् । हालैको पोलियो प्रकोपले १० वर्षमुनिका ६४००० बालबालिकाको लागि आपत्कालीन खोप अभियान सुरु गरेको छ र गाजाको सबैभन्दा जोखिममा परेकाहरूका लागि पहिले नै डरलाग्दो सङ्कटलाई थप जटिल बनाउँदै छ ।

भ्याक्सिनहरूले रोगहरूविरुद्ध अस्थायी सुरक्षा प्रदान गर्न सक्ने भए तापनि यी बालबालिकाहरूलाई स्वास्थ्य, सुरक्षा र मर्यादाको भविष्यको ग्यारेन्टी गर्ने एकमात्र समाधान भनेको शान्ति हो ।

गाजाका बालबालिकाहरू यस क्रूर द्वन्द्वका सबैभन्दा निर्दोष सिकारहरूमध्येका हुन् । खाद्यान्न, सफा पानी र आधारभूत स्वास्थ्य सेवाको अभावले उनीहरूको अस्तित्वलाई गम्भीररूपमा खतरामा पारेको छ ।

संयुक्त राष्ट्रसङ्घले गत जुलाईमा गाजामा भोकमरी फैलिएको चेतावनी दिएको थियो । अनगिन्ती परिवारहरूको लागि, भोकमरीको सम्भावना अब टाढाको खतरा होइन तर डरलाग्दो वास्तविकता हो । भोक धेरै खतराहरूमध्ये एकमात्र हो । गाजाको सरसफाइ पूर्वाधार भग्नावशेषमा छ, यसका ७० प्रतिशत ढल पम्पहरू नष्ट भएका छन् । फोहोर पानी प्रशोधन सुविधाहरू हराएका छन् र सफा पानी प्रणालीको विध्वंसले गाजाको नाजुक सार्वजनिक स्वास्थ्य प्रणालीलाई सिमान्तसम्म धकेलेको छ ।

विश्वका अधिकांश भागमा उन्मूलन भएको रोग पोलियोको २५ वर्षपछि पुनरुत्थान गाजाका बालबालिकाहरू सहन बाध्य भएका विपत्तिजनक अवस्थाहरूको निन्दनीय अवस्था हो ।

गाजाका युवाहरूको लागि विस्थापन अर्को गम्भीर वास्तविकता हो । द्वन्द्व सुरु भएदेखि, संयुक्त राष्ट्रसङ्घका अनुसार १९ लाख मानिस विस्थापित भएका छन्, जसमध्ये झन्डै आधा बालबालिका छन् ।

कब्जा गरिएको प्यालेस्टिन क्षेत्रका लागि संयुक्त राष्ट्र सङ्घीय मानवीय संयोजक मुहन्नाद हादीले भर्खरै अवलोकन गरेअनुसार, नागरिकहरूलाई सुरक्षित राख्नको लागि निकासी आदेशहरूले प्रायः उल्टो प्राप्त गर्दछ, परिवारहरूलाई भिडभाड, असुरक्षित क्षेत्रमा थोरै सेवा र निरन्तर खतरामा लैजान्छ । गाजाका बालबालिकाका लागि विस्थापन अस्थायी परीक्षा होइन; यो एक स्थिर अवस्था हो ।

भोक, कुपोषण र रोगहरू पर्याप्त विनाशकारी छन्, हिंसाको भूत अझ ठूलो छ । हवाई हमला, विस्फोट र बन्दुकधारी लडाकुहरू गाजाका बच्चाहरूको लागि दैनिक जीवनको डरलाग्दो ध्वनि प्रवृत्ति बनेको छ । ११ महिनाको निरन्तर युद्धपछि, गाजाको धेरैजसो भाग भग्नावशेषमा परिणत भएको छ, जसले आफ्ना बच्चाहरूलाई सुरक्षाको भावनाबिना नै संसारमा रुमलिन छोडेको छ ।

मृतकको तथ्याङ्क अचम्मलाग्दो गरी बढ्दो छ । प्यालेस्टिनी अधिकारीहरूका अनुसार यस द्वन्द्वमा ४१,००० भन्दा बढी प्यालेस्टिनीको मृत्यु भएको छ, जसमध्ये १६,००० भन्दा बढी बालबालिका रहेका छन् । कम्तीमा १७ हजार बालबालिकाले एक वा दुवै अभिभावक गुमाएका छन् । करिब ३,५०० बालबालिका कुपोषणका कारण मृत्युको मुखमा छन् । गाजामा भएका ९४,००० भन्दा बढी घाइतेमध्ये बालबालिकाको ठूलो सङ्ख्या रहेको छ ।

यी सङ्ख्याले तिनीहरूको पछाडिको मानवीय त्रासदीलाई प्रकट गर्दछ – युवा जीवनको क्षति जुन सम्भावनाले भरिएको थियो । गाजाका बच्चाहरूको मौन बिन्ती पीडादायी स्पष्टताका साथ प्रतिध्वनित हुन्छ, 'गाजामा, हामी कहिल्यै हुर्केनौँ ।'

गाजाका बालबालिकाहरू, सबै बालबालिकाहरूजस्तै खाना, शिक्षा र आशामा पहुँचको साथ सुरक्षामा हुर्कन योग्य छन् । उनीहरूलाई चाहिने भनेको खोपमात्र होइन; तिनीहरूलाई पहिले शान्ति र सामान्य जीवन चाहिन्छ । खोपले अस्थायी राहत प्रदान गर्न सक्छ, तर यसले यी बालबालिकालाई गोली र बमबाट जोगाउन सक्दैन । तिनीहरूका लागि, शान्ति अन्तिम 'भ्याक्सिन' (खोप) हो, जसले तिनीहरूको भविष्य सुरक्षित गर्न सक्छ ।

खोपहरूले लक्षणहरूको उपचार गर्दछ; शान्ति नै उपचार हो । द्वन्द्व अन्त्य हुनुपर्छ । गाजाका बच्चाहरूका लागि मात्र होइन, तर जताततै शान्तिप्रेमी मानिसहरूको साझा आकाङ्क्षाका लागि शान्ति कायम हुनुपर्छ ।

स्रोत : मजदुर दैनिक/सिन्ह्वा

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं ।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरु सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ ।**

# फासीवादी इजरायलको नरसंहारले गाजापट्टीमा जतातत्तै सामूहिक चिहान



इजरायलले नियोजितरूपमा गाजापट्टीका प्रत्येक इलाकामा ११ महिनादेखि गर्दै आएको मारकाटको नतिजा जतातत्तै सामुहिक चिहान बनाइएका छन् ।

युरो-मेड मोनिटर नामक मानवअधिकारवादी संस्थाले उत्तर, मध्य र दक्षिण गाजामा यत्रतत्र स्थापित सामूहिक चिहानका स्थान र मिति दर्ज गरी विस्तृत नक्सा नै तयार पारेको छ । ३० स्थानमा बनाइएका यी चिहानमा इजरायली जातिसंहारबाट पीडित करिब ३ हजार मृतकलाई गाडिएको छ । यसबाहेक एकै ठाउँमा दुई-चारजनालाई गाडिएका १२० भन्दा बढी चिहान छरिएको अवस्थामा पाइएको छ । यी चिहान गाजापट्टीमा गत अक्टोबरयता बनाइएका हुन् ।

यस्ता चिहान घरभित्र, आँगन, अस्पतालको पछिल्तिर, सडक, दोबाटा, बजार, बिहेवारी गरिने पार्टी प्यालेस, खेल मैदान, विद्यालय र मस्जिदमा बनाइएका छन् ।

इजरायलको लगातारको बमवर्षा र व्यक्ति-व्यक्तिलाई ताकेर मार्ने खतराकै कारण मुख्य चिहानसम्म लग्न नसकेपछि मानिसहरूले आफ्ना आफन्तलाई जता पायो त्यतै चिहान बनाएर गाड्दै छन् ।

युरो-मेड मोनिटरको टोलीले गाजापट्टीका विभिन्न स्थानमा फेला पारेका सामूहिक चिहान यसप्रकार छन् :

## उत्तर गाजा

१. २०२३ डिसेम्बर ५ मा जबालिया शरणार्थी शिविर नजिकै पुलिस चौकीछेउ अल-वदा बजारमा बनाइएको एक सामूहिक चिहानमा १२० लास छन् ।

२. २०२३ नोभेम्बर १८ मा जबालिया शिविरको उत्तरमा पर्ने तेल अल-जाअतार टोलमा इन्डोनेसियाली अस्पतालको बगलमा बनाइएको सामूहिक चिहानमा २०० लास छन् ।

३. २०२३ डिसेम्बर ७ मा जबालिया शिविर बजारमा निर्मित सामूहिक चिहानमा १०० लास छन् ।

४. २०२३ डिसेम्बर २८ मा जबालिया शिविरमा जबालिया प्राथमिक पाठशाला (क) को पछिल्तिर बनाइएको सामूहिक चिहानमा ५५ लास छन् ।

५. जबालिया अल-बालादमा अल-ओमारी कार्यालयको अघिल्तिर पर्ने अल-रिफाइ पाठशालाको सामूहिक चिहानमा ७० लास छन् ।

६. जबालिया अल-नाज्लाको दक्षिणमा अवस्थित हालिमा अल-सादिया पाठशालामा निर्मित सामूहिक चिहानमा २५० लास छन् । यीमध्ये केहीको पहिचान अझै खुलेको छैन ।

७. २०२३ डिसेम्बर ११ मा जबालिया शिविरको अल-यामान अस्पतालमा बनाइएको सामूहिक चिहानमा ४४ लास छन् ।

८. जबालियाको सुल्तान सडकको ब्लक-२ मा दुई सडकबिच बिरुवा लगाइने जमिनमा २०२३ नोभेम्बरमा एउटा सामूहिक चिहान निर्माण गरिएको छ ।

## गाजा सहर

९. २०२३ नोभेम्बर १२-१४ मा अल-शिफा अस्पताल परिसरमा एउटा चिहान बनाइयो । त्यसमा झन्डै १७९ लास छन् ।

१०. २०२३ नोभेम्बर २५ मा निर्मित अल-सब्र चिहान (क) मा १०० भन्दा बढी लास छन् ।

११. अल-दाराज टोलमा पर्ने अल-शाबिया चौराहनजिकै रहेको अल-इस्तिक्लाल सडक चिहान (अल-क्वास) मा २०० भन्दा बढी लास छन् ।

१२. २०२३ डिसेम्बर ३१ मा अल-दहशान सडकमा अल-सब्र चिहान (ख) नामक नयाँ चिहान बनाइयो ।

१३. २०२३ अक्टोबर २२ मा गाजा सहरको पूर्वमा पर्ने अल-तुफाह टोलमा स्थापित अल-बात्श चिहानमा ५०० देखि १००० लास छन् ।

१४. मध्य गाजा सहरको अल-दाराज टोलमा पर्ने इजेदीन अल-कासम मस्जिदनजिकै अल-शाहबा सडकमा २०२३ डिसेम्बरमा एउटा सामूहिक चिहान बनाइयो । त्यसमा १५० लास छन् ।

१५. २०२३ डिसेम्बरमा मध्य गाजा सहरकै अल-दाराज टोलमा अल-सिद्र सडकमा नयाँ सामूहिक चिहान बनाइयो । त्यसमा २० लास छन् ।

१६. २०२३ नोभेम्बर १८ मा निर्मित अल-सब्र टोलको शाहिबार चिहानमा १०० देखि १२० लास छन् ।

१७. २०२३ नोभेम्बर २१ म अल-जितौन टोलमा बनाइएको इस्तिवी चिहानमा १५ लास छन् ।

१८. गाजा सहरको पूर्वमा पर्ने अल-शावा चोकमा सामूहिक चिहान छ ।

## देयर अल-बलाह (मध्य गाजापट्टी)

१९. २०२४ जनवरी १४-१५ मा मध्य गाजापट्टीको अल-बुरीज शरणार्थी शिविरमा स्थापित उन्रा पाठशालामा सामूहिक चिहान बनाइयो ।

२०. २०२४ जनवरी ९ मा मध्य गाजापट्टीको अल-माघाजी शरणार्थी शिविरको कन्या प्राथमिक पाठशालामा सामूहिक चिहान बनाइयो । त्यसमा झन्डै १४ लास छन् ।

## खान युनिस क्षेत्र (दक्षिण गाजापट्टी)

२१. २०२३ नोभेम्बर २२ मा पश्चिम खान युनिसमा बनाइएको सामूहिक चिहानमा १११ लास छन् ।

२२. पूर्वी खान युनिसमा पर्ने अबासान अल–कबिरा नगरको अब्दुल करिम अल–कारमी विद्यालयमा २०२४ जनवरी १४ मा निर्मित चिहानमा लगभग ९ लास छन् ।

२३. २०२३ जनवरीमा नासिर अस्पतालमा बनाइएका तीन सामूहिक चिहानमा झन्डै ३९२ लास छन् ।

२४. २०२४ जनवरी २९ मा अल–अमाल अस्पतालमा निर्मित सामूहिक चिहानमा ४ लास छन् ।

२५. २०२४ जनवरी २२ मा अल–अक्सा विश्वविद्यालयको प्राङ्गणमा एउटा सामूहिक चिहान बनाइयो ।

२६. २०२४ जनवरी २३ मा पश्चिम खान युनिसस्थित उन्ना औद्योगिक कलेजमा निर्मित चिहानमा १४ लास छन् ।

२७. इजरायली सेनाले अल–अघा परिवारले पश्चिम खान युनिस सहरको अस्ट्रियाली टोलमा स्थापना गरेको मूल चिहान ध्वस्त पारेपछि २०२४ जनवरी २२ मा सो परिवारले आफ्नै जमिनमानयाँ अल–अघा चिहानको निर्माण ग¥यो ।

## रफाह (दक्षिण गाजापट्टी)

२८. २०२३ डिसेम्बरमा पश्चिम रफाहको तेल अल–सुल्तानमा निर्मित सामूहिक चिहानमा ८० लास छन् ।

गाजापट्टीमा इजरायली जातिसंहार सुरु भए यता युरो–मेड मोनिटरका टोलीहरूले इजरायली सेनाले जानाजान दर्जनौँ चिहानमाथि बमबारी गरेका घटना दर्ज गरेका छन् । तिनले चिहानमा गएर लास निकाल्ने, लास काटकुट गर्ने र दर्जनौँ लास चोर्ने गरेको धेरै प्रमाण भेटिएका छन् । यसले गर्दा गाजावासीहरू जहाँ पायो त्यही चिहान खनेर आफ्ना नातागोताका लास गाड्न बाध्य भएका हुन् ।

गाजापट्टीमा इजरायलले थोपरेको अमानवीय अवस्था अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको गम्भीर उल्लङ्घन हो । यो कानुनले मृतकको मर्यादालाई सम्मान गर्नुपर्ने र लासलाई उचित व्यवहार गर्नुपर्ने बन्दोबस्त गरेको छ । खासगरी सन् १९४९ को चौथो जेनिभा महासन्धिको दफा १७ मा द्वन्द्वरत पक्षले *‘मृतकहरूको मर्यादित अन्त्येष्टि गर्न र तिनको गरिमाको रक्षा गर्न उचित प्रबन्ध मिलाउनुपर्ने’* उल्लेख छ ।

तर, इजरायलको जातिसंहार गर्ने नीतिको कारण अन्तर्राष्ट्रिय कानुनको ठाडै उल्लङ्घन भइरहेको छ ।

(मानवअधिकारवादी संस्था युरो मेड मोनिटरको रिपोर्ट सङ्क्षेपमा ।)

(मजदुर दैनिकको सहयोगसाथ)

# चीनका प्राचीन नीतिकथा

## rnfv :ofn

सिकार खेल्न निस्केको एउटा बाघले स्याललाई समात्यो । स्यालले भन्यो, ‘तिमीले मलाई खान हुँदैन । किनकि देवताले मलाई पशुहरूको राजा नियुक्त गरेको छ । मलाई खायौ भने देवता रिसाउनेछन् । मेरो कुरा पत्याउन्नौ भने मेरा पछिपछि आऊ । म पशुहरूको राजा हुँ कि होइन तिमीले थाहा पाइहाल्नेछौ ।’

स्यालको कुरा ठिक हो कि होइन भनी बुझ्न बाघ स्यालको पछिपछि बनमा गयो । बनका पशुहरू बाघलाई देखेर कोही भागे कोही लुके । तर बाघले स्याल राजा भएको हुनाले ऊसँग डराएर पशुहरू भागेको ठान्यो ।

अनुवाद : विनय कसजू

**भक्तपुर नपाबाट नियमित रूपमा प्रकाशित ‘भक्तपुर’ मासिक र ‘ख्वप पौ’ पढौँ ।**

## भेनेजुयलामा अवैध अमेरिकी सैन्य उपकरणको नयाँ खेप कब्जा




कारकस, १७ सेप्टेम्बर (टेलेसुर) । भेनेजुयलाका नागरिक सुरक्षा मन्त्री डिओसडाडो काबेलोले देशका सुरक्षा बलहरूले अमेरिकाबाट भेनेजुयलाका हिंस्रक तत्त्वहरूलाई पठाइएका सैन्य उपकरणहरू जफत गरेको पुष्टि गर्नुभएको छ । भेनेजुयाली सुरक्षाकर्मीहरूले सेप्टेम्बर १४ का दिन २०० भन्दा बढी अमेरिकी राइफलहरू जफत गरेका हुन् ।

बरामद गरिएका हतियारहरूमा एके राइफलको प्रतिकृति निर्माण गर्ने कम्पनी सेन्चुरी आर्म्सका कलाश्निकोभ राइफल र अन्य बन्दुकहरू छन् । अधिकारीहरूले एक कार्बाइन फारममा एक स्वचालित आक्रमण राइफल पनि जफत गरेका छन्, जुन विशेष रूपमा अमेरिकी सेनाले प्रयोग गर्दछ ।

उहाँले भेनेजुयलामा सत्ता विद्रोह (कू) षड्यन्त्र गर्नेहरूको इजरायलको ह्याकर माफियासँग सम्बन्ध रहेको पनि खुलासा गर्नुभयो ।

'हामीले ग्रेनेड आक्रमणमा संलग्न तीन जनालाई पक्राउ गर्‍यौं । यी अपराधीहरू जोसे मिगुएल एस्ट्राडासँग सम्बन्धित थिए, जो राष्ट्रपति निकोलस मादुरोको हत्या प्रयासको लागि सजाय काटिरहेका छन्', उहाँले भन्नुभयो ।

'पक्राउ परेका चौध गिरोहका सदस्यहरूसित सोधपुछ भइरहेको छ किनभने उनीहरूले जेलभित्र विस्फोटक पदार्थ राख्ने योजना बनाएका थिए', काबेलोले भन्नुभयो ।

'हतियारहरू कोलम्बियाबाट भेनेजुयलामा प्रवेश गराइएको थियो', बोलिभारियाली गणतन्त्र भेनेजुयलाका नागरिक सुरक्षा मन्त्रीले भन्नुभयो ।

चुनाव अघि, अति-दक्षिणपन्थी 'कू' षड्यन्त्रकारीहरूले मियामी र कोलम्बियामा पर्चाहरू वितरण गरे, उनीहरूले भेनेजुयलाको सरकारी मुख्यालय कब्जा गर्ने षड्यन्त्र गरेको उहाँले दाबी गर्नुभयो ।

सोमबार राति, राष्ट्रपति निकोलस मादुरोले भन्नुभयो कि यी घटनाहरूले अरागुआ ट्रेनका नेता हेक्टर गुरेरो (उर्फ निनो) आतङ्कवादी हमलाहरूसँग प्रत्यक्षरूपमा जोडिएको छ भन्ने अघिल्लो आरोपहरू पुष्टि गर्दछ । उहाँले क्याबेलोले सार्वजनिक गरेको तथ्य 'आतङ्कवादी योजनाहरूसम्बन्धी पूर्ण प्रमाणको १० प्रतिशत पनि होइन' जुन भेनेजुयला अभियोजकको कार्यालयसँग पहिले नै रहेको छ ।

यसअघि भेनेजुयलाको विदेश मन्त्रालयले सेप्टेम्बर १२ का दिन एक विज्ञप्ति जारी गरी अमेरिकाले आफ्ना अधिकारीहरूमाथि नयाँ प्रतिबन्ध लगाएकोमा निन्दा गरेको थियो ।

त्यसदिन अमेरिकी ट्रेजरी विभाग (अर्थ मन्त्रालय) ले भेनेजुयलाका १६ अधिकारीहरूविरुद्ध प्रतिबन्धहरू लगाएको थियो । विज्ञप्तिमा त्यसलाई एकतर्फी, गैरकानुनी र जबरजस्ती कार्य र नयाँ आक्रामक अपराधको संज्ञा दिइएको छ ।

अमेरिकाको प्रतिबन्धले एक पटक फेरि उसले अन्तर्राष्ट्रिय कानुनमात्र होइन भेनेजुयलाका जनताको आत्मनिर्णयको अधिकार र लोकतान्त्रिक इच्छालाई पनि पूर्णरूपमा बेवास्ता गरेको छ ।

## Paralympic Games Paris 2024

August 28 – September 8, 2024

| Team | Gold | Silver | Bronze | Total |
|---|---|---|---|---|
| China | 94 | 76 | 50 | 220 |
| Great Britain | 49 | 44 | 31 | 124 |
| United States | 36 | 42 | 27 | 105 |
| Netherlands | 27 | 17 | 12 | 56 |
| Brazil | 25 | 26 | 38 | 89 |
| Italy | 24 | 15 | 32 | 71 |
| Ukraine | 22 | 28 | 32 | 82 |
| France | 19 | 28 | 28 | 75 |
| Australia | 18 | 17 | 28 | 63 |
| Japan | 14 | 10 | 17 | 41 |
| Germany | 10 | 14 | 25 | 49 |
| Canada | 10 | 9 | 10 | 29 |
| Uzbekistan | 10 | 9 | 7 | 26 |
| Iran | 8 | 10 | 7 | 25 |
| Switzerland | 8 | 8 | 5 | 21 |
| Poland | 8 | 6 | 9 | 23 |
| Spain | 7 | 11 | 22 | 40 |
| India | 7 | 9 | 13 | 29 |
| Colombia | 7 | 7 | 14 | 28 |
| Belgium | 7 | 4 | 3 | 14 |
| Thailand | 6 | 11 | 13 | 30 |
| South Korea | 6 | 10 | 14 | 30 |
| Turkey | 6 | 10 | 12 | 28 |
| Cuba | 6 | 3 | 1 | 10 |
| Algeria | 6 | 0 | 5 | 11 |
| Hungary | 5 | 6 | 4 | 15 |
| Tunisia | 5 | 3 | 3 | 11 |
| Azerbaijan | 4 | 2 | 5 | 11 |
| Israel | 4 | 2 | 4 | 10 |
| Mexico | 3 | 6 | 8 | 17 |
| Morocco | 3 | 6 | 6 | 15 |
| Hong Kong, China | 3 | 4 | 1 | 8 |
| Greece | 3 | 3 | 7 | 13 |
| Venezuela | 3 | 2 | 1 | 6 |
| Slovakia | 3 | 2 | 0 | 5 |
| Latvia | 3 | 1 | 0 | 4 |
| Argentina | 2 | 3 | 8 | 13 |
| Denmark | 2 | 3 | 5 | 10 |
| Kazakhstan | 2 | 3 | 4 | 9 |
| Nigeria | 2 | 3 | 2 | 7 |
| Egypt | 2 | 2 | 3 | 7 |
| Malaysia | 2 | 2 | 1 | 5 |
| Portugal | 2 | 1 | 4 | 7 |
| Ethiopia | 2 | 1 | 0 | 3 |
| Singapore | 2 | 1 | 0 | 3 |
| South Africa | 2 | 0 | 4 | 6 |
| Ecuador | 2 | 0 | 2 | 4 |
| Jordan | 2 | 0 | 1 | 3 |
| Costa Rica | 2 | 0 | 0 | 2 |

| Team | Gold | Silver | Bronze | Total |
|---|---|---|---|---|
| Indonesia | 1 | 8 | 5 | 14 |
| Georgia | 1 | 4 | 4 | 9 |
| New Zealand | 1 | 4 | 4 | 9 |
| Czechia | 1 | 4 | 3 | 8 |
| Norway | 1 | 3 | 3 | 7 |
| Ireland | 1 | 3 | 2 | 6 |
| Serbia | 1 | 3 | 2 | 6 |
| Mongolia | 1 | 3 | 0 | 4 |
| Iraq | 1 | 1 | 3 | 5 |
| Croatia | 1 | 1 | 2 | 4 |
| Chile | 1 | 0 | 5 | 6 |
| Kuwait | 1 | 0 | 1 | 2 |
| Namibia | 1 | 0 | 1 | 2 |
| Romania | 1 | 0 | 1 | 2 |
| Slovenia | 1 | 0 | 1 | 2 |
| Bulgaria | 1 | 0 | 0 | 1 |
| Saudi Arabia | 1 | 0 | 0 | 1 |
| Peru | 1 | 0 | 0 | 1 |
| Chinese Taipei | 0 | 3 | 2 | 5 |
| Austria | 0 | 3 | 1 | 4 |
| Bosnia and Herzegovina | 0 | 2 | 0 | 2 |
| Finland | 0 | 1 | 3 | 4 |
| Sweden | 0 | 1 | 2 | 3 |
| Cyprus | 0 | 1 | 1 | 2 |
| Republic of Moldova | 0 | 1 | 1 | 2 |
| Kenya | 0 | 1 | 0 | 1 |
| Sri Lanka | 0 | 1 | 0 | 1 |
| Trinidad and Tobago | 0 | 1 | 0 | 1 |
| Refugee Paralympic Team | 0 | 0 | 2 | 2 |
| Lithuania | 0 | 0 | 1 | 1 |
| Luxembourg | 0 | 0 | 1 | 1 |
| Montenegro | 0 | 0 | 1 | 1 |
| Mauritius | 0 | 0 | 1 | 1 |
| Nepal | 0 | 0 | 1 | 1 |
| Pakistan | 0 | 0 | 1 | 1 |
| Vietnam | 0 | 0 | 1 | 1 |

स्रोत : इन्टरनेट

## नेपालमा मनसुन

हिन्द महासागरबाट बंगालको खाडीको बाटो भएर दक्षिण–पूर्वी दिशाबाट प्रवेश गर्ने जलवाष्प बोकेको वायुले नेपालमा मनसुनी वर्षा गराउँछ। यसैका कारण जूनको दोस्रो सातादेखि अक्टोबरसम्मै नेपालमा वर्षभरि पर्ने पानीको करीब ८० प्रतिशत पानी पर्छ।

सामान्यतया नेपालमा मनसुन जुन १० मा भित्रिएर सेप्टेम्बर २३ मा बाहिरिने गर्थ्यो। तर पछिल्ला वर्षहरूमा यसको चरित्र बदलिएको छ। जुन १० अगावै भित्रिने र अक्टोबर तेस्रो हप्तासम्म रहेको वर्ष पनि छ। सबभन्दा कम २०३६ सालमा ७३ दिनमात्र रहेको थियो।

यस अवधिमा बाढी, पहिरो, उच्च वर्षाका थुप्रै घटनाहरू घटाउँछ। यहाँ मनसुनको भित्रिएको र बाहिरिएको तथ्याङ्क सरकारी वेबसाइटबाट दिइएको छ।

| Year | Onset date | Withdrawal date |
|---|---|---|
| 1968 | 17-Jun | 21-Sep |
| 1969 | 2-Jun | 28-Sep |
| 1970 | 16-Jun | 30-Sep |
| 1971 | 10-Jun | 13-Sep |
| 1972 | 18-Jun | 26-Sep |
| 1973 | 14-Jun | 27-Sep |
| 1974 | 19-Jun | 21-Sep |
| 1975 | 16-Jun | 18-Sep |
| 1976 | 9-Jun | 21-Sep |
| 1977 | 18-Jun | 18-Sep |
| 1978 | 8-Jun | 16-Sep |
| 1979 | 24-Jun | 4-Sep |
| 1980 | 12-Jun | Not avaible |
| 1981 | 23-Jun | 11-Sep |
| 1982 | 27-Jun | 20-Sep |
| 1983 | 24-Jun | 29-Sep |
| 1984 | 11-Jun | 20-Sep |
| 1985 | 17-Jun | 26-Sep |
| 1986 | 12-Jun | 5-Oct |
| 1987 | 14-Jun | 26-Sep |
| 1988 | 11-Jun | 9-Sep |
| 1989 | 11-Jun | 2-Oct |
| 1990 | 12-Jun | 30-Sep |
| 1991 | 9-Jun | 19-Sep |
| 1992 | 21-Jun | 19-Sep |
| 1993 | 8-Jun | 28-Sep |
| 1994 | 10-Jun | 23-Sep |
| 1995 | 4-Jun | 2-Sep |
| 1996 | 31-May | 18-Sep |

| Year | Onset date | Withdrawal Date |
|---|---|---|
| 1997 | 14-Jun | 23-Sep |
| 1998 | 13-Jun | 3-Oct |
| 1999 | 11-Jun | 8-Oct |
| 2000 | 6-Jun | 25-Sep |
| 2001 | 3-Jun | 25-Sep |
| 2002 | 15-Jun | 19-Sep |
| 2003 | 16-Jun | 30-Sep |
| 2004 | 9-Jun | 1-Oct |
| 2005 | 20-Jun | 2-Oct |
| 2006 | 1-Jun | 29-Sep |
| 2007 | 7-Jun | 9-Oct |
| 2008 | 10-Jun | 17-Oct |
| 2009 | 23-Jun | 15-Oct |
| 2010 | 17-Jun | 1-Oct |
| 2011 | 15-Jun | 7-Oct |
| 2012 | 16-Jun | 28-Sep |
| 2013 | 14-Jun | 19-Oct |
| 2014 | 20-Jun | 7-Oct |
| 2015 | 13-Jun | 3-Oct |
| 2016 | 15-Jun | 12-Oct |
| 2017 | 12-Jun | 16-Oct |
| 2018 | 8-Jun | 5-Oct |
| 2019 | 20-Jun | 12-Oct |
| 2020 | 12-Jun | 16-Oct |
| 2021 | 11-Jun | 11-Oct |
| 2022 | 5-Jun | 16-Oct |
| 2023 | 14-Jun | 15-Oct |
| 2024 | 10-Jun | |

# बेमौसमी मनसुनको कहरका केही चित्र

**असोजको दोस्रो साता भएको अविरल वर्षाले देशमा ठुलो धन–जनको क्षति पुऱ्याएको छ ।**



राजधानी काठमाडौ’



धाडिङको झ्याप्लेको पहिरोमा पुरिएका बस





खासा प्रवेश गर्ने पुल भत्किएकोले नेपाली सामान बोकेका सयौं कन्टेनर केरुङमा रोकियो



बेथानको सडक र यातायातका साधन








वर्षा थामिएपछि, काठमाडौं





काभ्रेको तेमाल गापा-८ चोकटारका चणिकलाल तामाङले छानामा उद्धार पर्खिरहेका छाना नै खसेपछि नख्खु खोलाले बगाएका मध्ये रौतहटका राजु साह र मेघनालाई साहसकासाथ उद्धार गरेर बचाए।










ललितपुरको च्यासलमा चुहिँदै बगेको ग्यास ट्यांकर



चोभारमा बगेको सामान बटुल्दै



**तस्बिरहरू : विभिन्न वेबसाइटबाट**

# हाम्रो स्वास्थ्य

# खुट्टा सुन्निने समस्या छ ? यी ६ रोगको सङ्केत पनि हुनसक्छ




खुट्टा सामान्य सुन्निने समस्या त धेरैमा देखिन्छ। लामो दूरीको बस वा हवाईजहाजमा यात्रा गर्दा, लामो समय उभिएर यात्रा वा काम गर्दा, कीराले टोक्दा, लड्दा, कतै ठोक्किएर लाग्ने चोटपटक लाग्दा, हड्डी भाचिंदा खुट्टा सुन्निन्छ। गर्भावस्थामा महिलाको खुट्टा पनि सुन्निन्छ। सीमित अवधिसम्म हुने यस्ता समस्या सामान्य नै हुन्, जुन केही समयपछि आफै निको हुन्छ।

तर, कतिपय अवस्थामा विनाचोटपटक मुटु, मिर्गौला र कलेजो जस्ता अङ्गमा समस्या आउँदा दिनहुँजसो खुट्टा सुन्निनुका साथै अन्य लक्षण देखिन सक्छ। त्यसैले खुट्टा सुन्निएको छ भने कारण पत्ता लगाउन तुरुन्त परीक्षण गराइहाल्नुपर्छ।

## खुट्टा सुन्निएको कसरी थाहा पाउने ?

सामान्यतया रक्तसञ्चार राम्रोसँग नहुँदा खुट्टा सुन्निन्छ। खुट्टाको हड्डी वा गोलीगाँठो माथि औँलाले थिच्दा सुन्निएको भए खाल्डो परेको देखिन्छ। यस्तोमा जुत्ता लगाउँदा कठिन हुने, हिँड्न असहज हुने र दुखाइ पनि हुनसक्छ।

## यी रोगको सङ्केत हुनसक्छ

### डिप भेन थ्रोमब्रोसिस

सामान्यतया खुट्टा दुवै सुन्निने गर्छ। तर एउटा मात्र खुट्टा बारम्बार सुन्निरहन्छ भने रक्तनलीमा समस्या भएको सङ्केत हुनसक्छ, जसलाई डिपभेन थ्रोमब्रोसिस भनिन्छ। डिपभेन थ्रोमब्रोसिस भनेको नसामा रगत जम्ने समस्या हो। जो शरीरको जुनसुकै भागमा हुनसक्छ।

तर, धेरैजसो अवस्थामा यो शरीरको तल्लो भागहरू तिघ्रा वा खुट्टामा देखिन्छ। खुट्टाको नसामा रगत जमेको खण्डमा रगत प्रवाह हुन पाउँदैन। यसले रगतलाई मुटुमा फर्काउनबाट रोक्न गई खुट्टा सुनिन्छ। यस्तो सङ्केत देखिएमा स्वास्थ्य परीक्षण गराइहाल्नुपर्छ। चिकित्सकले लक्षण हेरी शङ्कास्पद लागेमा डुप्लेक्स अल्ट्रासोनोग्राफी, भेनोग्राफी र रगत परीक्षण गरी जाँच गर्न सक्छन्।

### मुटुमा समस्या

मुटुमा समस्या हुँदा पनि खुट्टा सुन्निन सक्छ। खुट्टा सुन्निनेसँगै राति सास फेर्न गाह्रो हुने, हिँड्दा स्याँ स्याँ हुने समस्या हुनु मुटुरोगको सङ्केत हुनसक्छ। वास्तवमा मुटुले २४ घण्टा नै रगत पम्प गरिरहेको हुन्छ। कुनै कारणवश मुटुमा समस्या भई मुटुले पम्प गर्न सकेन भने शरीरको तल्लो भागहरूमा तरल पदार्थ जम्मा भई खुट्टा र औँलाहरूमा सुन्निन सक्छ। तसर्थ, यी लक्षण देखिएमा इको र ईसीजीबाट मुटुको समस्याबारे पत्ता लाग्न सक्छ।

### मिर्गौलामा समस्या

खुट्टा सुन्निनुको अर्को कारण हुनसक्छ मिर्गौलामा समस्या। जब मिर्गौलामा सोडियम सही मात्रामा पुग्दैन। मिर्गौलाले राम्रोसँग आफ्नो कार्य गर्न सक्दैन। मिर्गौलाले काम गर्न नसके खुट्टा सुन्निनुका साथै सास फेर्न कठिन हुनु, पिसाब कम लाग्नु, बिहान उठ्दा आँखा र मुख सुन्निनसक्छ। यस्ता लक्षण देखिएमा मिर्गौलासम्बन्धी समस्या हो कि होइन भनेर पहिचान गर्न पिसाब र रगतको परीक्षण गराउनुपर्छ।

### कलेजोमा समस्या

कहिलेकाहीँ कलेजोले एल्बुमिन नामक प्रोटिन उत्पादन गर्न बन्द गर्छ। यो एक प्रोटिन हो जसले रक्तनलीबाट रगत चुहिनबाट रोक्छ। यदि शरीरमा यो प्रोटिनको कमी छ भने रक्तनलीबाट रगत बग्न सक्छ। जसकारण खुट्टामा तरल पदार्थ जम्मा हुन्छ र खुट्टा सुन्निन्छ।

खुट्टा सुन्निएसँगै जन्डिस, चोटपटक लाग्ने, भोक नलाग्ने, पिसाबको रङ परिवर्तन हुने, शरीरमा ऊर्जाको कमी हुने जस्ता लक्षणहरू महसुस हुन्छ भने कलेजो परीक्षण गराउनुपर्छ। यस्तो समस्या प्रायः धेरै रक्सी खानेमा देखिन्छ। उनीहरूमा कलेजो बिग्रिएर खुट्टा सुन्निनुका साथै पेट र फोक्सोमा पानी जम्ने समस्या देखिन्छ।

### भेरीकोज भेन


भेरीकोज भेन अर्थात् नसा फुल्ने समस्या हुँदा पनि खुट्टा सुन्निछ। यो समस्याले कुनै पनि शरीरको नसामा प्रभाव पार्छ। तर सबैभन्दा बढी खुट्टाको पन्जामा असर देखाउँछ। जसकारण खुट्टा सुन्निने, दुख्ने र हेर्दा नसा मोटो आकारमा फुलेको देखिन्छ।

प्रायः लामो समयसम्म उभिएर बस्ने पेसा जस्तै, नर्स, शिक्षक, प्रहरी, ट्राफिक, सुरक्षागार्ड, वेटरमा यो समस्या देखिनसक्छ।

यस्तो समस्या देखिए तुरुन्तै परीक्षण गराउनुपर्छ। किनकि भेरीकोज भेनको जति छिटो पहिचान भयो, त्यति छिटो उपचार र निको हुने सम्भावना रहन्छ।

अनलाइनखबर हेल्थ

## आ.व. २०८१/८२ भाद्र महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २५५ | ३४५ | २४१ | ३१४ | १५८ | २२३ | १४२ | १६६ | १६४ | २१० | १२२ | २०३ | १५३ | १३१ | १०३ | १०४ |
| ■ सार्क तथा चिनियाँ | ३९५ | २०० | २७१ | १०० | १३६ | १४८ | २८० | २३९ | १४७ | १२९ | २०९ | २१६ | २१० | १६८ | २२६ | १५४ |

| गते ➡ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १०९ | १४५ | १६० | १७३ | १३८ | १८० | २४२ | २६९ | २५० | २१९ | २७२ | २५० | ३४९ | ३१३ | ४७१ |
| ■ सार्क तथा चिनियाँ | १०१ | १३७ | १५४ | १४० | १४२ | २८७ | १४८ | १३८ | १३२ | ३४५ | २९७ | १९० | ३८६ | २२८ | ३१५ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०८१ भाद्र | ६,५७४ | ६,३६८ | १२,९४२ |
| २०८० भाद्र | ५,४०१ | ६,४४८ | ११,८४९ |
| प्रगति | १,१७३ | -८० | १,०९३ |

सम्पादकको पृष्ठ

# विपत्मा सरकारको अस्तित्व देखिएन

मनसुन देशबाट बाहिरिने वेला असोज ११ र १२ गते भएको अविरल ठुलो वर्षाले सयौँको ज्यान लियो र अर्बौँको सम्पत्ति क्षति भयो । सरकारी तथ्याङ्कअनुसार पनि २३६ को मृत्यु, १९ जना बेपत्ता, डेढ सयभन्दा बढी घाइते, हजारौँको उठिवास र १७ अर्बभन्दा बढीको भौतिक क्षति भएको छ ।

अविरल वर्षा बेमौसमी भए पनि अप्रत्यासित थिएन । मौसम पूर्वानुमान महाशाखाले असोज ७ गते नै विभिन्न जिल्लामा भारी वर्षाको चेतावनी दिएको थियो । देशका ५६ जिल्लामा खतराको चेतावनी दिएर सावधान गराएको थियो । तर, पूर्वतयारीमा सरकार हदैको लापर्वाह देखियो । विगतमा मौसमको सूचनाहरू धेरै पटक उल्टो-पाल्टो भएकोले यसपटक पनि त्यस्तै होला भन्ने सोचेर सरकार गम्भीर नभएको कुरा प्रधानमन्त्रीले पत्रकारहरूलाई बताएका छन् । प्रमको भनाइ छ- 'हाम्रो तयारी यस प्रकारको परिस्थितिका लागि थिएन । यस प्रकारको वर्षा होला, यस प्रकारको पहिरो जाला, मानवीय तथा भौतिक क्षति होला भन्ने अनुमान थिएन ।' विपत्ति सरकारलाई नसोधी आएको रहेछ !

मौसमको पूर्वानुमान विगतकोभन्दा धेरै सुधारिएको छ, विश्वसनीय हुन थालेको छ । यद्यपि, सरकारलाई त्यसमा विश्वास भएन । त्यही अविश्वासले देशले ठूलो जन-धनको क्षति व्यहोर्नुपर्‍यो । यसले सत्तामा बस्नेहरू देश र जनताप्रति कति गम्भीर र संवेदनशील छ भन्ने कुरा स्पष्ट गर्छ ।

नेपाल भाषामा एउटा आहान छ- राजाले बिराए एक टुक्रा सुपारी दिने, रैतिले विगारे ज्यान जाने । ओली सरकारको अविश्वासले त्यस्तै भएको छ । उसको कमजोरी, लापरवाही, बेवास्ता, गम्भीरहीनताको परोक्ष स्वीकारोक्तिले जनतामा ठुलो दुःखद स्थिति ल्याएको छ ।

ठूलो विपत्तिको बेला जिम्मेवार पदाधिकारी र निकायको पनि हदैको बेवास्ता देखिएको छ-

- गृह मन्त्रालयले पूर्वतयारीलाई निकै हलुका रूपमा लियो त्यसैले एउटा बैठकसमेत राख्न आवश्यक ठानेन ।
- विपत्पछि उद्धारमा पनि सरकारले आफ्ना संयन्त्र व्यवस्थित परिचालन गर्न सकेन । झ्याप्ले खोलामा शनिबार बिहानै सवारीसाधन पुरिएका थिए, तर बेलुकाबाट उद्धार सुरु गरेर आइतबार दिउँसोमात्र शव निकालियो ।
- सफा मौसममा धुलिखेलमा हेलिकोप्टरबाट जानेहरूले नक्खु खोलामा फसेकाहरूले उद्धारका लागि चार घण्टा गुहार माग्दा पनि हेलिकोप्टर नै पठाउन सकेन । ।
- बिपी राजमार्गमा फसेका सबै यात्रुको तेस्रो दिनसम्म पनि उद्धार हुन सकेन ।
- विपत्मा सुरक्षा निकायबिच हुनुपर्ने समन्वय पनि भएन । सुरक्षा समितिको बैठक नै वर्षा थामिएपछि असोज १४ गते सोमबारमात्र बस्यो ।
- सरकारले स्थानीय तहहरूसँग पनि समन्वय गर्न सकेन ।
- राजनीतिक दलहरू र नागरिक समाजसँग समन्वय गर्न पनि सरकार चुक्यो । आइतबार विपक्षी दलका नेताले सर्वदलीय बैठक आह्वान गरे । त्यसपछि बल्ल साँझ कार्यवाहक प्रधानमन्त्रीले सर्वदलीय बैठक बोलाए ।
- जिम्मेवार अधिकारीहरू विपत्का वेला गैरजिम्मेवारजस्ता देखिए । भौतिक पूर्वाधारमन्त्री देवेन्द्र दाहाल गृहजिल्ला झापामा र मुख्यसचिव एकनारायण अर्याल स्याङ्जामा सम्मान थापेर बसे ।
- स्वदेश फर्किएका प्रधानमन्त्री केपी ओली मंगलबार बाढीले प्रभावित बनेको आफ्नो पार्टी कार्यालय निरीक्षणमा पुगे, तर आसपासका पीडितको समस्या सुन्न चासो दिएनन् ।
- विपत्का वेला प्रधानमन्त्री मात्र होइन, उद्धारमा खटिने नेपाल प्रहरीका आइजिपी पनि विदेशमा थिए ।
- राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेल पनि देशमा भीषण वर्षा भइरहेको वेला १२ असोजमा बेलायत उडे ।

यसरी यो विपत्मा सरकारको अस्तित्व देखिएनभन्दा फरक पर्दैन ।



भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका मा. मन्त्री बलराम अधिकारीबाट ख्वप विश्वविद्यालयको लागि माग गरिएको सल्लाघारीस्थित १०८ रोपनी जग्गाको स्थलगत निरीक्षणको क्रममा । असोज १ गते



प्रतिनिधिसभाअन्तर्गत शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति मा. अम्मरबहादुर थापाको नेतृत्वको टोलीबाट भक्तपुर नपाद्वारा माग गरिएको सल्लाघारीस्थित १०८ रोपनी जग्गाको स्थलगत निरीक्षण । असोज ६ गते




विश्व पर्यटन दिवस २०८१ मा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशी सम्मानित सांस्कृतिक गुरुहरुसँगको सामुहिक तस्बिर । असोज ११ गते